# दिशाबोध




## मदन स्मारिका

२०६१

प्रकाशक
मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्र

## मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रको आयोजनामा २०५९ चैत्र २ गते भएको 'शान्ति र अग्रगतिका लागि सार्थक वार्ता : आजको आवश्यकता' विषयक विचार गोष्ठीका झलकहरू



प्रमुख अतिथि श्री के.पी. शर्मा ओलीज्यू, सदस्य, स्थायी कमिटी नेकपा (एमाले)



श्री निलाम्बर आचार्यज्यू, पूर्वमन्त्री




सिन्धुनाथ प्याकुरेल वरिष्ठ अधिवक्ता




श्रीमती विद्यादेवी भण्डारी, केन्द्रिय सदस्य, नेकपा (एमाले)




डा. मिना आचार्य




डा. दुर्गा पोखरेल, अध्यक्ष राष्ट्रिय महिला आयोग

प्रकाशक :
मदन भण्डारी अध्ययन तथा
अनुसन्धान केन्द्र

संरक्षक
श्रीमती विद्या देवी भण्डारी

सल्लाहाकार
श्री के.पी शर्मा ओली

सम्पादक मण्डल
श्री नरेन्द्रराज पोखरेल
श्री रामहरि खनाल
श्री हिक्मत कार्की
श्री प्रेमकुमार भण्डारी

आवरण / लेआउट
श्री जयराम लामिछाने
एक्सिलेन्ट कम्प्युटर सर्भिस
फोन नं. ४-२२६६३१/४-३११०११

मुद्रक
एक्सिलेन्ट प्रिन्टिङ्ग प्रेस
बागबजार, पुतलीसडक चोक
फोन नं. ४-२२६६३१

मदन भण्डारी अध्ययन
तथा अनुसंधान केन्द्र
शान्ति विनायक नगर
फोन नं. ४-२२९२९९

# अध्यक्ष तथा संरक्षकको मन्तव्य

आज २०६१ साल आषाढ १४ गते नेपाली क्रान्तिका युगद्रष्टा, कम्युनिस्ट आन्दोलनका शिखर व्यक्तित्व जननेता मदन भण्डारी यो धर्तीमा जन्मनु भएको ५२ वर्ष पूराभएर ५३ वर्ष लागेछ । देशभक्त, शोषित, पीडित, न्यायप्रेमी र श्रमजीवी जनताका लागि आज अत्यन्त खुशी र गौरवको दिन हो । जडसूत्रवाद र दक्षिणपन्थी विसर्जनवादको भ्रमबाट कुण्ठित हुँदै विखण्डित भएको नेपाली कम्युनिस्ट आन्दोलनलाई सुस्पष्ट मार्क्सवादी सैद्धान्तिक प्रकाशमा नेपाली क्रान्तिको मौलिक बाटो देखाउन सक्ने नेपाली जनताका अत्यन्त प्रिय मदन भण्डारी यो धर्तीमा केवल ४१ वर्ष मात्र बाँच्नुभयो, तर छोटो समयमा उहाँले केवल नेपाली जनतालाई मात्र होइन, सिङ्गो संसारभरीकै श्रमजीवी वर्गका लागि अमूल्य सम्पत्तीको रूपमा मार्क्सवाद लेनिनवादको सैद्धान्तिक भण्डारमा जनताको बहुदलीय जनवादको कार्यक्रम प्रतिपादन गरेर अमूल्य योगदान गर्नुभएको छ । हरेक देशको कम्युनिस्ट पार्टीभित्र सही विचार स्थापित हुन धेरै लामो समय लागेको छ । गलत र सहीको बीचमा निरन्तर द्वन्द हुन्छ । समयको अन्तरालमा आखिर सही विचार स्थापित भएरै छाड्छ ।

प्राणीहरू यो जगतमा जन्मन्छन् र मर्छन् । मानव जाति पनि अमर छैन । जन्मनु र मर्नु स्वाभाविक प्रक्रिया हो । तर मदन जस्ता व्यक्तित्व मरेर पनि सधैं बाँचिरहने छन् । तर जनताका पक्षमा निरन्तर इमान्दारितापूर्वक लागिरहने हो भने मानिस भौतिकरूपमा समाप्त भएर पनि वैचारिकरूपमा जीवित भइरहन्छ । त्यति मात्र होइन उक्त विचारले अग्रगतिको लागि मार्गदर्शन समेत गरिरहन्छ । जनताको बहुदलीय जनवाद मार्क्सवाद-लेनिनवादको प्रकाशमा नेपाली जनआन्दोलनको आफ्नै गर्भबाट जन्मिएको मौलिक सिद्धान्त र विचार हो । यसमाथि जति आक्रमण भए पनि त्यति नै त्यो परीक्षित र चहकिलो हुँदै क्रान्तिको सहीदिशाको रूपमा स्थापित हुँदै जान्छ । यो सिद्धान्त नेपाली जनआन्दोलनको गर्भबाट जन्मियो, हुर्किने क्रममा छ र आन्दोलनभित्रै सुदृढ एवं सबल हुँदै नेपाली क्रान्तिको मूलमार्गदर्शक सिद्धान्तको रूपमा स्थापित हुँदै जानेछ ।

क. मदन भण्डारीका विचार र सोचहरूलाई इमान्दारितापूर्वक रक्षा र विकास गर्ने पवित्र भावनाले प्रेरित भएर हामीले "मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्र" स्थापना गरेका छौं । हामीलाई दृढ विश्वास छ, क. मदन भण्डारीका विचारहरू परिवार, गाउँ, जिल्ला तथा देशको सिमालाई पार गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रवेश गरिसकेका छन् । यी विचारहरूको रक्षा तथा विकास गर्ने दायित्व केवल कुनै निश्चित सिमा र क्षेत्रमा मात्र सीमित नरही न्याय र मुक्ति यात्रामा लामबद्ध सम्पूर्ण श्रमजीवी जनसमुदायमा निहीत रहेको छ । तसर्थ उहाँका नवीन सोच, उन्नत सामाजिक-राजनीतिक संस्कार, योगदान एवं विचारहरूबाट वर्तमानमा मात्र नभइ भावी पुस्तालाइसमेत प्रशिक्षित गर्नका लागि तथ्यहरूबाट सत्य पत्ता लगाउँदै, कमीहरूबाट शिक्षा लिंदै र उपलब्धिहरूको रक्षा गर्दै हामी सबै सिर्जनशील रूपमा निरन्तर मुक्तिमार्गमा लागिरहने छौं भन्ने आशा एवं विश्वास व्यक्त गर्दछु । *धन्यवाद ।*

# प्रकाशकीय तथा सम्पादकीय

नेपाली भूमिमा कम्युनिष्ट आन्दोलनको अभ्युदय र विकासका छ दशक बितेका छन् । लाखौंलाख नेपालीहरू प्रत्यक्ष वा परोक्षरुपमा यस विशिष्ट अभियानमा मन, वचन र कर्मले सरीक भएका छन् । सयौं हजारौंले आफ्नो सम्पूर्ण जीवन यसै अभियानमा बिताएका छन् । अझ कयौंले यसै उद्देश्यका निमित्त लड्दा लड्दै शहादत प्राप्त गरेका छन् । नेपालको कम्युनिष्ट आन्दोलनको यो अविच्छिन्न धारा, ५०/६० वर्षको छोटो तर उथलपुथल एवं उत्साहपूर्ण उपलब्धिहरूको यो इतिहास त्याग एवं उत्सर्गहरूको यही गौरवपूर्ण गाथा अन्तर्गत निर्माण भएको छ । यस अर्थमा नेपालको कम्युनिष्ट आन्दोलन यसभित्र सभाविष्ट विगत एवं वर्तमानका अनेकौं पुस्ताका क्रान्तिकारी व्यक्तिहरूको सामुहिक एवं एकीकृत अभिव्यक्ति पनि हो ।

कम्युनिष्ट आन्दोलनभित्र सिद्धान्त, नीति तथा कार्यक्रमहरू एवं कम्युनिष्ट मूल्य पद्धतिको निर्माणमा व्यक्तिहरूका वैयक्तिक योग्यता, क्षमता, धारणा एवं अनुभवहरूको विशिष्टतम भूमिका रहन्छ । त्यसैले व्यक्तिहरूमा झैं कम्युनिष्ट आन्दोलनका अन्तरतहमा पनि वैचारिक प्रवृत्तिहरूको निर्माण एवं विनिर्माणको प्रक्रिया समानान्तर रुपमा निरन्तर चलिरहन्छ । नेपालको कम्युनिष्ट आन्दोलन पनि निरन्तर सिद्धान्त, विचारहरू एवं संस्कार निर्माण एवं विनिर्माणका अन्तर्विरोधी प्रवृत्तिहरूबाट गुज्रेर आजको स्थितिमा विकास भएको छ । कम्युनिष्ट आन्दोलनभित्रका निर्माणात्मक शक्ति एवं प्रवृत्तिहरूले निरन्तर नयां उचाइं, नयां धरातल प्राप्त गरेका छन् । यही प्रक्रियाबाट गुज्रेर, समयको यस हिस्सामा नेपालको कम्युनिष्ट आन्दोलनले नेपाली सामाजिक क्रान्तिको आजसम्मको सबैभन्दा नविनतम र विशिष्टतम विकासको रुपमा जनताको बहुदलीय जनवादको कार्यक्रमिक सांच प्राप्त गरेको छ ।

जनताको बहुदलीय जनवाद नेकपा (एमाले)ले ९० को दशमा नेपाली क्रान्तिको कार्यक्रमको रुपमा आफ्नो पार्टीका तर्फबाट प्रस्तुत एवं अंगिकार गरेको कार्यक्रम हो । नेपाली एवं विश्व कम्युनिष्ट आन्दोलनको विचार भण्डारमा आधारित हुदै र नेकपा (एमाले) का थुप्रै नेता एवं कार्यकर्ताहरूको पृष्ठपोषणमा परिमार्जन गरेको भएपनि यो कार्यक्रम क. मदन भण्डारीले नेपाली कम्युनिष्ट आन्दोलनमा गर्नुभएको छुट्टै एवं विशिष्ट योगदानको रुपमा परिचित छ । अझ जनताको बहुदलीय जनवाद र क. मदन भण्डारीलाइं पर्यायवाचीको रुपमा प्रयोग गर्ने परम्परा नै पनि बनेको छ ।

२०५० साल जेठ ३ गते दास ढुंगामा भएको षडयन्त्रपूर्ण जीप दुर्घटनाद्वारा क. भण्डारीको हत्या भयो । जनताको बहुदलीय जनवादको कार्यक्रमका मूल प्रतिपादकको हत्यापछि कार्यक्रमका राजनीतिक, आर्थिक र सांस्कृतिक पक्षहरूसंग सम्बन्धित अनेक जिज्ञासाहरूको सृजनात्मक र प्रभावकारी व्याख्याको अभाव खट्केको छ ।

यि ११ वर्षहरूमा मदन भण्डारीका वास्तविक योगदानहरूको अध्ययन, प्रकाशन, प्रसारण, खोज, अनुसन्धान र विकास गर्ने कामलाइं अगाडि बढाउने कुरा हुन सकेका छैनन ।

सामान्य जनताहरूले मदन भण्डारीलाइं मायाले मनमा जतन गरेर त राखे, तर लेखेर र बोलेर अभिव्यक्त गर्न सकेनन् । आधिकारीक संस्थाहरूद्वारा समेत जनताको बहुदलीय जनवादको थप व्याख्या ठोस ढंगले गर्न सकेका छैनन् । जनताको बहुदलीय जनवाद भनेको हालको बहुदलीय संरचना नै हो कि भन्ने भ्रम पर्न थालेको छ । अझ कतिपय पक्षहरूले त जनताको बहुदलीय जनवादको सारलाइं चाहीं सुटुक्क ग्रहण गर्ने, केही कुराहरू जोडेर आफूलाइं मदन भण्डारीभन्दा फरक देखाउने अनि मदन भण्डारीलाइं भने छापाहरू मार्फत् नव गोर्भाचोभको रुपमा प्रस्तुत गर्ने कपट समेत गरेकाछन् । मदन भण्डारीको व्यक्तित्व र सिर्जनाहरूको तेजोवध गर्ने नियतले यस्ता आक्रामक प्रयत्नहरू बारम्बार हुने गरेकाछन् । तर उहांको व्यक्तित्व र कृतित्वका विरुद्ध अभिव्यक्त भएका तर्कहरूको व्यवस्थित खण्डन गर्ने र विचारको रक्षा र विकासको निमित्त सैद्धान्तिक बहसमा उत्रिने कुरा पर्याप्त रुपमा हुन सकेकोछैन ।

यही कुराको अभाव महसुस गरेर जनताको बहुदलीय जनवाद, मदन भण्डारी र उहांका व्यक्तित्वका विभिन्न पक्षहरू, कम्युनिस्ट आन्दोलन र पार्टी निर्माणमा उहांको भूमिका जस्ता विषयमा लेख्नु, पढ्नु, अनुसन्धान गर्नु, प्रकाशन गर्नु हाम्रो पनि दायित्व हो भन्ने हामीलाइं लाग्यो । यही आवश्यकता बोधले हामीले "मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्र" खोल्यौं र सञ्चालन गर्‍यौं र यो स्थापनाका ५ वर्षहरू पनि बितिसकेका छन् ।

यस स्मारिकामा आफ्ना अमूल्य रचनाहरू र वक्तव्यहरू प्रकाशित गर्ने अनुमति दिएर हामीलाइं सहयोग पुर्‍याउनुहुने समग्र प्रबुद्ध व्यक्तित्वहरूलाइं हामी हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौ । त्यस्तै पत्रिका प्रकाशनका अन्य प्राविधिक पक्षहरूमा साथ र सहयोग दिनुहुने गोपाल गुरागाइं, रमेश भट्टराइं, चिन्तामणी भट्टराइं, चिरञ्जीवि शर्मा, अमर श्रेष्ठ, अर्जुन ढकाल, अमुल डागी, विपिन निरौलालगायत हाम्रा कार्यसमितिका सम्पूर्ण सहयोगीहरू र शुभेच्छुकहरूमा हामी हार्दिक आभार प्रकट गर्न चाहन्छौ ।

# विषय-सूची


१. प्रकाशकीय तथा सम्पादकीय

२. ५१ औं जन्मजयन्तीको अवसरमा आयोजित विचार गोष्ठीका विचारहरु

२.१ जननेता मदन भण्डारीको अभाव मुलुकमा खट्किरहेको छ २

२.२ श्री कमल थापाका विचारहरु ६

२.३ श्री प्रदीप गिरीका विचारहरु ८

२.४ शान्ति र अग्रगतिको लागि सार्थक वार्ता: आजको आवश्यकता १३

३. ५२ औं जन्मजयन्तीको अवसरमा आयोजित विचार गोष्ठीका विचारहरु

३.१ श्री के.पी. शर्मा ओली २४

३.२ श्री बामदेव गौतम ३०

३.३ श्री चित्रबहादुर के.सी. ३८

३.४ श्री विमलेन्द्र निधि ४२

३.५ श्री चक्रप्रसाद बास्तोला ४७

३.६ श्री गुरुप्रसाद बराल ४९

४. बाल कविता ५१

५. मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना र यसका गतिविधिहरु ५४

६. मदन भण्डारी मेमोरियल कलेज स्थापना र विकास ५६

# जननेता मदन भण्डारीको अभाव मुलुकमा खड्किरहेको छ

श्री के.पी शर्मा ओली, स्थायी कमिटी सदस्य नेकपा (एमाले)

आज देश सही र सक्षम नेताको अभावमा विभिन्न गम्भीर समस्याको भुमरीमा रुमल्लिएर निसास्सिरहेको अवस्थामा हामी जननेता मदन भण्डारीजस्ता सही र सक्षम नेताको स्मरण गरिरहेका छौं। उहाँको योगदान र भूमिका हिजो उहाँ जीवित रहँदाभन्दा आज उहाँ जीवित नरहेको अवस्थामा र भोलि उहाँका विचारहरूको के भूमिका हुनसक्ला भन्ने सन्दर्भमा यहाँ विचारविमर्श गरिरहेका छौं।

मैले सही र सक्षम नेताको अभावमा देश समस्याग्रत भएको हो भन्दा वर्तमानमा महत्वपूर्ण जिम्मेवारी वहन गरिरहनुभएका कुनै पनि नेताप्रति अनादार गर्न खोजेको होइन तर कटु सत्य के हो भने देशले योग्य, सही र सक्षम नेता पायो भने जनता समस्यावाट मुक्त हुँदै जान्छन्। नेपाली जनतालाई सचेत, सङ्गठित र आन्दोलित गर्दै अगाडि बढाउँदै लैजान्छन्। त्यस्तो नेतृत्वको वरिपरि मुलुक समावेश हुँदै जान्छ। त्यस्तो नेता पाएन भने झन् झन् समस्याहरू थपिँदै जान्छन्। राजनैतिक दलहरूभित्र पनि यही हो, योग्य नेता भयो भने भएका समस्याहरू समाधान हुँदै जान्छन्। अयोग्य नेता भयो भने समस्या जन्मिँदै जान्छन्।

योग्य र सक्षम नेताले मुलुकलाई अगाडि बढाउँछ। योग्य नेताको हातमा देश परेन भने देश पछाडि फर्किन्छ। वास्तवमा आज देश, देशले भोगिरहेका पीडा ती कुरालाई प्रतिविम्बित गर्न र विश्लेषण गर्न सक्ने गरी बोलिरहेको छ भन्ने मलाई लाग्छ। यी विषयहरूमा म संक्षेपमा पनि भन्नेछु। मभन्दा अगाडि जननेता मदन भण्डारीको जीवनीका सन्दर्भमा प्रस्तुत गर्दा अथवा नेपालको राजनीतिमा जननेता मदन भण्डारीका विचारहरूको वा उहाँको योगदान र भूमिकाको चर्चा गरिरहँदा, थुप्रै कुराहरू र निकै धेरै यथेष्ठ कुराहरू आइसकेका छन् भन्ने मलाई लाग्छ। मभन्दा अगाडि वक्ताको रूपमा बोल्ने तीनै जना मित्रहरू वैचारिक धारको हिसावले मदन भण्डारी रहनु भएको वैचारिक धार वा त्यस आस्थाभित्रका व्यक्तिहरू हुनुहुन्न। संस्थागत रूपमा मदन भण्डारीले जुन संस्था, जुन संगठनको नेताको हैसियतले काम गर्नुभयो त्यो संस्थासंग सम्वन्धित कहिल्यै पनि रहनु भएन। आस्थागत हिसावले मार्क्सवादी र कम्युनिष्ट धाराको समर्थकको रूपमा पनि रहनु भएको होइन तर यसभन्दा अगाडि तीनै जना विचार प्रस्तोता मित्रहरूले मदन भण्डारीले अगाडि सारेको जनताको बहुदलीय जनवादको सन्दर्भमा र उहाँले नेपालको राजनीतिमा खेल्नुभएको भूमिकाका सन्दर्भमा जुन विचारहरू प्रस्तुत गर्नु भयो तिनमा वस्तुगत प्रश्नहरू रहेका छन्। आस्थागत हिसावले, दलगत हिसावले पनि भिन्नभिन्न आस्था, भिन्न दल, भिन्न दल भनेपछि त्यसभित्र प्रतिस्पर्धात्मक पक्ष पनि हुन्छन्। आस्थागत मतभेद हुन्छन्। भिन्नताहरू हुन्छन्। त्यसका बावजुद उहाँहरूले जे बोल्नुभयो र जसरी मदन भण्डारीको नितान्त प्रशंसा मात्र होइन, के कुरा मदन भण्डारीको विशेषता रह्यो, के के कुरा मदन भण्डारीका योगदान रहे भन्ने बिल्कुलै निर्दिष्ट रहेर चर्चा गर्नुभयो। त्यसबाट धेरै स्पष्ट भैसकेको छ भन्ने मलाई लाग्छ। हामी लामो समयदेखि कार्यक्रम गरिराखेका छौं, अलि छिटै टुङ्ग्याउनुपर्नेछ। अहिले पनि थोरै मात्र बोल्नुपर्नेछ। मदन भण्डारीको सन्दर्भमा बोलिरहँदा, जनताको बहुदलीय जनवादको सन्दर्भमा बोलिरहँदा एउटा खतरा यसै पनि हुन्छ कि धेरै लामो समय लिइयोस्। त्यसकारण अघि नै सजग गराइएको छ, लामो नहोस्, छोटो भनेर। म संक्षेपमा नै आफ्ना कुराहरू राख्छु। राष्ट्रिय स्तरमा वा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त गर्ने कुनै पनि व्यक्ति, कुनै न कुनै विधा वा कुनै न कुनै आस्था अथवा कुनै न कुनै संस्थावाटै काम प्रारम्भ होस्, चाहे विज्ञानको क्षेत्रमा, चाहे साहित्यको क्षेत्रमा, चाहे प्रविधिको क्षेत्रमा,चाहे राजनीतिको क्षेत्रमा, जुनसुकै क्षेत्रमा प्रारम्भ गरेर माथि उठेको व्यक्तित्वको एउटा पक्ष, आस्थागत पक्ष, विधागत वा संगठनात्मक पक्षवाट सुरु हुन्छ। प्रस्थान त्यहाँबाट हुन्छ र त्यो प्रस्थान गरिसकेपछि त्यो घेरा सीमा तोड्दै, राष्ट्रिय व्यक्तित्वको रूपमा र आफ्ना समय, कुनै निश्चित कारणले उसले त्यो आफू जन्मेका वा बाँचेको त्यो समयका सीमाहरूलाई भत्काउँछ र धेरै अगाडिसम्म पनि आफ्नो दृष्टिकोण पुऱ्याउँछ र धेरै पछाडिसम्म आफ्ना प्रभावहरूलाई छोड्छ। जननेता मदन भण्डारी अघिनै हामीले चर्चा गर्‍यौं उहाँ मार्क्सवादी दर्शन, विश्वलाई हेर्ने मार्क्सवादी दर्शन र समाजलाई हेर्ने र समाजका समस्या समाधान गर्न सामाजिक परिवर्तन वा रूपान्तरण सम्वन्धित मार्क्सवादी लेनिनवादी सिद्धान्तको आस्थावाट उहाँले काम सुरु गर्नु भयो। त्यही आस्थामा उहाँ अगाडि सर्नुभयो। त्यसैवाट त्यस आस्थालाई उहाँले साँघुरो वा सीमित अर्थमा मात्रै प्रयोग गर्नु भएन। त्यो भन्दा बढी अर्थमा प्रयोग गर्नुभयो। त्योभन्दा व्यापक अर्थमा प्रयोग गर्नुभयो। त्यसलाई मार्गदर्शकको रूपमा लिएर, त्यसलाई एउटा गतिशील विचारका रूपमा लिनुभयो। जस्तो मार्क्सवाद हो, मार्क्सवादी दर्शन जस्तो व्यापक र सही दर्शन हो त्यसरी नै त्यसलाई बुझ्नुभयो। मार्क्सवादी, लेनिनवादी सामाजिक समस्या समाधानसम्वन्धी सिद्धान्त जस्तो व्यापक र सही सिद्धान्त हो, त्यसलाई कुनै ठाउं विशेषको फरम्याट भित्र बधिर होइन, एउटा समयभित्रको,

एउटा परिस्थितिमा एक ठाउँमा गरिएका एकठाउँमा प्राप्त अनुभवहरूको सीमाभित्र बाँधिर होइन त्योभन्दा व्यापक अर्थमा, त्यसको सार तत्वलाई समातेर त्यसलाई मार्गदर्शकको रूपमा लिएर सामाजिक समस्यासमाधानको सन्दर्भमा उहाँ अगाडि बढ्नुभयो । त्यसको अर्थ हो, रचनात्मक ढङ्गले, सिर्जनात्मक ढङ्गले त्यसको प्रयोगको सन्दर्भमा उहाँ अगाडि बढ्नुभयो । मार्क्सवाद भक्तिमार्ग चाहने कुनै धर्मग्रन्थ होइन । मार्क्सवाद अनुसरण र कार्यान्वयन चाहन्छ । यो एउटा समाजलाई मार्गदर्शन गर्ने जीवन्त सिद्धान्त हो । यो कठमुल्ला ढङ्गले लागू हुनसक्दैन । त्यसलाई सिर्जनात्मक ढङ्गले सधै लागू गर्नुपर्दछ । मदन भण्डारीले त्यही कुरा अपनाउनु भयो । उहाँ जडसूत्रवाद,विसर्जनवाद जस्ता कुराहरूको विरोध गरेर दृढताका साथ उभिने र सिर्जनात्मक दिशाका साथ अगाडि बढ्नु भयो । सिद्धान्त सही कुरामा उभिने र त्यो सहीलाई भक्तिमार्ग जसरी अपनाएर जाने कुरा मात्र होइन । सिर्जना भक्तिमार्ग होइन । सिद्धान्तले भक्तहरू खोज्दैन । सिद्धान्तले कार्यकर्ता खोज्छ, सिद्धान्तले कार्यान्वयन खोज्छ । थुप्रै ठाउँमा सामाजिक समस्याको समाधानसम्बन्धी सिद्धान्तहरू भक्तिमार्गको रूपमा, एउटा धर्मको रूपमा रहे । तर त्यसको जीवन्त कार्यान्वयन, त्यसको सिर्जनात्मक कार्यान्वयन नहुने स्थिति सिर्जना भयो । कहीं गलत सिद्धान्तलाई नै अपनाएको देखिन्छ तर मार्क्सवाद, लेनिनवाद सामाजिक परिवर्तनको सही सिद्धान्त हो । त्यस सिद्धान्तलाई अपनाउने सन्दर्भमा मदन भण्डारी अगाडि बढ्नु भयो । मदन भण्डारीले आफ्नो स्वार्थका लागी काम गर्नु भएन । आफ्ना स्वार्थमा, आफ्ना ओहोदा, आफ्ना पद, पदप्राप्ति जस्ता कुराहरूलाई उहाँले महत्व दिएर जानुभएन । सत्ताले भक्तहरू जन्माउँछ । विचारले समर्थक र अनुयायीहरू जन्माउँछ । सत्ताका पछाडि अनुयायीहरू हुँदैनन् । सत्ताका पछाडि शक्ति हुन्छ । अथवा तर्साएर, धम्क्याएर लागेको शक्ति हुन्छ । तर विचारका पछाडि स्वेच्छाले समर्पित भएका, त्यसलाई जीवन दर्शनका रूपमा अपनाउन तयार भएका कार्यकर्ता हुन्छन् । जसले त्यस विचारलाई कार्यान्वयन गर्दछन् । मदन भण्डारी त्यस्तै विचार दिने नेताको रूपमा स्थापित हुनुभयो र अगाडि बढ्नुभयो । उहाँले सिद्धन्तलाई पनि आग्रहवश होइन, निष्ठापूर्वक लिएर जानुभयो । नेपालमा थुप्रै ओहोदामा पुगेका मानिसहरू आहोदा छोडिसकेपछि दिग्भ्रमित भएकाछन् । तर उनीहरूको सिद्धान्त के हो भनेर चर्चा गर्ने कुनै ठाउँ हुँदैन । उनीहरूको योगदान के हो भनेर चर्चा गर्ने कुनै ठाउँ भेटिँदैन । उनीहरूले पदहरू प्राप्त गरेका थिए वा उनीहरूले शक्ति आर्जन गरेका थिए । त्यसबाट भविष्यमा के सिक्ने भन्ने कुराहरू त्यति हुँदैनन् । प्रायः नकरात्मक शिक्षाका मात्रै ठाउँहरू भेटिन्छन् । तर मदन भण्डारीलाई दुईवटा सन्दर्भमा हामीले हेर्नुपर्छ । एउटा नेपाली जनताले खुल्ला रूपमा मदन भण्डारीलाई कसरी चिन्नपाए ? २०४६ को आन्दोलनबाट पञ्चायत ढालिसकेपछि बहुदल आईसकेपछि मदन भण्डारी जब खुल्ला मैदानमा उत्रिनुभयो, त्यसपछि मात्रै नत्र भने पार्टीको एउटा तहले अथवा पार्टीका सीमित कार्यकर्ताले बाहेक अरुले उहाँको परिचय पाएका थिएनन् । उहाँको सहीपनाको परिचय पाएका थिएनन् । २०४७ सालको प्रारम्भबाट उहाँ बल्ल अगाडि बढ्नुभयो तत्कालीन अवस्थामा हाम्रो पार्टीको महासचिव भनेर घोषणा गरिएको थिएन । त्यो गोप्य राखेका थियौ तर डाँकाले छोपेभन्दा पनि बढ्तै भैसकेको थियो । मदन भण्डारीका बोलाइ सुनिसकेपछि, मदन भण्डारीका तर्कहरू सुनिसकेपछि त्यसै पनि मान्छेहरू त्यो पार्टीको मदन भण्डारी प्रमुख लिडर हुनुहुँदोरहेछ भनेर स्वतः अनुमान गर्दथे । हामीले विधिवत् मदन भण्डारी महासचिव भनेर घोषणा गर्ने मौका पनि पाएनौ । जनताले यसै एमालेको महासचिवको रूपमा मानिसकेको स्थितिमा हामीले भन्नु नै परेन । धेरै वर्ष अगाडिदेखि नेपालको राजनैतिक दौडमा सामेल भएका थुप्रै मान्छेहरूलाई उहाँले धेरै पछाडि छाडिदिनुभयो । अर्को कुरा, यो छोटो समयमा मदन भण्डारीले अति महत्वपूर्ण रूपमा आफ्नो प्रभाव दिन सक्नुभयो । नेपालमा सर्वाधिक लोकप्रिय नेता, यो मेरो मात्रै भनाइ होइन, अथवा उहाँ सम्बन्धित रहेको जुन पार्टीको उहाँ महासचिव हुनुहुन्थ्यो, त्यो पार्टीको मात्रै भनाइ होइन । त्यो स्वतन्त्र सर्वेक्षणको नतिजा हो । वास्तवमा बीसौ शताब्दीमा नेपालको राजनीतिलाई सर्वाधिक प्रभाव पार्ने नेपालको राजनीतिमा सर्वाधिक छाएको व्यक्ति मदन भण्डारी हुनुहुन्थ्यो, यद्यपि बीसौ शताब्दीको सय वर्षको कालमध्ये उहाँले पच्चीस वर्ष लगभग नेपालको राजनैतिक क्षेत्रमा काम गर्न पाउनु भयो । त्यो पच्चीस वर्षमा पनि उहाँले प्रारम्भमा नेताको हैसियतमा काम गर्नुभएन । सानो हुँदै, संघर्षमा सहभागी हुँदै जाने क्रममा नै उहाँले त्यो हैसियत प्राप्त गर्नुभयो । मदन भण्डारी यसरी एउटा निकै छोटो अवधिमा, काम गर्न निकै छोटो समय मात्रै प्राप्त गरे पनि दूरगामी असर छोड्न सफल हुनुभयो । त्यसका पछाडि उहाँको मेहनत र इमानदार प्रयास कै भूमिका रहेको छ ।

अर्को पक्ष के छ भने मदन भण्डारी कुनै सत्तासीन हुनुहुन्नथ्यो । उहाँले आफ्ना विचारहरू कार्यान्वयन गर्ने मौका पाउनु भएन । त्यो नेपालको निमित्त ठूलो दुर्भाग्यको कुरा हुनपुग्यो । नेकपा (एमाले) को निमित्त सौभाग्यको कुरा के थियो भने मदन भण्डारी जस्तो नेता त्यस पार्टीले पाएको थियो । तर मदन भण्डारीले नेपाललाई आफ्नो सोच अनुरूप हाँक्ने समय आइसकेको थिएन । आउँथ्यो, त्यो समय । त्यो समय कसरी आउँथ्यो, कसरी आउँछ राजनीतिमा, हामीले जतिबेला ठूला अग्रगामी सुधारका चर्चा गर्‍यौ, त्यतिबेला हामी बाहेक नेपालका अन्य राजनैतिक पार्टीहरू त्यो चर्चा सुन्न पनि तयार थिएनन् । आज कमसेकम एमालेले अगाडि सारेका ती कुराहरू सबै राजनैतिक पार्टीहरूले भन्नुपरेको छ । अब आफूलाई सुधाछु नभनीकन धर छैन र कुरा मात्रै गरेर कसैले अल्मल्याउँछ भन्ने ठानेको छ भने पनि त्यो पाप लाग्छ । मैले यो सन्दर्भ किन उठाउन खोजेको हो भने, अलिकति समय मात्रै प्रप्त गर्न सकेको भए मदन भण्डारीले नेपाललाई वास्तवमा समस्याहरू समाधान गरेर लान सक्नुहुन्थ्यो । त्यही सम्भावनालाई देखेर नै वास्तवमा मदन भण्डारीको ज्यान गयो । त्यसले नेपाल कहाँपुग्यो ? कम्युनिस्ट आन्दोलनभित्र, अहिलेसम्मका अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन, समाजवादी आन्दोलन,

अन्य प्रकारका प्रजातान्त्रिक आन्दोलनहरू समेतका अनुभवहरूलाई लिएर, वास्तवमा प्रजातान्त्रिक ढङ्गले अगाडि बढ्ने त्यो विचारका साथ प्रतिस्पर्धाको, पारदर्शीताको बहुदलवादको प्रजातान्त्रिक आचरणको पाटोबाट अगाडि बढ्ने नेताको हत्या भएपछि त्यसको असर के भयो ? यो बाटो जानुहुँदैन । त्यो कम्युनिस्ट आन्दोलनमा सुधार गर्ने, कम्युनिस्ट आन्दोलनलाई प्रजातान्त्रीकरण गर्ने यो बाटो गलत हो । त्यसकारण उग्रपन्थीहरूको हानथाप भयो । त्यसले प्रोत्साहन पायो । त्यसले मौलाउने मौका पायो । जसले गर्दाखेरि जुन विचारमा सशक्तता थियो, त्यो विचारका प्रवक्तालाई समाप्त पारिदिएपछि, त्यसबाट अर्को विचार अगाडि बढ्यो । यसबाट गलत विचारतर्फ जान नदिने सही विचारको व्याख्याताको अभाव भयो । त्यो विचारको व्याख्याको पारदर्शी, विश्वासिलो हाम्रो पार्टीको महासचिवको रूपमा २०४६ भदौ देखि २०५० साल जेठ ३ गते सम्मको यो साढे तीन वर्षको अवधि २०४६ साल भदौ देखि २०५० सालका प्रारम्भका समयको राजनीति गतिशील र त्यो अग्रगामी राजनीति भयो । जनतालाई सचेत पार्ने खालको गतिशीलता र जनतालाई अधिकार सम्पन्न पार्दै जाने खालको गतिशीलता, सकरात्मक गतिशीलता राजनीतिले दियो । कहिले पनि शिथिल भएर बस्नपाएन । जनताले कहिल्यै पनि दिशाहीन भएर बस्नुपरेन । त्यसपछि तत्काल चौथो महाधिवेशनमा नेकपा (एमाले) को प्रमुख गुन भन्ने हो भने तत्कालीन नेकपा मालेका मदन भण्डारीलाई महासचिवका रूपमा छान्नु पनि हो ।

नेपाली काङ्ग्रेसमा बढ्ता साम्यवाद विरोधी भावना थियो । कम्युनिस्ट विरोधी हुनुलाई कांग्रेसहरू प्रजातन्त्र ठान्ने गर्दथे । कांग्रेसमा त्यो संस्कारको सोच थियो । पुष्पलालले पञ्चायतका विरुद्ध संयुक्तरूपमा जनआन्दोलन गरौं न भनेर प्रस्ताव राख्दा पनि कम्युनिस्टहरू संग मिलेर प्रजातन्त्र ल्याउनुभन्दा बरू तानाशाही व्यवस्था नै कायम रहोस् भन्ने सम्मको सोच कांग्रेसमा थियो । त्यति सारो कम्युनिस्ट विरोधी सोचलाई पनि मदन भण्डारीले, मदन भण्डारीका प्रयासले सहकार्यको बिन्दुसम्म ल्याउन सम्भव बनाए । भर्खरै अर्को आस्थाका मित्रलाई हामीले सुन्यौ, मैले साथीहरूसंग अलिकति बस्दाबस्दै पनि कुरा गरें । केही-केही दलीय आग्रहहरू वा दलीय अनुशासनले गर्दा, कार्यकर्ता र नेताहरूलाई स्पष्टीकरण दिनुपर्ला भनेर बचेर उहाँहरूले बोल्नुभएको छ । तर पनि उहाँहरूले कुराहरू प्रशस्तै राख्नुभयो कि मदन भण्डारीले त्यसबेला कम्युनिस्ट पार्टी, संयुक्त वाममोर्चा र नेपाली कांग्रेसका बीचमा सहमति र सहकार्यका निमित्त प्रयास नगर्नुभएको भए त्यो संयुक्त आन्दोलन संभव थिएन । त्यो संयुक्त आन्दोलन नभएको भए पञ्चायत ढल्दैनथ्यो । नरहरिजीले बहुतै महत्वपूर्ण कुराहरू अघि बढाइसक्नु भएको छ । हिजो हामीसंग केही पनि थिएन । संविधानभित्र बाँधिएका राजा, संविधान भित्र सरकारको अन्तंगतमा चल्ने सेना, त्यो सबै हुँदापनि आज हामी डराइरहेका छौं किन ? पुराणको कुरा सुन्दै गयो, मरेपछि पनि बाफ रे बाफ ! घिच्याउने हो कि यमराजले भनेर नेताहरू डराउनुपर्ने, राम्रो काम गर्नकै छैन । नडराउनुपर्ने जनता देख्दा पनि डराउनुपर्ने, फट्याई थाहाभयो भने कुट्लान् कि भन्ने डरले । कार्यकर्तासंग पनि डराउनै पर्ने, आन्तरिक जनवाद दिनै सकेकोछैन, खुस्काइदेलान् कि भन्ने डरले आफ्नै सुरक्षाका निम्ति चिन्तित छन् नेताहरू । देशलाई कहाँ हेरेका छन् र ? त्यसैले देशको अवस्था यस्तो छ । आ-आफ्ना पद, ओहोदा आदि इत्यादिको नै सेरोफेरो छ । मैले कुनै पार्टी विशेषलाई भनेको होइन । प्रजातन्त्र भएन भने आन्तरिक जनवाद भएन भने, प्रजातान्त्रिक ढङ्गले सञ्चालन गरिएन भने, प्रजातान्त्रिक पद्धतिलाई जीवनदर्शनको रूपमा यसलाई अपनाइएन भने र विचारको आधारमा चलिएन भने नरहरिजीले बहुतै गम्भीर प्रश्न उठाउनुभयो, फुटनलाई बैचारिक आधारमा फुट्नुपर्छ भन्ने महत्वपूर्ण प्रश्न उठाउनुभयो । त्योभन्दा अघिल्लो प्रश्न छ, एकै ठाउँमा बस्न चाहि के बैचारिक आधारमा बस्ने नि ? कि सबैलाई प्रधानमन्त्री दिनुपर्‍यो । कुनै आदर्श नहुने, कुनै उद्देश्य नहुने, केही पनि नहुने, एउटा खाइरहने, अर्को टुलुटुलु हेर्ने, सँगै कसरी बस्ने ? बैचारिक पक्षहरू एकठाउँमा बस्ने पनि चाहिन्छ, फुटन मात्र चाहिने होइन । फुटन मात्रै पुष्टि गर्नु पर्ने होइन । स्वार्थको गठजोड भयो भने त्यो ताजुपलाग्दो गठजोड, कुनै दर्शनमा आधारित नभएको, कुनै विचारमा आधारित नभएको, कुनै राजनैतिक दिशा नभएको, कता जाने भन्ने दृष्टिकोण शून्य रहेको, त्यस्तो जमात भयो भने त्यसलाई राजनैतिक पार्टी भन्ने कि त्यो पार्टी वा अर्थोक के हुन्छ ? त्यसकारण प्रश्न के हो भने जुनसुकै पार्टीको पनि एकताको आधार विचार हुनुपर्छ, एकताको आधार सिद्धान्त हुनुपर्छ, एकताको आधार नीति हुनुपर्छ । संगठनहरू सञ्चालनको आधार विधि र प्रजातान्त्रिक अभ्यास हुनुपर्छ । मदन भण्डारीले नेतृत्व गरिरहेको बेला हामी सबैलाई थाहा छ, विभाजित कम्युनिस्ट आन्दोलनभित्र मदन भण्डारी पस्नुभयो । एकीकरणको एउटा अभियान अगाडि बढ्दैगयो । यद्यपि एकीकरणको अभियान अगाडिबाटै थालिएको थियो । मदन भण्डारीले त्यो एकीकरणको अभियानलाई सफलताका साथ अगाडि बढाउनुभयो पुरानो पुस्ता र नयाँ पुस्ता समेत, पुराना अनुभव र नयाँ कामका उर्जासमेत एक ठाउँमा राखेर अगाडि बढाउन सफल हुनुभयो । एकपछि अर्को सफलता र उत्साह आयो किनभने त्यसबेला बैचारिक छलफल, बहस, अन्तंद्वन्द बेसरी भए तर मदन भण्डारी डराउनु भएन । मदन भण्डारीले अगाडि सारेका सोचहरूको बेसरी खण्डन भयो, विभिन्न तर्फबाट हमलाहरू आए । सहीकुरा छन् भन्ने लाग्छ भने आत्तिनुपर्ने केही कुरा हुँदैन । मदन भण्डारी आत्तिनुभएन । धुप्रै चुनौती र प्रश्नहरू आए, जुनसुकै कोणबाट आएका प्रश्न र चुनौतीहरूलाई धैर्यताका साथ उहाँले समाधान गर्नुभयो । उहाँले यस्तो अवस्थामा, त्यस्तो होडमा पार्टी सम्हाल्नुभयो, सयौं वर्षदेखि एउटा मोडेलमा चलेको कम्युनिस्ट आन्दोलनलाई अर्कै ढाँचा र अर्कै मोडलमा लिएर जान बहुत कष्टकर थियो । मान्छे जुन बाटोमा हिँडिरहेको छ त्यही बाटोमा हिँड्न सजिलो हुन्छ तर नयाँ बाटोमा हिँड्न सजिलो हुँदैन । मान्छे हतपत तयार पनि हुँदैन । त्यस्तो

बेलामा मदन भण्डारीले आन्दोलनको नेतृत्व गर्नुभयो । बहसको बीचमा सही कुरा अगाडि लानु हुन्छ भने त्यो केही कुरामा ब्रेक गर्नुहुन्छ भने, पुराना बेठिक भैसकेका कुरालाई छोड्नुहुन्छ भने नयाँ आवश्यकताका कुरा अपनाउनुपर्छ या सामेल गर्नुहुन्छ भने बहसबिना सम्भव नै छैन । छलफल विना सम्भवै छैन । सहमति, असहमति विना सम्भवै छैन । अनि छलफल बहसको एउटा उल्लास तरङ्गको बीचमा सही कुरा स्थापित गर्दै जाने, बेठीक कुराहरू हट्दै जान्छन् । मलाई सँगै काम गर्दा राम्ररी सम्भना छ , अघि नै कमरेड प्रदीप ज्ञवालीले राखिसक्नुभयो, प्रायः कुराको सुरुवात हुँदाखेरी कमिटीभित्र पनि मदन भण्डारी अल्पमतमा पर्नुहुन्थ्यो । अनि त्यो विचार बिस्तारै त्यो फैलिँदै जान्थ्यो र त्यसले विस्तारै बहुमतको आकार लिएर पछि सर्वसम्मत पुग्नेगर्थ्यो । फरक मतसँग आत्तिने, अनि कम्युनिष्ट आन्दोलनका पुराना सोभियत मोडेलको कुरा गर्दा, चर्चा गर्दा प्रदीप गिरीजीले प्रश्न राख्नुभयो । आफूलाई, आफ्नो सत्तालाई चुनौति नदिएपनि, चुनौति दिने खतरा देखियो भने अथवा चुनौति हुनसक्छ भन्ने संभावनाको भ्रुण देखियो भने पनि त्यो भ्रुणहत्या गरिहाल्नुपर्ने मानसिकता जबसम्म आन्दोलनमा, संस्थाहरूमा रहन्छ, तबसम्म आन्दोलन ठिक ढंगले अगाडि जादैन । स्वस्थ्य प्रतिस्पर्धाका साथ आन्दोलन अगाडि जादैन । स्वस्थ प्रतिस्पर्धा विना प्रजातान्त्रिक परिपाटीको अभ्यास अगाडि जादैन ।

एकदमै सैनिक अनुशासन भएका ठाउँभित्र पनि एकप्रकार को प्रतिष्पर्धा हुन्छ । सेनामा अनुशासन प्रमुख कुरा हुन्छ । तर पनि त्यहाँ बढुवा, सरुवामा कसको क्षमता, योग्यता राम्रो भन्ने प्रतिष्पर्धा त्यहाँ हुने गर्दछ भने जो सैनिक संगठन होइन, राजनैतिक संगठन हुन्, जसले समाज हाँक्नु परेको छ, त्यस्ता समाज हाँक्ने संगठनहरू र त्यस्ता संस्थाहरू अझ बढ्ता प्रजातान्त्रिक हुनु जरुरी छ ।

मदन भण्डारीले कम्युनिष्ट आन्दोलनभित्र रहेर कम्युनिस्ट आन्दोलनको नेताको रूपमा अत्यन्तै सफल नेताको रूपमा भूमिका खेल्नुभयो तर उहाँले नितान्त कम्युनिष्ट आन्दोलनसँग मात्रै सरोकार र सम्बन्ध राखेर ती कामहरू गर्नुभएन । समग्र नेपाली समाजलाई कसरी अग्रगति दिने भन्ने सम्बन्धमा नै उहाँले ती कामहरू गर्नुभयो । यो बास्तवमा नेपालमा उहिले उहिले यो त यहाँको हावापानी, माटो सुहाउँदो होइन भन्थे । हावापानी, माटो सुहाउँदो जनताको बहुदलीय जनवाद राष्ट्रियताको प्रश्नहोस्, सामाजिक न्यायको प्रश्न होस्, सामाजिक सुधारको प्रश्नहोस्, मानव अधिकार वा वातावरणको प्रश्नहोस्, जनताको बहुदलीय जनवादको मौलिक दृष्टिकोण छ । भौतिक समाधान छन्, समस्याहरूको यथार्थ छ र बस्तुगत ढङ्गले समस्याका समाधानहरू छन् । बास्तवमा जनताको बहुदलीय जनवादबाहेक नेपालका समस्याहरूको समाधान गर्न अरु कुनै उपायहरू छैनन् । आज जनताको बहुदलीय जनवादसंग असहमत भएर कम्युनिष्ट आन्दोलनका नाममा उग्रपन्थी कियाकलापहरू गर्दै हिड्ने माओवादीहरू पनि या त चित्त बुझेर वा नोक्सानी व्यहोरिसकेपछि परिणाम भोगेर यसै ठाउँमा आइपुग्नेछन् । जनताको बहुदलीय जनवाद बाहेक अर्को बाटो छैन । जनताको बहुदलीय जनवाद मार्फत जननेता मदन भण्डारीले अगाडि सार्नुभएको प्रजातान्त्रिक अभ्यास बाहेक नेपाली समाजलाई अग्रगति दिने अर्को बाटो छैन । स्वस्थ प्रतिष्पर्धात्मक बहुदलीय र बहुलवादी शासन प्रणाली अर्को समुचित विकल्प हुनसक्दैन ।

आज जनताको बहुदलीय जनवादको सन्दर्भमा म के स्विकार्छु भने, हामीले पर्याप्त काम गर्नसकेका छैनौं । तर हामीले सकेकाछैनौं भनेर लाचार भएर बस्ने होइन, यस दिशातर्फका कामलाई अगाडि बढाउनुपर्छ । बास्तवमा नेपाल यस्तै स्थितिमा यसैगरी बाँचिरहन सक्दैन । नेपाल बाटो खोज्ने स्थितिमा छ र म दावाका साथ के विश्वास व्यक्त गर्न चाहन्छु भने मदन भण्डारीले अगाडि सार्नु भएका सोचहरूले नेपालको राजनीतिलाई आगामी दिनमा पनि अगाडि बढाउँछ । आगामी दिनमा आएर मार्गदर्शन गर्दछ । आगामी दिनमा आएर समस्या समाधान गरेर अगाडि बढ्ने उपयुक्त बाटो त्यही हो । प्रजातन्त्र जनताको व्यवस्था हो भन्ने कुरा व्यवहारबाट जनतलाई अनुभुत नगराउने हो भने प्रजातन्त्र ठगी खाने भाँडो मात्रै हुन्छ र त्यो केही समयका लागि काम लाग्छ र त्यसपछि काम लाग्दैन । देशले निकास खोज्नुपर्ने बेलामा गुज्रेको छ र यतिबेला बिना आग्रह जननेता मदन भण्डारीका सोचहरूलाई हामी आत्मसात् गरौं । उहाँले अपनाउनुभएका शैली र आचरणहरूलाई अपनाऔं । मेरो यही आग्रह छ । मदन भण्डारीले नेपालको राजनीतिमा विभिन्न ढंगले प्रभाव पार्नु भएको छ । आन्दोलनको नेताको रूपमा, पार्टीको महासचिवको रूपमा, जनताका निमित्त अत्यन्तै लोकप्रिय वक्ताको रूपमा, एकजना प्रभावशाली सांसदको रूपमा र एउटा नवीन विचार दिन सक्ने विचारक र चिन्तकको रूपमा, मार्क्सवाद-लेनिनवादको एउटा गहिरो अध्येता र त्यसबाट समिक्षा गरेर सही निष्कर्ष निकाल्न सक्ने, समय अनुकूल निष्कर्ष निकाल्न सक्ने नेताको रूपमा । यी सबै कुराहरूको केन्द्र भागमा उहाँ कुशल वक्ता हुनुहुन्थ्यो ।

हामीले प्रमुख योगदानलाई बुझेर त्यसलाई रक्षा र बिस्तार गर्दै अगाडि जान सक्यौं भने र हामीले प्रशंसा मात्र गर्न होइन, दैनिक जीवनमा र हाम्रो सामाजिक जीवनमा पनि यी कुराहरूलाई कार्यान्वयन गरेर जाने हो भने हामी समस्या समाधान गर्न सक्छौं । जननेता मदन भण्डारी हाम्रो बीचमा हुनुहुन्न । उहाँका विचार हामीसँग छन् । यो अत्यन्तै सान्दर्भिक कार्यक्रम आयोजना भएको छ । यस सान्दर्भिक ककार्यक्रमका आयोजक मित्रहरूलाई धन्यवाद दिन चाहन्छु । फेरि एकपल्ट जननेता मदन भण्डारीप्रति श्रद्धा-सुमन अर्पण गर्दै आफ्ना भनाइहरू टुङ्ग्याउँदछु । धन्यवाद ।

(२०५९ असार १४ गते मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्र द्वारा आयोजित "नेपालको राजनीतिमा जननेता मदन भण्डारी" विषयक विचारगोष्ठीमा व्यक्त मन्तव्य)

# श्री कमल थापा (राप्रपा केन्द्रीय सदस्य)का विचारहरू

**यस समारोहका आदरणीय सभापतिज्यू,**
**विशिष्ठ महानुभावहरू, महिला तथा सज्जनवृन्द ।**

स्व. जननेता मदन भण्डारी को ५१ औं जन्म जयन्तीको अवसरमा यस विचारगोष्ठी को कार्यक्रममा सहभागी भएर यहाँहरूको अगाडि आफूलाई मनमा लागेका केही कुरा अवगत गर्न र व्यक्त गर्ने मौका दिनुभएकोमा आयोजक महानुभावहरूलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु साथै नेपाली कम्युनिष्ट आन्दोलनका शिखर पुरुष र आम नेपालीको लोकप्रिय नेताको रूपमा स्थापित स्व. मदन भण्डारीको यो ५१ औं जन्मजयन्तीको अवसरमा उहाँप्रति हार्दिक भावपूर्ण श्रद्धान्जली समेत व्यक्त गर्न चाहन्छु । म यहाँ यहाँहरूको धेरै लामो समय लिन चाहन्न र मैले अहिले मदन भण्डारीको व्यक्तित्व र विचारका विषयमा यहाँहरूका अगाडि खासै प्रकाश पार्नुपर्ने नयाँ कुराहरू केही छैनन् । मदन भण्डारीसंग नगिचबाट परिचित रहनुभएका, उहाँका विचारबाट अनुप्राणित रहनुभएका र मन, बचन र कर्मले नै ती विचारहरूलाई कार्यान्बयन गर्ने प्रतिज्ञा गरेर अगाडि बढ्नु भएका व्यक्तिहरूका अगाडि र साथसाथै साम्यवाद, बहुदलीय जनवादका विविध पक्षमा प्रर्याप्त जानकारी भएको यस जमातका अगाडि यी विषयहरूमा व्याख्या गर्ने, चर्चा परिचर्चा गर्ने धृष्टता गर्न ठीक होला । त्यसमाथि पनि भखरै प्रदीपजीले अत्यन्तै संक्षेपमा तर ज्यादै विहंगम ढङ्गबाट साम्यवाद र वर्तमान चुनौतीहरूका विषयमा विचार व्यक्त गरिसक्नुभएको छ । त्यसैले पनि मैले त्यतातर्फ जानु उचित छैन । एउटा भनाइलाई पनि मैले मनन गरिराखेको छु, त्यसले पनि अलिकति मनोवैज्ञानिक रूपमा प्रभाव पारिरहेको छ । उहाँले कुनै ठाउँमा भन्नुभएको रहेछ कि कालिदासको क मात्र जान्नेले बहुदलीय जनबादको व्याख्या गर्न सुहाउँदैन । बास्तवमा मैले आफूलाई त्यही कोटिमा राखेको छु । त्यसकारणले मैले यसमा धेरै लामो व्याख्या, चर्चा,परिचर्चा गरें भने अन्यथा हुन्छ जस्तो मलाई लाग्छ । तसर्थ म यहाँहरूको अनुमति लिएर नेपालको राजनीति र खासगरी बर्तमान समकालीन राजनीतिमा मदन भण्डारीको विचारको सार्थकता बारेमा छोटकरीमा निवेदन गर्न चाहन्छु । तपाइं हामी सबैलाई थाहा छ, मदन भण्डारीको उदय र अवसान नेपालको राजनीतिमा एउटा तुफान जस्तै रह्यो । साँच्चै भन्ने हो भने उहाँको एकचालीस बर्ष लामो जीवनयात्रा अधिकांश त संघर्षमा बितेका छन् । तर, नेपाली जनताले उहाँलाई सशरीर देखेर उहाँको विचार, व्यवहारलाई अनुभूत गर्ने अवसर पाएको जम्मा तीन वर्ष हो । यो अवधिमा नेपालको राजनीतिमा उहाँले जुन किसिमको तुफानको सिर्जना गर्नु भो, त्यसले गर्दा मदन भण्डारीको नाम नेपालको राजनीतिक इतिहासमा अत्यन्तै सशक्त रूपमा रहेको छ र आगामी धेरै वर्षसम्म उहाँको विचारहरूले हामीलाई प्रभावित पार्नेछन् र झक्झक्याइ रहनेछन् भन्ने मलाई लाग्छ । मदन भण्डारीको उदय यस्तो अवस्थामा भएकोथियो, जतिबेला विश्वभरि नै परिवर्तनको लहर चलिरहेकोथियो । खासगरी म ४६ सालपछिको जतिबेला उहाँले तत्कालीन नेकपा मालेको महासचिवको जिम्मेवारी भूमिगत रूपमा र खुलारूपमा निर्वाह गर्नुभयो, त्यसपछिको कुरा ग्रहण गरी राखेकोछु । विश्वव्यापी रूपमा परिवर्तनको लहर आइरहेकोथियो । त्यो परिवर्तनको मूलतत्त्व भनेकै व्यक्ति र व्यक्ति स्वतन्त्रता थियो । कुनै पनि समाजको विकास क्रमका लागि व्यक्तिनै केन्द्र विन्दु हुन्छ र व्यक्तिको क्षमता र स्वतन्त्रताको आधारमानै समाजको गुणस्तर विकास हुँदै जान्छ भन्ने मान्यताको आधारमा विश्वव्यापी रूपमा परिवर्तनको लहर चलिराखेको थियो । यो लहर कुनै पश्चिमा राष्ट्रहरूले सिर्जना गरेको लहर अथवा साम्यवादको विरुद्धमा देखापरेको लहरको रूपमा मात्रै आएको हो भन्दा त्यो अत्यन्तै जोखिमपूर्ण हुन्छ । वास्तविकता के हो भने समाज विकासको क्रमले एउटा निश्चित विन्दुमा पुगेपछि त्यो विन्दुबाट अगाडि बढ्नको निमित्त नयाँ परिवर्तनको आवश्यकता महसुस गर्दछ र त्यसै क्रममा १९७० पछिको परिवर्तनको लहर जुन १९९० को दशकमा आएर चरम विन्दुमा पुगेकोथियो, त्यो अवस्थामा नेपालको कम्युनिष्ट आन्दोलनको शिखर पुरुषको रूपमा नेपालको राजनीतिमा मदन भण्डारीको प्रवेश भएको हामी पाउँछौं । हरेक युगको परिवर्तनमा र इतिहासले परिवर्तन लिन लागेको प्रत्येक मोडमा युगान्तकारी व्यक्तित्वहरूको जन्म हुन्छ । त्यही क्रममा मदन भण्डारी नेपालको राजनीतिमा देखिनुभएकोछ । एकातिर विश्वव्यापीरूपमा परिवर्तनको लहर जसको प्रभावबाट नेपाल मात्रै मुक्त हुनसक्ने अवस्थामा थिएन, त्यसै समयमा त्यही परिवर्तनको संगसंगै परम्परागत रूपमा रहँदै आएको साम्यवादमाथि समेत तीव्र प्रहार भएको र साम्यवादी सिद्धान्त र मान्यतामाथि तीव्र आघात पुगेको अवस्था थियो । सोभियत संघको विघटन र पूर्वी युरोपमा साम्यवादको पतन संगसंगै विश्वव्यापी रूपमा परिवर्तनको जुन लहर आयो, त्यही लहरलाई पछ्याउँदै साम्यवादको पतन पनि देखापरिहेकोथियो । यो अवस्था नेपालमा आएको परिबर्तनलाई समेत मध्यनजर राखेर दुईवटा चुनौतीहरू मुख्यरूपमा देखापरेका थिए । एउटा चुनौती नेपालमा आएको नयाँ परिबर्तन अनुरूपको राज्यप्रणालीको निर्माण गर्नु थियो । तीसवर्षसम्म कायम रहेको पञ्चायती प्रणाली समाप्त भैसकेकोथियो र नयाँ पद्धतिको निर्माण गर्ने चुनौती त्यस अवस्थामा थियो । केवल निर्दलीयताको अन्त्य र बहुदलीयताको आगमन मात्रै सम्पूर्णता थिएन । राजनैतिक पद्धतिको निर्माण त्यसबखतको सबैभन्दा ठूलो चुनौतीको रूपमा रहेकोथियो । अर्कोतर्फ विश्वव्यापी रूपमा नै साम्यवाद असान्दर्भिक भैरहेको अवस्थामा त्यसको औचित्यलाई जीवित तुल्याएर, जीवित राखेर साम्यबादीमान्यतालाई अगाडि बढाउने अर्को चुनौती खडा थियो, खासगरी नेपालको सन्दर्भमा । यो अवस्थामा मदन भण्डारीले र समकालीन नेकपा माले एमालेका नेतृत्व बर्गले जुन एउटा बैचारिक धार प्रदान गर्‍यो, त्यसले साम्यबादलाई नयाँ ढङ्गबाट परिभाषित गरेर त्यसको औचित्य अझपनि कायम छ भन्ने कुरा सावित गराएको मात्र होइन, त्यो पनि गरायो कि साम्यवादको औचित्य समाप्त भैसकेको छैन । सोभियत मोडेलको औचित्य समाप्त भएकोहोला, अथवा साम्यबादभित्र विकसित भएका अर्न्तविरोध,

कमीकमजोरी, त्यसको प्रयोगमा केही असफलता भएको होला तर मूलभुत रूपमा मार्क्सवाद, लेनिनवादको सिद्धान्तको औचित्य कायम छ भन्ने कुरालाई प्रमाणित गर्नको निमित्त मदन भण्डारीबाट त्यस समयमा व्यक्त भएका विचारहरू र पछि एउटा पूर्ण रूपमा बहुदलीय जनवाद, जनताको बहुदलीय जनवादको रूपमा आएको जुन विचार छ, त्यसले त्यो काम गरेको हामीले पाएका छौं। तपाईंहरूमध्ये अधिकांश, जो स्वयं साम्यवादी आन्दोलनमा लाग्नु भएकाहरूले त्यसलाई कुन रूपमा अनुभव गर्नुभएको छ त्यो तपाईंहरूलाई थाहा छ। हामी बाहिरबाट हेर्दा के देखिराखेका छौं भने एउटा ठूलो यथार्थ मार्क्सवाद, लेनिनवादमाथि थियो, त्यसले समय अनुकूल परिवर्तन गर्न नसकेको अवस्थामा त्यसको सदाको लागि पतन अवश्यम्भावी थियो। त्यो अवस्थामा त्यसलाई पुर्नजीवित गराउनको निमित्त नयाँ रक्तसञ्चार गराउने काम त्यसबेला व्यक्त विचार, विश्लेषण र तद्अनुरूप प्रतिपादित जनताको बहुदलीय जनवादले गरेको हामीले पाएका छौं। त्यस क्रममा मदन भण्डारीले मार्क्सवाद-लेनिनवादको प्रचलित भाषामा भन्ने हो भने सिर्जनात्मक उपयोग गर्नुभएको हो। मदन भण्डारीकै शब्दमा भन्ने हो भने राज्यसत्ताका दुईरूप हुन्छन्, एउटा सार तत्व, अर्को रूपपक्ष। सारतत्व यथावत् राख्दै रूपपक्षलाई समयानुकूल परिवर्तन गर्न सकिन्छ भनेर मार्क्सवादलाई सिद्धान्त र व्यवहारको एकात्मकता प्रदान गर्ने काम जनताको बहुदलीय जनवादले गरेको हामीले पाएका छौं। तसर्थ यसले साम्यवादको औचित्यलाई केही हदसम्म कायम राखेको छ। त्योभन्दा पनि हामीले बाहिरबाट हेर्दा हामीले पाएको कुरा के भने नेपालको राष्ट्रिय राजनीतिमा ४६ सालको परिवर्तनपछि जुन पद्धति निर्माणको चुनौती थियो त्यसमा एउटा नयाँ विकल्प प्रस्तुत भएकोछ। विकल्प ठीक थियो कि थिएन, त्यो आपनो ठाउँमा छ, त्यो विवादको विषय हुन सक्तछ। सबैले जनताको बहुदलीय जनवादको सिद्धान्त र त्यसका नीति र कार्यक्रमलाई स्विकार गर्नुपर्छ भन्नेछैन, तर एउटा विकल्पको रूपमा यो देखा पऱ्यो। त्यो विकल्पलाई मदन भण्डारीका अवसानपछिका दसवर्षमा सैद्धान्तिक, वैचारिक र व्यावहारिक रूपमा, खासगरी कम्युनिष्ट आन्दोलन र नेकपा एमालेले कति सशक्त रूपमा कायम राखेको छ? त्यो मूल्याङ्कन गर्ने काम तपाईंहरूको हो। त्यो विकल्पको महत्वका विषयमा मात्र मैले कुरा गरिराखेको छु। किनकि प्रजातान्त्रिक व्यवस्थामा विकल्पहीनताले राजनैतिक रिक्तता कायम गर्दछ र त्यो राजनैतिक रिक्ततामा अनेकौं किसिमका विकृति र विसङ्गतिहरूले जन्म लिने अवसर पाउँछन् र अहिले नेपालको राजनीतिको कुरा गर्दाखेरि त्यो रिक्तताको हामी अनुभव गरिराखेकाछौं। जनता यथास्थितिबाट मुक्ति खोजिराखेकाछन्, तर यथास्थितिबाट मुक्ति कसले दिने? त्यसको विकल्प देखिंदैन। अहिले देशका प्रमुख राजनैतिक शक्तिहरू आफ्नो अभिव्यक्तिमा यथास्थितिबाट मुक्तिको आवश्यकता र औचित्यको विषयमा ठूलाठूला रूपमा भाषण गरेतापनि वैचारिकरूपमा, नीतिगतरूपमा, कार्यक्रमिकरूपमा स्पष्ट विकल्प दिन सकिराखेकाछैनन्। त्यही कारणले गर्दा हामी राजनैतिक अवसरवादको भुँमरीमा फसिराखेका छौं। आज देशका सबै राजनैतिक शक्तिहरू त्यही नियतिलाई भोग्नका लागि बाध्य भैराखेकाछन्। त्यसैले जुन विकल्प मदन भण्डारीले नेपालको राष्ट्रिय राजनीतिमा दिनुभएको छ, त्यो विकल्पको औचित्यका विषयमा छलफल गर्न सकिन्छ। त्यो ठीक हो वा हैन त्यो आफ्नो ठाउँमा छ, तर उहाँले एउटा विकल्प दिनुभएको थियो र एउटा प्रमुख राजनैतिक शक्तिले त्यसलाई आफ्नो राजनैतिक पार्टीको प्रमुख राजनैतिक स्तम्भको रूपमा स्वीकार गरेको छ। त्यो विकल्प १० वर्षको अवस्थामा आइपुग्दाखेरी जीवन्त छ कि छैन? मलाई लाग्छ, त्यो कुरा सोचनीय छ। विकल्पहीनताको स्थिति मुलुकमा देखापरिराखेको छ। दोस्रो, जनताको बहुदलीय जनवादको सार्थकता अहिलेको सन्दर्भमा खासगरी साम्यवादी सिद्धान्तलाई बोकेर हिड्ने जमात मध्येको एउटा जमात जो अहिले जङ्गलमा पसेको छ र जनयुद्धको नाममा देशमा हत्या, हिंसा र आतंकको वातावरण सिर्जना गरिराखेको छ, उसका लागि पनि मलाई लाग्छ एउटा प्रेरणाको आधार बन्न सक्तछ। साम्यवादका, मार्क्सवाद, लेनिनवाद र माओवादका सारतत्वलाई यथावत् कायम राखेर त्यसको रूपपक्षलाई समयानुकूल परिवर्तन गर्दै जाँदाखेरि आफ्नो लक्ष्यलाई प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मदन भण्डारीले ४६ साल पछि ५० सालसम्मको अवधिका प्रमाणित गरेर देखाउनुभएको छ। त्यस बेलामा तत्कालीन नेकपा एमालेले जुन सफलता प्राप्त गरेकोथियो, त्यो सफलता त्यही वैचारिक मान्यताको सार्थकतामा छ। त्यसबाट जङ्गलमा पसेका व्यक्ति र समूहले पनि प्रेरणा लिएर बहुदलीय प्रतिस्पर्धाको आधारमा जनतालाई चित्त बुझाउन सकियो भने आफ्नो अस्तित्वलाई कायम गर्ने मात्रै होईन, समाज परिवर्तनको लागि पनि महत्वपूर्ण भूमिका खेल्न सकिन्छ भन्ने कुरा त्यो अवस्थामा प्रमाणित गराइदियो। म दोहोऱ्याएर भन्न चाहन्छु कि मदन भण्डारीले त्यस बेलामा कायम गर्नुभएको यो जुन वैचारिक विकल्प छ, त्यो वैचारिक विकल्पको मर्म त्यसका संवाहकहरूले कति इमान्दारिताका साथ वहन गरिराखेकाछन्? त्यो भने प्रश्नको विषय बन्न सक्छ। आज एउटा राजनैतिक रिक्तता छ। देशको एउटा प्रमुख राजनैतिक शक्ति आफ्नै कुकर्मका कारणले गर्दा विभाजित मात्र होइन, तहसनहस हुने अवस्थामा छ। त्यो अवस्थामा अर्को विकल्प छ एमाले नै विकल्प होला, तर त्यो विचारशून्य अवस्थामा रह्यो भने त्यसको के काम? कांग्रेसको विकल्प एमाले हो तर राजनैतिक, वैचारिक, सैद्धान्तिक विकल्प छैन। यसैले कांग्रेसको ठाउँमा यदि भोलि एमाले पुग्यो भने पनि अहिलेकै यथास्थितिको निरन्तरता मात्र हुन्छ किनभने यो १० वर्षको अवधिमा जुन वैचारिक आधारमा ४६ देखि ५० साल सम्म जुन वैचारिक विचारले नेपाली जनमानसलाई आन्दोलित गर्दै, यद्यपि त्यो विचारसंग म पूर्णरूपमा अहिले पनि सहमतछैन, त्यसभित्रका विरोध, अर्न्तविरोधका बारेमा धेरै चर्चा परिचर्चा गर्न सकिन्छ तर त्यो विचारले जनमानसलाई आन्दोलित तुल्यायो। अहिले विचारबाट नेपाली जनमानस आन्दोलित हुने अवस्थामा छैन। मलाई लाग्छ, यो अहिले को समयको चुनौति हो र मदन भण्डारीका विचारहरू, नेपालको राजनीतिमा यसले पारेका प्रभावहरूका विषयमा छलफल गर्दा यो पक्षलाई हामीले पर्याप्त ध्यान दिनुपर्दछ जस्तो मलाई लाग्दछ। अब योभन्दा धेरै लामो समय म लिइराख्न चाहन्न, म अन्त्यमा फेरि एकपटक स्वर्गीय मदन भण्डारीप्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्दै, आयोजक माहानुभावहरूलाई धन्यवाद दिन चाहन्छु र विदा हुन्छु। *धन्यवाद।*

*(२०५९ आषाढ १४ गते नेपालको राजनीतिमा जननेता मदन भण्डारी विषयक विचार गोष्ठीमा प्रस्तुत मन्तव्य)*

# श्री प्रदीप गिरी (ने.का. प्रजातान्त्रिक) का विचारहरू

**यस सभाको सभापतिजी अन्य आदरणीय मित्रहरू ।**

मदन भण्डारीजीको विषयमा बोल्न पाउँदा आज मलाई बडा महत्वको कुरा भन्ने लागी राखेको छ । यो मौका दिनु भएकोमा आयोजकज्यूलाई धन्यबाद दिन चाहन्छु । खासमा मलाई केही दिनअघि आदरणीय विद्याजीले भन्नुभो यसमा अलिकति मदन भण्डारीजीका विचारका बारेमा राम्ररी केही भन्नुपर्‍यो । तपाइँले एकदुईपटक यसमा कलम पनि चलाउनु भएकाले तपाइँलाई खास बोल्न भनेर भनेको हुँ, कतै नजानुहोला भनेर भन्नुभो । मदनजीलाई सामान्यतया यहां उहांले प्रतिपादित गर्नुभएको र पछि नेकपा एमालेले सिंगो रूपमास्वीकार गरेको बहुदलीय जनवादका विचारक र त्यही विचारका संवाहक नेताका रूपमा चिनिन्छ । यसैका बारेमा केही भन्ने हो कि जस्तो पनि लाग्यो तर फेरि त्यसको बारेमा मैले उहीबेला पनि एकदुइंबटा लेख पनि लेखिसकेको र कमसेकम विद्याजीले पनि पढिसकेको लागेर त्योभन्दा अलि अलग हटेर कुराहरू गर्नुपर्‍यो भन्ने सोचेर उहांको त्यो संकलित रचना भाग १ लाई मैले खोजेर झिकें, पहिले केमा केन्द्रीत हुने त भन्दा उहांको त्यो अन्तिम सम्बोधन भाषण रेछ, दुर्घटनामा पर्नुभन्दा अघिल्लो दिन उहांले पोखरामा सम्बोधन गर्नुभएको रेहेछ । त्यो सङ्कलित रचना ठिक ढङ्गले छापिएको छैन, अलि अधुरो जस्तो पनि छ, छ दाछाप्दै रहेको छ । अनि मलाई लाग्यो धेरै टाढा किन जाने यसैमा रहेर कुरा केन्द्रित गर्दा पनि हुन्छ भनेर मैले त्यसलाई गहिरिएर दुबारा पढें । पढें मात्रै होइन मैले त्यस्को फोटोकपी पनि बनाएं, यही लिएर आएको छु । अनि मलाई के लाग्यो भने, के रहेछ त मदन भण्डारीको जिन्दगीभरिको चिन्ता ? उहांको स्वर्गवास हुनुभन्दा, रहस्यमय दुर्घटनामा परेर अन्त्य हुनुभन्दा अघिल्लो दिनमा के सोचिरहनु भएकोरहेछ त ? ती उहांले सोचेका कुरा आज के कति सान्दर्भिक छन् ? आज हामीले त्यसबाट बुझ्नु पर्ने, सिक्नुपर्ने, आजको राजनीतिमा उतार्नुपर्ने कुरा के रहेछ त भनेर लाग्दा मुस्किलले तीन पृष्ठको त्यो उहांको अन्तिम भाषणमा, अन्तिम सम्बोधनमा तीनवटा कुरा उहांले जोडदार रूपमा भन्नुभएको रहेछ र संयोगवश ती तीनवटै कुरा आजको समकालीन राजनीतिको सबैभन्दा विवादास्पद र चर्किएका कुरा मैले देखें । पहिलो कुरा उहांले केमा जोड दिनुभएकोरहेछ, उहां जिल्लाको बैठकमा जानु भएको रहेछ, उहांले एकदम भन्नुभएको छ कि पञ्चायतको अन्तपश्चात् देशको बागडोर चलाउने भाग देशका राजनैतिक पार्टीहरूको कांधमा आएकोछ, मुलुकको राजनैतिक पार्टीले कुन ढङ्गले मुलुकलाई नयां जीवन दिन सक्छ, शोषण उत्पीडनलाई कसरी कम गर्न सक्छ ? सो कुराको पृष्ठभूमिमा राजनैतिक पार्टीहरूको कार्यक्रम के कस्ता हुन्छन ? यो महत्वपूर्ण छ । त, अगाडि नै उहांले के भन्नु भएको छ भने राजनैतिक पार्टी प्रजातान्त्रिक ढङ्गले चल्छ कि चल्दैन ? यो बडा महत्वपूर्ण छ । त्यसपछि उहांले **Naturally** नेताहरूले आफ्नो भाषणमा आक्षेप लागउनुपर्छ । हाम्रो पार्टीले पनि प्रजातान्त्रिक ढङ्गले चलाएको छ तर नेपाली कांग्रेसले आफुलाई प्रजातान्त्रिक ढङ्गले चलाउन सिकेन, (होइन मैले आफैले त्यो कुरालाई समर्थन गरेको होइन नि उहांले यो भन्नुभएको रहेछ भनेर भनेनी, मैले विद्याजीसंग सोधेकोथिएं, श्रोताहरू कोको हुनुहुन्छ भनेर, उहांले मेरै पार्टीका धेरैछन् भन्नुभएको थियो सांच्चैरहेछ ।) उहांले के भन्नुभएको छ भने संविधानमा प्रष्टसंग राजनैतिक पार्टीको जीवनशैली प्रजातान्त्रिक हुनुपर्छ भनिएको छ, तर कांग्रेसले संविधानको भनाइलाई आत्मसात् गरेन । उहां यही भन्नुहुन्छ तर म दोहोर्‍याउन चाहन्छु, हाम्रो पार्टीले पनि कुनै अर्को पार्टीले भन्दा प्रजातान्त्रिक र संविधान प्रतिबद्ध छ, उहां यही भन्नुहुन्छ । हाम्रो पार्टी भर्खरै फुटेको हुंदा ती कुरालाई समर्थन गर्न मद्दत पुगेको भन्ठान्नुभयोहोला, तर यो कुरालाई माने पनि हाम्रो पार्टी हिजो सम्म प्रजातान्त्रिक ढङ्गले चलेकोथियो भन्ने माने तापनि यो मात्रै मेरो भन्नुको आशय होइन । हेर्नुस् मलाई त के लाग्छ भने नेपाली कांग्रेसको आन्तरिक द्वन्द्व अथवा नेकपा एमालेको हिजोको द्वन्द्व, फुट र समकालीन विश्वका अनेकानेक राजनैतिक घटनाक्रममा मदनजीको यो टिप्पणी अत्यन्तै सारगर्भित छ । मैले भन्न खोजेको यो हो । किनभने, मैले यो के सिलसिलामा उठाएं भने, मदनजी सांच्चैनै गम्भीर, समकालीन परिस्थितिप्रति अत्यन्तै संवेदनशील र सांच्चैनै मार्क्सबादी परम्परामा पुरै भिज्नुभएको व्यक्ति भन्ने कुरा यस टिप्पणीमा बुझिन्छ र यहां म सबै गन्यमान्य विद्वानहरू, मार्क्सवादी विचारधाराका व्यक्तिहरूलाई पनि देख्दैछु । दोस्रो महत्वपूर्ण बुंदामा आएर मदनजीले सोभियत युनियनको विघटनको कुरा गर्नुभएको छ । यही सम्बोधनमा र एल्त्सिन, मात्तिएको त्यो एल्त्सिनको अवश्यम्भावी पतनहुन्छ भन्नुभएको छ । मदनजीले संकलित रचना र लेखहरूमा बारबार सोभियत युनियन किन विघटन भयो भन्ने प्रश्न गर्नुभएको छ र त्यो विघटनको परिवेशमा नै उहांले यो बहुदलीय जनवादको सिद्धान्तको प्रतिपादन गर्नुभएको छ । त्यो कुरा पनि यो भाषणमा सम्बोधित छ । म अलिकति पछि फर्केर हेर्न आदरणीय विद्वान् मित्रहरूलाई आग्रह गर्छु । रुसमा १९१७ मा सोभियत कान्ति फैलियो । अब अहिले यहां हामीहरूको पार्टी नेपाली कांग्रेसको जन्म, हामीहरूको पार्टी नेपाली कांग्रेसको मात्रै होइन, अन्य सबै आफूलाई प्रजातन्त्रवादी भन्ने दलहरूको जन्म शीतयुद्धको, द्वितिय शीतयुद्धको प्रभातमा भएको थियो । शीतयुद्धको प्रभातमा भएका पार्टीहरू अत्यन्तै कम्युनिस्ट विरोधी, उग्रकम्युनिस्ट विरोधीका रूपमा दक्षिण एसियामा देखा परे । हाम्रा कांग्रेसी मित्रहरूले, नेपालकाले, भारतकाले, पाकिस्तानकाले, बंगालादेशीकाले बढी गर्ने गरेका छैनन् । म यो खेदका साथ भन्दछु । होइन भने १९१७ मा रुसमा कान्ति भएपछि कम्युनिस्टले लेखेका कुरा

छाडिदिनुस्, स्टालिनले लेखेका कुरा, कम्युनिस्ट पार्टीको सबैभन्दा राम्रो र सप्रमाणीक इतिहास एकजना बुर्जुवा इतिहासकारद्वारा लेखिएको छ। बुर्जुवा भन्नाले मैले मार्क्सवादीहरूले भन्ने कुरालाई भनिदिएको। एचकारले, मैले पुस्तकको नाम भन्न चाहन्नथें, एचकारले लेखेको "हिस्ट्री अफ सोभियत युनियन" भन्ने १० भागको किताब अहीलेसम्म त्यस विषयको सर्वाधिक प्रमाणिक कृति मानिन्छ, किनभने त्यसमा तथ्यको कुनैपनि तोडमोड गरिएकोछैन। विश्लेषण आफ्नो आफ्नो अड्डानको कुरा हो तर त्यो पुस्तकमा सोभियत क्रान्तिको सर्वाधिक तथ्यात्मक वर्णन छ। पूंजीवादी इतिहासकारले लेखेको हो। उनले के भने कमसेकम १९२०/२१ सम्म, लेनिन थला नपरुन्जेल, लेनिनलाई एउटा आतंकवादीले गोली हानेपछि, गोली त १९१८ मा हानेको थियो तर १९२१ पछि लेनिन करिब Incapacitate हुनुभयो र हाम्रो मदन भण्डारी जस्तै लेनिनको पनि अत्यन्तै अल्पायुमा मृत्यु भयो। धेरै उमेर थिएन, लेनिन मर्दाखेरि मुस्किलले ५३/५४ वर्षको हुनुहुन्थ्यो। उहाँको सक्रिय राजनैतिक जीवन १९२०, २१ मा सिद्धिएकोथियो। कार के भन्छन् भने, गृहयुद्धको बेलामा पनि मास्को र पिटर्स बर्गमा प्रेस फ्रिडम बाधिएकोथिएन। यो कारको भनाइ हो, कुनै कम्युनिष्ट नेताको भनाइ होइन कार के भन्छन् भने सोभियत युनियनले लेनिन, टटंस्की, स्टालिनको नेतृत्वमा भएको रेडआर्मीले, त्यो रेडआर्मीले विदेशी सेनालाई सफलतापूर्वक हरायो, अत्यन्तै सफलतापूर्वक हरायो, किन हरायो भने पार्टी आन्तरिक प्रजातन्त्र र समग्रमा समाजभित्रको प्रजातन्त्रलाई लेनिनले कहिल्यै पनि बाधा हालेका थिएनन्। यो मेरो भनाइ होइन, एचकारको भनाइ हो। या की पूंजीवादीहरू पनि भन्दछन्, समाजवादीहरू पनि भन्दछन्, साम्यवादीहरू पनि भन्दछन्। त्यो भन्दा तथ्यपूर्ण विवरण रुसी क्रान्तिको अर्को छैन। मैले यो किन भन्दैछु भने पछि लेनिनको देहान्त भयो, लेनिनको देहान्त कुन परिस्थितिमा भयो, लेनिनले के भन्नुभयो, त्यो एउटा विवादको कुरा छ। सामान्यतया लेनिन, स्टालिनले पार्टी जसरी संचालन गर्न थाल्नुभयो, त्योसंग अत्यन्तै असंतुष्ट हुनुहुन्थ्यो भनिन्छ र सबै मित्रहरूले बुझ्केकै कुरा हो लेनिनका जीवनका अन्तिम दुई पत्र **Lenin's last statements** भन्ने छ, अब त तपाईंले ती सोभियतसंघबाट छापिएको कुनै पनि संकलनमा पढ्न सक्नुहुन्छ। स्टालिनको ख्रुस्चेभले आलोचना नगरुन्जेलसम्म १९५५/५६ अघि त्यो दस्तावेज छापिएकोथिएन। त्यो पछिका संकलनमा छापिएकाछन्। जहाँ लेनिनले स्टालिनको कटु आलोचना गर्नुभएको छ। लेनिनले कुनै एउटा खास क्षणमा स्टालिनको आलोचना गर्ने वित्तिकै लेनिन सबै ठीक, स्टालिन सबै गलत भन्ने पनि मेरो आशय होइन, त्यो विश्लेषणको वैज्ञानिक तरिका हुन सक्दैन। वैज्ञानिक तरिका के हो भने, एउटा पक्ष के छ भने त्यो पक्षका प्रबल समर्थक टटंस्की छन्, टटंस्की मात्र नभनौं, त्यो पक्षका धेरै समर्थक आफूलाई सोसियलिस्ट भन्ने, लेनिनलाई आदर गर्ने, आफूलाई मार्क्सवादी भन्ने, स्टालिन आएपछि रुसको कम्युनिष्ट पार्टी पथभ्रष्ट भयो भन्ने धेरै छन्, ठीक हुन्, बेठीक हुन्। ती मान्छेका भनाइ के छ भने, लेनिन केही दिन बाँच्नु भएको भए वहाँले त्यस किसिमको तानाशाही रुसमा कायम हुन दिनुहुने थिएन। त्यो शास्त्रीय बहसको कुरा के हो भने, लेनिन केहीदिन बाँच्नु भएको भए वहाँले त्यस किसिमको तानाशाही रुसमा कायम हुन दिनुहुनेथिएन। यस विषयमा दुवै तर्फबाट थुप्रै पुस्तकहरू लेखिएकाछन्। ती पुस्तकको चर्चा गरेर म विषयलाई बोझिलो बनाउन चाहन्न, थुप्रा छन्। अब कुरा के उठ्यो भने अहिले, तर यो सत्य हो अजिब ब गरिब परिस्थितिमा तेह्र अत्याचार राज्य कायम भयो। स्टालिनलाई मात्र गाली गरेर हुदैन, तत्कालीन परिस्थितिमा स्टालिनले एउटा खास लाइन लिए। उनले भने, रुसको सैनिकीकरण, रुसमा स्पातको उत्पादन, रुसमा सैनिकमाथि अत्याचार, सैनिकमाथि अत्याचार भन्नाले कृषकले कमाएको **surplus extort** नगरी हुँदैन र त्यो **surplus** बाहेक हामीसंग आम्दानीको बाटो छैन। सैनिकीकरण गर्नको लागि स्टालिनले नै भन्ने, त्यो हुँदैन भनेर स्टालिन र बुखारिनका साथीहरूले भन्ने। यो क्रममा रुसमा पार्टीभित्र र बाहिर आन्तरिक प्रजातन्त्र झन्-झन्, झन्-झन्, संकुचित र निर्मूल हुँदै गयो। तथ्य, तथ्य हुन्, । केन्द्रीय कमिटि स्टालिनको पालामा आउँदा सम्ममा लेनिनको के.क. मा रहनु भएका झण्डै १५० सदस्य मध्ये कसैको पनि स्वभाविक मृत्यु भएको थिएन। यो तथ्य हो र परवेजका क्रममा पुराना बोल्सेभिक निर्वासित हुन्थे, मारिन्थे, रहस्यमय किसिमले हत्या हुन्थ्यो। सबैभन्दा महत्वपूर्ण कुरा के भयो भने, सोभियत युनियनमा १९२५ देखि ३५ मा अनौठो कोर्ट भयो। लेनिनका पोलिटब्युरोका सदस्यहरू जस्तै लेनिन हुनुहुन्थ्यो, लेनिनपछि ट्टस्की हुनुहुन्थ्यो, जिर्नोविएब हुनुहुन्थ्यो, क्यामेनेब हुनुहुन्थ्यो, यी सबैको बारेमा अहिले अध्ययन भएको छ। ट्टस्कीको रहस्यमय तरिकाले विदेशमा हत्या भयो, बाँकी सबैले अदालतमा हो हामी सी.आइ.ए. का एजेन्ट थियौं, हो हामीले सोभियत युनियनसंग गद्दारी गर्यौं, हो हामी पुरानै सि.आइ.डि. हौं भनेर रिकाइन्ट गरेर उनीहरूको फाँसी भयो, केही व्यक्तिहरू रहस्यमय तरिकाले मरे। यो सत्य हो, यसलाई मैले टीकाटिप्पणी र आक्षेपको रूपमा कुरा गरेको होइन। विद्वानहरूले यसलाई, यो समस्यालाई अध्ययन गरेकाछन्। यो के हो ? एकदलीय व्यवस्थामा आन्तरिक विद्रोहलाई संयोजन गर्न नसक्दा, जस्तै उदार चित्त भएपनि, जस्तै हृदय भएपनि यस किसिमको परवेज अनिवार्य हुन्छ। यो समाजविज्ञानको निष्कर्ष हो। राजनैतिक सर्वज्ञानको निष्कर्ष हो। यो राजनीतिज्ञको वक्तव्य होइन, राजनीतिशास्त्रको निष्कर्ष हो। जुन समाजमा एकदलीय व्यवस्था हुन्छ, त्यो समाजमा सबै विद्रोह, सबै विग्रह, त्यही दलभित्र समाहित हुने हुँदा सबैले आफूलाई मार्क्सवादी नै भन्ने, सबैले आफूलाई लेनिनवादी नै भन्ने, लेनिनमा पनि शुद्ध लेनिन भन्ने, शुद्धोत्तर लेनिनवादी भन्ने, त्यो हुँदै जाँदा के भयो भने एउटा बैध अपोजिसन नहुँदा, एउटा लिगल अपोजिसन नहुँदा यस किसिमको बर्जेज अनिवार्य हुन्छ। सँगै काम गरेको साथी आज मतभेद भो, आज मतभेद भो भन्नुहुदैन कि हिजैदेखि गद्दार थियो भन्नुपर्ने हुन्छ। दुइलाईनको संघर्ष भन्ने कि तीनलाईनको संघर्ष भन्ने, हिजै देखि गद्दार थियो भन्नु पर्ने हुन्छ। यो सोभियत युनियनको अनुभव हो। पछि कालान्तरमा हामीले यही अवस्थामा चीनमा पनि देख्यौं।

लिसाउची एक नम्बर डेमोनिष्ट भए, देङ भए, पछि फेरि उनले सत्ता संघर्षमा जितेर उनी अफिसियल प्रेसपर्सन भए। त्यो सब तपाई मित्रहरूलाई थाहा छ। म त्यो सब दोहोऱ्याएर तपाई मित्रहरूलाई बोर गर्न चाहन्न। त, यहां मात्र होइन, जहां जहां एकदलीय व्यवस्था छ, जस्तै गैहकम्युनिष्ट देशमा पनि एकदलीय व्यवस्था भो। हिटलरले आफ्ना अनुयायीहरूलाई कसरी मारे? हिटलरको सबैभन्दा बिश्वासिलो, हिटलरले तथाकथित पार्टी बनाउंदा विश्वास गरेका सारा व्यक्तिहरूलाई उनले अनिवार्य हत्या गर्नुपऱ्यो। त्यति मात्रै होइन, हिटलरको लडाईको हारको एउटा मात्रै कराण के भने, उनको जनरलले सेनामा धेरै बिजय प्राप्त गऱ्यो र आम जनतामा लोकप्रिय भो भने त्यो जनरलको समेत हत्या नगरी हुँदैनथ्यो। किन, अल्टरनेटिभ पावर सेन्टर बन्छ भनेर। किनभने, पावरको अर्थ के हो भने **Power is what that not toward another power,** सत्ताको परिभाषा नै के हो भने, सत्ताले अर्को सत्ता खप्दैन। एउटा वैकल्पिक सत्ताको भ्रुण देख्नासाथ, वैकल्पिक सत्ताको रूप देख्नासाथ हिटलर सशकित हुन्थे र त्यसलाई खत्तम गरिन्थ्यो। त्यसलाई मारिन्थ्यो। धेरै नै लोकप्रिय नेता छ भने त्यसलाई मारिदैनथ्यो, त्यसलाई आत्महत्या गर्न बाध्य पारिन्थ्यो। त्यहांका सबैभन्दा **brightest** जनरल, जनरल रोमेलको सन्दर्भमा यो घटना भएकोथियो। अरु थुप्रै घटनाहरू छन्, त्यसमा नजाउं। राजनैतिकशास्त्रीहरूको चिन्ताको कुरा के हो भने, आज जनबादको कुरा गर्नुभएको छ उहांले। यो बीसौ शताब्दीमा हाम्रो समस्या के परिराखेको छ भने १९ औ शताब्दीमा ठीक थियो। १७ औ मा झन् ठीक थियो। राजा महाराजाहरूले शासन गर्दथे। सेनापतिहरूले शासन गर्दथे। सम्राट अशोक, सम्राट हर्षबर्दन, चार्ल्स प्रथम, कहिले काहीं सेनापतिहरू आउंदथे, नेपोलियन, जुलियस सिजर, यहां पृथ्वीनारायण शाह, बहादुर शाह, कहिले अमरसिंह थापा आउंदथे। १९ औ शताब्दी सम्मको इतिहास राजा, महाराज, राजपुत्र, सेनापतिको इतिहास छ। पहिलो पटक जनता १९ औ शताब्दीपछि इतिहासको रङ्गमञ्चमा अवतरित भएकाछन्। जनताले आफ्नो माध्यम पाएकाछन् राजनैतिक पार्टीहरू। राजनैतिक पार्टीहरू बीसौ शताब्दीको अपेक्षाकृत अत्यन्तै नयां उत्पत्ति हो र खास गरेर जस्तो नेकपा एमाले छ, जस्तो नेपाली कांग्रेस छ, यी त मुस्किलले १०० बर्ष अघि मात्र अस्तित्वमा आएका दलहरू हुन्। लेनिनले **What is to be done?** लेख्नु अघि **Professional revolution** को कुनैपनि धारणा थिएन। महात्मा गान्धीले भारतमा खद्दरधारी पार्टी जन्माउनुअघि तथाकथित प्रजातान्त्रिक पार्टीहरूको कुनै पनि अस्तित्व दुनियांमा थिएन। के थियो, येनकेन प्रकारेण सत्तामा पुग्ने इङल्याण्ड कन्जरभेटिभ र लिभरल पार्टी, जसलाई पुरानो जमानामा टोरी र ह्विक भन्थे। अमेरिकाको डेमोक्रेटिक र रिपब्लिकन त्यस्ता थिए। ती पार्टी तपाई हामीले बुझ्ंजस्ता पार्टी होइनन्। ती पार्टीहरू चुनावको बेला फलाउंछन्, समाजको बर्गीय स्वार्थलाई दुईतिर प्रतिनिधित्व गर्छन्। हामीले जुन दुईवटा राजनैतिक पार्टीको परिकल्पना गरेकाछौं, त्यो अत्यन्तै आधुनिक धारणा हो। मदनको माथिको कोटेशनबाट म के देख्दछु भने मदनजी यस तथ्यप्रति सजग देखिनुहुन्थ्यो र आजको चुनौती, बीसौ शताब्दीको चुनौती के हो भने जसले जे भने पनि अबको एक्काइसौ शताब्दीमा राजनैतिक दलले नै भबिस्यनिर्माण गर्दछन्। यो अरु कसैले पनि हेर्नुपर्दैन, देशभित्र न देश बाहिर। तर, राजनैतिक दलको संयोजन कसरी गर्ने? राजनैतिक दलले अर्को दलसंग कसरी व्यवहार गर्ने? त्यो सबाल पनि ठूलो सबाल हो। यो एकसाथ गम्भीर सैद्धान्तिक र व्यावहारिक सबाल हो। सैद्धान्तिक र व्यवहारिक सबाल अलग अलग सबाल होइनन्। सुविधाका साथ भन्नुपर्छ, एकसाथ गम्भीर समस्या हो। यस सबालप्रति मदनजी एकदम सचेत हुनुहुन्थ्यो। बाह्रवर्ष एउटा युग हुन्छ भनिन्छ तर बाह्रबर्ष पनि एकातिर एक युग हो भने अर्कोतिर कुकुरको पुच्छर बाह्र बर्ष ढुंगामा राखेपनि बाङ्गो को बाङ्गै भन्... आजको नेपालको स्थिति यही छ। तपाईले सुनेको हुनुपर्छ, आज नेपालमा के भइराखेको छ। नेपाली कांग्रेस पनि सिद्धियो, नेकपा एमालेपनि सिद्धियो। अब सत्ता कहां जान्छ त? भन्दा सत्ता बन्दुक भएका मान्छेहरूसंग मात्रै जान्छ, बन्दुक कि त दरबारसंग छ, कि त प्रचण्डसंग मात्र छ भन्ने खालका बक्तव्य खुलेआम आइराखेका छन्। यो उहांहरूको दिवास्वप्न हो। बन्दुकले सरकार चल्ने भएदेखि सारा संसारमा क्रान्ति हुने नै थिएन। बन्दुकले सरकार चल्दैन, त्यो अहिले त्यहां मदनजीले पनि भन्नु भएको रहेछ तर बन्दुकले सरकार चल्न नदिनका लागि राजनैतिक दलहरूले पार्टीलाई आन्तरिक रूपमा संचालन कसरी गर्ने? र दल, दलका बीचमा सम्बन्ध कसरी स्थापना गर्ने? त्यसका बारेमा अत्यन्तै गम्भीर भएर सोच्नुपरेको छ। होइन भने दलहरू आउंछन्, जान्छन् तर दलहरू आएर, गएर पनि दलहरू नै रहन्छन्। म यो कुरा जोड दिएर भन्न चाहन्छु। व्यक्ति जतिसुकै प्रभावशाली भएपनि, जतिसुकै शक्तिशाली भएपनि, जस्तो बलियो ठाउंमा भएपनि यस्तो जटिल राजनैतिक जीबनको नेतृत्व र संचालन गर्न सक्दैन। दलहरू नै एकमात्र मात्र माध्यमहुन्। चीनमा कोमिङताङ बिलीन भयो, त्यसको साटो कम्युनिष्ट पार्टीले स्थान लियो। नेपालमा कांग्रेस पनि बिलीन हुनसक्छ। नेपाली कांग्रेस बिलीन भएपछि मध्ययुगीन कुनै निरंकुशतन्त्र चाहे राजतन्त्र, चाहे बर्गतन्त्र, चाहे निरंकुशतन्त्र फिरेर नेपालमा आउंछ भन्नु एक फजुल करा हो। हामीले बुझ्नुपर्ने कुरा के छ भने हामी दल छौ भन्दैमा हाम्रो आन्तरिक आलोचना नगर्ने, आन्तरिक बिचार नगर्ने, आन्तरिक कमीकमजोरी नसच्याउने हो भने फेरि त्यो स्वत: दल होइन, दलदलमा भासिन्छ। यो सबालमा मदनजी एकदमै सचेत हुनुहुन्थ्यो भन्ने लाग्यो। एउटा बोल्नुपर्ने महत्वपूर्ण कुरा यही हो। उहांले सोभियत युनियनको बारेमा कुरा गर्नुभएको छ, उहांले बडो मार्मिक पाराले भन्नुभएको छ कि उहिले सोभियत संघ भनेको बिश्वलाई थर्कमान पार्ने राष्ट्र थियो। हिजो विश्वभरका जनता र अन्य मुलुकको कुनै पनि कुरामा अमेरिकाको हात छ भन्ने सुनेको छ भन्थे, तर आज एल्सिन महाराजले रुसी जनतालाई स्वर्गीय राज्यको अनुभूति दिलाउन के पो गरेको छ र? आदि, आदि। उहांले भविष्यवाणी गरेजस्तै एल्सिन त त्यहां बडो बेइज्जतीका साथ बिदा भइहाले। यो सबाल एकदम महत्वपूर्ण

सवाल हो । सोभियत युनियनको पतन किन भयो ? बीसौं शताब्दीको सबैभन्दा गौरबपूर्ण क्रान्ति बोल्सेभिक क्रान्ति कसरी .........

अब त तपाईंलाई पतनको कारण थाहाहोला । त्यसबारे थुप्रै कहानी र जोकहरू चल्थे । कहानी र जोकहरू कहिले चल्थे भने, जुन समाजमा नागरिक स्वतन्त्रता हुँदैन, त्यहाँ अफबाह चल्न थाल्छ, जोक चल्न थाल्छ । किन ......? सोझो भन्न पाईदैन । सोझो कुरा भन्न नपाउँदा जोकमा भनिन्छ । जस्तै स्टालिनका सन्दर्भमा एउटा फेमस जोक सुन्नु भएको होला । एउटा मान्छेले दिवारमा लेखिदिएछ, स्टालिन इज फूल भनेर, महान्यायधिवक्ताले स्टालिनलाई भनेछन्, सरकार, महासचिव, यो लेख्ने मान्छेलाई त दण्डदिने कुनै कानुन नै छैन । स्टालिनले भने रे, 'किन छैन' ? राज्यको रहस्य खोले बापत दण्ड गर न । म फूल हो भन्ने कुरा त राज्यको रहस्य पो हो त । त्यस्तै सोभियत युनियनको अन्त्यताका पनि जोक के छ त भन्दा एउटा पनि गोली चलेन, गोली किन चलेन त भन्दा त्यहाँ त सबै कुरा ह्रास नै हुन्थ्यो बटरजस्तै । त्यो हुँदा गोली पनि ह्रास नै भएछ बटर जस्तै । त्यो होइन, म त्यसमा जान चाहन्न । के छ भने सोभियत युनियनको सबैभन्दा ठूलो समस्या, त्यो जसरी गयो, गयो । त्यसमा मलाई केही पनि भन्नुछैन । तर के त्यसबाट हामी कर्म्युनिस्टहरूले, हामी समाजवादीहरूले, हामी प्रजातन्त्रबादीहरूले शिक्षा लिएका छौं ? मूल कुरा यो हो । एउटा लेसन मदन भण्डारीले लिनुभयो, बहुदलीय जनबाद । अर्को लेसन माओवादीहरूले लिएकाछन्, सशस्त्र क्रान्ति । जो दोस्रो सवाल छ, सोभियत युनियनको पतन । त्यो सोझै एउटा गहन सैद्धान्तिक समस्यासंग जोडिएको छ । सैद्धान्तिक समस्या के हो भने, ऐतिहासिक भौतिकबाद भनेको के हो ? सबै मार्क्सवादीहरूले पहिलोचोटि पढ्दा ऐतिहासिक भौतिकबाद, ऐतिहासिक भौतिकबाद भनेर पढ्नुहुन्छ । इतिहासलाई कसरी बुझ्ने ? ऐतिहासिक भौतिकबाद भनेको मैले संक्षेपमा बुझेको कुरा के हो भने पुरानो जमानामा के हुन्थ्यो ? राम किन आए ? बुद्ध किन आए ? जिसस किन आए ? भन्दा हामीले अवतार हुन् भन्थ्यौ । हिन्दू समाजमा अवतार भन्ने चलन छ । रामको जन्म नभै रावणको हत्या हुँदैनथ्यो किनभने उसलाई भनेकोथियो, मान्छेको हातबाट मर्नु, बाँदरले सताउँछन् बगेरा, बगेरा । हिन्दु थ्यौरी छ, अवतारवादमा आधारित । यो चक्रीय सिद्धान्त हो फेरि, कलियुग हुन्छ, सत्ययुग आउँछ बगेरा, बगेरा । उतापट्टि पनि के छ भने मोजेजले कसरी ज्ञानपाए ? जिसस क्राइष्टले कसरी सत्य देखे? मोहम्मदले कसरी बुझे भन्दा जेयाबनिल भन्ने देव घोडामा हटटट आएर मोहम्मदलाई च्याप्प समाएर लगे इत्यादि, इत्यादि । ऐतिहासिक भौतिकबादले के भन्छ भने दुनियाँलाई बुझ्नको लागि, इतिहासलाई बुझ्नको लागि सबभन्दा महत्वपूर्ण कुरा उत्पादनको साधान र उत्पानको सम्बन्धको चरित्र बुझ्नुपर्छ । यिनको बिकासको स्तर बुझ्नुपर्छ र तिनैको माध्यमबाट इतिहासमा बिभिन्न घटना प्रतिघटना घट्ने हुनाले तिनीहरूको निचोड निकाली अगाडि बढ्नुपर्छ । एक वाक्यमा भन्ने हो भने इतिहास भनेको राजनीतिको प्रयोगशाला हो । हामीसंग राजनीति बुझ्न कि त मोहम्मद जस्तो डाइरेक्ट भगबानले कुरा गर्नुपर्‍यो, कि रामचन्द्रजस्तै ब्रम्हाकै अंश हुनुपर्‍यो । मनुष्य हामी हो भने हामीले समकालीन राजनीति र समाजलाई बुझ्ने अर्को माध्यम छैन । इतिहास नै छ । इतिहास एकमात्र प्रयोगशाला हो । आफूलाई कर्म्युनिस्ट भन्ने मान्छेले जडसूत्रवादी नहुने हो भने रुसी इतिहास, चिनियाँ इतिहासको मर्म बुझ्नुपर्छ । रुसको क्रान्ति किन जहाँको त्यही छ ? चीनको क्रान्ति किन जहाँ छ त्यहाँबाट यसो पछाडि फर्केर हेर्‍यो ? यो प्रष्ट छ । मलाई लाग्दछ, रुसको इतिहास का बारेमा मदन भण्डारीका रचनाहरूमा उहाँले बारम्बार, एक होइन अनेकपल्ट, अनेक लेखमा, अनेक अन्तंबार्तामा, अनेक भाषणमाप्रष्ट पार्नुभएको छ । १९९०/९१ तिर पूर्वी युरोपको बिघटन वास्तवमा विश्व थर्काउने घटना भएको थियो । खासगरी आफूलाई मार्क्सबादी-लेनिनबादी भन्ने मान्छेहरूले ती घटनालाई नियाल्नु आवश्यक नै थियो । उहाँले बारबार यो सवाल उठाउनुभयो, आखिर के भयो सोभियत युनियनमा ? अनेक किसिमले प्रश्न गर्नुभएको छ । सवाल के छ भने, यसमा प्रश्न पनि छ, उत्तर पनि । उत्तरमा उहाँले दिएको उत्तर अलग, मैले दिएको उत्तर अलग हुनसक्छ । समग्रमा उहाँ के भन्नुहुन्छ भने अहं, केही न केही नयाँ किसिमले सोच्नैपर्छ । उहाँको यो कुरा बडा स्पष्ट छ । केही नयाँ किसिमले सोच्नुपर्ने अनुभूतिबाटनै उत्पन्न भएको हो उहाँको बहुदलीय जनबाद । म के भन्न चाहन्छु भने, आज यस समयमा मुलुकमा प्रत्येक व्यक्ति, प्रत्येक शक्ति माओवादी हिंसाले आक्रान्त छ । र माओवादी हिंसाको बहानामा दक्षिणपन्थी हिंसा पनि उत्तत भैराखेको छ । मुलुकमा कस्ता किसिमका घटनाहरू भइराखेका छन् ? अहिले मात्रै अखबारहरूमा कृष्ण सेनको बेपत्ता र गायबीको समाचार आएको छ । यो वास्तवमा कसैले पनि स्वागत गर्न सक्दैन । यो अवस्थामा यदि तपाई ऐतिहासिक भौतिकबादमा बिश्वास गर्नुहुन्छ भने तपाई जो भएपनि, तपाई विद्या भण्डारी भएपनि, माधब नेपाल भएपनि, बाबुराम भट्टराई वा जो भएपनि मूल कुरो के छ भने तपाईंले सर्वसाधारणलाई हतियारको लागि आव्हान गर्नु अघि आफूले बुझेको मार्क्सबाद, आफूले बुझेको ऐतिहासिक भौतिकबादको सन्तोषजनक व्याख्या पेश गर्नुपर्छ । किनभने सिद्धान्तविनाको व्यवहार अन्धो हुन्छ । एकप्रकारको प्रतिक्रियाबाद तानाशाहीमा जान्छ र एकप्रकारको बाकविलास र षड्यन्त्रमा समाप्त हुन्छ । मलाई के लाग्छ, यस प्रश्नको यथोचित ध्यान आज मुलुकको बामपन्थी साथीहरूले दिनुपर्छ तर त्यस्ता सिर्जनात्मक रचनाहरूको अभाव भइरहेको छ । यो एउटा महत्वपुर्ण कुरा छ, जसलाई उहाँले स्पष्ट पार्नुभएकोथियो । यो बडो महत्वपूर्ण कुरो किनभने यसैबाट बहुदलीय जनबाद निस्कियो । केही कमजोरीहरू पनि भए । अन्तिम उहाँको कुरा के रहेछ भने टनकपुर सन्धि गिरिजाले जबरजस्ती गर्न खोज्दा गणेशमानले पत्र लेख्नुभयो । यसको निमित्त उहाँलाई धन्यबाद दिनैपर्छ । लेख्नुभएकोरहेछ, गणेशमानले सरकार फेर्नुपर्छ भन्नुभयो, त्यसका लागि पनि उहाँलाई धन्यबाद दिनैपर्छ । गणेशमान र गिरिजाको युद्धमा गणेशमानतिर ढल्कनुभएका कृष्णप्रसाद भट्टराईलाई पनि धन्यबाद दिनैपर्छ । अन्तिम लाइनमा तीनवटा धन्यबाद रहेछन् । त्यही सम्बोधनमा मैले अघि

विद्याजीको छेउमा बसेर भनें, धन्यवाद त उहाँले दिनुभयो, हाम्रो छुट्टै पार्टी छ, आजको अवस्थामा दलहरू बीचको रकमी सम्बन्ध भन्या के हो? भनेर सोधें। उहाँले के भन्नुभयो कि रकमी सम्बन्ध भनेको यो ठेट नेपाली शब्द छ, मदन भण्डारीले प्रयोग गर्ने शब्द छ। उहाँले मलाई बुझाउनुभयो, मैले बुझ्दै नबुझेको त होइन, बुझेर बुझ पचाएको मात्र हो। उहाँले के भन्नुहुन्छ भनेर। उहाँले मलाई सम्झाउनुभयो। सम्झाउँदा के भने मदन भण्डारीको देहावसानपछि पनि नेपाली कांग्रेस र एमालेले सरकार मिलेर नबनाएको त होइन नी उहाँले धन्यवाद नदिएको व्यीक्त गिरजाबाबुकै नेतृत्वमा जोडिएर सरकार बनाएका थिए। त्यो खालको सरकारको, त्यो खालको एकता कहिले काहीं रकमी एकता हुन्छ। गणेशमानजीको देहान्त पछि, मदन भण्डारीको देहान्तपछि सधैं हामीले एकताका कुरा गरेका थियौ विभिन्न प्रश्नमा एकताका कुरा गरेकाछौ। हाम्रा एकताका कुरा अधिकांश रकमी भएकाछन्। उहाँले मलाई भन्नुभयो जुन एकता कार्यक्रममा आधारित छ, त्यो एकता रकमी एकता हुँदैन। मैले अघि जुनकुरा माथिको कुरा उठाएं अब म सैद्धान्तिक कुरामा जान्न। मैले अघि आउँदा आउँदै बाटोमा INDIA TODAY भन्ने पत्रिका किनेर पढ्ं प्रभाकर शमशेरको इन्टरभ्यु रहेछ यसमा, मेरो अघिको संकेत यसैमा थियो, हेर्न सक्नुहुन्छ तपाईंले। ताजा अङ्क हो मार्केटमा उपलब्ध छ। प्रभाकर शमशेरले ठोकेर के भन्नु भएको रहेछ भने नेपालमा अब दुईवटै शक्ति शेष छ। एकमा सेना, अर्कोमा माओबादी सेना। माथिको मेरो संकेत पनि यसैमा थियो जांदा जाँदै म यो प्रेष्टसंग भनेर जान्छु। १२ बर्षमा हामी यहां आइपुगेका छौं। १२ बर्षमा एउटा युग बित्यो। १२ बर्षमा के भने प्रभाकर शमशेरले यो भन्नलाई बाध्य हुनुपरेको छ, यो भन्नलाई आँट जुटाउनु परेको छ। अब देशमा दुईवटा सेना मात्र छन, अर्थात एमाले कहां छ त? अर्थात कांग्रेस कहां छ त? अर्थात यिनीहरू शक्तिहीन भए कुरो त्यही हो। आज एमालेका एक नेताको सम्झनामा यो बैठक गरेको हुँदा, मलाई यो सान्दर्भिक लागेको हुँदा मैले यो बोकेर लिएर आएं। कुरो के भनें आज मुलुक साँच्चै नै एउटा नाजुक परिस्थितिमा गुज्रिरहेकोछ। म त्यसलाई गहन सैद्धान्तिक रूपमा नगई छोट्याएर भन्छु। नाजुक परिस्थिति के छ भने लगभग अफगानिस्थान, कम्बोडिया, लेबनान, अझ त्यो मार खाइरहेको प्यालेस्टाइन, क्षतविक्षत भइरहेका राष्ट्रसरह हामीले अनुभव गरिरहेका छौं। तर हामी शान्त छौं, चुपचाप छौ। उही जो यक्ष प्रश्नमा संसारको सबैभन्दा आश्चर्यजनक कुरा के हो? भन्दा, मानिस सधैं मरिराखेका हुन्छन् तर कसैलाई पनि मर्छु जस्तो लाग्दैन, यो नै सबैभन्दा आश्चर्यजनक कुरा हो भनेजस्तै यस्तै दुर्गतिबाट थुप्रै राष्ट्र गुजीराखेको हामीले देख्यौं। हाम्रो राष्ट्रले भने अजम्वरी खाएर आएकोछ, किनकि यो साना दुःखले आर्ज्या मुलुक होइन भन्ने खालको अनुभूति यहां छ। त्यो कुरो होइन, कुरो के हो भने, हामीले पनि अजम्वरी खाएर आएका छैनौ। हाम्रो पनि राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, समाजवाद सबै खतरामा परिरहेको छ। यस्ता बेलामा विद्याजीले मलाई लाइन दिनु भएकोथियो, थीस मिनेट मात्र बोल्नुहोला, जुन मैले कस गरें जस्तो लाग्छ। अर्को केही सुझाव पनि दिनुहोला। समयको अभावका कारणले अब म सुझाव दिनतिर लाग्छु त्यो पनि इतिहासबाट नै। तपाइले जिससको नाम सुन्नुभएको होला। जिससका जम्माजम्मी १३ चेला मध्ये १३ औं ले धोका दिएकाले म साँढे बाह्र मात्र भनिदिन चाहान्छु। ती कोही पनि पढेलेखेका थिएनन्। कोही खेताला थिए, कोही के थिए, एउटा त माझी नै थियो। जिसस काइष्ट मर्ने बेलामा एउटाले जिससलाइं सोध्यो, होइन जिसस तपाइं मरेर जान आँट्नु भयो, तपाइंका यी शिष्यमध्ये पनि १२ वटा त भागिसके तपाइंलाइं थाहाहोला, जिससका ११ शिष्य उहाँलाइं फांसी दिनेबेलामा सबै भागीसकेका थिए। पिटर भन्नेले चाहिं म त भग्दिन, भाग्दिन, भन्यो। जिससले के भन्नुभयो भने तं पनि तीन पटक त भाग्छस्। पक्डेपछि पिटरलाइं ए तं यसलाइं चिन्छस् भन्दा चिन्दिन, चिन्दिन भन्यो। तेस्रो पटक झल्यांस्स जिससले भनेको कुरा सम्झियो। तैपनि जिससलाइं सोधियो। जिसस तपाइंको मर्नेबेला भयो, तपाइको शेषपछि तपाईंको काम कसले गर्छ? जिससले बडो गम्भीर भएर भन्नुभयो यिनले गर्छन्। अरुले गर्दैनन्, यिनैले गर्छन। एमाले र कांग्रेस त भागेका पनि छैनन्। हाम्रो सन्देश के हुनु पर्छ भने हामीले नै गर्छौ। अरुले गर्दैनन्, ठीक बेठीक जे भएपनि नेपालको समस्याको समाधान हामीले नै गर्दछौ। नेपाली जनतालाइं गम्भिरताका साथ यो भन्ने स्थितिमा पुऱ्याउं, कस्ले गर्छ त? भन्दा यिनै ले गर्छन्। मदन भण्डारीको स्मृतिमा यही मेरो श्रद्धान्जलि हो। *धन्यवाद ।*

*(नेपाली राजनीतिमा जननेता मदन भण्डारी विषयक विचार गोष्ठीमा प्रस्तुत मन्तव्य ।)*

# शान्ति र अग्रगतिको लागि सार्थक वार्ता: आजको आवश्यकता

१. बि.सं. २०५२ साल फाल्गुण १ गतेदेखि माओवादी समूहले सशस्त्र बिद्रोहको बाटो लिए यता माओवादी 'जनयुद्ध' एउटा गम्भीर समस्याको रूपमा नेपाली समाजमा प्रकट भयो र यस समस्याले दिनानुदिन गम्भीर रूप लिदैगयो । सुरुको अवधिमा यस समस्यालाई हल्काढङ्गले लिने र एउटा उपयोगी अस्त्रकोरूपमा प्रयोग गर्ने दृष्टिकोणसमेतका कारणले आवश्यक गम्भीरताकासाथ यस समस्याको समाधान गर्न ध्यान दिने र तदनुरूपका कदम चाल्ने काम हुन सकेन । फलतः यो समस्या झाङ्गिदै र फैलिदै गयो र एउटा गम्भीरतम बिकराल समस्याका रूपमा उपस्थित हुनपुग्यो ।

यस समस्याले बिगत सातबर्षमा ७,००० भन्दा बढी नेपालीहरूको जिउज्यान लिइसकेको छ हजारौ युवतीहरूलाइ विधवा र हजारौ बालबालिकालाई अनाथ बनाइसकेको छ । हजारौ अङ्गभङ्ग र अपाङ्ग भएका छन् । चाहे ती जोसुकै र जतासुकैका हुन्, ती नेपाली हुन् र ती मान्छेहरू हुन् । बेघरबार र बेरोजगार हुने एवं फरार, गिरफ्तारी, यातना र कैद हुनेहरूको संख्या पनि सानो छैन । यस्ता घटनाहरूका मानवीय र सामाजिक असरको समग्र त के आंशिक र तात्कालिक मूल्याङ्कन पनि हुनसकेको छैन । व्यक्ति बा राष्ट्रको सम्पत्ति र संरचनाको क्षतिको पूर्ण लगत पनि कसैसंग छैन । तर कतिसम्म यकीनसाथ भन्न सकिन्छ भने यी बितेका 'जनयुद्ध'का सात बर्षहरूमा देशले व्यहोर्नुपरेको जनधनको क्षति अभूतपूर्व र अकल्पनीय छ ।

माओवादी समस्याबाट देशले भोग्नु परेको क्षति र पीडाको पहाडबाट मुलुक एकातिर थिचिएको छ भने यसको असर पनि आवधिक, तात्कालिक र अल्पकालीन मात्रै रहेको छैन । यसको जनसाङ्ख्यिक **(Related to population)**, जनबनोट **(Demographic)**, सामाजिक, आर्थिक, सांस्कृतिक, मानसिक र स्वास्थ्यगत असर पनि त्यत्तिकै दूरगामी रहने कुरा अवश्यम्भावी छ । यी बहुआयामिक, दीर्घ र पीडादायी घाउहरू खाटो बस्न र निको हुन धेरै खर्चिलो उपचार, अनुशासित पथ-परहेज र लामो र धैर्यपूर्ण प्रयासको आवश्यकता पर्नेछ । यो समस्या समाधान हुन अझै पनि कुनै कारणले ढिला हुने हो भने देशले भोग्न र थेग्न नसक्ने पीडा, नोक्सानी र बर्बादीमा फस्नु पर्नेछ । भन्न सकिन्न त्यसको परिणति के होला ?

यस समस्याको समाधान गर्न सत्ता पक्षले बिभिन्न समयमा बिभिन्न ढङ्गले र बिभिन्न मात्रामा नचाहेको पनि हैन, तर अहिलेसम्मका सैनिक, गैरसैनिक, बैचारिक, आर्थिक, राजनैतिक र कूटनैतिक सबै प्रकारका प्रयासहरू असफल भएका छन् । यसो हुनमा माओवादीहरूको बैचारिक आग्रह वा मतान्धता, उनीहरूको अप्रत्यासित र निर्बाध सफलता, सत्ता पक्षको अदूरदर्शी र एकलकाटे नीति, माओवादीइतर शक्तिहरू बीचको आपसी बेमेल, द्वन्द्व र दाउपेच, आवश्यक सामयिक कदमको अभाव, सत्ताको चरित्रको प्रतिक्रियाबादी र जनबिरोधी सार वा प्रभावकारी अग्रगामी सामाजिक-आर्थिक कदमहरूको अभाव जस्ता एक वा अनेक जुनसुकै कारणहरू पनि हुन सक्तछन् । तर जेसुकै र जस्तासुकै कारणहरू त्यसका पछाडि रहे पनि निष्कर्षमा खुलस्त तथ्य के हो भने माओवादी गतिविधि र शक्ति विभिन्न उतार-चढाव र चरणहरू पार गर्दै आजको व्यापक, सुदृढ र शक्ति सन्तुलनको नयाँ उचाइ र अवस्थामा आइपुगेको छ ।

नेकपा (माओवादी)को विरोध, बहिष्कार र व्यवधानको कारणले नै संसदीय र स्थानीय निर्वाचनहरू हुन सकेका छैनन् र प्रजातात्रिक प्रकृया अवरुद्ध भएको छ । शान्ति नराम्ररी खल्बलिएको, अर्थतन्त्र गम्भीर सङ्कटमा फस्दै गएको जटिल अवस्थामा अहिले फेरि युद्धबिराम भएको छ र अहिलेको प्रमुख चुनौती र आवश्यकता यस युद्धविरामबाट प्रकट भएको शान्तिको स्थितिलाई स्थायी शान्तिमा परिणत गर्नु रहेकोछ । स्थायी शान्ति प्राप्तिको यस अवसरलाई गुम्न नदिन आज हरेकले अत्यन्तै गम्भीर र जिम्मेवार हुनु जरुरी छ । कुनै पनि व्यक्ति, शक्ति वा पक्षका स्वार्थहरू जतिसुकै अहं र अहमियतका भए पनि बृहत्तर राष्ट्रिय हित र आवश्यकताका अगाडि तिनलाई तुच्छ ठानिनु पर्दछ रे अहिल हरेकले व्यक्तिगत वा पक्षगत स्वार्थहरूभन्दा माथि उठेर स्थायी शान्ति प्राप्तिको राष्ट्रिय आकाङ्क्षा परिपूर्तिकोनिम्ति कियाशील भै योगदान गर्नुपर्दछ । यस राष्ट्रिय आकाक्षाले नै आज "शान्ति र अग्रगतिको लागि सार्थक वार्ता: आजको आवश्यकता" नारा बन्न गएको छ र यो नारा सबैको साझा नारा हुनु पर्दछ । स्थायी शान्ति प्राप्तिको ध्येयलाई साकार पार्न वार्ता उपयुक्त माध्यम हो र वार्ताको अवसर अहिले पुनः प्राप्त भएको छ । अब यस अवसरलाई सही र सक्षम ढङ्गले उपयोग गरी वार्तालाई सार्थक र सफल बनाई निष्कर्षमा पुऱ्याएर समस्या समाधान गरिनु पर्दछ । प्रतिगमन र प्रजातन्त्रमाथिको आक्रमण र खतराको प्रश्नलाई पनि यही वार्ता र समस्या समाधानको सन्दर्भ र सिलसिलासंग जोडेर समाधान निकाल्न सकिन्छ र सक्नुपर्छ ।

यहां स्थायी शान्तिको चर्चा दार्शनिक तवरमा नभएर, राजनीतिक हिसाबले गरिएको हो । अहिले युद्धबिरामको कारणले युद्धरत दुईवटै पक्षले हतियार बिसाएको र त्यही कारणले प्राप्त भएको तात्कालिक शान्तिको स्थिति छ । युद्धबिराम मात्र होइन, युद्धको अन्त्य र त्यसबाट प्राप्त हुने शान्ति आज जनआकाङ्क्षा बनेको चर्चा माथि नै गरिएको

छ । अर्कोतिर माओवादीले युद्ध नगर्ने गरी उनीहरूलाई सन्तुष्ट पारे पनि र माओवादीले युद्धको बाटो त्यागेर शान्तिपूर्ण कृयाकलापमा सीमित रहने नीति र व्यवहार अंगाले पनि अशान्ति जन्मिन र फैलिने आधारहरू मौजुद रहिरहन्छन् भने अर्को समयमा, अरु कसैले, अन्य कुनै प्रकारले हिंसात्मक बाटो लिदैन भन्न सकिदैन । त्यसैकारण वर्गीय र सामुदायिक वा सामाजिक कारणहरूको जरैबाट उपचार खोजिनु बाट नै शान्तिको स्थायी खोजी गर्न सकिन्छ । यहाँ स्थायी शान्तिको चर्चा मूलतः यिनै दुईवटा प्रसङ्गमा गरिएको हो ।

गत वर्ष पनि मैले युद्धविराम र वार्ता चालु रहेको अवस्थामा त्यो अवसर फुत्किन नपाओस् र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधानमा पुग्न सकियोस् भनेर तत्कालीन अवस्था अनुरूपका केही प्रस्तावहरू प्रस्तुत गरेको थिएँ । त्यतिबेला सरकार, माओवादी र अन्य राजनीतिक पक्षहरूबाट पनि त्यसलाई गम्भीरताका साथ लिने र त्यही उचाइ र फराकिलोपनकासाथ कपटहीन ढङ्गले वार्ता सफल बनाउन ध्यान दिइएन । फलतः वार्ता भङ्ग भई, युद्धविराम टुटेर नयाँ उचाइ र गतिसाथ द्वन्द्व अघि बढ्ने स्थिति पैदा भयो । माओवादी पक्षले सैन्य व्यारेकमा हमला गर्ने र अनेक जिल्ला र स्थानहरूमा एकैसाथ हमला गर्ने नयाँ स्तरमा आफूलाई प्रस्तुत गर्‍यो र सरकारले पनि माओवादीलाई "आतङ्कवादी" घोषणा गर्ने, सेना परिचालन गर्ने र सङ्कटकालीन अवस्थाको घोषणा गर्ने जस्ता कडा र उन्नत स्तरबाट आफूलाई प्रस्तुत गर्‍यो । तर परिणामबाट देखियो ती तरिका र उपायहरू पनि निष्प्रभावी भए । फेरि युद्धविराम र वार्तामै फर्किनु पर्‍यो । अहिले प्राप्त भएका युद्धविराम र वार्ताको अवसरलाई गुम्न दिने हो भने अझ ठूलो र तीव्र द्वन्द्वको स्थिति सिर्जना हुने पनि पक्कै छ । तसर्थ वार्तालाई सफल बनाउन इमान्दार प्रयासमा केन्द्रित हुने बाहेक अर्को कुनै नोक्सानहीन, फलदायी र सही बाटो छैन । यहाँ म शान्ति र अग्रगतिको लागि सार्थक वार्ताका आधार, प्रकृया उद्देश्य र संभाव्य परिणति सम्बन्धमा आफ्ना केही धारणाहरू यस कार्यपत्र मार्फत् प्रस्तुत गर्न चाहन्छु ।

## २. माओवादी हिंसात्मक कियाकलाप सुरु हुनुका मूल कारणहरू

माओवादी 'जनयुद्ध' प्रारम्भ हुनुमा मूलतः तीनवटा कारणहरू रहेका देखिन्छन् । प्रथम कारण- माओवादी 'जनयुद्ध'को जग र पृष्ठभूमिमा मूलतः उनीहरूमा रहेको सामाजिक परिवर्तन सम्बन्धी उग्रवामपंथी वैचारिक सोचले काम गर्नु नै हो । जुन कारणले गर्दा उनीहरू परिस्थितिको गलत विश्लेषण र आग्रहपूर्ण मूल्याङ्कनबाट निर्देशित हुन पुगे । त्यही गलत दृष्टिकोणका कारण शान्तिपूर्ण र वैधानिक संघर्षको माध्यमबाट अघि बढ्न सकिने परिस्थिति रहँदा रहँदै पनि उनीहरू अवैध हिंसात्मक कृयाकलापमा हामफाल्न पुगे । द्वितीय कारण- जनआन्दोलनका भावनाको सफल कार्यान्वयन नहुनु र सरकारको तर्फबाट गरिएका र मूलतः उनीहरूमाथि भएका असह्य ज्यादति तथा अन्यायपूर्ण दमनले शान्तिपूर्ण र वैधानिक बाटोबाट आफ्नो शक्तिको रक्षा र विकास गर्न सकिने उनीहरूको विश्वासको ढाड भाँचिनु (किनभने पहिलो संसदीय निर्वाचनमा उनीहरू सहभागी र केही सिटमा विजयीसमेत भएका थिए), जननेता मदन भण्डारी र जीवराज आश्रितको षडयन्त्रपूर्ण जिप दुर्घटना र प्रजातात्रिक र निर्वाचनको माध्यमबाट गठित एमालेको अल्पमतको संवैधानिक सरकारलाई सर्वोच्च अदालत जस्तो सम्मानित संस्थाको दुरूपयोग गरी असंवैधानिक तवरले हटाइएको जस्ता कुराहरूले पनि संवैधानिक र शान्तिपूर्ण बाटोबाट सामाजिक परिवर्तनको ध्येय प्राप्त गर्न सकिने संभावनाप्रति उनीहरूको विश्वास हट्न जानु र उनीहरू सशस्त्र जनयुद्धको बाटोलाई परिस्थितिको अनुकूलता होस् वा नहोस् निर्विकल्प उपायको रूपमा बुझ्ने र हिंसात्मक विद्रोहको बाटोमा ओर्लिने ठाउँमा पुग्नु । तृतीय कारण- सोभियत संघको पतन र विघटन तथा पूर्वीयुरोपमा समाजवाद र कम्युनिस्ट आन्दोलनले बेहोर्नु परेको पराजयले र त्यसबाट अन्तर्राष्ट्रिय कम्युनिस्ट र समाजवादी आन्दोलनले भोग्नु परेको गम्भीर धक्का र नकारात्मक असरबाट एकातिर उनीहरूमा कम्युनिष्ट आन्दोलनमा "संशोधनवाद"को पराजय भएको र आफ्ना "क्रान्तिकारी" मान्यताहरूको पुष्टि भएको भाव जन्माइदियो भने अर्कोतिर ती व्यवस्थाहरू प्रतिको मनोवैज्ञानिक अपनत्वमाथि भएको बज्रपातले उनीहरूभित्रको निम्न पूँजीवादी निराशाले अधैर्यतामा फट्को मार्‍यो र उनीहरू आफ्ना ती उग्रसोचहरूलाई व्यवहारमा उतार्न आतुर भए । यस कारणले पनि त्यतिबेला माओवादी 'जनयुद्ध' प्रारम्भ हुन प्रेरकको भूमिका खेल्यो ।

## ३. माओवादी विद्रोहको विकासका आधारभूत कारणहरू

माओवादी 'जनयुद्ध' सुरु हुने, सञ्चालन गर्ने र व्यापक बन्ने दौरान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति उनीहरूका यस्ता हिंसात्मक गतिविधिका लागि अनुकूल रहेको थिएन । सोभियत संघ र पूर्वीयुरोपको पराजय, त्यसबाट अन्तर्राष्ट्रिय रूपमै कम्युनिस्ट आन्दोलनको मनोबल कमजोर र पूँजीवादको मनोबल बढेर आक्रामक स्तरमा विकास भएको तथा देशभित्र जनताको बहुदलीय जनवाद जस्तो सही र सशक्त सिद्धान्त र कार्यक्रम प्रतिपादित भै त्यसलाई अपनाएर नेकपा (एमाले) देशको प्रमुख राजनीतिक पार्टी र शक्तिको रूपमा स्थापित भै शान्तिपूर्ण र वैधानिक बाटोबाट सरकारमा समेत पुगिसकेको अवस्था विद्यमान थियो । अझ नेपाली कांग्रेसको नेतृत्वमा रहेको देशभित्रको सत्ता पक्ष आक्रामक ढङ्गले प्रतिहिंसामा ओर्लिएको जस्तो प्रतिकूल परिस्थितिमा नै माओवादीहरूको विकास र विस्तार हुँदैगयो । यो स्वाभाविक र सहज कुरा होइन । वैचारिक र भौतिक कुनै पनि हिसाबले परिस्थिति अनुकूल नरहेका बेला माओवादी 'जनयुद्ध'को निर्बाध विकास र विस्तार त्यो पनि असामयिक, अनुचित, अनावश्यक र गलत वैचारिक जगमा उभिएर हुनुलाई सहज कुरा मान्न सकिदैन । त्यसो हुनका पछाडि एक वा अनेक अवाञ्छित शक्तिको खेलका अनुमानित कथा हालिनु बेग्लै कुरा हो, तर यस विकासका पछाडिको मूल कारण जनताको एउटा उल्लेखनीय हिस्साको उनीहरूप्रतिको सहानुभूति, समर्थन र त्यस गतिविधिमा संलग्नता नै हो ।

त्यस्ता उग्रपन्थी हिंसात्मक कियाकलापमा जनसंलग्नताको कारण

आफ्ना भोगाइहरूबाट जनतामा पैदा भएको र छिप्पिदै बलशाली भएको सरकारप्रतिको असन्तुष्टि, निराशा र आक्रोश नै हो । केही मात्रामा सचेतनता बढेको तर बाञ्छित चेतनास्तर उठिनसकेको कारणले सरकार र व्यवस्थाका बीचको भेद छुट्याउन र छुट्याउनु पर्ने आवश्यकता महसुस हुन नसक्दा असन्तुष्टि, आक्रोश र विद्रोह सामाजिक जीवनको सबभन्दा तल्लो आर्थिक-सामाजिक तहको वा सबभन्दा बढी पीडित जनताको प्रमुख प्रवृत्ति बन्ने अवस्था पैदा भयो । त्यसलाई माओवादीहरूले आफ्नो विकास र विस्तारको लागि भरपुर उपयोग गर्न पाए र सके पनि । यसका अतिरिक्त माओवादी 'जनयुद्ध'को सुरुवात संगसंगै मुलुकको राजनीतिमा भित्रिएको विकृति, भ्रष्टता र पार्टीहरूबीचको विभाजन जस्ता कुराहरू पनि उनीहरूको फैलावकालागि उर्बर भूमि बन्न पुगे ।

त्यसबाहेक सत्तापक्षबाट उचित समयमा समस्या समाधानको लागि सही र आवश्यक कदम नचालिनु र यस समस्यालाई हल्का वा गलत ढङ्गले हेर्नु आदि जस्ता अनेक कारणहरू पनि रहे, जसबाट यस समस्याको समाधान समयमै र अहिलेसम्म पनि हुन सकेन । द्वन्द्व कायम रह्यो र विकसित हुँदै आयो । त्यसकारण द्वन्द्व व्यवस्थापनको प्रश्नमा अहिले कमी रहन दिने, लापर्वाह हुने वा संकीर्णता र क्षुद्र स्वार्थमा अल्झिने गल्ती गर्नु हुँदैन । यो कुरा माओवादी र सत्तापक्ष दुबैका लागि लागू हुन्छ । तर द्वन्द्व व्यवस्थापनको प्रमुख जिम्मेवारी सत्ता पक्षको हो ।

**४. द्वन्द्वको चरित्र र द्वन्द्व व्यवस्थापनमा राजनीतिको भूमिका**

समाजमा अनेक कारणहरूले द्वन्द्व उत्पन्न हुन सक्छ । धार्मिक, जातीय, क्षेत्रीय, आर्थिक, सांस्कृतिक, वैचारिक आस्थागत, भौगालिक सीमा, प्राकृतिक साधन श्रोतको स्वामित्व, बाँडफाँड वा भोगाधिकार, सामुदायिक र राजनीतिक अनेक कारणहरूले द्वन्द्व पैदा हुनसक्छ । अर्को शब्दमा भन्ने हो भने लाभ र न्यायको सन्तुलन खल्बलिनु वा तिनको असन्तुलनको असह्य अनुभूति हुनुले नै सामाजिक द्वन्द्व को स्थिति उत्पन्न हुन्छ । तर धार्मिक, साम्प्रदायिक वा यस्तै अन्य अन्ध वा मतान्ध कारणहरूबाट प्रकट द्वन्द्वभन्दा राजनीतिक द्वन्द्व व्यवस्थापनकालागि सहज र कम जटिल हुन्छ । किनभने राजनीति आफैमा राज्य, वर्ग, समुदाय, पक्ष वा व्यक्तिको हितको रक्षा वा प्राप्तिकोलागि गरिने सङ्घर्ष र संभौताको नाम हो । धर्ममा संभौताका या त ठाउं नै हुँदैन या त अत्यन्तै न्यून हुन्छन्, तर राजनीतिमा संभौताका ठाउं र संभावनाहरू व्यापक र अत्यधिक हुन्छ । माओवादी समस्याका पछाडि अनेक कारणहरू रहेका र त्यस गतिविधिको क्रममा तिनको उपयोग गरिएको भए तापनि यो मूलतः राजनीतिक समस्या हो र स्वाभाविक रूपमा यहां सम्वाद र सहमतिका थुप्रै ठाउं र संभावनाहरू पनि छन् । त्यसकारण इमान्दारिताकासाथ द्वन्द्व व्यवस्थापन गर्नचाहने हो भने यहां त्यो हुन सक्छ । द्वन्द्वमार्फत् द्वन्द्वको समाप्ति होइन, संबादबाट सहमतिमा पुगेर द्वन्द्वको समाप्ति अर्थात् हिंसात्मक भिडन्तको अन्त्य द्वन्द्व व्यवस्थापनको उत्तम उपाय हो र राजनीतिक द्वन्दमा यो संभव छ । सर्त के छ भने संवादको क्रममा लाभ र न्यायको सन्तुलनको बिन्दुसम्म अघि बढ्न दुबै द्वन्द्वरत पक्ष लचिलो र प्रतिबद्ध हुनु पर्दछ ।

धर्ममा तर्कले होइन आस्था र विश्वासले काम गर्छ, तर राजनीतिमा बढी तथ्य र तर्कले महत्व राख्तछन् । सामाजिक विकासका बिभिन्न चरण, युग र अवधिहरूमा द्वन्द्व व्यवस्थापन वा सामाजिक सुव्यवस्थाको लागि धर्म, गोत्र, क्षेत्र, कबिला वा यस्ता अनेक कुराहरूले अहं भूमिका खेलेका छन् र आधुनिक युगमा द्वन्द्व व्यवस्थापनको सबैभन्दा सकारात्मक र प्रभावकारी माध्यम वा उपाय राजनीति नै हो ।

आजसम्म नेपाली समाज चरम गरिबी, अनुचित र अन्यायपूर्ण वितरण प्रणाली, जातीय भेदभाव र असमानता, अन्यायी र अपमानपूर्ण वर्ण व्यवस्था, चर्को लैङ्गिक असमानता र विभेद, बर्गीय, सामुदायिक, धार्मिक, सांस्कृतिक र भौगोलिक लगायतका विविधता तथा तिनमाथिको सामाजिक र राजकीय विभेदबाट ग्रस्त समाज हो । यी र यस्ता तमाम क्षेत्रहरू तथा तिनमा मौजुदा स्थिति संभावित द्वन्द्वका संवेदनशील कारण र क्षेत्रहरू नै हुन् । तर पनि यी क्षेत्रहरूमा द्वन्द्व अप्रिय र विष्फोटकरूपमा प्रकट हुन पाएका छैनन् । अर्थात् यहां आमरूपमा द्वन्द्व व्यवस्थापन भएकै मान्नु पर्दछ । यस द्वन्द्व व्यवस्थापनको सफलताको जस र श्रेय मूलतः राजनीतिलाई नै जान्छ ।

राजनीतिले एकातिर द्वन्द्व व्यवस्थापनमा ज्यादै महत्वपूर्ण भूमिका खेलेको छ र सामाजिक चेतनावृद्धिमा पनि महत्वपूर्ण योगदान गरेको छ । अर्कोतिर आफ्नो गन्तव्य स्पष्ट ढङ्गले ठम्याउन र त्यो निर्दिष्ट ध्येय प्राप्तिका उद्देयहरूसंग आफ्ना तात्कालिक नीति र कामहरूलाई जोड्न अलमल वा असफल वर्तमान नेपाली राजनीति ऐतिहासिक विकासक्रममा स्वाभाविक र स्वस्थ ढङ्गले प्रकट भएका वा हुन चाहने द्वन्द्वसंग पनि अनावश्यक रूपमा भयभित हुने गरेको छ र समाधानका उचित उपाय र तरिकामा अग्रसर हुनकोसट्टा अनुचित नियन्त्रण र दमनका नकारात्मक प्रवृत्तितर्फ अघि बढ्ने गरेको छ । यस्ता जायज र स्वस्थ असन्तुष्टि र मागहरूलाई अस्वीकार, नियन्त्रण र दमनको नकारात्मक बाटो र विधिबाट प्राप्त हुने दमित समाधान तत्कालको लागि त सन्तोषको विषय हुन सक्ला, तर कालान्तरमा त्यो अझ जटिल र गम्भीर रूपमा प्रकट हुन्छ । आज राजनीतिका संबाहक राजनीतिक दलहरूले वर्ग र समुदायहरूलाई एकातिर राजनीतिक ढङ्गले सचेत र एउटा वैचारिक अवस्थामा संगठित गर्ने काम गरेका छन् र त्यसले संभावित द्वन्द्वका क्षेत्रहरूमा रहेका विष्फोटकतालाई स्पष्टतः निष्कृय पारेको छ भने अर्कोतिर दलहरूको अग्रगामी चरित्र र प्रतिबद्धताको अभाव वा न्यूनताको कारणले ती वर्ग र समुदायका समान हक र अवसरका जायज मागहरू, जो सामाजिक अग्रगतिमा सहयोगी र उपयोगी हुन सक्छन्, लाई पनि एउटा खास स्थितिभित्र आफ्ना नीतिगत र साङ्गठनिक अस्त्रको प्रयोग गरी नियन्त्रणमा राखेका र जानि-नजानी कालान्तरमा द्वन्द्वको

संभावित कारकका रूपमा आफूलाई प्रस्तुत गरिरहेका छन् । आजको राजनीतिले यी कुराहरूमा ध्यान पुऱ्याउनु, आफूलाई सुधार्नु र परिमार्जन गर्नु जरुरी छ ।

द्वन्द्व शाश्वत कुरा हो, सर्वकालिक र सार्वभौम सत्य पनि हो । विधिको परिधि र नियन्त्रण भित्र द्वन्द्व रहेसम्म यो वस्तुत समस्या होइन बरु सामाजिक अग्रगति र विकासको साधन बन्दछ । ऐतिहासिक आवश्यकताले प्रकट हुने द्वन्द्वले सामाजिक परिवर्तन, रूपान्तरण र प्रगति प्रदान गर्दछ । तर यहाँ हामी असामयिक, असान्दर्भिक, अनुचित र अनावश्यक सामाजिक द्वन्द्व - जो सामाजिक अग्रगतिको बाधक र समस्या बन्दछ- को सम्बन्धमा चिन्ता र चर्चा गरिरहेका छौं । जसलाई स्वस्थ र शान्तिपूर्ण विधिको दायरभित्र ल्याएर र ल्याउने प्रक्रियामा, यसको सही ढङ्गले उपयोग गरी सामाजिक अग्रगतिको निम्ति सकारात्मक अस्त्रको रूपमा परिणत गर्ने प्रयास हामी गरिरहेका छौं र गरिनु पर्दछ ।

माओवादी राजनीतिले द्वन्द्व प्रष्फुटनका अनेक संभावित संवेदनशील क्षेत्रहरूको संवेदनशीलतालाई डरलाग्दो गरी बिच्क्याउने र उपयोग गर्ने गरेको भए तापनि यसले एउटा निर्दिष्ट वैचारिक आस्था, त्यसअन्तर्गतको राजनीतिक उद्देश्य र साङ्गठनिक नियन्त्रणभित्र रहेका कारण स्थितिलाई अरु बिग्रिन र विकृत हुन नदिने हो भने यो पक्ष पनि खतराको बिन्दु नाघिसकेको अवस्थामा छैन । तर माओवादी समस्यालाई यसको विस्तार र वृद्धिका आर्थिक र सामाजिक कारणहरूको गहिराइमा पुगेर समग्रतामा समाधान नगरी माओवादी नेतृत्वको सन्तुष्टि, सत्ता-साझेदारीसम्मका वा यस्तै राजनीतिक पक्षमा सीमित रहेर समाधानको सतही र आंशिक निकास दिन खोजियो भने भोलि ती हिजो बिच्क्याइएका र प्रयोग गरिएका संवेदनशील क्षेत्रहरू विस्फोटक हुने खतरा मौजुद रहन्छ । तसर्थ ती संभावित खतराहरूलाई पनि प्रकट हुनुपूर्व नै निष्क्रय पार्नु र कारण समेतलाई वेष्ठित गरेर समाधान दिइनु पर्दछ ।

द्वन्द्व व्यवस्थापनको सकारात्मक विधिमा कटुता र अविश्वासको न्यूनीकरण र संवादहीन अवस्थालाई संवादको तहमा ओराल्नु प्रमुख र प्रारंभिक कार्यहरू हुन् । हिजो सत्तापक्षको गम्भीर गल्ती कहाँनेर रह्यो भने विधिको तह र सीमाभित्र रहँदै कटुता र अविश्वासलाई साम्य पार्नु र सम्मान गर्नुको सट्टा तिनलाई दमनको नकारात्मक विधिबाट पर धकेल्ने, विधिको परिधिबाहिर लगी सम्वादहीनताको अवस्थामा पुऱ्याउने काम भयो । त्यो बिल्कुलै उल्टो कार्य भयो । "यी भोका-नाङ्गा गरिबले, यी अपहेलित दलितले, यी उपेक्षित जाति-जनजाति र अल्पसंख्यक समुदायले, यी हेपिएका महिलाहरूले र दुर्गम क्षेत्रका अनपढ सोझा जनताले सचेत, सशस्त्र, सुदृढ र संगठित सत्तालाई के गर्न सक्छन् र !" भन्ने जनताको शक्तिलाई नबुभ्ने जनविरोधी, प्रतिकृयावादी सोचले सामान्य मागहरूलाई उपेक्षा, अनादर र अस्वीकार गर्दै दमनबाट समाधान खोज्ने, सकारात्मक र अग्रगामी पाइला एक कदम चाल्न तयार नहुने यथास्थितिवादी जिद्दी हावी रह्यो । पाण्डवले मागेका बेला ससम्मान र अस्तित्वका लागि उनीहरूलाई पाँचवटा गाउँ दिएको भए हस्तिनापुरमा कौरवको राज कायम रहन्थ्यो । तर कौरवले सहअस्तित्वलाई अस्वीकार गर्दा कालान्तरमा कौरवकै अस्तित्व समाप्त भै हस्तिनापुरमा पाण्डवको राज कायम भएको कथा हामी सबैलाई थाहै छ । सत्ता पक्षको त्यस्तै विपरीत बुद्धिले आज माओवादी समस्या यति गम्भीर बन्यो, त्यसैलाई निहुँ बनाएर संविधान मिचिने र प्रजातन्त्र घाइते हुने स्थितिसमेत सिर्जना भयो । आज यत्रो नोक्सानीपछि हामी युद्ध विराम गरेर व्यग्रतासाथ वार्तातर्फ अग्रसर भइरहेका छौं ।

५. **शान्तिपूर्ण समाधानको संभावना र सकारात्मक लक्षणहरू**

समाधानरहित शायद कुनै समस्या हुँदैन । कुनै न कुनै प्रकारको समाधान हरेक समस्यासँगै गाँसिएको हुन्छ । त्यस्तो छैन भने त्यो समस्या नभएर शायद अकाट्य प्राकृतिक नियम हुन सक्छ । सधैं हिंसात्मक द्वन्द्वको संवादको माध्यमबाट शान्तिपूर्ण समाधान नै निस्कन्छ वा निकाल्न सकिन्छ भन्ने पनि नहुन सक्छ । कहिलेकाहीं सामाजिक आवश्यकतालाई अर्को पक्षले उसको हित विपरीत भएकाले समस्या ठान्न पनि सक्छ । यस्तो प्रश्नमा आवश्यकता हो कि समस्या भनेर पहिले नै त्यसलाई ठम्याउनु पर्ने हुन्छ । माओवादी 'जनयुद्ध'को सम्बन्धमा मैले त्यसैकारण धेरै अघि नै यसलाई समस्याको कोटिमा स्पष्टताका साथ राखेको हुँ । आवश्यकता हो भने सबल बनाउन र अघि बढाउन जोड दिनु पर्दछ र समस्या हो भने समाधान पहिल्याउन र त्यसमा पुग्न प्रयास गर्नु पर्दछ । युद्धविराम र शान्तिवार्ताका चरणहरूमा प्रवेश गरेर माओवादीहरू स्वयंले आफ्नो 'जनयुद्ध'लाई प्रकारान्तरले क्रान्ति नभै सामाजिक विद्रोहको स्तरमा स्वीकार गरेका छन् । माथि चर्चा गरिसकिएका कारणहरू र माओवादीहरूले नै यस प्रकार विद्रोहको रूपमा यसलाई प्रस्तुत गर्नाले पनि यस समस्याको समाधान सम्वादको माध्यम र शान्तिपूर्ण सहमतिको निकासबाट हुन सक्ने संभावना बढेको छ ।

अर्कोतिर गत बर्ष युद्ध विराम र वार्ता भएर पनि त्यो केही समयभित्रै असफल भै पुनः हिंसात्मक र अझ उन्नत स्तरको भिडन्तमा फर्किएको माओवादी समूह फेरि युद्धविराम गर्न सहमत हुनु र अझ गतबर्षभन्दा बढी युद्धविरामलाई नियमित गर्न सरकार र माओवादीबीच सहमति साथ आचारसंहिता निर्माण र जारी हुनु यस पल्टको थप सकारात्मक सङ्केत मान्नु पर्दछ । अबको चुनौती हो यस सकारात्मक सङ्केत र प्रवृत्तिलाई अघि बढाउनु र यसले पैदा गरेको शान्तिपूर्ण निकासको संभावनालाई सबल र सफल बनाउनु ।

अहिले यस विषमया केन्द्रित रहेर राष्ट्रिय मान्यता प्राप्त पार्टीहरू, संसदमा उपस्थित पार्टीहरू वा नौ वाम र दस वामका भेटघाट र बैठकहरूमा तीव्रता आएको पाइन्छ । यो सकारात्मक कुरा हुँदाहुँदै पनि बैठकहरू ठोस र मूर्त दृष्टिकोणकासाथ समस्या समाधानको लागि साझा प्रस्तावमा पुग्नु त टाढै छ, आ-आफ्नै दृष्टिकोण निर्माण र स्पष्टता प्राप्तिको प्रश्नमा पनि असफल र अन्योलग्रस्त पाइन्छन् ।

यसलाई भने सुखद अवस्था मान्न सकिँदैन । युद्धविरामलाई सकारात्मक रूपमा लिने, अविलम्ब वार्ताको माग गर्ने र सार्थक वार्तामार्फत् तार्किक निष्कर्षको अपेक्षा गर्ने तर वार्ताका एजेण्डा र समाधानका उपायबारे बोल्न नसक्ने; आफ्ना विकल्पहरू प्रस्तुत् गर्न नसक्ने, खुद्रा र प्राविधिक पक्षमा बढी अल्भिने र बहस गर्ने तर मूल विषयहरूमा प्रवेश र केन्द्रित हुने काम नगर्ने प्रकारका कमजोरीहरू रहेका पाइन्छन् । 'बिरालोको घाँटीमा घण्टी चाहिं कसले बाँध्ने' जस्तै समस्या परेको पो हो कि !

संविधान मिचिएको, प्रतिगामी कदम चालिएको र राजाले सक्रिय भएर शासन गरिरहेको स्थिति; माओवादीहरूको अस्पष्ट भाषा र "सरकारसँग कुरा नगर्ने राजासँग गर्ने, सरकारसँग होइन सत्ताको प्रतिनिधिसँग वार्ता गर्ने, सरकार पनि सत्ताभित्रै पर्छ" भन्ने जस्ता अनेक गोलमटोले कुरा, प्रकृयाको कुरामा जोडदिने, तर प्रकृयामार्फत कस्तो प्रतिफल प्राप्त गर्न चाहेको हो, त्यो खुलासा नगर्ने र युद्धविरामको सहमतिसम्म पुग्ने गुपचुप प्रकृया र आचारसंहिताको सहमतिमा पुग्नेसमेत अपारदर्शी तरिका आदिले राजनीतिक पार्टीहरूलाई उपेक्षित बोध हुने र भस्किने अवस्था नरहेको होइन । यस्ता कुराहरू सच्याइनु र पारदर्शिता ल्याइनु पर्दछ । पारदर्शिताको प्रश्न, सबैले बुभ्नु पर्छ, राजनीतिक दलहरूको मात्र होइन नागरिक समाजसमेत सम्पूर्ण जनताको माग र चाहना हो ।

**६. राजनीतिक पार्टीहरूको संलग्नता र सहमति विना समाधान संभव छैन**

राजनीतिक पार्टीहरूले युद्धविराम, आचारसंहिताको सहमति घोषणा तथा वार्ताको सन्दर्भमा आफूहरूलाई अवमूल्यन र उपेक्षा गरिएको महसुस गरिरहेका छन् । राजनीतिक पार्टीहरूको यो अनुभूति निराधार र अकारण पनि छैन । हालसम्म आवश्यक पारदर्शिताको अभाव र उपरोल्लेखित परिस्थितिको कारणबाहेक राजनीतिक दलहरूलाई कहिले मूक साक्षी र कहिले पर्यवेक्षकको हैसियतमा व्यवहार गर्न खोज्ने सत्तापक्षीय व्यवहार र कहिले 'सहभागी नभए छुट्ने' जस्ता हेपाहा अभिव्यक्ति त कहिले माओवादीका "दुई सेना", "दुई सत्ता", "दुई किल्ला" जस्ता हतियारको बललाई मात्र बुभ्ने-बन्दुके भाषा र व्यवहार आदि कारणहरूले गर्दा राजनीतिक पार्टीहरू त्यस्तो महसुस गर्न बाध्य भएका छन् र यस बुभाइमा अतिशयोक्ति पनि छैन ।

लामो इतिहास, ठूला योगदान, सशक्त सङ्गठन, समृद्ध अनुभव र व्यापक जनाधारबाट सुसज्जित ठूला राजनीतिक पार्टीहरू उपेक्षा र अनादरका पात्र हुन सक्तैनन् । कसैको इच्छामा तिनको महत्व र भूमिका अर्थहीन, न्यून वा समाप्त पनि हुन सक्तैन । राजनीतिक पार्टीहरू भनेका कसैलाई कम वा बेसी मन परेका वा नपरेका नेता विशेष मात्र होइनन् बरु ती तिनले सम्बन्धित विचार र सङ्गठनमा समेटेका जनमतका प्रतिनिधि हुन् । राजनीति गर्ने दौरानमा भएका कतिपय गल्तीहरूले पनि उनीहरूको भूमिकालाई न्यून गर्न सक्तैन । किनभने जीवित शक्तिहरूबाट गल्तीरहित स्थिति संभव छैन र गल्तीको मात्राको कुरा गर्दा दरबार र माओवादीका गल्तीहरू उनीहरूको तुलनामा कैयौं गुना गम्भीर छन् । आज राजनीतिक पार्टीहरूलाई उपेक्षा गर्ने चाहनाले तिनले ओगटेका नेपाली समाजको जनसङ्ख्याको अत्यधिक ठूलो हिस्सालाई बाहिर पारेर जनताबाट पृथक्, र राजनीतिबाट अलग जङ्गी सहमतिबाट समस्याको समाधान निकाल्ने चेष्टा हुन्छ भने त्यो निरर्थक र कालान्तरको लागि अभ्र भयावह द्वन्द्वको डढेलो सल्काउने कारक तत्व हुनेछ । तर समयमै स्पष्ट हुनु पर्दछ - यस दिशाबाट समस्या समाधानको गन्तव्यमा पुग्नै सकिँदैन । प्रश्न यहाँ कोही छुट्छ कि छुट्तैन भन्ने होइन ।

वार्ता सरकारले गर्ने कुरा हो, अरू कसैले होइन । यो निर्विवाद सत्य हो । तर त्यसो भन्दैमा सबै प्रश्नहरू समाप्त हुँदैनन् र सम्पूर्ण प्रश्नहरू उत्तरित पनि भइसक्तैनन् । कस्तो, कुन प्रकृया र सन्दर्भमा बनेको, कस्तो हैसियत र कति ल्याकतको सरकार भन्ने प्रश्न उठ्छ नै । संविधान मिचेर, यत्रा राजनीतिक पार्टीहरू छँदाछँदै तिनलाई उपेक्षा गरेर, पार्टीगत होइन व्यक्तिगत रूपमा टिपिएका, सहमतिबाट होइन असहमतिबीच बलमिच्याइँ गरेर, जन प्रतिनिधित्वका प्रजातान्त्रिक प्रकृयाको परोक्ष र आंशिक रूपमा समेत वास्ता नगरी टीका लगाई गठन गरेको, पृष्ठभागमा जनमत र साथमा जनसमर्थन समेत नभएको र प्रतिगमनका प्रयासको अस्त्र बनिरहेका सरकारले जिम्मेवारीपूर्ण र सक्षम ढङ्गले समस्यालाई लिने र समाधानको इमान्दार प्रयास गर्ने काम गर्ला भनेर विश्वास गर्ने आधारको अभाव त छ नै । राजनीतिक पार्टीहरूले यही गम्भीर प्रश्न उठाएका छन् जुन प्रश्नमा राजाको ध्यान जानु जरुरी छ ।

वार्ता सरकारले गर्ने हो, तर कुन र कस्तो सरकारले ? यही र यस्तै सरकारले वार्ता गर्नु पर्छ वा यस्तैले मात्र वार्ता गर्नु पर्छ र अर्को उपयुक्त र सक्षम सरकार बन्नु र त्यसले वार्ता गर्नु हुँदैन भन्ने त छैन ! बरु समस्या र त्यसको समाधानको विषय र महत्वलाई गम्भीरताकासाथ लिने हो भने समयमै जनमतबाट पृष्ठपोषण भएका राजनीतिक पार्टीहरूको सहभागिता र सहमतिको सर्वदलीय सरकार गठन गरिनु उचित हुन्छ । वार्ता सरकारले गर्ने भए पनि राजनीतिक पार्टीहरूको सहभागिता र सहमतिविना त्यो सफल हुन संभव छैन, भन्ने कुरा बुभ्नु जरुरी छ र त्यो सहभागिता र सहमतिको सहमत हुन सकिने र चित्त बुभ्दो उपाय र प्रकिया ठम्याउनु र अपनाउनु जरुरी छ ।

**७. वार्ताको क्रममा सरकार र माओवादीले बुझ्नु पर्ने कुरा**

भ्रमपूर्ण वैचारिक मान्यता तथा त्रुटिपूर्ण विश्लेषणको निचोडका आधारमा प्रारम्भ भएको र विस्तारको लागि सामाजिक आधारहरूको अनुचित ढङ्गले उपयोग गरिएको भएता पनि माओवादी 'जनयुद्ध' सुरु भए यताका विगत सात वर्षहरूमा देशले ठूलो र धेरै प्रकारका जनधनको र अन्य क्षतिहरू व्यहोर्नु परेको छ । माओवादीहरूले यस बीचमा निर्बाध र अनपेक्षित सफलतासाथ, जुनसुकै कारणले भए पनि, आफ्नो शक्ति र प्रभावको विस्तार पनि गरेका छन् । अन्य पक्षहरूका साथै उनीहरूले आफ्नो 'जनसेना'लाई ब्रिगेड स्तरसम्म

विकास गर्न र त्यसलाई आधुनिक अस्त्रले सुसज्जित बनाउन पनि सकेका छन् । सशस्त्र लडाईंका मोर्चाहरूमा उनीहरू आमरूपमा सफल रहेका छन् र सरकारलाई ठूला सहरी क्षेत्र, सदरमुकाम वा सैन्य ब्यारेकमा सीमित गर्न पनि सफल रहेका छन् । यसरी एउटा सर्वथा नयाँ र रणनीतिक शक्तिसन्तुलनको अवस्थामा रहेको विद्यमान स्थितिमा माओवादीहरू वार्तामा सत्तापक्षको चातुर्यता, तार्किकता वा कुटनैतिक कौशलको भरमा केही नपाई वा नलिई हल्का फुल्का पारामा 'जनयुद्ध'को क्रममा निर्मित शक्ति र त्यस बाटोलाई यत्तिकै चट्ट छोडेर शान्तिपूर्ण 'निकास'मा सहमत र अवतरित हुन सक्तैनन् । त्यो बलिदान, क्षति र उपलब्धिको तुलनामा सामाजिक उपलब्धिको अग्रगामी शोधभर्नाबिना सानातिना समूहगत राजनीतिक लाभकै भरमा उनीहरू सत्तालाई शक्ति बुझाएर, बलिदान खेर फालेको अभियोगको भारी थाप्लोमा बोकेर शान्तिपूर्ण 'निकास'मा अवतरित हुन सक्तैनन् । त्यसो गरे उनीहरू गद्दार ठहरिन्छन् र त्यसले अर्को नयाँ र ठूलो अनिष्टको स्थिति पैदा हुन सक्छ । यस तथ्य र परिस्थितिको वास्तविकतालाई वार्ताको सन्दर्भमा सत्तापक्षले बुझ्न सक्नु पर्दछ र वास्तविक समाधानमा पुग्न लचिलो, फराकिलो र आग्रहहीन हुन सक्नु पर्दछ ।

त्यसै गरी वार्ता सङ्घर्षकै एउटा अर्को रूप हुने भए तापनि र वार्तालाई त्यसै गरी सञ्चालन गरिने भए पनि वार्ता युद्ध होइन, सम्वाद हो र युद्धबाट पाइने कुरा सम्वादबाट प्राप्त हुन सक्तैन । युद्ध जोखिमपूर्ण हुन्छ, बलिदानपूर्ण हुन्छ र क्षतियुक्त हुन्छ । अनिवार्य बलिदान र क्षतिका बावजुद युद्ध जितियो भने त्यसबाट सम्पूर्ण (सत्ता) प्राप्त हुन्छ । तर सम्वादमा त्यस्तो प्रत्यक्ष क्षति, बलिदान र जोखिम हुँदैन र यसमा पूर्ण हार वा जित पनि हुँदैन । मात्रामा घटी वा बढी होला, तर वार्ताबाट हुने प्राप्ति आंशिक नै हुन्छ । सम्पूर्ण बुझाउनु सहमति हैन पराजय हुन्छ । सहमतिबाट हार वा जितमा होइन, सहअस्तित्व र साझेदारीमा मात्र पुग्न सकिन्छ । तसर्थ युद्धका माग र वार्ताका माग एकै वा एकै स्तरका हुन सक्तैनन् । युद्धले सम्पूर्णको माग गर्छ तर वार्तामा मात्राको अधिकता मात्र माग हुन सक्छ । यो तथ्य दुवै पक्षले बुझ्न जरुरी छ, तर मुख्य रूपमा माओवादी पक्षले मनन गर्नु पर्दछ ।

माओवादीहरूले बुझ्नु पर्ने अर्को कुरा के छ भने उनीहरू हौसिएर, उत्ताउलिएर अथवा आफ्नो शक्तिमाथिको अधिक विश्वासको कारणले दुस्साहसिक पारामा वार्ताको टेबल छोडेर फेरि हिंसात्मक गतिविधिमा फर्किए भने कुनै मोर्चामा उनीहरूले जित्लान् तर अन्ततोगत्वा समग्र युद्धमा उनीहरूको विजय संभव छैन । थाहा भएकै कुरा हो युद्धमा हार्ने जहिले पनि अपराधी ठहरिन्छ । भिडन्तका बेला 'आतंककारी' गतवर्षको युद्ध विरामका बेला "बहादुर क्रान्तिकारी", पुनः भिडन्त हुँदा "आतङ्कवादी" र अहिले युद्धविराम हुँदा फेरि "क्रान्तिकारी" आफूहरू ठहरिएको माओवादीहरू आफैले देखे-भोगेकै कुरा हो ।

त्यसकारण माओवादीहरू "गद्दार" हुन तयार छैनन् सरकारले बुझ्नु पर्छ र उनीहरू "अपराधी"मा परिणत हुनु हुँदैन माओवादीले बुझ्नु पर्छ । यी त भए निष्कर्षका कुरा, तर भिडन्तबाट त्यहाँसम्म पुग्नु अघि नै राष्ट्रले थेग्न नसक्ने परिस्थिति पैदा हुन सक्छ- सत्तापक्षले बुझ्नु पर्ने अर्को प्रारम्भिक कुरा हो वार्ताको लागि ।

**८. आगामी वार्ताका विषयवस्तुहरू सम्बन्धी प्रश्न**

माओवादीहरूले धेरै अघिदेखि नै गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाका मागहरू अघि सार्दै आएका छन् । यस पल्टको युद्धविरामपछि पनि उनीहरूले यिनै तीनवटा मागहरू दोहोऱ्याइरहेका छन् र बुझ्न सकिन्छ, वार्ताको सन्दर्भमा पनि उनीहरूका मुख्य माग र विषयवस्तुहरू यी नै हुन् । मओवादीहरूले अन्य माग र विषयवस्तुहरू प्रस्तुत गरेका छैनन् र 'जनयुद्ध' सुरु हुनुपूर्व तत्कालीन वैधानिक साझा मोर्चा- संयुक्त जनमोर्चाको तर्फबाट त्यतिबेलै सरकार समक्ष प्रस्तुत मागहरूलाई नै गतवर्षको वार्ताको क्रममा मागहरूको चर्चा हुँदा झारा टार्ने ढङ्गले हचुवाको भरमा बाहेक समस्या समाधानको सन्दर्भमा ठोस मागहरू ठम्याउन , सूत्रीकृत गर्न र अघि बढाउन सकेका छैनन् । अहिलेको युद्धविरामपछि वार्ताको सन्दर्भ अघिबढिरहँदा पनि माओवादीहरूको तर्फबाट वार्ताका एजेण्डा हुने गरी आफ्ना मागहरू प्रस्तुत हुन सकेका छैनन् ।

जहाँसम्म माओवादीहरूले भन्दै आएका गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाका तीनवटा मागहरू छन् यी आफैंमा अस्पष्ट, अधुरा र अपूरा छन् । त्यसबाहेक यी राजनीतिक मागहरू मात्रै भए र माओवादीको पहुँच र प्रतिष्ठा बढाउने उनीहरूको समूहगत हितका मागहरू मात्रै भए । गोलमेच सम्मेलन आफैमा सबै पक्षबाट माओवादीलाई मान्यता दिनेभन्दा बढी केही होइन र अन्तरिम सरकार आफैंमा माओवादीको सत्ता साझेदारीभन्दा बढी केही होइन । संविधान सभा पनि जतिसुकै जनअधिकार र प्रजातान्त्रिक अभ्यासको प्रश्न भए पनि आफैमा एउटा प्रकृया मात्रै हो । यी मागहरूले न सामाजिक परिवर्तन गर्न सक्छन्, न सामाजिक रूपान्तरण ल्याउन सक्छन् न त सामाजिक अग्रगति नै ल्याउन सक्छन् । जनताले संविधान निर्माण गर्ने संविधान सभाको गठनको लागि मतदान गर्न पाउँछन् भन्नेबाहेक जनताका अधिकारको सुरक्षा, जन अधिकारको वृद्धि र जनतामा सुविधा, सहुलियत वा जीवनस्तर उठाउने कुनै काम यी मागहरू आफैबाट हुन सक्तैन ।

वार्ताबाट पृथक् गोलमेच सम्मेलन किन र के का लागि ? कस्तो र को-को सहभागी हुने ? कसले बोलाउने ? त्यसका एजेण्डा के हुने ? त्यस सम्मेलनले निष्कर्ष के निकाल्ने र ती निस्कर्षहरूको वैधानिक हैसियत के हुने ? वार्तामा प्राप्त सहमतिलाई औपचारिकता वा वैधता दिने कि छुट्टै केही गर्ने ? आदि यस्ता अनेक प्रश्नहरू उठ्नु स्वाभाविक हो र यस्ता प्रश्नहरूको स्पष्ट उत्तर आवश्यक हुन्छ । मागकर्ता माओवादीहरूबाटै

यस्ता प्रश्नहरूको जवाफ आउनु पर्छ ।

सरकारले बोलाए अवैध, राजाले बोलाए असम्वैधानिक, माओवादीले बोलाए झन् महाअवैध र असवैधानिक, दलहरूले बोलाए वाञ्छित आधिकारिकता र प्रतिफलमा आशंका जस्तो स्थिति पनि विद्यमानै छ । यस्तो स्थितिमा सत्तापक्ष र माओवादी बीचको वार्ताको सहमत निष्कर्ष श्रवण गर्ने भन्दा बढी गोलमेच सम्मेलनका सहभागीहरूको भूमिका के होला ?

अर्को अन्तरिम सरकारको माग पनि त्यस्तै अस्पष्ट छ । यसमा पनि अन्तरिम सरकार सम्बन्धी माओवादी मागको सार र स्वरूप के हो ? यसको बनोट, चरित्र, गति र गन्तव्य सम्बन्धमा पनि मागकर्ता माओवादीहरूले नै स्पष्ट पार्नु जरुरी छ । कसको नेतृत्वमा ? क-कसको सहभागिताको ? कुन-कुन मात्राको सहभागिता ? कति अवधिको लागि ? के-के काम गर्ने ? आदि अनेक प्रश्नहरू यहाँनेर पनि नउठ्ने होइनन् ।

जहाँसम्म संविधान सभाको प्रश्न छ, संविधान संशोधन र परिवर्तनको अर्थ र भेदका सम्बन्धमा मैले पहिले नै धेरै पल्ट लेखी-बोली सकेको छु । व्यवस्था परिवर्तन हुँदा परिवर्तित नयाँ व्यावस्थालाई नयाँ ढङ्गले सञ्चालन गर्न संविधानमा परिवर्तन आवश्यक हुन्छ र संविधान परिवर्तन हुन्छ । पुरानै व्यवस्था रहेसम्म पुरानै संविधानले त्यसलाई सञ्चालन गर्न सक्छ र गर्दछ पनि । त्यस स्थितिमा आधारभूत कुरा परिवर्तित हुँदैनन् र तीबाहेकका अन्य कुराहरू परिवर्तित सन्दर्भमा आवश्यकता अनुरूप संशोधित हुनसक्दछन् र हुने गर्छन् ।

अहिले संविधान मिचिएको छ, माओवादी 'जनयुद्ध'को असर र असवैधानिक शाही कदमले संविधानको मर्म र कतिपय धाराहरू निष्क्रय वा प्रभावहीन हुन पुगेका छन् । तर यो सब वर्तमान संविधानको कारणले होइन बरु असवैधानिक बलमिच्याइँबाट भएको हो । तसर्थ यसै कारणले संविधान परिवर्तन हुनु पर्ने वा हुन सक्ने निस्कर्ष निस्किदैन । संविधान सभाको माओवादी माग संविधानको वर्तमान भोगाइ प्रारंभ हुन पूर्वकै हो भन्ने कुरा पनि बिर्सनु आवश्यक छैन ।

अहिलेको नेपालको व्यवस्था भनेको संवैधानिक राजतन्त्रसहितको बहुदलीय प्रजातान्त्रिक शासन प्रणाली हो । अहिलेको संविधान भनेको पनि मूलतः त्यही नै हो । अहिले शान्तिवार्ताको सन्दर्भमा चर्चा गर्दा यस वार्ताले व्यवस्था परिवर्तन गर्दैन र गर्न सक्तैन भन्ने बुझ्नु पर्छ । वार्ताको निष्कर्षमा अरु केही होला तर संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्था भने कायमै रहने छ। त्यस स्थितिमा पनि संविधान संशोधन त जरुरी हुन्छ नै तर संविधान सभाका वा अन्य जुनसुकै प्रकृयाबाट "नयाँ संविधान" ल्याए पनि वास्तवमा त्यो यही संविधानको संशोधित रूपभन्दा बढी केही हुने छैन ।

नेपाल अधिराज्यको संविधान २०४७ पनि राजाको स्वेच्छाले र राजाले दिएको संविधान होइन । यो ऐतिहासिक जनआन्दोलनको सफलतापश्चात् त्यसको प्रतिफलस्वरूप, जनताको परोक्ष प्रतिनिधित्व अर्थात् आन्दोलन मार्फत् जनताका प्रतिनिधिको हैसियत प्राप्त गरेका राजनीतिक पार्टीहरूको सहभागिता र सहमतिमा निर्मित संविधान नै हो । जनप्रतिनिधि मार्फत जनताले संविधान निर्माण गर्ने विधिहरूमध्ये त्यो एउटा विधि हो । त्यतिबेलाको परिस्थितिमा त्यो सही र सामयिक विधि हो । चुनाव जनप्रतिनिधि छान्ने वैधानिक र औपचारिक प्रकृया हो तर आन्दोलनबाट स्थापित प्रतिनिधित्व केही होइन भन्नु पनि उपयुक्त हुन सक्तैन ।

कोही पनि जनताबाट आएको वा जनपक्षीय व्यक्ति (अर्थात जनता) सिद्धान्ततः संविधान सभाको विपक्षमा हुन सक्तैन । तर वार्ताबाट गणतन्त्र स्थापना गर्नसमेत सकिने गरी संविधान सभाको निर्वाचन गर्ने निष्कर्ष कसरी निस्किन्छ म बुझ्दिन र मलाई त्यसमा विश्वास पनि छैन ।

तर पनि वर्तमान संविधान राजाले पनि नमान्ने र मिच्ने नै हो भने र माओवादीहरूलाई पनि "नयाँ संविधान" नै चाहिने हो भने हामीले मात्रै यस संविधानको रक्षाको रट लगाउनुको कुनै अर्थ रहँदैन । त्यस्तो स्थितिमा अहिलेको संविधानसँग समान सारतत्वकै भए पनि "नयाँ संविधान" निर्माणको आवश्यकता पर्छ नै । "नयाँ संविधान" नै चाहिने भएपछि राजाले अनेक पल्ट संविधान दिएकै हो र अब राजाले दिने नयाँ संविधान स्वीकार्य हुने प्रश्नै भएन । जनताका आन्दोलनकारी प्रतिनिधिका हैसियतले राजनीतिक पार्टीहरूले २०४७ सालमा निर्माण गरेको संविधान पनि अमान्य भएपछि अब जनताले संविधान दिने पालो आएकै मान्नु पर्छ । देशभरिका जनताले संविधान लेख्तैनन्, त्यसकारण जनताले संविधान दिने अर्को उपयुक्त, उन्नत र बाँकी रहेको अग्रणी विधि भनेको संविधानसभाको निर्वाचन नै हो । यसबाट माओवादीलाई पनि आफ्नो माग पूरा भएकोमा सन्तुष्टि नै मिल्छ । यस स्थितिमा माओवादीका संविधानसभाको निर्वाचनको माग पूरा हुन पनि सक्छ ।

तर संविधान सभाको माग र त्यसमा सहमति भएपछि संविधानमा कुन-कुन विषयमा के प्रावधान रहने भन्ने कुराको हकमा संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्था भनेजस्ता मोटा वा मूलभूत कुराहरू बाहेक वार्ताको क्रममा अन्य कुराहरू तय हुँदैनन् र हुन सक्तैनन् भन्ने तथ्य भने बुझ्नु जरुरी छ ।

जेसुकै भए पनि माओवादीहरूले अघि सारेका यी तीनवटा मागहरू राजनीतिक मागहरू र अझ प्रकृयागत प्रश्नहरू मात्रै हुन् र माओवादी समस्या लगायत समग्र समस्यालाई उजागर गर्न र समाधान दिन यी मागहरू पर्याप्त छँदै छैनन् । यिनै मागहरूको सेरोफेरो र सीमाभित्र न त वार्ताका विषयहरू पर्याप्त हुन सक्छन् न त यी मागहरूले जनताका समस्याको प्रतिनिधित्व गर्दै समाजलाई अग्रगति दिने तहसम्मको भूमिका नै खेल्न सक्छन् । त्यसकारण आज यस समस्याको समाधान र त्यस निम्तिको वार्ताको प्रकृयामा जनताका जल्दाबल्दा समस्या समाधानका लागि थप आर्थिक र सामाजिक ठोस माग र मुद्दाहरूलाई सामेल गरी एकमुष्ठ समाधान पहिल्याउनु र प्रस्तुत गरिनु पर्दछ । यसै प्रकृयामा

जनताका हक अधिकारको रक्षाका साथै सामाजिक अग्रगति पनि सुनिश्चित गरिनु पर्दछ । यसरी हामी जनताको बिश्वास जित्न, उनीहरूको सहभागिता बढाउन र प्रजातान्त्रिक प्रणालीलाई सुदृढ गर्न सक्तछौं । आजको प्रमुख आवश्यकता मुलुकलाई प्रजातान्त्रिक अभ्यास र प्रक्रियामा फर्काउनु हो । त्यसको अर्थ मूलतः मुलुकमा संसदीय र स्थानीय निकायको निर्वाचन गराउनु हो । यस बाटोबाट त्यस लक्ष्यमा पुग्न सकिन्छ । तसर्थ अबको बार्तामा राजनीतिक एजेण्डा मात्र भएर पुग्दैन, व्यापक अग्रगामी सामाजिक र आर्थिक सुधारका बिषयहरू पनि एजेण्डामा समेटिनु र सामेल गरिनु पर्दछ । यसरी यस पल्ट द्वन्द्वका कारणहरूको गहिराइसम्म पुगेर द्वन्द्व व्यवस्थापनको नयाँ, दीगो र जनपक्षीय आधार निर्माण गरिनु पर्दछ, जसले समस्याहरूको बास्तविक समाधान दिन सकोस् ।

समाज वर्गीय र सामुदायिक असमानता र बिभेदहरूबाट व्याप्त र पीडित छ । यी असमानता र बिभेदका यथार्थ अनुभूतिका भोगाइ र पीडाहरूका चक्रव्यूहबाट जनतालाई मुक्त नगरी नेपाली समाजले बास्तबिक अग्रगति लिनै सक्तैन । परिवर्तन जनताका लागि हुनु पर्छ, जनताको जीवनस्तर उकास्नका लागि र उकास्ने हुनपर्छ र जनताले अनुभूत गर्न पाउने र गर्न सक्ने हुनुपर्छ । जनताको हित र जनताका अनुभूति बाहिरको परिवर्तन, परिमार्जन वा सुधारको कुनै अर्थ छैन र त्यस्तो कुरा अग्रगामी र प्रजातान्त्रिक पनि हुन सक्तैन भन्ने कुरा हृदयंगम गरिनु पर्दछ ।

आधाभन्दा बढी जनसङ्ख्या ओगटेको महिला समुदाय असमानता र बिभेदको सिकार भैरहेको छ, त्यसका बिरुद्ध आवाज उठाइरहेको छ र संघर्षरत छ । तर तिनको आवाजलाई अझै सुनिएको छैन वा महत्व दिइएको छैन । यस क्रममा त्यो सुन्नु र असमानता र बिभेद हटाई समानता र न्याय दिलाई महिला समुदायलाई समान अधिकार र अवसर दिने र ती हक अवसरको उपयोग गर्न सक्ने स्तरमा उठाउन ठोस नीति र कार्यक्रमको तर्जुमा गरिनु जरुरी छ । जसबाट हामी राष्ट्रनिर्माणका लागि सम्पूर्ण क्षेत्रहरूमा महिला सहभागिता र महिला समुदायको प्रभावकारी योगदान प्राप्त गर्न सक्छौं ।

त्यसै गरी दलित वा उत्पीडित समुदाय वर्ण व्यवस्थाको शोषण, उत्पीडन र अपमानबाट पीडित छ । त्यस समुदायलाई त्यसबाट मुक्त गरी राष्ट्र निर्माणको मूल धारमा समान ढङ्गले समाहित र प्रवाहित गर्न प्रभावकारी ढङ्गले नीतिगत र कार्यक्रमिक हिसाबले अघि बढ्नु जरुरी छ । त्यसै गरी नागरिकता समस्या समाधान लगायत जनजाति, अल्पसङ्ख्यक, पछाडिपरेका आदिबासी र अन्य समुदाय र क्षेत्रका हक र हितहरू पनि यस बार्ताका एजेण्डा बनाइनु पर्दछ । तब मात्र सामाजिक न्याय स्थापना र अग्रगति सुनिश्चित गर्न र जनतालाई ती कुराहरू अनुभूत गराउन सकिन्छ । कमैया, भूतपूर्व सैनिक र अरु पेसागत र अन्य समुदायहरूका हक हितको संरक्षण र तिनको उत्थान बार्ताका बिषयहरूमा सामेल गरिनु पर्दछ ।

युद्धकालीन भिडन्त वा ध्वस्त गरिनाको कारणबाट भएको संरचनाहरूको क्षति र बिनासको पुनर्निर्माण (क्षतिपूर्ति समेत) र मारिएका व्यक्तिका असहाय बाबु-आमा, श्रीमती र अनाथ छोराछोरीहरू, अन्य पीडित महिला र बाल-बालिकाहरू अङ्गभङ्ग भएका, लुटिएका, लखेटिएका र बेघरबार पारिएका आदिको पुनर्व्यबस्था, हेरबिचार, लालनपालन, शिक्षा, स्वास्थ्य, आवास, पुनर्वास र समग्र पुनर्स्थापनाको प्रश्न पनि बार्ताको अनिवार्य एजेन्डा बनाइनु पर्दछ । क्रान्तिकारी भूमिसुधार, औद्योगिक सुरक्षा, सामाजिक सुरक्षाको प्रश्न, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता र स्वच्छताको प्रश्न पनि बार्ताको अभिन्न र महत्वपूर्ण एजेण्डा बनिनु पर्दछ । त्यसैगरी राजनीतिक क्षेत्रमा बेपत्ता पारिएकाहरूको स्थिति सार्बजनिक गर्ने, थुना, कैद वा कब्जामा भएकाहरूलाई छोड्ने, मुद्दा थाति राखी पछि कारबाही नचलाइने जस्ता कुराहरूको छिनोफानो पनि बार्ताकै क्रममा गरिनु पर्दछ । प्रशासनिक सुधार, निष्पक्षता र प्रशासनको प्रजातान्त्रीकरण, सुशासन र कानुनी राजको ग्यारन्ण्टी, प्रशासनमाथिको राजनीतिक हस्तक्षेपको अन्त्य, शासनसत्ताको केन्द्रीकृत सार, रूप र ढाँचाको अन्त्य र बिकेन्द्रीकरण तथा स्थानीय निकायको स्वायत्तताको ग्यारेण्टी जस्ता कुराहरूलाई पनि बार्ताको एजेण्डामा सामेल गरिनु पर्छ र बार्ताकै क्रममा सुनिश्चित गरिनु पर्दछ । जातीय, भाषिक, धार्मिक र सांस्कृतिक समानताका हकहरूको स्थापना र बिभेदको अन्त्य पनि बार्ताको क्रममा समस्याको निकाससँगै आउनु पर्दछ । यस्ता कुराहरूले समाजलाई समग्र रूपमा अग्रगति दिने र समस्याको दीगो र भरपर्दो समाधान दिने हुनाले राजनीतिक मात्र होइन आर्थिक, सामाजिक, प्रशासनिक लगायतका यावत ज्वलन्त बिषयहरू यसपल्ट बार्ताका एजेण्डामा सामेल गरिनु र नयाँ उचाइबाट समाधान दिइनु पर्दछ ।

अनेक रूप, प्रकृति र मात्राका समस्या अनेक छन्, समस्याका कारणहरू पनि त्यसरी नै थुप्रै छन् । तर आजका सबभन्दा ठूला, बिकराल, मूलभूत र ज्वलन्त समस्या र तिनका कारण भने बास्तबमा राष्ट्रका अधीनमा नभै संस्था बिशेषका मातहतमा सेना हुनु र तिनले राष्ट्रको हितमा भन्दा आफ्नै संस्था बिशेषका हितमा त्यसको प्रयोग गर्नुमा रहेका छन् । संबिधानमा जेसुकै लेखिएको र जसले जेसुकै तर्क दिए पनि आज राजसंस्थासंग शाही सेना हुनु र माओबादी समूहसंग 'जनसेना' हुनुले नै प्रतिगमन र हिंसात्मक क्रियाकलापको अवस्था सिर्जना भएको हो । दरबारी प्रतिगमन र माओबादी हिंसात्मक क्रियाकलाप यी दुईबटा समस्या नै नेपाली समाजका आजका मूल र ज्वलन्त समस्या हुन् । जसको समाधान बिना आज मुलुक अघि बढ्न सक्ने स्थितिमा छैन । सेना राष्ट्रको हुन्छ, संस्थाबिशेषको हुन सक्तैन । त्यही सत्य स्थापित हुन नसक्ताका परिणामहरू आज हामी भोगिरहेका छौं । त्यसकारण अब यस सत्यलाई स्थापित गर्न सक्नु र गरिनु पर्दछ । प्रकृया र माध्यम जेसेकै होउन्, ती सबै कुराभन्दा यो कुरा महत्वपूर्ण छ । नेपाली समाजलाई अग्रगति दिन, जसरी होस्, यही सत्यको स्थापनाले सर्वाधिक महत्व राख्तछ । त्यसो गरे पनि बार्तामा सहमत बिषयहरू कार्यान्वयनको अवधि अनावश्यक लामो समय नलिई निर्दिष्ट समयसीमाबद्ध गरिनु पर्दछ ।

**९ बार्ता आधारभूत सहमतिबाट प्रारंभ गरिनु पर्दछ**

अहिले ठूलो भिडन्त र क्षतिपछि एकातिर युद्धबिराम भएको छ,

आचारसंहिता जारी भएको छ र मुलुक वार्तातर्फ उन्मुख छ भने अर्कोतिर राजनीतिक शक्तिहरूका बीचमा तीव्र कटुता र गहिरो अविश्वासको वातावरण पनि व्याप्त छ । यस्तो स्थितिमा दक्ष सहजकर्ता र निष्पक्ष मध्यस्थकर्ताको पनि अभाव छ । यस्तो स्थितिमा वार्ताको असफलताको खतरा विद्यमान रहन्छ । सत्तापक्ष र माओवादी पक्ष बीचको दूरी अत्यन्तै ठूलो छ । अब यो दूरीलाई नजिक्याएर साझा सहमतिको एउटा बिन्दुमा पुऱ्याउनु कम चुनौतिपूर्ण र सजिलो कार्य छैन । वार्ता निश्चय नै निर्बाध, सहज र सरल रेखाबाट अघि बढ्ने छैन । यी कुराहरूलाई बुझेर नै वार्ताको प्रस्थान र प्रकृया अघि बढाइनु पर्दछ ।

सबभन्दा पहिले पारस्परिक चर्को अविश्वास न्यून गर्न र वार्ताको क्रममा धोकाधडीका संभावनाहरू रहन नदिन वार्ताको प्रारंभमै आधारभूत र मूल प्रश्नहरूमा स्पष्टता र सहमति हुनु आवश्यक छ, जसबाट वार्तालाई निर्विघ्न ढङ्गले अघि बढाउन सहज वातावरण निर्माण हुन सक्छ । त्यसका निम्ति चारवटा मूल विषयहरू त्यस्ता आधारभूत सहमतिका बुंदा बन्न सक्तछन् । जो यस प्रकार हुन सक्तछन् :-

१. सहअस्तित्व र सहकार्यको सहमति,
२. जनतामा सार्वभौमसत्ता र बहुदलीय प्रजातान्त्रिक प्रणालीको सहमति,
३. ठूला र अग्रगामी सामाजिक-आर्थिक सुधारको सहमति र
४. राष्ट्रिय हितको रक्षा र सम्बर्धनको सहमति ।

अर्काको अस्तित्वलाई समाप्त पारेर आफ्नो एकलौटी अस्तित्व र वर्चस्व कायम गर्ने सोच र त्यसबाट उत्पन्न कियाकलाप सबभन्दा ठूलो र चर्को द्वन्द्वको कारण हुन्छ नै । द्वन्द्वरत दुई पक्षबीच सहमतिको बिन्दुमा पुग्ने हो भने सबभन्दा पहिले एक-अर्काको अस्तित्वलाई स्वीकारेर सहअस्तित्वमा बाँच्ने र निश्चित विधि र परिधिहरू निर्धारण गरी तिनका दायरा भित्र रही सहकार्य गर्न तयार हुने कुरामा सबभन्दा पहिला दुबै पक्ष स्पष्ट र सहमत हुनु पर्दछ । त्यसो भएमा र त्यस्तो भरपर्दो प्रतिबद्धता भएमा मात्र पारस्परिक अविश्वास र शङ्कालाई हटाएर विश्वासको आधार निर्माण गर्न सकिन्छ । त्यस आधारको जगमा उभिएर मात्र वार्ता अघि बढाउन र सहमतिको भवन निर्माण गर्न सकिन्छ ।

सह-अस्तित्व र सहकार्यको सहमति सुन्दा जति सहज र सामान्य कुरा लाग्दछ त्यसलाई प्राप्त गर्न त्यति सजिलो भने छैन । शाही सेना र 'जनसेना'को सह-अस्तित्व, निरङ्कुश र सकृय हुन चाहिरहेको राजतन्त्र र गणतन्त्रका लागि लडिरहेको माओवादी समेतका पक्ष र शक्तिहरूको सह-अस्तित्व र सह अस्तित्व भए पछि स्वाभाविक रूपमा पैदा हुने र गरिनु पर्ने सहकार्य निश्चय नै सहज छैन । तर असजिलो र कठिन भए पनि द्वन्द्व र त्यसबाट हुने बर्बादीसंग तुलनै गर्न नसकिने गरी सहज र सरल छ । त्यसर्थ भिडन्तको ठाउँमा सहअस्तित्व र सहकार्यको रोजाइ र त्यसमा सहमति अत्यन्तै जरुरी छ । गत बर्षको वार्ताको सन्दर्भमा नै मैले यस सह अस्तित्व र सहकार्यको सम्बन्धमा त्यतिबेलाको स्तर र स्थिति अनुरूप नै भए पनि आफ्ना दृष्टिकोणहरू राखिसकेकोले यहाँ त्यस सम्बन्धमा सविस्तार जानु आवश्यक रहेन । त्यस्तै आधारभूत सहमतिका अन्य प्राथमिक र प्रारम्भिक बुँदा र विषयहरूमा सहमतिमा पुग्नु पनि अत्यन्तै जरुरी छ र त्यो कार्य त्यति कठिन पनि छैन । यी प्रारम्भिक सहमतिबाट प्रस्थान गरेर वार्ताको दौरान यी सहमतिका विविध पक्षहरूलाई विस्तृत, समृद्ध र संपुष्ट गर्न सकिन्छ । वास्तवमा वार्ताका यी आधार पनि हुन् र मूल एजेण्डा पनि हुन् । जसको सेरोफेरोमै सम्पूर्ण वार्ता, सहमति, अग्रगति र शान्ति सार्थक र उपलब्ध हुनेछ ।

१०. **निष्कर्ष** :

युद्ध र अशान्तिले नेपाल र नेपाली जनतालाई बर्बाद र वाक्क पारेको छ । जनता शान्ति चाहन्छन् र अब कुनै पनि हालत र मूल्यमा ( निरपेक्ष रूपमा होइन) अशान्तिको अन्त्य र शान्ति प्राप्ति हुनु पर्दछ । अहिले युद्धविराम भएर अस्थायी रूपमा शान्ति बहाल भएको स्थिति छ । आचारसंहिता समेत लागू भएर वार्ताको संभावना र सफलताका आशाहरू पनि पलाएका छन् । तर वार्ता असफल हुने र पुनः युद्ध वा अशान्ति भड्किने र मुलुक अझ ठूलो युद्ध, अझ भीषण नोक्सानी र अझ गहीरो पीडामा फस्न सक्ने खतरा पनि छँदैछ । त्यसकारण अहिले वार्ताको असफलता र पुनः हिंसाको खतरा रोक्न ध्यान दिनु र वार्तालाई निर्विघ्न र सार्थक ढङ्गले अघि बढाउन र त्यसमा केन्द्रित हुनु जरुरी छ । आर्थिक-सामाजिक पछौटेपन, गरिबी, असमानता र बिभेदहरूको समेत अन्त्य र प्रतिगमनका समस्याहरूको समेत यसै वार्ताको सन्दर्भमा निराकरण गरी समाजलाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक लगायतका तमाम क्षेत्रहरूमा अग्रगति दिइनु पर्दछ । संरचनागत पुनर्निर्माण र मानवीय पुनर्स्थापनालाई सजिलो र साकार पार्न सरकारले क्षति र स्थितिको समग्र विवरण समेतको स्वेतपत्र जारी गर्ने, वार्ता भाँडिन र असफल हुन नदिन दुबै पक्षले आचारसंहिताको कडाइका साथ परिपालना गर्ने, व्यवहारका दौरान त्यसलाई अझ सम्पुष्ट गर्दै लग्ने जस्ता कार्यहरू पनि वार्ताको सफलता र सार्थकताका लागि जरुरी छन् । वार्ता जोसुकैले गरे पनि राजनीतिक पार्टीहरूको सहभागिता र सहमति बिना त्यसको सफलता संभव नभएकोले दलहरूका लागि त्यस्तो सहभागिता र सहमतिको वातावरण अविलम्ब निर्माण गरिनु र राजनीतिक दलहरूबाट त्यसअनुरूपको दृष्टिकोण र भूमिकाको अपेक्षा पनि आज राष्ट्रले गरेको छ । यसका अलावा द्वन्द्व व्यवस्थापनको निम्ति वार्ता प्रक्रियामा, हित संरक्षणको सुनिश्चितता गर्न विभिन्न समुदाय, नागरिक समाज र जनताका विभिन्न तह, तप्का र सरोकारवाला संस्थाहरूको सहभागिता अनिवार्य छ । वार्ताको विकल्प छैन, शान्ति र अग्रगतिको विकल्प छैन । आज सबैले बुझ्नु पर्ने मूल कुरा र योगदान गर्नु पर्ने मूल विषय यही हो ।

**मितिः २०५९/१२/०२**

*धन्यवाद ।*

***नोट : (श्री केपी ओलीज्यूबाट तैयार गरिएको मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रद्वारा प्रस्तुत कार्यपत्र)***




केन्द्रद्वारा आयोजित 'शान्ति र अग्रगतिका लागि सार्थक वार्ता आजको आवश्यकता' विषयक गोष्ठीका वक्ताहरु क्रमशः डा. दुर्गा पोखरेल, श्री निलाम्बर आचार्य, श्री के.पी. शर्मा ओली, श्रीमती विद्या भण्डारी, डा. मिना आचार्य



केन्द्रद्वारा आयोजित 'शान्ति र अग्रगतिका लागि सार्थक वार्ता आजको आवश्यकता' विषयक गोष्ठीका सहभागीहरु




मानवअधिकार दिवसका अवसरमा यस केन्द्रद्वारा आयोजित 'वर्तमान परिस्थिति र मानवअधिकार' विषयक विचार गोष्ठीका वक्ताहरु श्री झलनाथ खनाल, श्रीमती विद्यादेवी भण्डारी, श्री मुकुन्द नेउपाने, श्री सुबोध प्याकुरेल, श्री गौरी प्रधान, श्री बाबुराम गिरी ।



२३ मसिर २०६० मा मानवअधिकार दिवसका उपलक्ष्यमा आयोजित विचार गोष्ठीका सहभागीहरु



जननेता मदन भण्डारीको ५२औं जन्मजयन्तीको अवसरमा 'मदन भण्डारी र प्रजातान्त्रिकरणको सवाल' विषयका विचार गोष्ठीका वक्ताहरु श्रीमती विद्या भण्डारी, श्री के.पी. शर्मा ओली, श्री वामदेव गौतम, श्री गुरु बराल, श्री चित्रबहादुर केसी, श्री विमलेन्द्र निधि, श्री हिक्मत कार्की ।



जननेता मदन भण्डारीको ५२ औं जन्मजयन्तीका अवसरमा आयोजित विचार गोष्ठीमा उपस्थित सहभागीहरु




दायाबाट रा.मा.अ.ओ सदस्य शुसील प्याकुरेल, राप्रपा प्रवक्ता रोशन कार्की, ने.का नेता श्री नरहरी आचार्य, केन्द्रकी अध्यक्ष श्रीमती विद्या भण्डारी, ने.क.पा. (एमाले) नेता श्री के.पी ओली, उपसभामुख श्रीमती चित्रलेखा यादव ।




संकटपूर्ण राष्ट्रिय राजनीति र प्रजातान्त्रिक निकास विषयक अन्तरसम्वाद कार्यक्रमका सहभागीहरु ।




सविधान दिवसका अवसरमा यस केन्द्रद्वारा आयोजित 'समस्या समाधानमा सविधानको प्रभावकारिता र सवैधानिक विकल्पहरु' विषयक विचार गोष्ठीमा सहभागीहरु श्री अशोक राई, श्री मुकुन्द नेउपाने, श्री केपी ओली, श्रीमती विद्या भण्डारी, उपसभामुख चित्रलेखा यादव, श्री नरहरि आचार्य, श्री रोशन कार्की, श्री सुशील प्याकुरेल



५० औं जन्मजयन्तीका अवसरमा जननेता मदन भण्डारीको सम्झनामा गीत गाउँदै राष्ट्रिय जनसांस्कृतिक मन्चका अध्यक्ष श्री जे.बी. टुहुरे ।




मानवअधिकार दिवसका अवसरमा आयोजित गोष्ठीमा विचार प्रस्तुत गर्नुहुँदै मानवअधिकार तथा शान्ति समाजका अध्यक्ष श्री कृष्ण पहाडीज्यू ।




मानवअधिकार दिवसका अवसरमा आयोजित गोष्ठीमा विचार प्रस्तुत गर्नुहुँदै सिविनका अध्यक्ष श्री गौरी प्रधानज्यू ।

# श्री के.पी. शर्मा ओली, नेकपा (एमाले), स्थायी कमिटी सदस्यका विचारहरू

सभाध्यक्ष विद्या भण्डारीज्यू, मञ्चमा आसिन अतिथि वक्ता महानुभावहरू र सम्पूर्ण मदन भण्डारी र मदन भण्डारीका सोचहरूलाई सम्मान आदर गर्ने महिला तथा पुरुष साथीहरू । आज हामी नेपाली राजनैतिक आकासका उज्ज्वल नक्षत्र, नेपाली राजनीतिका शताब्दीनायक जननेता मदन भण्डारीको ५२ औं जन्मजयन्तीको अवसरमा यहाँ उपस्थित भएका छौं । उहाँको अनुपस्थितिका दस वर्ष वितेर गएका छन् । नेपालको राजनीति मदन भण्डारीको नेतृत्वमा र मदन भण्डारीको अभावमा घटनाक्रमहरू आफै बोल्छन्, सफलता असफलताहरू आफै बोल्छन् त्यसैले मैले धेरै भनिरहनु पर्छ जस्तो लाग्दैन । मदन भण्डारी ०४६ सालको भदौमा तत्कालीन नेकपा मालेको महासचिव हुनुभयो । उहाँले नेपालको र अर्न्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनको पनि समीक्षा गरेर, तिनका अनुभवहरूलाई लिएर कम्युनिस्ट आन्दोलन वास्तवमा के हो र त्यसलाई कसरी ठीक ढङ्गले अगाडि बढाउनुपर्छ, त्यसको आफ्नोपन हरेक देश, समय परिस्थिति अनुसार त्यसलाई आफ्नो ढंगले कसरी अगाडि बढाउन सकिन्छ त्यस सन्दर्भमा पार्टीको चौथो महाधिवेशनमा उहाँले प्रस्तुत गरेका विचारहरू वास्तवमा नेपालको राजनीतिक आन्दोलनलाई उलटफेर गर्ने, त्यो आन्दोलन र परिस्थितिलाई उलटफेर गरेर आन्दोलनलाई एउटा सफलताको बिन्दुमा पुऱ्याउने र मुलुकलाई साँच्चै अग्रगामी दिशा दिने त्यस कुराका निम्ति सहयोगी भए, उपयोगी भए । म सम्झन्छु मदन भण्डारी तत्कालीन माले पार्टीको महासचिव हुने बित्तिकै उहाँले पहिले पार्टीभित्र निरंकुशता र निर्दलीयता विरोधी नीति पास गर्नु भयो । बहुदलीय प्रजातान्त्रिक शासन प्रणाली अहिले स्थापना गर्न सकिने विषय हो र त्यसका लागि अगाडि बढ्नुपर्छ भनेर उहाँले माग अगाडि बढाउनु भयो । त्यसपछि अन्य वामपन्थी समूहसँग कुरा गरेर सातवटा वामपन्थी समूहको एउटा साभा मोर्चा बन्यो । त्यसलाई संयुक्त वाममोर्चा भनियो । त्यसमा वैचारिक हिसाबले, पहल प्रयासको हिसावले र नीतिको हिसावले मदन भण्डारीको अगुवाई थियो । यद्यपि नेपालको कम्युनिस्ट आन्दोलनमा उमेरको हिसाबले, आन्दोलनमा संलग्नताको हिसाबले थुप्रै जेष्ठ साथीहरू नहुनुभएको होइन । मैले उहाँहरूको कद होचो गर्न खोजेको होइन तर यथार्थता के हो भने मदन भण्डारीका सोचका कारणलेनै ती कुराहरू सफल भएकाथिए । नेपाली काँग्रेस भित्र यतिसारो जडता थियो, यतिसारो कम्युनिस्ट विरोधी भावना थियो कि कम्युनिस्ट भनेपछि एलर्जी हुन्थ्यो । तर मदन भण्डारीका सशक्त विचारहरूले नेपाली काँग्रेसलाई पनि यद्यपि वर्तमानमा कम्युनिस्टहरूसँग कार्यगत एकता गरेर प्रतिगमनका विरुद्ध उठेका नेताहरू त्यतिबेला ३० वर्षे पञ्चायत फ्याक्न र निरंकुशता फ्याक्न पनि कम्युनिस्टहरूसँग सँगै जान तयार नभइरहेको अवस्था थियो । तर नेपाली काँग्रेसभित्र खासगरी गणेशमानजीको पहल, उहाँको दृढता र प्रजातन्त्रप्रतिको उहाँको निष्ठाको कारणले नेपाली काँग्रेस र वाममोर्चाका बीचमा पनि त्यसबेला यद्यपी संयुक्त मोर्चा बन्न सकेन, कार्यगत एकता हुन सकेन तर त्यसलाई एकप्रकारको अस्थायी संयन्त्र भन्ने नाम दिएर भएपनि एकताबद्ध आन्दोलन सञ्चालन गरियो । त्यसका पछाडि त्यसभन्दा अगाडिदेखि नेपाली जनताले चिनेका थुप्रै नेताहरू थिए, नेपाली राजनीतिक इतिहासमा स्थापित नामहरू थिए । त्यसबेलासम्म नेपाली आन्दोलनको चुरो भागमा मदन भण्डारी हुनुहुन्छ भन्ने कुरा नेपाली जनतालाई थाहा थिएन । त्यसकारण आन्दोलनभरि, आन्दोलनका समाप्तिपछि पनि केही समयसम्म त्यस आन्दोलनको आयोजना र सफलतामा मदन भण्डारीका सोचहरू, पहल र प्रयासहरको भूमिका थियो भन्ने कुरा धेरै स्पष्ट हुन सकेन किनभने मान्छेले चिन्नै पाएका थिएनन् । त्यसपछि विस्तारै मदन भण्डारीलाई नेपाली जनताले चिन्दै गए र ०४६ सालको आन्दोलनलाई धरमराउन नदिन, त्यस आन्दोलनलाई असफल पार्ने षड्यन्त्रलाई सफल हुन नदिन वास्तवमा मदन भण्डारीले वैचारिक हिसावले अत्यन्तै खबरदारी गर्नुभयो । २६ गते बेलुका एकतहको आन्दोलन टुङ्गियो र सहमति समेत भइसकेपछि समेत 'अब यसमा असहमत हुनेहरूलाई कुनामा पुऱ्याएर धकेलिदिन्छौ, आइसुलेसनमा पुऱ्याएर समाप्त पारिदिन्छौ' भनिसकेपछि पनि प्राप्त उपलब्धिहरूको रक्षा गर्नुपर्छ र बाँकी उपलब्धिहरूका लागि लड्नुपर्छ किनभने अझै पनि जनताका अधिकारहरू सुनिश्चित भइसकेका छैनन्, हामीलाई नेपाली काँग्रेसको सम्झौतापरस्त, घुँडाटेकुवा चरित्रहरूका बारेमा राम्ररी थाहाथियो । नेपाली काँग्रेसका सम्झौतापरस्त, घुँडाटेकुवा र हतारमा सत्तामा जाने प्रवृत्तिहरूले ०७ सालमा पनि आन्दोलनलाई पूर्णता हुन नदिने र त्यसभन्दा पछि पनि आन्दोलनमा दह्रो गरी नलाग्ने र जनताको पङ्क्तिलाई एकजुटहुन नदिने त्यसखालका कुराहरू हुँदैथिए र एकतावद्ध भइरहँदा पनि नेपाली काँग्रेसमा जनविरोधी चरित्रहरू, कम्युनिस्ट विरोधी नीतिहरू र यथार्थमा भन्ने हो भने परिवर्तन गर्न नचाहने त्यसखालका सीमाहरू हामीलाई थाहा थियो । वास्तवमा २७ गते देखी नै केही मतभेदहरू देखापरे तर पनि नेपाली काँग्रेसभित्र परिवर्तनको पक्षमा यस्तो लहर जनआन्दोलनको पक्षमा सुरुभइसकेको थियो कि नेपाली काँग्रेसकै नेताले पनि हुटिङ खानुपर्ने स्थिति भयो र त्यो लहरमा त्यो परिवर्तनको पक्षमा उभिन नखोज्दाखेरी त्यो कुरालाई नेपाली जनताले अगाडि बढाएर लिएर जाने उत्सुकता देखाए । त्यसपछि सरकारमा सहभागिताको प्रश्न र संविधान निर्माणको प्रश्नलाई देशव्यापीरूपमा लिएर जाने प्रश्न यी तमाम प्रश्नहरूमा जननेता मदन भण्डारीको महत्वपूर्ण योगदान रह्यो । त्यसपछि संसदीय अभ्यासको सन्दर्भमा पनि जननेता मदन भण्डारीको महत्वपूर्ण योगदान रह्यो । अहिले हामी स्मरण गरौं ०४६ सालको कार्तिक २३ गते संविधान जारी

भइसकेपछि कार्तिक २८ **गते खुल्ला** मञ्चमा जननेता मदन भण्डारीले **हामीले यस संविधानलाई आलोचनात्मक** समर्थन गरेका हौं। यो उपलब्धिपूर्ण **कुरा होइन भन्ने कुरा छैन, उपलब्धिपूर्ण** हो। पहिले भन्दा तुलनात्मकरूपले **यो** अगाडि **बढेको छ तर अझै पनि** यसमा कमी कमजोरीहरू छन्। यसले अझै पनि **जनताका भावनाहरू** प्रतिबिम्बित गर्न सकेकोछैन। ती कुरामा हाम्रा अस**हमतिहरू छन्** र आगामी दिनहरूमा ती कुराहरू सच्याउँदै अगाडि **जानुपर्छ भन्ने** कुरा २७ बुँदामा आफ्ना फरक विचारहरू आफ्**नो पार्टीका तर्फबाट अगाडि** सार्नुभयो। त्यसबेला र त्यसपछि निकै लामो **समयसम्म** नेपालमा यस्तो अवस्था रह्यो कि त्यो संविधान भनेको **मानौं इसायीहरूको बाइबल,** मुसलमानको कुरान, हिन्दूहरूको बेदपुरान **त्यही ग्रन्थ हो। यो ब्रम्ह**को नाभी कि तालु कि कताबाट निस्किएको **जसमा कुनै** हेरफेर हुनै सक्तैन भन्ने एउटा धार्मीक अन्धता रह्यो। **संविधानमा** यिनीहरू त अझै कतिपय कुराहरू फेर्ने कुरा गर्छन् भनेर **उडाउने कुरा** गरे। आज स्पष्ट भएको छ माओवादीहरू देखि अरु **अनेकले पनि** संविधान संसोधनका सन्दर्भमा, संविधान हेरफेर गर्ने सन्दर्भमा, **नयां संवि**धान निर्माण गर्नुपर्ने सन्दर्भमा अब के परिवर्तन, अब के **संसोधन,** के हेरफेर गर्नुपर्ने छ भन्दा तिनै मदन भण्डारीले अगाडि **सार्नुभ**एका २७ वटा बुँदाहरूको सेरोफेरोमा नै उठाइरहेकाछन्। अर्थात् मदन भण्डारीले त्यसैबेला, १३ वर्ष अगाडि नै यथार्थमा कहां कमजोरीहरू रहन गएकाथिए ती कुराहरलाइं देख्नु भएको थियो। म भन्दा अगाडि पनि साथिहरूले राखिसक्नु भएको छ कुराहरू, फेरि मैले समयलाइं पनि ख्यालमा राख्नु छ। मैले आज थुप्रै विषयमा कुराहर भन्नुथियो तर मलाइं समयले साथ दिइरहेकोछैन। यसकारण म अलि संक्षेपमा नै जान चाहन्छु। हामी आज देश एउटा गम्भीर संकटमा परेको अवस्थामा छौं। मदन भण्डारीको निधन अघि पनि बेठीक खालको कामहरू हुने र ती बेठीक कम रोक्न नसकिने खालको स्थिति लगातार अगाडि बढ्यो। त्यसैबेला पनि बेठीक खालका काम नभएका होइनन्। नेपाल अधिराज्यको संविधान २०४७ पहिले ठाडै खुल्लेआमरूपमा मिच्ने नेपाली कांग्रेस हो। टनकपुर सन्धि दिल्लीमा गएर गरेपछि सन्धि नै होइन भन्ने। सन्धि भनेको कस्तो हुन्छ भनेर परिभाषा गर्ने सन्धि ऐन त्यसको दफा २ त्यसलाइंनै फेर्न खोज्ने, त्यसमा पार नलागेपछि त्यसबेला जननेता मदन भण्डारी आन्दोलनको अग्रभागमा हुनुहुन्थ्यो, त्यसकारण नेपाली कांग्रेसको जिद्दी चलेन, त्यसमा नेपाली कांग्रेस सफल हुन सकेन। अनि एउटा बोगस समिति बनायो। सर्वोच्च अदालतको फैसला भन्दा पछि एउटा बोगस समिति बनायो र केही बुद्धिजीवीहरूको बुद्धि खरिद गरेर त्यत्रो महाकालीसम्बन्धी टनकपुर सन्धि, बाँध बाँधिने कुरा, पानी लगिने कुरा, विद्युत् लगिने कुरा दूरगामी महत्वको हुँदै होइन भनेर नक्कली निष्कर्ष निकाल्यो। संविधानको धारा १२६ आकर्षित हुँदैन भन्यो। मिच्ने जोडदार प्रयत्न गर्‍यो, त्यसका बिरुद्ध धेरै लडाइं लड्नु पर्‍यो, हामी पार्लियामेण्टमा, पहिले मदन भण्डारी हुँदा हामीले उहांको नेतृत्वमा संसद घेर्ने, नारा लगाउने स्थिति बन्यो। उहां नभएपछि पनि हामीले त्यसलाइं निरन्तरता दियौं। बास्तबमा आज यस स्थितिमा पुगेपछि भनिरहनु पर्दैन, आज एकातिर माओबादी समस्या छ, अत्यन्तै गम्भीर, दसौं हजार मान्छे हतियारबन्द, सशस्त्र भएर राज्यको संविधान, ऐन कानुनभन्दा बाहीर आफ्नै स्वेच्छाले त्यसको संचालन र प्रयोग गरिरहेको स्थिति, यो भनेको डरलाग्दो स्थिति हो। माओबादीको पार्टीका आफ्नै बिधान बाहेक त्यो सेना सञ्चालन गर्ने राज्यको कुनै बिधान छैन। त्यसको कुनै इन्साफ छैन। त्यो सेना कसरी परिचालन हुने त्यसको कुनै लेखाजोखा छैन। यसप्रकारको स्थिति मुलुकमा छ। कि भर्खर यहां आयो कुरा, कति मान्छे मनमौजी मारेकाछन्। हामीले देखेका छौं कति मान्छे काटेकाछन्, अंगभंग गरेकाछन्। कतिसंग चन्दा असुल गरेकाछन्, कतिसंग बलजफ्ती लिएकाछन् हामीले देखेकाछौं। यसरी उनीहरूले एउटा बितण्डकारूपमा समस्या खडा गरिरहेकाछन्। अर्कोतिर त्यो भन्दापनि अब ०४६ सालमा जनताले लडेर आन्दोलनलाइं सफल बनाएर जुन संविधान ल्याएकाथिए, जनताका अधिकारहरू जुन थिए ती खोसिए। यति जटिल अवस्थामा हामी छौं। यति जटिल अवस्थामा हामी हुँदा हामीले बिगतका कुराको समिक्षा र मुल्याङ्कन गर्नु पर्दछ कि पर्दैन ? अहिले आन्दोलनको अग्रभागमा लाग्ने नेताहरूले हिजो शासनमा हुँदा प्रजातन्त्रको नाममा गरेका अप्रजातान्त्रिक कुकर्महरूको आत्मालोचना गरेर अगाडि बढिदिएहुन्थ्योनि। ०४८ सालको आम निर्वाचनभन्दा पछि नेपाली कांग्रेसको बहुमतको सरकार बनेपछि त्यसबेला शान्तिपूर्ण जुलुस देख्न भएन, गोली हानेर, भोलि मशाल जुलुस छ भन्दाभन्दै मशाल जुलुस गर्नेहरूको मशाल नखोस्नोस् भन्दाभन्दै नेपाली कांग्रेस सरकारमा गएका बेला मशाल जुलुस बोकेर हिड्नेको टाउको फुटाइदिने, हात भाँचिदिने, समातेर सार्बजनिक अपराधमा जकाइदिने, छोड्दै नछोड्ने भनेर नेपाली कांग्रेस कस्सीयो। प्रदीप ज्ञवाली यहीं हुनुहुन्छ। बल्ल टाउको ठीक भएर यहां आउनु भएको छ। अस्तिको रांके जुलुशमा फुटेको टाउको लिएर। भोली फेरि रांके जुलुश आइपुग्यो। आफू शासनमा भएका बेला थाहा नपाउने। प्रजातन्त्र भनेको आफ्नो पार्टी र पार्टीको स्वार्थ हो भनेर बुझ्ने, प्रजातन्त्र भनेको ढांटढुंटको व्यवहार हो भनेर बुझ्ने, प्रजातन्त्र भनेको राज्य पार्टीको, राज्यभित्र पार्टीकरण, पार्टीभित्र गुटकरण, गुटभित्र व्यक्तीकरण, आफ्नो स्वार्थअनुसार चलाउन खोज्ने। भएन ? सम्झना दाहाल के भएर मारिइन् ? अनिश शाक्य के भएर मारिए ? अर्धखांचीका बसीर मियां के भएर मारिए ? बास्तवमा अत्यन्तै शान्तिपूर्ण प्रजातान्त्रिक हक अधिकार उपयोग गरेर आफ्नो कुरा भन्न खोज्दा भन्न नपाएर मारिए। यसले गर्दा प्रजातन्त्र किन कमजोर भयो ? जनता बिरक्त भयो। जनताका लागि केही गरिदैन, महिलाहरूले अधिकार खोजे। यो १३, साढे १३ वर्षमा महिलाहरूलाइं समानताको अधिकार दिन सकिदैनथियो? तराइमा नागरिकताको समस्या समाधान गर्न सकिदैनथियो? रोजगारीका केही थप अबसर सृजना गर्न सकिदैनथियों? एकपटकमा ५, ५ महिना बार्ता गरेको छु मैले। गरिबसंग बिशेश्वर भनेको छ कांग्रेसका कार्यकर्ता भर्ती गरेको छ, पुलिसलाइं भन्यो, मलाइं आदेश छ हजुर माथिबाट, म केही

गर्न सक्तिन । कानुनअनुसार गर न भन्दा जागिरको सवाल छ जागिर । खान कांग्रेस बाहेकले नपाउने, सरुवा राम्रो ठाउँमा कांग्रेस बाहेकले नपाउने ! भएन त्यस्तो ? सत्ता यसरी चल्यो, दलित कराएका कराएकै छन् । उत्पीडित कराएका कराएकैछन् । जातिजनजातिले समान अधिकार भएन भनेका भनेकै छन् । अल्पसंख्यकले समान अधिकार भनेका भनेकैछन् । हिन्दूहरू बाहेकले हाम्रो पनि देश हो, हिन्दूहरूको मात्रै नबनाउनोस्, धर्मनिरपेक्ष बनाउनोस् भनेका भनेकैछन्, सुनियो कतै ? जब माओवादीले कन्चटमा बन्दुक ताक्यो, अनि संसोधन त गर्नुपर्छ कि क्या हो भन्ने त्यतिबेला बुद्धि खुल्यो । अब राजाले आएर गर्दनमा हात पछाडिबाट लात लाएर मुण्ट्याएपछि होस खुल्या हो भने कमसेकम हामीलाइं होस् खुल्यो त भन्नुपर्‍यो । त्यो पनि खुले जस्तो अझै त्यति लाग्दैन । अनि वास्तवमा हुन त के.सी.जीले म तिर इन्गीत गर्नु भएको होइन होला तर मैले एउटा कुरा बोलेको थिएँ र मलाईत्यो पनि पर्न सक्छ । मैले भन्दै आएको छु मुलुकमा उग्रपन्थता कसरी बढ्यो? कम्युनिस्ट आन्दोलनलाई प्रजातान्त्रिक बाटोमा लाने, कम्युनिस्ट आन्दोलनभित्र, बहुदलीय प्रतिष्पर्धा, संविधानको सर्वोच्चता, बहुदलवादी खुला समाज, प्रतिष्पर्धात्मक खुला समाज आदि कुराहरू कम्युनिस्ट आन्दोलनभित्र र कम्युनिस्ट आन्धोलनको प्रतिष्पर्धी क्षमता वृद्धि गरेर स्वस्थ्य प्रतिष्पर्धात्मक स्थितिमा सिंगै समाजलाई डोर्‍याउने । जनताको बहुदलीय जनवाद किन चाहियो? अघि मलाई चक्रजीले पनि सोध्नुभयो । डेमोक्रेसी मात्रै भन्दा यो जनताको विरुद्धमा जनविरोधीहरूले खेलाउने एउटा चटकेको खेलजस्तो भयो । त्यसकारण जनताको भनेको जनतालाई प्राथमिकता दिने त्यसमा जनताको शासन जस्तो कुरा समावेश छ । अब ती कुराहरूमा त्यति जोड दिएर कम्युनिस्ट आन्दोलनभित्र प्रजातान्त्रीकरण, समाजमा प्रजातान्त्रीकरण गरेर लिएर जाने त्यस्तो नेताको हत्या भयो । शान्तिपूर्ण ढंगले अगाडि जान खोज्ने र प्राजातान्त्रिक तरिकाले अगाडि बढ्ने, प्रतिष्पर्धाको बाटोबाट अगाडि बढ्ने अगुवाकै हत्या भएपछि त्यस हत्याले के सन्देश दिन्छ ? माओवादीहरूले तत्काल भने, तपाईंहरूले पार्टी खुल्ला गर्नुभएको छनि, संसद कुद्नु भएको छनि, त्यही भएर भूमिगत नभएको भएर प्याट्ट, प्याट्ट मार्छन् । आठ दशहजार मानिस मरिसके, ब्यारेक ब्यारेक उठाइसके तैपनि चेत त फिरेको रैनछ । अनि त्यो कुरा देखेपछि उग्रपन्थता बढ्छ कि बढ्दैन? अर्को कुरा एमाले निर्वाचनको बाटोबाट, प्रजातान्त्रिक बाटोबाट सरकारमा पुग्यो, अनि अदालतमा मुद्दा हालेर संविधानमा नभएको फैसला गरेर एमालेलाई सरकारबाट हटाउने काम भयो । जति बहुमत ल्याए पनि के गर्नु ? एउटा मुद्दा हालिदिन्छ अनि खिस्रिक्क धपाइदिन्छ अनि बन्दुक नभई केही हुँदैन भनेर बढ्यो कि बढेन? अर्को कुरा सर्वोच्च अदालतले माओवादी उग्रपन्थीहरूलाई बढावा दिन त्यसरी वैचारिक रूपमा माओवादीहरू त्यसरी हुर्कनका निम्ति सम्मानित सर्वोच्च अदालतको असंवैधानिक फैसला, संविधान मिचेर गरेको राजनैतिक फैसला, मुलुक बर्बाद पार्नेहरूको काम, न्यायाधिशको कुर्सीमा बसेपछि आँखा नदेख्ने, मन्त्रीको कुर्सीमा पुगेपछि आँखा नदख्ने अनि मिच्दै जाने, थिच्दै जाने, पछि हरेकले थाह्रा पाउनुपर्छ मुखियाल्लाई रजौटाले पेल्छ, रजौटालाइं अर्को राजाले पेल्छ, राजालाई बादशाहले पेल्छ, बादशाहलाई पेल्ने अर्को चक्रवर्ती निस्कन्छ । त्यसकारण प्रजातान्त्रिक अभ्यास भनेको वास्तवमा एउटा समग्र आचरणको कुरा हो । अहिलेको परिस्थिति थाहापाउनुपर्छ भनेर मैले भनेको हुँ । अहिलेको परिस्थिति वास्तवमा मैले अघि अलिकति सन्दर्भ उठाउन लागेको थिएँ त्यो सन्दर्भ के भने कार्यकारिणी अधिकारसहितको प्रधानमन्त्रीको सिफारिसमा मन्त्री परिषद्को गठन राजनीतिक दलहरूले गर्नुपर्छ । मेरो दृढ मान्यता छ । राजनीतिक दलहरूले कुर्सी प्राप्त गर्ने, सरकारमा पुग्न खोज्ने, लोकेन्द्रको ठाउँमा आफु, सूर्यबहादुरको ठाउँमा आफु असार भरीमा सूर्य बहादुर हट्नु त के भोलिनै सूर्य बहादुर हटेर अर्को प्र.म. भयो भने पनि त्यो राजाका हातमा अधिकार, राजाका हातमा शक्ति रहुन्जेलसम्म एकछिन हामीले चाहिं बनाइदिए भनेपनि त्यो भ्रम नपाले हुन्छ । संविधान मिच्चिइ सक्यो, व्यवस्थाको थाप्लोमा कुल्चिइसक्यो । त्यसकारण प्र.म.को सिफरिसमा मन्त्री परिषद्को गठन, कार्यकारिणी अधिकार अस्ती लोकेन्द्र बहादुरजीले पाएं भन्दै थिए, त्यसपछि होइन, लेखेर दिएको छैन भनेर नेताहरूले भाषण गर्नुभयो, यसपटक लेखेरै दिए । लेखेर दिन्छन्, फेरि लेखेर लिन्छन् । लेखेर दिनेलिने रहुञ्जेलसम्म यसको अन्त्य कसरी हुन्छ ? त्यसकारण जरोमा नजाने अनि हाँगा र पातपातमा समस्या खोज्ने ? यस्ता खुद्रा मसिना कुरामा लागेर हुँदैन, अब समस्याको समाधान समग्रतामा खोजिनुपर्दछ । यो भनेको यो देशमा सामाजिक संरचनामा, सामाजिक संस्कारमा, अर्थतन्त्रमा, हाम्रा सामाजिक परिपाटीमा उथलपुथल हुनुपर्छ, हुन्छ । अग्रमागी उथलपुथल गर्न तयार छौ भने अग्रमागी उथलपुथल हुन्छ, छैनौ भने प्रतिगामी उथलपुथल हुन्छ । लामो समय अगाडिदेखि मैले संसदमा पनि, हाम्रो पार्टीको केन्द्रीय कमिटिको बैठकमा पनि कुरा राखें । खासगरी हाम्रो पार्टी अग्रगमनका लागि तयारै थियो, अरु पार्टीहरू र खासगरी नेपाली कांग्रेस संविधान संशोधनसम्म जान पनि तयार भएन । यो विघटन हुनुभन्दा अगाडिसम्म त संशोधन कि संशोधन भन्दा त्यति पनि कांग्रेसले नमान्या होइन ? घाम जुन रहुन्जेल अब हामी सांसद रह्यौ भन्ने भ्रम पर्‍यो । त्यसकारण संशोधन गर्नसम्म पनि नमानेर अवस्था यहाँसम्म आयो । अब आन्दोलनमा अस्पष्टता के छ भने संविधान संशोधन सार तत्वमा संशोधनभन्दा माथि जान सक्तैन हामी भनिरहेका छौ । तर संविधान संशोधन कहाँबाट गर्नुहुन्छ ? प्रतिनिधि सभा नै छैन, प्रतिनिधिसभा आएपछि, त्यसको एउटा समय हुन्छ । समयमा पाँच गाउँ दिएको भए महाभारतको युद्ध हुँदैनथ्योहोला । समय खुस्किसकेपछि युद्धको अन्तिम समयमा पाँचगाउँ मागेको थिइस् दिन्छु भनेर हुन्छ? ४८ सालभन्दा पछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, गृहमन्त्री शेरबहादुर देउवा हुनुहुन्थ्यो, मैले धेरैपल्ट भेटेर उहाँहरूलाई भनें । रोल्पा रुकुममा तपाईंहरू जुन शासन चलाउँदै हुनुहन्छ, जस्तो शासन चलाउँदै हुनुहुन्छ त्यस शासनले मभन्दा बलिया बाँगा पनि होलान्नि, त्यहाँ म दुब्लै भएपनि खुकुरी समाएर दिउँदिउँ लाग्ने, कति सहनु ? लोग्ने मारिदिएको छ,

श्रीमतीलाई ज्यानमाराको मुद्दा भिराएर जेल हालिदिएको छ। दाजु मारिदिएको छ, भाइलाई मुद्दा लाइदिएको छ, बाबु मारिदिएको छ, छोरालाई मुद्दा लाइदिएको छ। एउटा एउटा जिल्लामा २४,२५ सय, तीनहजार थान मुद्दा, यो पहिलो काँग्रेसको शासनकाल त सम्भिन पनि मन लाग्दैन मलाई त। एउटा ताप्लेजुंग जस्तो दुर्गम जिल्लामा कति करोडको, एमालेका कार्यकर्ताले कति करोडको धरौटी राखेकाछन्, सार्बजनिक अपराधको मुद्दामा, कति सय थान मुद्दा लगाइयो। अब अहिले एउटा पनि मुद्दै लाग्दैन, किन ? छुप्काइहाल्छन् माओबादीले के को मुद्दा ? अब त्यसो भएर जनताले राजनीतिक दल छोड्यो, राजनीतिक दल छोडेपछि सरकार छोड्यो, बिपरीत बाटो हुँदै जनता निराश हुँदै गयो। धेरै अगाडि देखि हामी भन्दै आयौं, अब यहाँ नेपालमा त कस्तो भयो भने महाभारत कालमा चारवाग भन्ने एउटा विद्धान थिए भौतिकवादी, उनले भौतिकवादी कुरा गरेको हुनाले धुर्त पण्डीतहरूले ढुंगाले किच्याएर मारे। अहिलेको नेपालमा पनि त्यस्तै त्यस्तै हुन खोजेको छ। चाहिने कुरा, भएको कुरा, ठीक्क कुरा गर्‍यो भने त ढुंगाले हान्छन् कि भन्ने डर भइहाल्छ। साँच्चै आन्दोलन गर्ने हो ने परिस्थिति कहाँ पुगेको छ त्यसलाई बुझ्नुपर्छ। अब टुप्पा टुप्पाको कुरा गरेर हुँदैन। टुप्पा टुप्पाको कुरा गरेर समस्या समाधान हुनेबाला छैन। सरकारको हेरफेर, मन्त्रीका कुरा गरेर अब पुग्दैन। केही आँखा नखुलेका, बोली बोल्न नजानेका कि तालिम नभएकाहरू त यति सम्म कि अहिले भर्खर चित्रबहादुर के.सी.जीले यहाँ बसिराखेका ठाउँमा चक्रजी र मलाई पनि सोध्नुभयो सूर्यबहादुर थापाको मन्त्री हुन जाँदै हुनुहुन्छ भन्ने हल्ला छनि तपाईंहरू दुई भाइको ? के हो भनेर। यो भन्दा निम्न कोटिको, संस्कारहीन प्रचार के हुन्छ ? केही मान्छेहरू त्यो प्रचार गरिरहेकाछन्। के.पी.ओली आन्दोलन विरुद्ध छ पनि भन्दैछन्। म त्यसको प्रतिवाद पनि गरिरहन्न। म के भन्छु भने ३०,३२ वर्ष अगाडिदेखि मैले एउटा राजनीतिक र वैचारिक संघर्ष गरिरहेकोछु। फेरि पनि को आन्दोलनको पक्षमा छ को छैन, हेर्दै जाउँ, २,४ वर्ष ५,१० वर्ष अरु हेर्दै जाउँ। अझै अलिकति परिस्थिति टाइट हुने हो भने कति आन्दोलन छाडेर भाग्छन् हेर्न पाइनेछ। हामीले हेरेका छौं, संघर्षको अलिकति अनुभव हामीसँग पनि छ र म कमसेकम दावीपत्र भन्नोस्, मागपत्र भन्नोस्, विन्तीपत्र भन्नोस् कुनै हाल्न गएको छैन र मलाई त्यस्तोमा विश्वास पनि छैन र म जनताको अधिकारको पक्षमा उभिन्छु र नेताहरूले आफ्नो छुद्र स्वार्थ पूरा गर्नका लागि खेलवाडपूर्ण ढंगले चालेको कुरालाई उचित पनि ठान्दिन। साँच्चै आन्दोलन गर्ने हो भने सम्पत्ति छानविन आयोगमा स्पष्ट पार्न नसक्नेका मान्छेहरू कमसेकम आन्दोलनको जुलुसको अघिल्लो लाइनमा हिड्न नपाउने गरौं न, जनता अलिक आउँछ। अख्तियारमा जवाफ दिन नसक्नेहरू वक्ता हुन नपाउने गरौं न, जनता अलिक आउँछ झण्डा बोकेर। किन आउँदैन अहिले जनता आन्दोलनमा ? म पनि कहिले काहिँ रेडियो सुनेर जान्छु आन्दोलनमा, थाहाहुन्छ रेडियोबाट जुलुस छ भनेर, ताजुब लाग्छ आन्दोलनकारीहरू देख्दा। यहाँ पुर्‍याउने पनि तिनीहरू, प्रजातन्त्रलाई मेट्ने बोक्सी पनि तिनीहरू, अहिले ढ्यांग्रो ठटाउने धामी पनि तिनीहरू। पार्टी भनेको जनतालाई सुन्न नसक्ने बनाउने पनि तिनीहरू, आन्दोलनमा अगाडि अगाडि लाग्ने पनि तिनीहरू। तर गिरिजाप्रसाद कोइराला अलि सोझो सोझै हुनुहुँदोरहेछ, अस्ति आन्दोलनका उद्देश्य मध्ये एउटा उद्देश्य इयाट्टै खोलिदिनुभयो। यही रामचन्द्र पौडेल, यही सुशिल कोइराला, यही शैलजा, यही चक्र बाँस्तोला, यही गोविन्द जोशीको अनुहार मात्रै कति हेर्ने ? अब नयाँ नेतृत्व चाहियो भनेर उहाँले भन्नुभयो। को नयाँ नेतृत्व होला भन्या भोलिपल्ट छोरी लिएर जानु भएछ। उहाँको उद्देश्य त अलिकति इमानदार जस्तो लाग्यो। तर आन्दोलन सानो र संकिर्ण चित्तले हुँदैन। आन्दोलनको सन्दर्भमा हामीहरू जस्तो मान्छे प्रतिगमनतिर मिलेकाछन् भनेर कुप्रचार गर्ने मान्छे आन्दोलनकारी हुन् भनेर मलाई विश्वास लाग्दैन। यि आन्दोलन बिथोल्ने तत्वहरू हुन्। अर्कोकुरा आन्दोलनभित्र गम्भीर रूपमा कुनै न कुनै रूपमा घुसपैठ भएकै हुनुपर्छ। किन आन्दोलनमा यस्तो संकीर्णता ? एकातिर संकीर्णता छ अर्कोतिर आन्दोलनमा घुसपैठ छ तर आन्दोलन सामाजिक परिवर्तन, सामाजिक अग्रगति मानविय इच्छाको कुरा मात्र होइन। राजाले चाहँदैमा मुलुक पछाडि फर्कन सक्तैन। अलिकति नेताहरूले ढंग नपुर्‍याउँदैमा मुलुक यथास्थितिमा रहन वा पछाडि फर्कन सक्तैन। यो एक्काइसौं शताब्दी हो। मानवीय चेतनालाई नापेर नै राजाले १७ सालको जस्तो काण्ड गर्दा पनि फरक तरिकाले गरेका छन्। त्यसकारण यो आन्दोलनको मागमा स्पष्टता हुनुपर्छ भनेको। माओवादी समस्या समेत समाधान गर्नेगरी, शान्तिलाई स्थायित्व दिनेगरी र प्रजातान्त्रिक हक अधिकारलाई स्थापित गर्नेगरी प्रजातान्त्रिक प्रक्रिया प्रारम्भ हुनेगरी समस्या समाधान गराइदैन भने कसैलाई प्रधानमन्त्री बनाइदिए र पार्टीहरूको संयुक्त सरकार बनाइदिने हो भनेपनि के प्रतिगमन टुङ्गिन्छ ? शान्ति स्थापना हुन्छ ? प्रजातान्त्रिक प्रक्रियामा मुलुक फर्किन्छ ? त्यो सम्भावना छैन। र अर्को ठूलो फ्लप हुने सम्भावना छ। हामी सजग सचेत हुँदैनौ भने, यदि हामी हाम्रा सामु उपस्थित समस्यालाई हल गर्नेगरी गम्भीररूपमा सचेत हुँदैनौ भने झन् अर्थहीन हुन्छ र अझ बढि फ्लप खान्छौं। त्यसकारण हामीले आज, अहिलेको स्थितिमा आन्दोलनलाई उचाइका साथ अगाडि बढाउन तयार हुनुपर्छ। आन्दोलनलाई समग्र समस्याको समाधानसँग जोडेर समाधान दिन तयारी गर्नुपर्छ। माओवादीको आन्दोलन संकीर्णताको छ, बेढङ्गको छ। सबै कुरा छ तर पनि यो माओवादीको आन्दोलनले शान्तिपूर्ण निकास पाउने कुरा भनेको प्रतिगमनको विरुद्धमा नै हुन्छ। त्यो माओवादीले चाहेर वा नचाहेर शान्तिपूर्ण निकास प्रतिगमन विरुद्धमानै हुन्छ। राजाका हातमा अधिकार सुम्पिदिने भन्ने कुरा माओवादीले अधिकार सुम्पन सक्तैनन्। त्यसकारण अहिलेको समस्या भनेको खास कुराको चुरो भनेको माओवादी संस्थाको हातको सेना त्यसको मातहत हीतमा काम गर्ने सेना जनताका हातमा ल्याउने, राजसंस्थाका मातहतको र त्यसको हितमा काम गर्ने सेना जनताका हातमा ल्याउने मुख्य कुरा यो हो। अब प्रतिनिधिसभाको पुर्नस्थापना १३ महिना अगाडि प्रतिनिधिसभा सिद्धियो। संविधानमा कतै प्रतिनिधिसभाको पुर्नस्थापनाको कुरा छैन।

अनि मध्ययुगीन १८ औं शताब्दीको भन्दा पनि बढी शक्तिशाली राजा गिरिजाप्रसाद कोइरालाजीले त भन्नु भएको छ, मौसुफले श्री ५ को स्वविवेकमा नै प्रतिनिधिसभाको पुनर्स्थापना गर्न सकिबक्सन्छ । अनि त्यसै गरेर आफै खस्ने खाल्डो ठूलो कोदालो लिएर खन्नुभयो । शेरबहादुरलाई त हटाउनुपर्‍यो, सरकार निकाली बक्सनुपर्‍यो । कसरी हटाउने संविधानमा छैन । संविधान हामी मिलेर अलि यताउता गरे पनि हुन्छ अनि मजाका ठूलाठूला रुख चढ्न सक्नेलाई लिस्नुपनिलाई दिएपछि के हुन्छ । त्यसबेला पनि हामीले भनेकाथियौं । शेरबहादुरलाई राजाले हटाउँदा शेरबहादुर मात्रै हट्दैनन्, त्यो थिचामिचो शेरबहादुर माथि मात्रै पर्दैन, त्यो थिचोमिचो संविधान माथि पनि पर्दछ । संविधान नमिची शेरबहादरलाई मिच्न सकिदैन । त्यसकारण यो बाटोमा नजाउँ है, शेरबहादुर माथि मेरो कुनै लगाब होइन । शेरबहादुरको सरकार कुनै गतिलो सरकार भन्ने पनि होइन, त्यो सरकार बास्तबमा अत्यन्तै गन्हाएको, अत्यन्तै नालायक, भ्रष्ट सबै थियो तर त्यसलाई हटाउँदा प्रजातन्त्र नै जानेवाला थियो । त्यसकारण शेरबहादुरलाई हटाउन हुन्न भनिएकोथियो । त्यतिबेला आंखा देख्नुभएन अहिले थप के भन्न थाल्नुभयो भने प्रतिनिधिसभाको पुनर्स्थापना गर्ने सर्वोच्चले टुङ्ग्याइसक्यो । सर्वोच्च संविधानको अन्तिम व्याख्यता, उसले टुङ्ग्याइ सकेको विषयमा अब सर्वोच्चभन्दा माथि, सर्वोच्चको व्याख्या मान्नु पर्दैन, राजाले मनपरि गरिबक्सन सक्छ ? कस्तो राजा बनाउन खोज्दै हुनुहुन्छ प्रजातान्त्रीकरण गरेको राजा गिरिजाप्रसाद कोइरालाले ? कति प्रजातान्त्रीकरण गर्न खोज्दै हुनुहुन्छ राजालाई ? मार्न त जसले पनि सक्छ । मैले धेरै ठाउँमा भन्ने गरेको छु । मूर्खले पनि मार्दिन सक्छ । शेर बहादुरले पनि बुद्धिमान भएर मारेको होइन पार्लियामेण्ट । टाउकामा मुङ्ग्राले हानेर पनि मर्छ, झुण्डाएर पनि मर्छ, आगोमा सल्काएर पनि मर्छ । मर्ने थुप्रै बिधि र तरिकाहरूछन् । मार्न जसले पनि सक्छ तर बचाउने ? मरिसकेपछि बाँच्ने कुरा प्राकृतिक कुरा होइन । त्यसैकारण हाम्रो संविधानले मरिसकेपछि बौराउने कुरा प्राकृतिकसम्मत होइन भनेर नै पुनर्स्थापनाको परिकल्पना गरेकोछैन । अब यो चाहिं पुराणहरूमा, शास्त्रहरूमा उहिले परिकल्पना गरिएको शिवजीले आएर पानी छम्कीदिएर बचाउनुभयो भनेजस्तै श्री ५ महाराजसँग यस्तो अधिकार दिने कि मौसुफले पानी छम्कीदिएपछि १३ महिनापछि जस्ताकोतस्तै बाँच्ने, अनि राजालाई दरबारमा संवैधानिक बनाउन राख्न खोज्दैछौ कि असाधारण अधिकार दिने ? मरेकोलाई बौराइदिने अधिकार पनि दिएर राख्न खोज्दैछौ । बाँकी ८,९ महिना बीचमा के हुन्छ यो बाह्र वर्षसम्म संसद थिएन ? सातवर्ष माओबादीको वितण्डा भएको बेला संसद थिएन ? त्यसकारण बुद्धि सपार्नुपर्‍यो भनेको, प्रतिबद्धता सपार्नु पर्‍यो भनेको । स्थितिलाई बुझ्नुपर्‍यो र अब राजनीतिक ढङ्गले निर्णय गरेर अघि बढ्नुभन्दा अर्को विकल्प छैन । अब माओबादी, दरबारसमेत सबै अहिलेको स्थितिमा, अहिलेको मौका हो यो नत्र भोलि सहअस्तित्वमा बाँच्न पाइने अवस्था पनि रहन्छ, रहँदैन भन्न सकिदैन । त्यसकारण समय छँदै सबैले सोच्नुपर्ने बेला आएको छ, समय हातबाट फुत्किएपछि जनता त रहन्छ, बाँकी के रहन्छ के रहँदैन भन्न सकिँदैन । अहिले सहअस्तित्वमा बस्ने, कसैले पनि जिद्दी र आफ्नो हात माथि पार्न नखोज्ने, मुलुक यति फेलुअर स्टेटकोरूपमा सरासर जानलागि सक्यो । राष्ट्रियता गम्भीर संकटमा परिरहेको छ । यस्तो बेलामा खुद्रा मसिना कुरा होइन । राजाले अहिलेको जमानामा सक्रिय राजा भएर बस्ने जमाना होइन । यो थाहा पाउनुपर्छ । अबको जमानामा शासक हुन खोज्ने होइन सम्मानित भएर बस्न मन्जुर गर्नुपर्छ । संवैधानिक राजसंस्था भनेको त्यही हो । माओबादीले वितण्डाबाट पार लाग्दैन भन्ने बुझ्नुपर्छ र उनीहरू शानितपूर्ण ढङ्गले निकासमा सहमत हुन आउनुपर्छ । माओबादीले यत्रो दसौ हजार सेना बनाएर बसेको छ भने आत्मसमर्पण गर् भन्दा यसै त एउटा व्यक्तिलाई तं लम्पसार भएर आत्मसमर्पण गर् भन्दा त्यसले मान्छ ? त्यसले त मन्जुर गर्दैन भने त्यती धेरै सेना बनाएर बसेको छ, त्यसलाई आत्मसर्मपण गर् भन्यो भने त्यसले मान्छ ? त्यो मान्दैन भन्ने राज्यले थाहापाउनुपर्छ, सत्ताले थाहापाउनुपर्छ र उनीहरूलाई शान्तिपूर्ण बाटोमा आउनको निम्ति, शान्तिपूर्ण अवतरणमा आउनका निम्ति निकास दिनै पर्छ । त्यसरी मात्रै हामी समस्याको समाधानमा पुग्न सक्छौं । माओबादीले थाहा पाउनुपर्छ अन्तिममा उनीहरूले जित्न सक्तैनन् । सरकारले, सत्तापक्षले थाहापाउनुपर्छ अन्तिममा हार्ने भएपनि अझै लामो समयसम्म माओबादीहरू डरलाग्दो लडाइँ लड्न सक्छन् । सरकारले बुझ्नुपर्छ माओबादीसँगको युद्धमा अमेरिकाले साथ दिन्छ, यसले साथ दिन्छ भन्ने त्यो ब्यारेकको आर्मीसँग लडेजस्तो होइन । यो गुरिल्ला वार फेयर भनेको त्यस्तो सजिलो छैन । नेपालजस्तो अर्थतन्त्र भएको गरिब कंगाल देशले युद्ध लड्न सक्तैन । आधुनिक हतियार छ हामीसँग भनेर । आधुनिक हतियार एउटाको रु १०० पर्छ, एक मिनेटमा १००० राउण्ड हान्छ । एक मिनेटको हजार राउण्डको हिसावले एउटा माओबादीले परतिर तौलिएर किनेको सकेटमा बारुद हालेर अलिपर बाँसघारीमा पड्काइदिन्छ । त्यसपछि हाम्रो ब्यारेकमा २००, ४०० आर्मी छ आधुनिक हतियार बोकेको । त्यसले प्रत्युत्तरमा पड्काउन थाल्छ एकै चोटि । एउटा सिपाहीले एक रूपैयाँ गोटाको गोली १ मिनेटमा १००० थान हान्छ । अनि दुइ घण्टा हानेपछि अर्को ठाउँमा माओबादीले सकेट बम पड्काइदिन्छ । अनि फेरि दुइघण्टा एवं रीतले पड्काउँदा नेपालको सरकारले कहाबाट पैसा ल्याउँछ ? अहिले माओबादीलाई जङ्गलतिर पठाएर नेपालको टुप्पी समाउने काम हुन्छ । हामी छौ भन्नु बेग्लै कुरा हो तर कुनै पनि देशले अन्ततोगत्वा लडाईनै गर्नुहुन्छ भनेपनि सय रु गोटाका गोली मिनेटमा हजार राउण्ड पड्काउने, घण्टामा साठीहजार राउण्ड पड्काउने, अनि त्यो कति हुन्छ त्यसको पैसा ? एउटा सिपाहीले एकमिनेट पड्काउँदा ५ जना नेपालीको वार्षिक आम्दानी पड्काउँछ । साठी मिनेटमा कति नेपालीको वार्षिक आम्दानी पड्काउँछ ? त्यो लडाइं सजिलो छैन । लामो समय माओबादीहरू अझै लड्न सक्छन् भन्ने कुरा राज्य पक्षले थाहा पाउनुपर्छ । हामी सुरक्षित छँदैछौ, जनता मरे पनि मरोस्, जेसुकै होस् भनेर राज्य गैह्र जिम्मेवार हुन मिल्दैन । अहिले माओबादीहरू जति लचिला देखिएका छन् त्यो

स्थितिलाई उपयोग गरेर राज्यपक्षले उनीहरूलाई अवतरणको ठाउँ दिनुपर्छ, निकास दिनुपर्छ। त्यो निकाससँगै समस्याको समाधान हुन्छ। राष्ट्रिय गान भएन भनेर, अहिलेको समस्यामा ल, राष्ट्रिय गानमा नेपाली काँग्रेसको जय जय होस्, एमालेको जय जय होस्. भनेर राष्ट्रिय गान बनाउँदा हुन्छ प्रजातन्त्र ? ३ जनालाई मात्रै श्री ५ भन्ने भनेर एकैजनालाई श्री ५ भने पनि उसैले आदेश दिए सिद्धिइहाल्योनि। त्यसकारण कतिलाई श्री ५ भन्ने मुद्दा अहिलेको मुद्दा हो ? मैले टुप्पा टुप्पामा, पात पातमा कुरा गरेर क्रन्तिकारिताको अर्थ छैन भनेको। राष्ट्रिय गान आधुनिक मीठो धुनमा, पप अरु के धुनमा बजायो भने पनि के हुन्छ त्यो आफ्नो ठाउँमा छ। सेना ब्यारेकमा छ, राजाले चलाइराखेको छ। त्यसकारण सेना ल्याउनुभयो भने राष्ट्रिय गानको मुद्दै उठाउनु पर्दैन। नारै लगाउनु पर्दैन। राष्ट्रि गान आफै कविले बनाउँछन्, जनताले गाउँछन् सेना जनताको हातमा भयो भने। सेना १२,१३ वर्ष लगेर राजाका हातमा हालिदिनुभयो अनि अहिले राष्ट्रिय गान मन परेन भनेर भन्ने। यो भनेको घुक्याँउने कुरा मात्रै हो राजालाई। तीनबाहेक मान्दैनौ भनेपछि राजाका वरिपरि भएका अरु पाँच जनाले होइन हामीलाई नमान्ने भए सरकार, यसकारण मन्साइदिउँ भन्छन् भनेर। अरुको पनि दवाब परोस् भन्ने कुरा मात्र हो। नत्र तीनजना मान्नोस् कि पाँचजना मान्नोस्, के फरक छ त्यत्रो ? यो खास तात्विक करा होइन प्रजातान्त्रिक लडाईंमा। धित मार्ने कुरा चाहिँ हुनसक्छ। अब फेरि मैले समस्याको जरोमा र आन्दोलनलाई हाइटमा लानुपर्छ पुर्नव्यवस्थित र स्पष्टता हुनुपर्छ भनें। हिन्दीमा एउटा कहावत छ, खिसियाइ विल्ली खम्बा नुचे। बिरालो रिसाएपछि खम्बा चिथोर्न जान्छ। अब को-को रिसाएकाछन् र मलाई चिथोर्ने हुन्, यसो भन्ने आन्दोलन विरोधी भनेर। आन्दोलनको विरोधी होइन, घुमिफिरी रुम्जाटार भनेजस्तो निष्कर्ष ननिस्कने खालका आन्दोलन, जनता आकर्षित नहुने खालका आन्दोलन त्यसै गरेर बास्तवमा भन्ने हो भने यो आन्दोलनभन्दा पनि यो आन्दोलनको नाममा स्थापित हुने र दुनो सोझ्याउने, कसलाई पर्दापछाडि धकेल्ने, छायाँमा पार्ने, कसलाई अगाडि बढाउने यस्तै कुराले आन्दोलन हुन्छ ? त्यसकारण एमाले, नेपाली काँग्रेस टेकु के भन्नुभयो अर्को नेपाली काँग्रेस प्रजातान्त्रिक जो जो पनि अधिकारको पक्षमा उभिन चाहन्छ, सकिन्छ संयुक्त आन्दोलनमा जाऔं, सकिँदैन आफ्नै ठाउँमा भएपनि आन्दोलनमा जाऔं, तर आन्दोलन आवश्यकता हो। यो घुर्काउने, धम्क्याउने मात्र आन्दोलनको केही पनि अर्थ छैन। अब राष्ट्रिय गानमा परिवर्तन र तीनजनालाई मात्र श्री ५ मान्छु भन्नु भएको रे ? को, को ? राजा, रानी, युवराज चाहिँ मनपराउनु भयो, अरु मननपर्नु को के अर्थ छ ? यस्तो कुराका मागहरूको के अर्थ छ ? त्यसकारण आन्दोलनलाई उचाइमा लैजाउँ, मेरो आग्रह त्यसमा छ। अब बास्तवमा मदन भण्डारीको अभाव वहाँको निधन पछिका १० वर्षहरूमा साँच्चै मुलुकलाई अगाडि बढाउन नेतृत्व दिने त्यस्तो नेतृत्वको अभाव मुलुकमा खड्कियो। वहाँको निधन भयो, गणेशमानजीको अलिकति मिष्ठा देखिन्थ्यो। बुढा गणेशमानलाई कहिले कुनामा धकेल्ने, कहिले कुर्सीबाट पल्टाउने अनेक काण्ड भयो। खास गरेर कुनामा बस्नुपर्‌यो। काँग्रेस भित्र गणेशमानको यो निष्ठाको कदर गर्नसक्ने र नेतृत्वलाई लल्कार्नसक्ने, गलत व्यक्तिका विरुद्ध बोल्नसक्ने त्यो हिम्मत चाहिँ रहेनछ काँग्रेसी कार्यकर्ताहरूमा। हाम्रा लौह पुरुष गणेशमान भन्थे, लौहपुरुषमात्र होइन लौह स्तम्भ बनाएर धुम्धुम्त बूढालाई राखिदिएर सबैले छाडेर हिंडे। गिरिजाप्रसादले निकाली दिए। अरु पार्टीमा पनि त्यस्तै हुने हो की ? त्यो पनि आन्दोलनले यस्ता परीक्षाहरू लिन्छ, यसमा आत्तिने कुरा छँदैछैन। हामी जननेता मदन भण्डारीबाट सिक्छौं, सिक्नुपर्दछ। जननेता मदन भण्डारीले देखाएका निष्कर्षमा आज माओवादीहरू पनि प्रकारान्तरले पुग्दैछन्। यस्तो द्विविधा छ माओवादीहरूमा, हतारिएर केही काम सुरु गरे, अनपेक्षित सफलताका साथ अगाडि बढेर फुत्त अगाडि टाउको छिराए, छिटो मोटाएपछि टाउको ह्वात्त बढ्या, यता तान्दा यतापनि आउँदैन, उतातान्दा छिर्दैन। सशस्त्र संघर्ष सफल पनि हुँदैन। पछाडि फर्किन बीचमा फ्याटट मोटाइयो, अघि आएको ठाउँबाट फर्किन पनि सकिँदैन। यस्तो अफ्टेरोमा उनीहरू परे। कहिलेकहिले चर्को कुरा पनि गर्छन्, कहिले कहिले नरम कुरा पनि गर्छन्, कहिले संविधानको सर्वोच्चता, बहुदलीय प्रतिष्पर्धात्मक प्रणाली आदि इत्यादि। हामी जबजसँग नजिक छौं पनि भन्छन्, त्यसै भन्न नसकेर मोडेल डेमोक्रेसी पनि भन्छन्। उनीहरू पनि त्यही भन्दै आएकाछन्, आइपुग्ने ठाउँ पनि यही हो। जबजकै बाटोबाट देशको समस्या समाधान हुनेछन्। अब मैले अघि नै भनेको छु, मुलुकका समस्या समाधान गर्ने सबभन्दा बढ्ता चाबी राजा र माओवादीको हातमा छ किनभने दुवैका हातमा बन्दुक छ। यथार्थ त्यही हो। हिजो नेपाली काँग्रेसका एकजना विद्वान् मित्रले भन्नुभयो राजालाई एउटा शक्तिको रूपमा मानेर बडा ठूलो गल्ति गरिएछ विगतमा। अब हिजो राजाले शक्ति नलिउञ्जेल त्यो बुद्धि आएन। यथार्थता के हो भने वास्तविक निकास राजाकै हातमा छ। त्यसकारण शासक हुन छाडेर सत्ता जनताका हातमा दिन राजा तयार हुनुपर्छ। देशको लागि, प्रजातन्त्रको लागि र सबैका लागि राम्रो कुरा यही हो। त्यसो भएर निकास दिन सत्ता तयार हुनुपर्दछ, माओवादीले पनि तयार हुनुपर्छ। अरुले पनि बीचबीचमा च्याँखे थाप्ने, खुद्रामसिना कुराहरू गर्नुभन्दा पनि समग्रतामा राष्ट्रका समस्याहरू समाधान गरेर अगाडि बढ्न तयार हुनुपर्छ। यही प्रेरणा हामीले जननेता मदन भण्डारीबाट आजका समस्या समाधान गर्ने सन्दर्भमा लिएर अगाडि बढ्न सकौं, मेरो त्यही शुभकामना त्यही छ। यस कार्यक्रममा जननेता मदन भण्डारी प्रति फेरि एकपटक अत्यन्तै आदर र सम्मानसहित श्रद्धासुमन अर्पण गर्न चाहन्छु। यस कार्यक्रममा मलाई आमन्त्रण गरेर केही विचारहरू राख्ने मौका दिनु भएकोमा आभार व्यक्त गर्न चाहन्छु र यस कार्यक्रमले बास्तवमा स्मरणका निमित्त मात्रै होइन, अर सन्दर्भमा पनि सामयिक महत्वको भूमिका खेलेको छ भन्ने मलाई लाग्छ। सुनिदिनुभएकोमा सबैमा धन्यवाद।

*(जननेता मदन भण्डारीको ५२ औं जन्मजयन्तीको अवसरमा 'मदन भण्डारी र प्रजातन्त्रिकरणको सवाल' विषयक विचार गोष्ठीमा व्यक्त विचार)*

# श्री बामदेव गौतम, नेकपा (एमाले) स्थायी कमिटी सदस्यका विचारहरू

कार्यक्रमका सभापति, यो कार्यक्रममा वक्ताको रुपमा उपस्थित हुनुभएका सम्पूर्ण अतिथि कमरेडहरू, मित्रहरू, यो वैचारिक संघर्षको क्रममा सामेल हुन आउनुभएका सम्पूर्ण महिला तथा सज्जनवृन्द । आज हामी अत्यन्तै सामयिक विषयमा छलफल गर्दैछौं । आज वक्ताको रुपमा यहाँ उपस्थित भएर देश र दुनियाँको आन्दोलन र देशका भावी संभावनाहरूका बारेमा, क. मदनको बारेमा आफ्ना विचार राख्ने अवसर दिनुभएकोमा आयोजकहरूलाई धन्यवाद दिन चाहन्छु । जनताको प्रजातान्त्रिक अधिकार अपहरण भइरहेको र देश अत्यन्त भयावह र संकटपूर्ण अवस्थाबाट गुज्रिरहेको यस्तो अवस्थामा क. मदन भण्डारी र उहाँसँग सम्बन्धित गराएर प्रजातन्त्रीकरणको सवाल लाई आजको यो विचारगोष्ठीको विषय बनाइएको छ । यो हामी सबैले चिन्तन मनन गर्नुपर्ने र त्यति मात्रै होइन कि आफ्नो अभिभारा पुरा गर्न कर्मक्षेत्रमा पनि जानुपर्ने यस्तो महत्वपूर्ण समय मैले ठानेको छु । क. मदन भण्डारी हामी बीच नरहनु भएको धेरै भइसकेको छ । जति धेरै समय भएको छ त्यो भन्दा पनि धेरै समय हामीलाई महसुस भएको छ । जब जनताका अधिकारहरू अपहरण भइरहेकाछन्, जनताका प्रजातान्त्रिक अधिकार कुण्ठीत भइरहेकाछन्, देश आर्थिक र सामाजिकरुपले अधोगति तर्फ गइरहेको छ र राष्ट्रकै अस्तित्व रहने हो कि नरहने हो भन्ने प्रश्न प्रत्येकको अगाडि खडा भएको छ, त्यस्तो बेलामा हामी एमालेका नेता र कार्यकर्ताहरूको मनमा मात्र होइन प्रगतिशील बामपन्थी कम्युनिस्ट पार्टीहरू, सुधारवादी पार्टीहरू, अरु धेरै देशभक्त प्रजातन्त्रवादीहरूको मनमा पनि मदन भण्डारीको अभाव खड्किरहेको होला भन्ने मैले ठानेको छु । हुन त आज धेरै दावी गर्ने अवस्थामा नेताहरूले आफुलाई प्रस्तुत गर्ने गर्नुहुन्छ । मदन भण्डारी हुनुहुन्न, मदन भण्डारी मात्र होइन अरु पनि धेरै हुनुहुन्न । कति हत्या गरेर, जीवन समाप्त गरेर, कति स्वभाविक मृत्युवरण गरेर पनि हुनुहुन्न । तर उहँहरू नभएको यो कालमा उहाँहरूले छाड्नु भएको यो नासो नेपाली जनताले प्राप्त गरेको प्रजातान्त्रिक अधिकार, सार्वभौम अधिकार र राष्ट्रको रक्षा गर्ने जिम्मेवारी हामीले कति पुरा गरेका छौ वा छैनौं भन्ने प्रश्न प्रत्येक व्यक्तिको मष्तिस्कमा हुनुपर्छ भन्ने मलाई लाग्छ । हामी ठूला भयौं, मदन भण्डारीको पालामा विभिन्न क्षेत्रका आन्दोलनमा हामलि कति सफलता प्राप्त गरेका थियौं र आज भन्दा अगाडिका कालमा कति सफलता प्राप्त गर्यौं भनेर संख्यात्मक हिसाबले गणना गर्दाखेरी थोरै, धेरै बताउन सकिएला तर मदन भण्डारीको अभावमा, मदन भण्डारी जस्ता नेताहरूको अभावमा आज जनताले प्राप्त गरेका अधिकार गुम्दैछन् र हामी सडकमा हाम्रो अधिकारहरू पुर्नस्थापना गर भन्दैछौं । त्यसो भएर उहाँको अभावमा उहाँले छाड्नुभएको नासो अझ समृद्ध गरेर हामीले अगाडि बढाउन सकेका छौं कि छैनौं अथवा त्यो झन् झन् समाप्त हुने दिशातिर गइरहेको छ भन्ने सन्दर्भमा पनि एक चिन्तन गर्नु पर्छ, सिंहावलोकन गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

भविष्य बर्तमानको सन्दर्भमा मात्र आकलन गर्न सकिन्छ र भविष्य सुन्दर र सुनिश्चित गर्ने हो भने वर्तमानमा विगतमा गरिएका आफ्ना काम, क्रियाकलापहरूको मुल्याङ्कन गर्नु पर्ने हुन्छ । त्यसो नगर्नेहरूले न त अहिले बाटो पहिल्याउन सक्छन्, न त भविष्य सुन्दर र सुनिश्चित गर्न नै सक्छन् । त्यसो भएर हाम्रो पार्टीको अगाडि पनि र प्रजातान्त्रिक आन्दोलनमा समर्पित भएकाहरूको अगाडि, सम्पुर्ण राजनीतिक पार्टीहरू, नागरिक समाजको अगाडि पनि यो प्रश्न गम्भीर रुपमा खडा भएको छ । मैले माओवादीका नेताहरूसँग भेट हुँदा सोधें, कमरेडहरू, तपाईहरू यो ७,८ वर्षसम्म सशस्त्र संघर्ष गर्नुभयो, निकै ठूलो उपलब्धि पनि हासिल गर्नु भएको होला, तपाईले गन्ती गराउन सक्नु हुन्छ तर उपलब्धि के भयो भन्दा उहाँहरू भन्नुहुन्छ, पहिलोपटक हामीले सर्वहारा वर्गको नेतृत्वमा सेना निर्माण गरेका छौं । आज एउटा प्रश्न खडा भइरहेको छ, सर्वहारा वर्गको नेतृत्वमा जनताको सेना बनेको छ भन्ने गर्छौं तर जनताले प्राप्त गरेको अधिकार भने खोसिदैछ । यो एउटा विडम्बनाको अवस्था हो । हामीले मदन भण्डारी हुँदा ६९ सीट जितेका थियौं, मदन भण्डारी नहुँदा हामीले ८९ सीट जितेर सरकार समेत सञ्चालन गर्यौं भन्ने हामीहरू जीउँदै छौं । उहाँहरूले ल्याइदिएको प्रजातान्त्रिक हक, अधिकार प्रयोग गर्दै हामी त्यो ठाउँमा पुग्यौं तर हाम्रो आधार नै भत्किदै गइरहेको छ । हाम्रो अगाडि प्रश्न खडा भएको छ, के हामीले उपलब्धि हासिल गरेका छौं ? के नेपाली जनतालाई यो ठोकुवा गर्न सकिरहेका छौं ? हामीले यो कालमा एउटा गम्भीर जिम्मेवारी लिएका थियौं । राष्ट्रलाई आमूल परिवर्तन गरेर समाजको सबभन्दा दलित वग ? शोषिएको समुदाय तथा भोको नाङ्गो समुदायलाई पनि समृद्धताको ठाउँमा पुर्याउँछौं भनेर संकल्प गरेका थियौं, त्यो ठाउँमा हामीले राष्ट्रलाई पुर्याएका छौं कि छैनौं ? अब विगत १ वर्ष देखि राजाले हात हालीसकेका हुनाले अहिले सबैको ध्यान राजातिरै गएको छ र जानु पनि पर्छ तर मुलुकलाई यो गएगुज्रेको अवस्थासम्म पुर्याउनुमा हाम्रो जिम्मेवारी छ कि छैन ? मदन भण्डारीको बारेमा हामीले चर्चा गर्दा खेरी उहाँको अभावमा हामीले यसो गर्यौं भनेर भन्ने हरूलाई हामीले सोध्नै पर्छ, प्रश्न गर्नैपर्छ मदन भण्डारी र मदन भण्डारीहरू जस्ताको अभावमा

हामीले राष्ट्र जोगाईरहेका छौं कि छैनौं ? जनताका अधिकार जोगाउन सकिरहेका छौं कि छैनौं ? र जनताका शत्रुहरू, दरबारमा बसेर निरंकुश शासन गर्न चाहनेहरूलाई हामीले साँच्चै मज्जा चखाएर जनताका अगाडि ल्याएर घुँडा टेक्न लगाउन सकिरहेका छौं कि छैनौ ? यि प्रश्नहरू हाम्रो अगाडि प्रत्येक जनताले राख्न पाउने अधिकार छ । त्यसो भएका हुनाले हामी अत्यन्त सान्दर्भिक विषयमा वैचारिक छलफल गर्दैछौं । यसको निम्ती विशेष धन्यवाद दिँदै म के भन्न चाहन्छु भने मैले प्रस्तुत गर्ने आजको विषयमा ३ वटा पक्षमा मैले प्रकाश पार्नुपर्छ भन्ने मलाई लागेको छ । समयले साथ दिन्छ, दिँदैन हेर्दै जाउं । विषयले के भन्छ भने मदन भण्डारीको बारेमा हामीले चर्चा गर्नुपर्दछ । क. मदन भण्डारीको मुख्य योगदान 'जनताको बहुदलीय जनवाद' हो । मुख्य योगदान समाजको प्रजातान्त्रीकरण गर्ने सिद्धान्तको प्रतिपादन नै हो । त्यसो भएर यो सिद्धान्त अनुरुप नेपाली समाजलाई हामीले लैजान सकिरहेका छौं कि छैनौं ? त्यो क्रियाशील हुन सकिरहेको छ कि छैन ? भन्ने तर्फ मैले आफ्नो विचार राख्ने आँट गरेको छु । मदन भण्डारी कतिपय मानिसहरूले भन्छन् , २०४७ सालमा एउटा मान्छे कहाँबाट हो निस्कियो, यस्तो भाषण गऱ्यो कि सारा जनता त्यसको पछि लागे । त्यो मदन भण्डारीले चमत्कारिक हिसाबले आफ्ना विचारहरू राख्दै देशभरि आफ्ना विचारहरू फैलाउँदाखेरि नेकपा एमाले लाई राष्ट्रव्यापी रुपमा स्थापित गर्नसक्यो भन्ने किसिमले पनि कतिपय मानिसहरूले कुरा राख्छन् । एउटा प्रखरवक्ताको रुपमा मदन भण्डारी श्रोताहरूलाई मन्त्रमुग्ध बनाएर लठ्याउन सक्ने हैसियत राख्दथे, त्यसै भएकोले मदन भण्डारी, मदन भण्डारीको रुपमा स्थापित भयो भन्ने कुरा पनि गर्दछन् र कतिपय मानिसहरू यस्ता भ्रामक विचारहरूलाइ लिएर हिंडिरहेकाछन् र क. मदन भण्डारीले अगाडि सार्नुभएका विचारहरू प्रति पर्दा लगाउने कोशिस गरिरहेकाछन् । क. मदन भण्डारी वैचारिक संघर्षको परिणामले क. मदन भण्डारी बन्नुभएको हो । आज भन्दा ५२ वर्ष पहिले जन्मनुभयो, ताप्लेजुङ्गमा । तर तपाईले जान्ने मदन भण्डारी, मैले जान्ने मदन भण्डारी, नेपाली जनताले जान्ने मदन भण्डारी नेपाली जनताले सञ्चालन गरेको संघर्षको मैदानमा सारा जनताको आस्थाको केन्द्र बनेको हुनाले हामीले जानेका हौं । त्यसो भएर मदन भण्डारीको जन्म ५२ वर्ष पहिले भएपनि म मदन भण्डारीलाई नेपाली जनताले सञ्चालन गरेको आन्दोलनको सन्दर्भमा जान्दछु । उहाँले सञ्चालन गर्नुभएको वैचारिक संघर्षको मुल्याङ्कन ग र्न सकियो भने उहाँको सही मुल्याङ्कन हुन सक्छ । क. मदन भण्डारी आन्दोलनको एउटा प्रतिरुप हुनुभयो । त्यसो भएर नेपाली जनताले सञ्चालन गरेको आन्दोलनको अगुवाको रुपमा हामीले उहाँलाई उहाँको जीवनको अन्तिम बेलासम्म देख्छौं मदन भण्डारीलाई नेपाली जनताको आन्दोलनले मदन भण्डारी बनाएको हो र उहाँ एउटा कुशल संगठकको रुपमा देखापर्नु हुन्छ । किनभने कम्युनिस्ट पार्टीको महासचिव त्यो संगठन कुशलताको सर्वोच्च स्थान हो । कम्युनिस्ट पार्टी भित्र उहाँले कसरी संगठन निर्माण गर्नुभयो, कसरी त्यसलाई परिचालन गर्नुभयो भन्ने सम्बन्धमा यस्ता महत्वपूर्ण सवाल छन् जसको बारमका हामीले चर्चा परिचर्चा गर्नुपर्दछ । समय रहेमा अरु व्यापक रुपमा जानुपर्दछ । क. मदन भण्डारीको जीवनमा सबभन्दा पहिलो खुड्किलो उहाँले कम्युनिस्ट पार्टी प्रवेश गर्नुभयो । उहाँले यसो गर्नुभयो भन्दा पनि मान्छेले आफुलाई सङ्गठित गर्ने प्रयत्न गर्दाखेरी कोही कम्युनिस्टको सम्पर्कमा गए, कोही काँग्रेसको सम्पर्कमा गए, कोही कुन पार्टीको सम्पर्कमा गए त्यो त्यति ठूलो कुरा होइन । त्यो पार्टीमा सामेल भइसकेपछि उसले पार्टीमा रहेका गतिहीनतालाई तोड्दै अग्रगतिमा जानका लागि के भूमिका खेल्यो भन्ने कुरा प्रमुख हुन्छ । त्यसकारण क. मदन भण्डारीको जीवनको सबैभन्दा पहिलो अग्रगतिको खुड्किलो भनेको यो पार्टीमा प्रवेश हो । २०३२ सालमा क.पुष्पलालको नेतृत्वमा भएको तेस्रो ऐतिहासिक सम्मेलनबाट पुर्नगठित भएको पार्टीमा विद्रोह गरेर उहाँ यो पार्टीमा आउनुभयो । हुन त त्यसबेलाको विद्रोहमा क. जीवराज आश्रित नेता हुनुहुन्थ्यो, क. मदन भण्डारी, मोदनाथ प्रश्रित, म, देवेन्द्र घिमिरे, सिद्धिनाथ ज्ञवाली लगायतका धेरै साथीहरू हामी जीवराज आश्रितलाई नेता बनाएर हिडिरहेका थियौं । क. मदन भण्डारीको पहिलो शुरुवात, गतिशीलताको शुरुवात त्यहाँबाट हुन्छ । अब त्यसबेलाका दस्तावेजहरू, त्यसबेलाका उहाँका लेख, रचनाहरू हेर्नुभयो भने धेरै कुराहरू थाहा हुन सक्छ । म ती सबै कुराहरू भन्न चाहन्न तर उहाँको भौतिक शरिरको अवसानसम्मको अवस्थालाई शिखर मान्ने हो भने शुरुवात त्यहाँबाट भएको थियो । उहाँ प्रतिभाशाली र आन्दोलन प्रति बफादार त हुदैहुनुहुन्थ्यो, निस्वार्थ रुपले आफुलाई समर्पण गर्न सक्ने एउटा समर्पणको भावनाको प्रतिरुप पनि हुनुहुन्थ्यो । त्यसो भएको हुनाले हाम्रो बीचमा शुरुदेखिनै उहाँले अगुवाको भूमिका निभाइरहनु भएको थियो । पछि हामीले मुक्तिमोर्चा, बनाउन त बनायौ तर क. मदन भण्डारी, क. मोदनाथ प्रश्रित र हामी सबै मिलेर त्यसबेला जुन विद्रोह गरेकाथियौ त्यो विद्रोह सबभन्दा धेरै जनवादी साँस्कृतिक संघ भनेर चिनिने पुष्पलाल समुहको नेतृत्वमा बनेको साँस्कृतिक संगठनमा नेतृत्व गर्ने कमरेडहरूबाट भएको थियो । त्यसको अध्यक्ष, उपाध्यक्ष, महासचिव सहित धेरै आउनु भयो र त्यसको मुखपत्र मुक्तिमोर्चामार्फत हामीले विद्रोह गरेर आफ्नो विचारलाई आगाडि साऱ्यौं जसले गर्दाखेरी त्यसबेला हामीहरूलाई मुक्तिमोर्चा समुह भनेर नामाकरण गरियो र यो मुक्तिमोर्चा को.के. मा सामेल हुँदाखेरी क. मदन भण्डारी सहित हामी सबै सामेल भयौं । त्यसपछिदेखि नेकपा(माले) को निर्माण भयो र त्यो नेकपा मालेको विचार निर्माणको प्रक्रियामा क. मदन भण्डारीका विचारहरू

अगाडि आए । खासगरी २०३५-०३६ को जनआन्दोलन, जनमत संग्रहको घोषणा र त्यो जनमत संग्रहको घोषणामा त्यसबेलाका राजनीतिक पार्टीहरूले खेल्नुपर्ने भूमिकाको सम्बन्धमा त्यसबेला नेकपा मालेले कसरी भूमिका खेल्ने भन्ने सम्बन्धमा हाम्रो पार्टीको विभिन्न तहमा विभिन्न विचारहरू आएका थिए र त्यो विचार आउने क्रममा एउटा यस्तो स्थिति उत्पन्न भएको थियो कि त्यसबेला जनताले प्राप्त गरेको अधिकारलाई अधिकतम उपभोग गरेर अझ बढि शक्तिशाली बन्ने दिशामा जानुपर्दछ भन्ने विचारको बाहुल्यता बढीरहेको थियो । तर, यहाँहरू सबैलाई थाहानै छ, नेकपा मालेको त्यतिबेलाको नीति सशस्त्र संघर्षमा नै थियो । सशस्त्र संघर्षको निम्ति वातावरण कसरी बनाउने भन्ने किसिमले हामीले काम गरिरहेका थियौ । तर मुलुकको परिस्थिति यस्तो थियो कि त्यतिबेला हामीले सशस्त्र संघर्षको होइन कि शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट जनतालाई अरु बढी सशक्त बनाउदै जनमत संग्रहमा बहुदललाई जिताउने काम गर्नुपर्दथ्यो । राजालाई हराउने काम गर्नु पर्दथ्यो, निर्दललाई हराउने काम गर्नुपर्दथ्यो । त्यो नीति जनताको पक्षमा हुने गरि हाम्रो पार्टी त्यसबेला दोधारमा थियो । सैद्धान्तिक रुपले विचार गर्दा खेरी हामीलाई बहुदल बुर्जुवाहरूको चलखेल गर्ने, बोकाको टाउको राखेर कुकुरको मासु बेच्ने थलो लाग्दथ्यो । त्यस्तो बहुदलको लागि हामी कसरी समर्पीत हुनसक्थ्यौ ? तर त्यो बहुदलले जनतालाई अधिकार सम्पन्न बनाउँछ भन्ने कुरा हाम्रो मनमा थियो । त्यसो भएर त्यो त हामीले लिनैपर्छ भन्ने पनि हाम्रो मनमा आएकोथियो । त्यसकारण त्यसबेला हाम्रो पार्टीमा अनेकौं किसिमका विचारहरू अन्तर्क्रियामा आए । हामीले बहुदलको पक्षमा आफुलाई खडा गर्ने कि नगर्ने ? त्यसबेला हाम्रो शत्रु को हो ? राजा हो अथवा अरु कुनै हो ? त्यसबेलाको हाम्रो शत्रु निर्दलीय पञ्चायती व्यवस्था हो कि होइन ? अथवा जनवाद र साम्यवाद ल्याउनका निम्ति हामी यो परिस्थितिभन्दा अगाडि जान सक्छौ कि सक्दैनौ ? भन्ने जस्ता प्रश्नहरू आएकाथिए । हामीले त्यसको बीचबाट जाने कोशिस गऱ्यौ । कतिपय साथीहरूले त्यतिबेला बहुदलीय व्यवस्थाको पक्षमा खुलेर लाग्ने भन्नुभयो, कतिपय साथीहरूले खुलेर लाग्नुहुन्न भन्नुभयो । हाम्रो पार्टीले एकपटक यस विचारलाई केन्द्रीय कमिटीमा छलफलमा लग्नुपर्छ भनेर फैसला गऱ्यो । अर्को पटक त्यही बस्दा बस्दै फेरी त्यस्तो त गर्नै हुन्न भन्ने फैसला गऱ्यो । हाम्रो केन्द्रीय कमिटीको बैठक मकवानपुरको हटिया भन्ने ठाउँमा भएको थियो । हामीले बहुदललाई समर्थन गरेर जानुपर्छ भनेर पास गऱ्यौ, तुरुन्तै फेरी त्यसो गर्नहुन्न भनेर हामीले नैतिक बहिस्कार, नीतिगत बहिस्कार गर्ने भन्ने विचार पनि अगाडि साऱ्यौ । हाम्रो मनमा त्यस्ता द्विविधाहरू रहेका थिए । त्यस्तो धरातलमा मदन भण्डारीका विचारहरू अगाडि आए । त्यसपछि हाम्रो समाजको प्रधान अन्तर विरोध के हो भन्ने प्रश्न खडा भयो र त्यो लामो संघर्षपछि क. मदन भण्डारीले सार्नुभएको 'प्रधान अर्न्तविरोधको सम्बन्धमा' मा हामी सबै सहमत भयौ । प्रधान अन्तर्रविरोधका विषयमा केन्द्रीय कमिटिको बहुमत एकातिर र त्यसबेलाको महासचिव अर्कोतिर हुँदाखेरी पार्टीभित्र एउटा ठूलो अर्न्तविरोध पैदा भयो । कमरेड मदन भण्डारीको चारैतिर सबैजना हुने र पार्टीको महासचिव अर्कोतिर हुने स्थिति पैदा भयो । जसले गर्दा त्यसबेलाका महासचिवका असन्तुष्टीहरू बाहिर आउन थाले । पार्टी भित्रको अर्न्तविरोध अझ बढि चर्केर गयो र मनोमालिन्य पनि बढेर गयो । क. मदन भण्डारी पहिलोपटक केन्द्रीय कमिटिमा बहुमतकासाथ स्थापित हुनुभयो । हाम्रो बीचमा पूर्ण जनवाद र अपूर्ण जनवाद, पुर्ण जनवादी कार्यक्रम र अपूर्ण जनवादी कार्यक्रम, आंशिक कार्यक्रम जस्ता अनेकौ किसिमका कार्यक्रमहरू आए र सैद्धान्तिक भ्रम हाम्रो बीचमा रह्यो । नेपाली जनताले सम्पन्न गर्ने क्रान्तिको कार्यक्रम, नेपाली जनताको समृद्धिको निम्ती सम्पन्न गर्ने कार्यक्रम, त्यसको आमरुप, त्यसको विशिष्ट रुप कस्तो हुन्छ भन्ने सम्बन्धमा हाम्रो बीचमा स्पष्टता थिएन र त्यो स्पष्टता नभएको बेलामा एउटा संघर्ष शुरु भयो र त्यो बेलाको महासचिवलाई केन्द्रीय कमिटिले हटायो (क. सी.पी. मैनाली) अनि क. झलनाथ खनाललाई महासचिव बनायो । क. झलनाथलाई महासचिव बनाउनु भन्दा अगाडि हामीले मदन भण्डारीलाई प्रस्तावित गऱ्यौ, मान्नु भएन । माधव नेपाललाई महासचिव बन्नोस् भन्दा कानै समातेर यस्तो कुरा पनि गर्नुहुन्छ ? भन्नुभयो । अब जीवराज आश्रितलाई महासचिव बन्नोस् भन्दाखेरी यो त सोच्नै नसकिने भनेर जवाफ दिनु भयो । अब कसलाई बनाउने भनेर छलफल हुँदा झलनाथले म बन्छु भन्नुभयो र उहाँलाई महासचिव बनाइयो । तर त्यसबेलासम्ममा पार्टी भित्रका विचारहरूलाई स्थापित गर्ने र विचारलाई उठाउने सम्बन्धमा क. मदन भण्डारीका धेरै कुराहरू अगाडि आइसकेका थिए । कार्यक्रमको सन्दर्भमा पनि क. मदन भण्डारीले भन्नुभयो कि एउटा कार्यक्रम पूर्ण र अर्को कार्यक्रम अपूर्ण हुँदैन । हामीले जुन क्रान्तिको कार्यक्रमको कुरा गर्दछौ त्यो नेपाली समाजलाई अगाडि बढाउने, अग्रमार्गी दिशामा लैजाने एउटा सिंगो उत्पादन पद्धतिको नाम हो । त्यसो भएर त्यो कार्यक्रम बस्तुगत परिस्थिति अनुसार प्रस्तुत गर्नुपर्दछ । हामी कस्ता रहेछौ भने मार्क्सवाद लेनिनवादको अध्ययन गर्ने तर मार्क्सवादका नियमहरूलाई लागु गर्ने सम्बन्धमा गल्ति गर्दा रहेछौ । त्यसो भएर हामी एउटा निष्कर्षमा पुग्यौं । त्यहाँ मदन भण्डारीले नेतृत्व गर्नु भयो र चौथो महाधिवेशनमा आउँदाखेरि उहाँ महासचिव चुनिनुभयो । त्यो पार्टीभित्र हामीले मदन भण्डारीलाई धेरै पटक महासचिवको प्रस्ताव गर्दा उहाँ मान्नुभएन र कोहि पनि महासचिव बन्ने अवस्था नरहेपछि उहाँनै महासचिव बन्नुभएको हो । त्यस्तो बेलामा उहाँ पार्टीको नेता बन्नुभयो । नेपाली

काँग्रेससँग मिलेर संयुक्त आन्दोलन गर्ने निष्कर्षमा पुग्दाखेरि हामीले क. मदनलाई हाम्रो पार्टीको सर्वोच्च कमाण्डर बनाएकाथियौं । हाम्रो पार्टीभित्र सर्वोच्च कमाण्डरको रुपमा हामीले उहाँलाई अगाडि सारेको र उहाँले हामीलाई पाइला पाइलामा मार्गनिर्देश गर्नु भएको थियो । मलाई एक दुईवटा घटना मात्र याद छ । आन्दोलन शुरु भएपछि चैत्रको पहिलो दोस्रो हप्तातिर आन्दोलन यति सिथिल अवस्थामा पुग्यो कि चारैतिर निराशा छायो । अब आन्दोलन फेरी उठ्ने हो कि होइन ? आन्दोलन समाप्त हुने हो कि ? यो कसरी अगाडि जाने होला भनेर प्रश्न खडा भयो र त्यसबेलामा हामीले एउटा निष्कर्ष निकाल्यौं । शान्तिपूर्ण जनआन्दोलन अब हामीले सफल गराउन सकेनौं भने हामीले हतियार उठाउनै पर्छ । तर संयोग यस्तो भयो कि फेरि आन्दोलन उठ्यो, जनआन्दोलन फेरी अगाडि बढ्यो । हामी अन्तिम अवस्थामा पुग्यौं, पञ्चायती व्यवस्था ढल्यो । पहिला ढल्दाखेरि उसको खुट्टा ढल्यो, त्यसपछि ढाड ढल्यो । बैशाख ३ गतेतिर पुग्दा सबै ढल्यो र हाम्रो पार्टीभित्र त्यतिबेला एउटा गम्भीर प्रश्न खडा भयो । अब नयाँ व्यवस्था शुरु भयो, निर्दलीय पञ्चायत चाहिं समाप्त भयो । बहुदलीय संसदीय प्रजातन्त्र घोषणा भयो र यो व्यवस्थामा हामीले के गर्ने भन्ने सन्दर्भमा हाम्रो पार्टीभित्र विभिन्न विचारहरू आए । यस्तो बेलामा कम्युनिस्ट पार्टी बाहिर खुला भएर जानै हुँदैन, कम्युनिस्ट पार्टी भूमिगत बस्नुपर्छ र एउटा मोर्चा संगठन बनाउनुपर्छ । कम्युनिस्ट पार्टीले आन्दोलनलाई हाँकेर लिएर जानु पर्छ, चुनावमा भाग लिनुपर्छ, सरकार बनाउनुपर्छ । अहिले राजा जीउँदैछन् । राजा संवैधानिक भएको छ तर कम्युनिस्ट पार्टीले त्यो संवैधानिक राजा मानेर कसरी जान सक्छ ? त्यसैले कम्युनिस्ट पार्टी भित्र बस्नुपर्छ बाहिर अर्कै आउन पर्छ र त्यसले सबै काम गर्नुपर्छ भन्ने विचार आयो । त्यसैबेला कमरेड मदन भण्डारीले एउटा विचार अगाडि सार्नुभयो । कम्युनिस्ट पार्टीलाई खोपीको देउता बनाउने विचार हो ? भनेर उहाँले एउटा विचार अगाडि सार्नुभयो । हामी सबै कन्भिन्स भयौं । केन्द्रीय कमिटीमा छलफल हुँदा पहिले लगभग बराबर जस्तो मत विभाजन थियो तर पछि गएर कमरेड मदन भण्डारीको पक्षमा अत्याधिक बहुमत भयो । एकजना व्यक्तिमात्रै रहनुभयो, जसले मान्नुभएन । कम्युनिस्ट पार्टीलाई भूमिगतै राख्नुपर्छ र मोर्चा बनाएर त्यस मोर्चाले आन्दोलन सञ्चालन गर्नु पर्छ भन्नुभयो । कमरेड मदन भण्डारीको तर्क के थियो भने कम्युनिस्ट पार्टी जनताको मुक्तिको निम्ति, जनताको संघर्ष सञ्चालन गर्नको निम्ति, जनताको आन्दोलनको नेतृत्वको निम्ति जन्मेको हुन्छ । कम्युनिस्ट पार्टी सिद्धान्त जम्मा गर्नको निम्ति, सिद्धान्त थुपारेर बस्नको निम्ति जन्मेको हुँदैन । सिद्धान्त खोपामा राख्ने हो भने मार्क्स, ऐंगेल्स, लेनिन, स्टालिन, माओदेखि लिएर हाम्रो देशका नेताहरूका सबै रचनाहरू सबै एउटा लाइब्रेरीमा थन्क्याइदिएपछि त पुगिहाल्यो । तर कम्युनिस्ट पार्टी जनताको आन्दोलनको नेतृत्व गर्नको निम्ति बन्छ र जनताको आन्दोलन जनताको स्तर अनुसार हुन्छ । जनताले आफ्नो स्तर सशस्त्र संघर्ष सञ्चालन सम्म पुऱ्याएका छन् भने सशस्त्र संघर्ष संचालन गरे हुन्छ । कम्युनिस्ट पार्टीको नेतृत्वमा जनताले प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त पारेर जनताको राज्यसत्ता खडा गरे भने त्यसको नेतृत्व गर्न पनि कम्युनिस्ट पार्टी जानुपर्दछ तर जनताले शान्तिपूर्ण आन्दोलन संचालन गरिराखेका छन् भने त्यो आन्दोलनमा अर्कै पार्टी, अर्कै मोर्चा, अर्कै रुप खडा गरिदिने तर कम्युनिस्ट पार्टी भूमिगत कोठामा बस्ने हो भने नेपाली जनता त्यही मोर्चा, त्यही आकृतिको पछि लाग्नेछन् तर कम्युनिस्ट पार्टी कोठामा बस्नेछ, कोठामा बस्दाबस्दै सम्झना गर्ने, लालसलाम गर्ने भन्दा अरु केहि हुनेछैन र अन्तिम अवस्थामा कम्युनिस्ट पार्टी समाप्त हुनेछ । कम्युनिष्ट पार्टीलाई जनताको आन्दोलनबाट विमुख गराउने काम कम्युनिस्ट पार्टीलाई विसर्जन गर्ने काम भएको हुनाले हामी कम्युनिस्ट पार्टीलाई भूमिगत राख्ने र मोर्चा बनाएर आन्दोलको नेतृत्व गर्ने बाटोमा जान हुन्न भनेर भन्नु भयो । हामी सबै सहमत भयौं । अब यहाँहरू सबैलाई थाहा छ, २०४७ सालमा अन्तरिम सरकार बन्यो र त्यो सरकारमा ने.क.पा. मालेको तर्फबाट केहि साथीहरू पठाउने काम पनि भयो र पछि पार्टी एकताको कुरा आयो र त्यो सरकारमा हाम्रो पार्टीले भाग लिनुहुन्छ कि हुँदैन भन्ने सम्बन्धमा पनि विभिन्न किसिमका विचारहरू आए । क. मदन भण्डारीले भन्नुभयो भने अब नेपालको सम्बन्धमा, नेपाली जनताको आन्दोलनले एउटा शक्ति आर्जन गरेको छ । पहिलो पटक राजा र सुधारवादी बुर्जुवा शक्तिका समकक्षमा नेपाली सर्वहारा वर्गको पार्टीलाई स्थापित गरेको छ । यस्तो बेलामा शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट नेपाली जनताका आवश्यक कुराहरूलाई सुधारको बाटोबाट हामीले पुरा गर्दै जनतालाई अरु बढी शक्तिसम्पन्न बनाउन सक्छौं । यही बाटोबाट नेपालमा समृद्धी पनि कायम गर्न सक्छौं । यही बाटोबाट पनि कुनै दिन प्रतिक्रियावादीहरूलाई ध्वस्त गरेर त्यो ठाउँमा नेपाली जनताको राज्यसत्ता स्थापित पनि गर्न सक्छौं, त्यो संभावना पैदा भएको छ । उहाँले धेरै पटक भन्ने गर्नुभयो कि इतिहासमा पहिलो पटक नेपाली जनता सार्वभौमसम्पन्न भएका छन् भन्ने कुरा सविधानमा लेखिएको छ । हाम्रो आन्दोलनको सबैभन्दा ठूलो उपलब्धि यही हो । अब लेखिन्छ कि लेखिदैन व्यवहारमा त्यो त पछिको कुरा हो । तर संविधान बनाउँदा लेखियो । २००७ सालको क्रान्तिले पनि नेपाली जनता सार्वभौमसत्तासम्पन्न  छन् भन्ने कुरा कुनै कागजमा लेख्न सकेन । ०१७ सालसम्म गरिएका आन्दोलनले पनि नेपाली जनता सार्वभौम अधिकारसम्पन्न छन् भन्ने कुरा लेख्न सकेन तर ०४६ सालको जनआन्दोलनले त्यो कुरा लेखायो । यसको अर्थ के हो भने नेपाली जनता त्यो ठाउँमा पुगेका छन् र त्यसको प्रतिनिधिको हैसियतले

नेपाली श्रमजीवी सर्वहारा वर्गको पार्टी कम्युनिस्ट पार्टी त्यो ठाउँमा पुग्यो । यो निष्कर्षका साथ उहाँले जनताको आन्दोलनलाई अगाडि बढाउने कुरा अगाडि सार्नुभयो र ०४६ सालको जनआन्दोलनको सफलता, अन्तरिम सरकारको निर्माण र त्यसपछि संविधान निर्माणका कतिपय सवालहरू पश्चात् उहाँ स्थापित हुनुभयो । पार्टी एकता भयो, उहाँले नेतृत्व गर्नुभयो । पार्टी एकताको बेलामा उहाँलाई असफल गराउन एउटा षड्यन्त्र भयो । मैले सार्वजनिक ठाउँमा भनेको थिइन तर कहिं कहिं भित्र भित्रै भनेको छु । पार्टी एकताको घोषणा क. सिद्धिलाल सिंहको घरमा हामीले गर्‍यौं । ने.क.पा.(माले) र नेकपा (मार्क्सवादी) को एकीकरणको घोषणा हामीले गर्‍यौं । त्यो घोषणा गरिहालियो । अब त्यो घोषणा कसरी भयो भने माले भित्र भित्र बसेको हुनाले धेरै कुरा थाहा थिएन । अब मार्क्सवादी बाहिर बाहिरै बसेका धेरै चलाख भइसकेका, उनीहरूले त नेताहरूले भनसुन गरेर टि.भी., रेडियो, पत्रकार सबै जम्मा गरिसकेका रहेछन् । हामीहरूले कुरा गरेर हुने भए हुन्छ नि त भोलि पर्सि कुरा गरौंला भन्दा भन्दै ती आए । ल अहिले नै यहिं गरौं भन्न थाले र त्यहीं बसियो र गरिहालियो । भोलिपल्ट केन्द्रीय कमिटी बनाउने बेलामा मार्क्सवादीबाट आधा, मालेबाट आधा बनाउने कुरा गरियो अनि त्यो सहमति भयो । पोलिटब्युरो पनि आधा आधा गर्ने सहमति भयो । अब नेता बनाउने कुरामा बिहान मदन भण्डारी र माधव नेपाल त्यो कसरी कसरी गर्ने भनेर जानु भएको । उहाँहरूले कताकताबाट के के सहमति गरेर आउनुभएछ । अब हामीले भन्ने ठाउँ पनि भएन । फेरी एकता भनिसकेपछि त एकतामा चोट पुग्ने खालको कुरा गर्नुपनि भएन । तर म जस्ता मान्छेलाई त चित्त बुझेको थिएन । के.पी.लाई त झन् बुझेको रहेनछ । अब बैठकको बेलामा ए समय सकियो भन्ने कुरा आयो, थाहै हुँदैनथ्यो समय सकिएको । अब बैठकको बेलामा चाहिं के भयो भने मालेबाट गएका २ जना कमरेडहरू मार्क्सवादीतिर मिलिहाल्नुभएछ । केन्द्रीय कमिटीमा बराबरी भयो पो । दुइजना त्यता गएर यो पार्टीमा अध्यक्ष राख्नुहुन्न । परम्परा अनुसार जनरल सेक्रेटरी राख्ने चलन छ । महासचिव मात्रै राखे भइहाल्यो नी भन्ने कुरा भयो । महासचिव मनमोहन अधिकारी हुनुपर्छ भनेर भने । बिहान अध्यक्ष मनमोहन अधिकारी हुने, महासचिव मदन भण्डारी हुने भन्ने सहमती भएको फेरी अहिले अध्यक्ष राख्दै नराख्ने, महासचिव मनमोहनलाई बनाउने भनेपछि मनमोहन एउटा सम्मानित व्यक्तित्व, सबै कुरा ठीक छ तर कता कता मनमोहनले पार्टी हाँक्न सक्नुहुन्न भन्ने लागेको हुनाले यो त अनर्थ भयो । किनभने यो त सम्झौता विपरित भयो, यो पार्टी चल्दै चल्दैन भन्ने पनि लाग्यो त्यसपछि हामीले कुरा गरेर त्यसो त गर्नु हुँदैन भन्यौं तर उहाँहरूले मान्दै मान्नुहुन्न । त्यसपछि के.पी.ले र मैले के सल्लाह गर्‍यौं भने अब यो एकता हुँदैन भनेर भडकाईदिउँ भनेर भन्यौं । त्यसपछि मदन भण्डारीलाई हामीले भन्यौं, मदन भण्डारी मेरो छेउमा हुनुहुन्थ्यो, यो निर्णय भयो भने पार्टी एकता हुन्छ कि हुँदैन भनेर मैले सोध्दा उहाँले हुन्न भन्नुभयो । उहाँले हुन्न भनेपछि घुम्दै पालो आउँदैथियो, मेरो पालो आयो मैले यो एकता हुँदैन भनेर भनिदिएं । के.पी.ले पनि यो एकता हुँदैन भनेर भनिदिनुभयो । त्यसपछि एकता हुँदैन भनेर हामी निस्कियौं । त्यसपछि फेरी हाम्रो बीचमा त्यही सहमति भयो र पार्टी एकता भयो । पार्टी एकता भएर नेकपा एमाले बन्यो । त्यो बीचमा जे जे खेलहरू भए, ती भित्रै समाप्त भए । त्यसबेलामा कमरेड मदन भण्डारीले पार्टी कार्यकर्ताहरूको मनोभावना, नेपाली जनताको आकांक्षा यी सबै कुराहरूलाई बुझेर जसरी एकताबद्ध बनाएर लिएर जानुभयो, त्यसलाई हेर्दा साँच्चै त्यहाँ अरु भएको भए त्यो सम्भव थिएन । त्यस्तो बेलामा हामीले एकता गर्‍यौं, त्यो त यस्तो किसिमको त्यान्द्रो थियो कि त्यो जुनसुकै बेलामा पनि चुँडिनसक्थ्यो । तर मदन भण्डारी दृढतापूर्वक उभिनुभयो र पार्टी एकता भयो । पार्टी एकता भइसकेपछि यहाँहरूलाई थाहा होला कि मदन भण्डारी महासचिव भइसकेपछि हाम्रो पार्टी कार्यकर्तालाई बढी थाहाहुन्छ, उहाँले एउटा किताब प्रकाशित गर्नुभयो । बहुदलीय जनवादबारे भन्ने त्यो किताब प्रकाशित भइसकेपछि हाम्रो पार्टी भित्र यति विवाद भयो, चर्केर विवाद भयो । मनमोहन अधिकारी त्यसको विरोधमा, अर्को कमरेड त्यसको विरोधमा सबै आज भएका ठूला ठूला नेताहरू त्यसको विरोधमा । अब स्थिति यस्तो भयो क. मदन भण्डारीले लेखेको सो किताब पार्टीको किताब होइन, मदन भण्डारीको व्यक्तिगत किताब हो, पार्टीले यही फैसला गर्नुपर्छ भन्ने कुरा आयो । हामी पहिलोपटक सचेत भयौं, किन बहुदलीय जनवाद भन्ने किताब अस्वीकृत हुने भयो । यो एउटा छलफलको विषय बन्यो । मदन भण्डारीले त्यहाँ कसरी स्पष्टीकरण दिनुभयो भने आज देशभरि दुइवटा प्रश्न हाम्रो बीचबाट उठाइएको छ । नेपाली कांग्रेसले के भनिरहेको छ भने यो नेकपा एमालेले बहुदलीय जनवाद भनेर स्वीकार गरिसकेपछि यो कम्युनिस्ट पार्टी रहेन, यदि तपाईंहरू कम्युनिस्ट हुने हो भने मसालमा, एकता केन्द्रमा लाग्नुहोस् । त्यो खाँटी कम्युनिस्ट हो किनभने त्यसले बहुदल मान्दैन, तपाईंहरू कम्युनिस्ट हो भने बहुदल किन मान्ने ? कम्युनिस्ट त बहुदलवादी हुनै सक्दैन । यदी बहुदल नै मान्ने हो भने कांग्रेस बन्नुपर्छ भन्यो । यो दुइवटा प्रश्न कांग्रेसले जसरी खडा गर्‍यो अर्को तर्फ उग्रपन्थी र जडसूत्रवादी विचारमा रहेका हाम्रा साथीहरूले कुरा फेरी त्यही उठाए । बहुदलवादी बन्ने हो भने तपाईंहरू कांग्रेस हुनुपर्छ, हैन कम्युनिस्टनै बन्ने हो भने तपाईंहरू हामीतिर आउनुहोस् । त्यस्तो किसिमको प्रश्न भयो मदन भण्डारीले भन्नुभयो । म फलाना ठाउँमा गएं, मैले भाषण गरें, मैले प्रवचन दिएं । साथीहरूलाई स्पष्ट पारें । पूर्वमा, पश्चिममा गएं, सबै ठाउँमा गएं । साथीहरूलाई स्पष्ट पारें । उहाँहरू अहिले स्पष्ट हुनुहुन्छ ।

साथीहरूको बीचमा रहेको यो भ्रमपूर्ण प्रश्नलाई समाप्त पार्ने, उहाँहरूलाई स्पष्ट पारेर सैद्धान्तिक हतियारले लैस गरेर उहाँहरूलाई अगाडि बढाउन हामीसँग दस्तावेज हुनु जरुरी भयो । सबै ठाउँमा म गइरहन सक्तिन र यो दस्तावेजको रुपमा रुपान्तरण गरेर सिर्जाने हो भने यसले नेकपा एमालेलाई स्थापित गर्छ र यसले नेपालको कम्युनिस्ट आन्दोलनलाई एउटा उचाइमा पुऱ्याउँछ भनि क.मदन भण्डारीले भन्नुभयो । मदन भण्डारीले भनेपनि जनवाद, नयाँ जनवाद भन्दै हामी हिँडेका, २-४ वर्ष अघिसम्म माओको विचारधारा भन्दै हिँडेका हामीले यो बहुदलीय जनवाद हाम्रो कार्यक्रम हो भनेर भनिसकेपछि त्यो कसरी मान्य हुन्छ ? भन्ने एउटा गम्भीर प्रश्न खडा भयो र मत विभाजन नै हुने अवस्थामा पुग्यो । मत विभाजन भयो र एकमतले क. मदन भण्डारीको विचारले जित्यो र त्यसै दिनदेखि बहुदलीय जनवाद भन्ने किताबले जुन कुरा अगाडि सार्‍यो, त्यसले सिद्धान्तको रुपमा आफूलाई स्थापित गर्ने काम गऱ्यो । म केही तथ्यहरू यहाँहरूको अगाडि सार्न चाहन्छु । त्यो भन्दा दुई वर्ष अगाडि मात्र चौथो महाधिवेशन गर्दाखेरि महाधिवेशनमा पार्टी माथिको प्रतिबन्ध हटाइनेछ जनवादी क्रान्ति गरीसकेपछि, जनवादी व्यवस्था ल्याउँदाखेरि भन्ने कुरा छ र त्यसमा कसैको असहमति छैन । सी.पी. मैनालीको पनि असहमति छैन, झलनाथ खनालको पनि छैन, कसैको पनि छैन । पार्टी एकता घोषणापत्र जारी भयो, यो २०४७ पुस, माघतिर घोषणा भयो । त्यो घोषणापत्र माघ, फागुनतिर कहिले चाहिँ प्रकाशन भयो, त्यतिबेला तपाईंले हेर्नसक्नुहुन्छ कि हामीले जनवादी क्रान्ति सम्पादन गरिसकेपछि बहुदलीय प्रतिष्पर्धाको शासन प्रणाली कायम गर्नेछौं, मानव अधिकारको प्रत्याभूति गर्नेछौं, मौलिक अधिकार कायम गर्नेछौं आदि, आदि जस्ता कुराहरू लेखिएको छ र त्यो घोषणापत्रलाई हाम्रो पार्टीभित्र सबैले समर्थन गरेकाछन् । त्यसो भएर जनवादी क्रान्ति सम्पन्न भइसकेपछि कम्युनिस्ट पार्टीले सञ्चालन गर्ने शासनमा बहुदलीय व्यवस्था कायम गर्नुपर्दछ भनेर भन्ने कुरा प्रमुख मुद्दा होइन । हाम्रो पार्टी भित्रको विवादमा प्रमुख मुद्दा के हो भने हामी कुन सिद्धान्तको आधारमा बहुदलीय प्रतिष्पर्धामा सामेल भइरहेका छौं ? त्यो सिद्धान्त मदन भण्डारीले अगाडि सार्नुभयो, त्यो सिद्धान्तलाई अस्वीकार गरियो । त्यसो भएर शासन प्रणालीमा मौलिक अधिकार हुन्छ, हुँदैन ? हामीले अपनाउने शासन प्रणालीमा बहुदलीय प्रतिष्पर्धा हुन्छ कि हुँदैन भनेर भन्ने कुरा प्रमुख मुद्दा बनेकै होइन, आज पनि बन्न सक्तैन । आज पनि नेकपा मओवादीले त्यसलाई स्वीकार गरेको छ । बहुदलीय शासन प्रणालीमा जान्छौं भन्छ तर कुन सिद्धान्तको आधारमा हामी जान्छौं ? त्यो मार्क्सवाद, लेनिनवादसम्मत छ कि छैन ? भनेर भन्ने कुरामा माओवादी चुप छ । त्यसबेलाका हाम्रा धेरै साथीहरू चुप थिए । त्यो सिद्धान्त जो अगाडि आयो त्यसलाई स्वीकार गर्ने कि नगर्ने ? किनकि त्यो सिद्धान्तनै यस्तो सिद्धान्त हो जसले युगौ देखि कम्युनिस्ट आन्दोलनमा रहेको गतिरोधलाई तोड्यो । त्यो सिद्धान्त यस्तो सिद्धान्त हो जसले समाजमा कम्युनिस्ट पार्टीलाई एउटा गतिशील वाहकको रुपमा स्थापित गऱ्यो । त्यो सिद्धान्त नै यस्तो सिद्धान्त हो जसले सोभियत संघमा कम्युनिस्ट पार्टी ध्वस्त भएको बेलामा नेपालमा कम्युनिस्ट आन्दोलनको ज्वाला अगाडि बढायो । त्यतिमात्र होइन, यसले संसारभरी आन्दोलन गर्न थाल्यो । आज नेकपा एमालेमात्र होइन, संसारका अरु धेरै पार्टीहरू सोभियतसंघ विघटन भइसकेपछि बनेका संसारका धेरै कम्युनिष्ट पार्टीहरु हामी समाजवादमा पनि बहुदलीय व्यवस्थाको माध्यमबाट जान्छौं भन्छन् । दक्षिण अफ्रिकाका धेरै कम्युनिस्ट पार्टीहरू र एशियाका पनि धेरै कम्युनिस्ट पार्टीहरूले यो सिद्धान्तलाई स्वीकार गरिसकेकाछन् । त्यसो भएर यो बहुदलीय जनवाद भन्ने जुन सिद्धान्त छ, त्यसलाई नेकपा एमालेले स्वीकार गऱ्यो । आधिकारीक रुपमा ०४९ सालको महाधिवेशनमा त्यसलाई स्थापित गऱ्यौं । त्यसबेला पनि विचार त धेरै आएका थिए । क. सी.पी. मैनलीको 'परिमार्जित नौलो जनवाद' भन्ने थियो, रघुजी पन्तको 'सामाजिक जनवाद' भन्ने थियो, बद्री खतिवडाको 'हरित जनवाद' भन्ने थियो । त्यस्तै 'क्रान्तिकारी जनवाद' भन्ने थियो । अनेकौ यस्ता जनवादका नाममा आएका थिए र खासगरी हामीले त्यतिबेला दुईवटा विचारका विरुद्धमा सशक्त संघर्ष गऱ्यौं । सामाजिक जनवाद भन्ने जुन आएको थियो, त्यो विश्वव्यापीरुपमा कम्युनिस्ट आन्दोलनमा साम्राज्यवादीहरूले हस्तक्षेप र प्रहार गरिरहेको बेलामा घुँडा टेकेर, आत्मसमर्पण गरेर आएको विचार थियो, त्यसकारण त्यसलाई पराजित गर्नुपर्छ भनेर हामीले साम्राज्यवादपरस्त विचारको रुपमा पराजित गरेकाथियौं र महाधिवेशनमा त्यसले एकमत पनि पाएन । अर्को एउटा विचार थियो, परिमार्जित नौलो जनवाद, जो उग्रवामपन्थी अराजकता ल्याउन लागिरहेको जस्तो थियो, धेरै यस्ता भ्रमहरूबाट मुक्त थिएन, भ्रमै भ्रम बोकेर आएको थियो, त्यो पनि पराजित भयो । मदन भण्डारी पार्टीभित्रको वैचारिक संघर्षमा यि जम्मै विचारहरूका विरुद्ध जुध्दै स्थापित हुनुभयो । संगठनात्मक रुपमा भन्नुहुन्छ भने, नेकपा एमालेको जतिपनि संगठनात्मक प्रस्तावनाहरू छन्, ती सबै सैद्धान्तिक प्रस्तावनाहरू वहाँबाट नै आए । अब क. मदन भण्डारीका यावत् यि योगदानहरू मध्ये कुन चाहिँ प्रमुख योगदान हो भन्दा, प्रमुख योगदान जनताको बहुदलीय जनवाद नै हो । हामीले पाचौं महाधिवेशनमा जनता भन्ने शब्द हाम्रो तर्फबाट थप्यौं । क. मदन भण्डारीले नमान्दा नमान्दै बहुदलीय जनवाद मात्रै भन्दा स्पष्ट हुँदैन, यो रुपमा पनि त्यस्तो किसिमको आउनुपर्छ भनेर हामीले जनता थप्यौं र जनताको बहुदलीय जनवाद भनेर हामीले अगाडि सार्‍यौं । ज.ब.ज.का चौधवटा विशेषताहरू छन् भन्ने कुरा गलत हो । ज.ब.ब.का नाममा पाचौं महाधिवेशनमा पेश गरेको कार्यक्रममा १४ वटा विशेषता छन्, जनताको बहुदलीय

जनवादमा होइन । ज.ब.ज एउटा सिद्धान्त हो । कहाँ चौधवटा विशेषता, त्यो हेर्दै जाँदा विशेषता कति छन् त्यो म यहाँ केलाउन चाहन्न र हामीले कार्यक्रमको रुपमा मात्र अघि सारेको होइन । कार्यक्रमको रुपमा त त्यो भन्दा पहिला ववाद भएको थिएन नि तर सिद्धान्तको रुपमा अगाडि आइसकेपछि त्यसलाई अमान्य गर्ने, अस्वीकार गर्ने कुरा आएपछि विवाद भएको हो । त्यसो भएर त्यो सिद्धान्त के हो ? मेरो विचारमा मदन भण्डारीका धेरै रचनाहरूको अध्ययन गरिसकेपछि, मेरा अनुभवहरलाई एकपटक स्मरण गरिसकेपछि मलाई के लाग्छ भने क. मदन भण्डारीले अगाडि सार्नुभएको जनताको बहुदलीय जनवादको सिद्धान्तको सार के हो भने समाजको प्रजातान्त्रीकरण नै हो । त्यो समाज भित्र कम्युनिस्ट पार्टी छ, त्यो समाजभित्र यावत जाति छन्, त्यो समाजको ढाँचा, काँचालाई हेर्दा खेरि हामीले त्यसलाई कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरण भन्न सक्छौ । त्यसलाई राज्यको प्रजातान्त्रीकरण भन्न सक्छौं, आन्दोलनको प्रजातान्त्रीकरण भन्न सक्छौ र हामीले भन्ने हो भने आर्थिक क्षेत्रको प्रजातान्त्रीकरणको कुरा अगाडि सार्नसक्छौ । विश्वमा कम्युनिस्ट आन्दोलन किन असफलता तिर गयो ? सोभियतसंघले किन असफलता व्यहोर्नुपर्‍यो ? समाजवाद किन असफल हुनुपर्‍यो ? यस्ता प्रश्नहरूको जवाफमा जनताको बहुदलीय जनवाद आएको छ । त्यसकारण त्यो हाम्रो कार्यक्रममा कतिवटा बुँदा चाहिँ विशेषताको रुपमा अगाडि सारिएको छ भन्ने कुरा मुख्य भएन कार्यक्रम त पाचौंमा एउटा सारियो । कुनैबेला अर्को सारिएला । त्यसमा दुइवटा विशेषता थपेर ल्याउन सकिन्छ । बहुदलीय जनवादले के भन्छ भने समाजको प्रजातान्त्रीकरण गर्ने कुरा प्रमुख हो र त्यसमा कम्युनिस्ट पार्टीको, कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरण गर्ने कुरा प्रमुख हो । त्यसो भएर समाजका प्रजातान्त्रीकरण गर्ने काम हामीले थाल्दा सबभन्दा पहिले हामीले हाम्रो आन्दोलनलाई प्रजातान्त्रीकरण गर्नुपर्दछ र आन्दोलनलाई प्रजातान्त्रीकरण गर्नु भनेको संगठन हुन्छ, विचार हुन्छ, संघर्ष हुन्छ, यावत् कुराहरू हुन्छन् आन्दोलनभित्र । तर त्यसको शुरुवात भनेको कम्युनिस्ट पार्टीबाट नै गर्नुपर्छ । अब यो सातौं महाधिवेशनमा आइपुग्दा भण्डै मार खाएको तर त्यही प्रजातान्त्रीकरणको कुरा गर्दा खेरि । बाँचियो, यतिसम्म नत्र सिद्धिने अवस्था भइसकेको । तर इमान्दारिसाथ हामीले भन्ने हो भने क. मदन भण्डारीका विचारहरूको अनुयायी, क. मदन भण्डारीका विचारलाई सिद्धान्त मानेर हामी अगाडि बढेका हौं भने एमालेको प्रजातान्त्रीकरणको कुरा, केन्द्रीय कमिटीबाट सुरु गर्नुपर्छ, सबभन्दा माथिल्लो तहको नेतृत्वबाट गर्नुपर्छ, त्यहाँबाट तलतिर जान्छ, हामीले यसरी अगाडि सार्नुपर्छ । यसअघि कम्युनिस्ट पार्टीको प्रजातान्त्रीकरणको कुरा गर्दा हामीले कहाँबाट शुरु गर्‍यौं भन्दा, सारा देशभरी जित्यो कम्युनिस्ट पार्टीले । क्रान्ति गरेर, फौज बनाएर अनेक, अनेक गरेर जित्यो । त्यसो भएर जनताको प्रतिनिधि कम्युनिस्ट पार्टीले जित्यो, चारैतिर दिग्विजय गर्‍यो । उसको फौज छ, उसको प्रशासन छ, उसको अदालत छ, उसका अनेकौं योजनाहरू छन्, त्यसो भए पछि त उसले जित्यो'नी । कम्युनिस्ट पार्टी भनेको सिङ्गो देशको पार्टी हो । त्यो कम्युनिस्ट पार्टी भित्र पोलिटब्यूरो सबैभन्दा ठूलो प्रतिनिधि, पोलिटब्यूरो भन्दापनि मुख्य नेता सबैभन्दा ठूलो प्रतिनिधि । त्यसो भएर त्यो नेताले जे भन्छ पोलिटब्यूरोले मान्नुपर्छ, पोलिटब्यूरो जे भन्छ केन्द्रीय कमिटीले मान्नुपर्छ । केन्द्रीय कमिटीले जे भन्छ, सिङ्गो पार्टीले मान्नुपर्छ । कम्युनिस्ट पार्टीले भनेपछि सिङ्गो देशले मान्नुपर्छ । यही बाटोमा हिंडेकाले सोभियत संघ धरासायी भयो, त्यहाँ समाजवाद ढल्यो ।

अब हामीले के गर्नुपर्दछ भने प्रमुख नेताले केन्द्रीय कमिटीको विश्वास आर्जन गर्नुपर्दछ । केन्द्रीय कमिटीले सिङ्गो पार्टीको विश्वास आर्जन गर्नुपर्दछ र त्यो पार्टीले सम्पूर्ण जनताको विश्वास आर्जन गर्नुपर्दछ । उदाहरणका लागि नेकपा एमालेको एकलाख २५ हजार सदस्य छन् । एकलाख पच्चीस हजारको मात्रै विश्वास आर्जन गरेर कम्युनिस्ट पार्टीले लडाइँ जित्न सक्दैन । कम्युनिस्ट पार्टीले दुई करोड पचास लाख जनता मध्ये दुई करोड जनताको विश्वास आर्जन गर्नुपर्दछ । यो भनेको सञ्चालन भइरहेका आन्दोलनहरूमा हामीले देख्नुपर्दछ हाम्रो समर्थनमा छ कि छैन त्यो जनता ? साँच्चै जनताले जे चाहिरहेको छ त्यो पक्षमा हामी छौ कि छैनौं ? हामीले पार्टीलाई प्रजातान्त्रीकरण गर्नु भनेको त्यहाँबाट अगाडि आउनुपर्छ । अब बहुमतको विचार त पार्टीको विचार हुन्छ हुन्छ, एकदम साँचो कुरा हो तर बहुमत भयो भन्दैमा दिनलाई रात र रातलाई दिन भन्न मिल्छ कि मिल्दैन ? बहुमत भयो भन्दैमा कालोलाई सेतो र सेतोलाई कालो भन्न मिल्छ कि मिल्दैन ? किन भने बहुमतको मात्रै हुँदैन, त्यो संख्याको कुरा हो, नीति, विचार, सिद्धान्तहरूमा तर्कले काम गरीरहेको हुन्छ, विज्ञानले काम गरीरहेको हुन्छ, नियमले काम गरिरहेको हुन्छ । त्यसले पुष्टी गर्दछ कि गर्दैन पार्टीका नीति, विचारहरूलाई ? साँच्चीकै तत्कालीन परिस्थितिमा जनताको समर्थन प्राप्त छ कि छैन भन्ने कुराको निम्ती जनताको बीचमा जानुपर्छ । आज जनतालाई शान्ति चाहिएको छ, शान्ति चाहियो जनतालाई । युद्ध हाम्रो देशले थाम्न सक्दैन । त्यो राजाको सेनाले चलाउने युद्ध र माओवादीको सेनाले चलाउने युद्ध नेपाली जनतालाई चाहिएको छैन । युद्ध जनताले थाम्न सक्दैनन्, राष्ट्रले थाम्न सक्दैन । आज घरघरबाट अपहरण भएकाछन्, चन्दा आतंक चलेको छ । मान्छे पक्रेर लगेर सेनाले पनि गोली हानेर मारेको छ, अर्कोले पनि त्यही गरेको छ । अब त अमेरिकाबाट हतियार आउँदैछ रे । त्यो हतियार एकपटक बटम दबायो भने ५०० वटा गोली जान्छ रे । यहाँबाट बटम दबायो रोल्पामा खसेर माओवादीको सैनिक शिविर सबै ध्वस्त हुन्छ रे, त्यस्तो किसिमको

हतियार आउँदैछ रे अमेरीकाबाट । त्यो हतियार हामीले किन्न सक्छौं कि सक्दैनौं ? हामीले त्यो बनाउन चलाउन सक्छौं सक्दैनौं ? कि त्यो चलाउन पनि अमेरीकाबाटै आउनु पर्छ रे । मैले ती देशसँगको मित्रतानै बिगार्नु पर्छ भनेको होइन, तर नेपालको समस्या समाधान गर्नको लागि हामीले गम्भिरतापूर्वक सोच्नुपर्छ कि पर्दैन ? या देशलाई बन्धक राखेर, नेपाली जनतालाई धितो राखेर विदेशबाट हतियार ल्याएर हामी कसलाई समाप्त पार्दैछौं ? अनि बम कहाँ पड्काउँछौं ? नेपाली धर्तीमा, यो धर्तीमा बस्ने मानव जाति समाप्त हुने, चराचुरुङ्गी समाप्त हुने, सम्पूर्ण हाम्रो धर्ती खरानी हुने, मरुभुमी बन्ने, त्यो बाटोमा लाग्न हुन्छ ? लाग्न हुँदैन । त्यसो भए के चाहिन्छ हामीलाई ? हामीलाई शान्ति चाहिन्छ । हामीले शान्ति प्राप्त गर्‍यौं भने राजालाई पनि हामी ठीक पार्न सक्छौं । शान्ति प्राप्त गर्‍यौं भने माओवादीलाई पनि ठीक गर्न सक्छौं । शान्ति प्राप्त गर्‍यौं भने भ्रष्टचारीलाई पनि ठीक पार्न सक्छौं । यो देशलाई अमेरीकाको दाँजोमा समृद्धिमा पुर्‍याउन पनि सक्छौं, शान्ति भएन भने हामी सक्दैनौं । हाम्रो देशले अशान्ति थाम्न सक्दैन, युद्ध थाम्न सक्दैन । त्यसो भएर आज प्रजातान्त्रीकरणको जुन कुरा उठीरहेको छ, त्यो प्रजातन्त्रीकरणको सन्दर्भमा जाँदा नेपाली जनताले एउटा कुरा भनिरहेको छ, नेताहरूले अर्कै भनिरहेकाछन् । जनतालाई एउटा कुरा चाहिएको छ, माघ १५ गते युद्धविराम भएपछि सबैको काम त्यो युद्धविरामलाई सम्पन्न गराउने काम हो, प्रमुख काम हो । त्यो युद्धविराम गराउँदा राजाको प्रतिगमनलाई ध्वस्त गरौं, राजाको हातबाट अधिकार खोसेर ल्यायौं, यो सबै गरौं तर मुख्य मद्दा के हो ? जनताको मुख्य मुद्दा के हो ? भन्दा जनताको मुख्य मुद्दा शान्ति हो । जनताको मुद्दा प्रतिक्रियावादीलाई ध्वस्त गर्ने हो, जनताको मुद्दा प्रजातन्त्रलाई सुदृढ बनाउने हो, जनतालाई अधिकार सम्पन्न बनाउने हो । जनताको मुद्दा यो हो । यो दिशामा जान हामी थाल्छौं भने हामीले सोच्नैपर्छ कि कमरेड मदन भण्डारीले जे कुरा अगाडि सार्नुभयो त्यो आज कति सान्दर्भिक छन् भनेर । राजाको प्रतिगमनलाई पराजित गरेर राजा बाँच्ने हो भने, राजा रहने हो भने राजाले आफुलाई प्रजातन्त्रीकरण गर्न तयार हुनैपर्छ । त्यतिले मात्रै पुग्दैन । १२, १३ वर्षसम्म जनताको जिम्मेवारी लिएका राजनैतिक पार्टीहरूले पनि आफुलाई सच्चाएर प्रस्तुत गर्नुपर्छ र आजसम्म आफुबाट भएका गल्तिहरूका लागि जनताका सामु माफि माग्नुपर्छ । हामीले पनि हाम्रो पार्टीलाई प्रजातान्त्रीकरण गर्छौं भनेर जनताका सामु कबोल गर्नुपर्छ । कसैले हामीलाई भ्रष्टाचारी भन्दा, हामीले मात्र भ्रष्टाचार गरेको हो र ? ३० वर्ष पञ्चायती कालमा भ्रष्टाचार भएन ? मुर्ति चोरी भएन ? छाला तस्करी भएन ? जस्ता जवाफ दिनुभन्दा त्यो भ्रष्टाचारी काँग्रेसमा भएपनि एमालेमा भएपनि ध्वस्त गरिनुपर्छ । हो जनता यही चाहन्छन्, जनताले अरु कुनै जवाफ चाहेका होइन । जनता अधिकार सम्पन्न बन्ने बाटोमा जाने गरी हामीले अब आफुलाई सुधार गरेर प्रस्तुत गर्नुपर्छ । नयाँ किसिमले हामी जान चाहन्छौं । देशलाई नेतृत्व गरेर जाने हो । प्रजातान्त्रीकरणको आवश्यकता यहाँ छ । माओवादीले आफुलाई प्रजातान्त्रीकरण गर्न थालेको छ किनभने शान्तिवार्तामा आएकाछन्, सबै मिलाउँछु भनेर, तर निउँ खोजेर फेरी जङ्गल जाने काम गर्नुहुन्न । त्यसलाई पनि प्रजातान्त्रीकरण गर्नुपर्ने आवश्यकता छ । यसकारण मदन भण्डारीले अगाडि सार्नु भएको जनताको बहुदलीय जनवाद अत्यन्त सार्थक र राजादेखि माओवादीसम्म, नेकपा एमालेदेखि नेपाली काँग्रेससम्मका सम्पूर्ण नेपालका प्रजातान्त्रिक शक्तिहरुका निम्ति एउटा प्रेरणादायक सिद्धान्त बनेको छ । मैले भन्दा यही भन्ने हो । अब उहाँहरूले मान्नुहुन्छ कि मान्नुहुन्न त्यो त उहाँहरूकै कुरा हो । त्यसकारण कमरेड मदन भण्डारी र प्रजातान्त्रीकरणको सवालको सही जवाफ लिएर हामी जानुपर्छ । त्यसो गर्न सक्यौं भने राष्ट्र जोगाउन सक्छौं, जनता जोगाउन सक्छौं र प्रतिक्रियावादीलाई पनि पराजित गर्न सक्छौं । जनतालाई अधिकार सम्पन्न बनाए साँच्चीकै प्रजातन्त्रमा जनवाद तर्फ हामी अगाडि जान सक्छौं । **धन्यवाद ।**

***(जननेता मदन भण्डारीको ५२ औं जन्मजयन्तीको अवसरमा 'मदन भण्डारी र प्रजातन्त्रिकरणको सवाल' विषयक गोष्ठीमा प्रस्तुत विचार)***

# ने.क.पा. एकता केन्द्र मसालका प्रतिनिधि क.चित्र बहादुर के.सी.का विचारहरू

कार्यक्रमका सभापति कमरेड, मञ्चमा आसिन राजनीतिक पार्टीका नेता महोदय, मित्रहरू । आजको यस कार्यक्रममा उपस्थित सम्पूर्ण मित्रहरूलाई म हार्दिक अभिवादन गर्न चाहन्छु । ठिक्क म बोल्ने बेलामा एउटा उजुर आयो, कस्तो उजुर आयो भनेरभन्दा यी वक्ताहरूले जम्मै समय लिएपछि हामी उठेर जाने हो ? कि बस्ने हो ? यसको ठेगान गर्नुपर्‍यो । ठिक्क म बोल्ने बेलामा यस्तो उजुर आयो, अगाडि आएन । त्यसैले ति उजुरवाला साथीहरूको मर्कालाई ध्यानमा राख्दै छोटो कुरा राखेर म यहाँबाट बिदा हुन्छु ।

आजको यस मदन भण्डारी र प्रजातान्त्रीकरणको सवाल, अहिलेको स्थितिमा यस्तो शीर्षक राखेर आयोजक साथीहरूले हाम्रो पार्टीलाई पनि निम्ता दिनुभयो र यहाँहरूसँग भेटघाट गर्ने मौका मिल्यो । प्रतिगमन भइसकेपछि हामीलाई यस किसिमका कार्यक्रमहरूमा बोल्न पनि रहर भइसकेको छ । आज अलिकति रहर पनि मेटियो भनौं न । त्यसकारणले आयोजक साथीहरूलाई धन्यवाद दिन चाहन्छु । हाम्रा गोष्ठीहरू अत्यन्त लामा हुने, वक्ताहरूले अत्यन्त लामो समय लिइदिने त्यसो हुनाले श्रोताहरूबाट पनि उजुर आउने, यस्ता किसिमका परिपाटीहरूलाई पनि हामीहरूले शुद्धीकरण गरेर जानुपर्छ । त्यसो हुनाले अब धेरै कुरा गरौं भने श्रोताहरूलाई पनि पट्यार लाग्ने । अब छोटै कुरा गरौं क. मदन भण्डारीसँग २०४६ सालको आन्दोलनभन्दा अगाडि मेरो चिनजान थिएन । मैले नाम सुनेको थिएं । एमालेका धेरैसाथीहरूलाई पुष्पलालसँग काम गर्दा चिनिएको भएतापनि उहाँसँग मेरो भौतिक भेटघाट भएको थिएन । यो ०४७ साल पछिनै विभिन्न कार्यक्रमहरूमा विभिन्न बेलामा मैले संगत गर्ने मौका पाएं । मैले उहाँको के मूल्याङ्कन गरेको भन्दाखेरि मुलुकको प्रजातान्त्रिक आन्दोलनमा उहाँको चाहिं ठूलो योगदान छ र मुलुकमा छरिएर रहेका बिभिन्न राजनैतिक पार्टीहरू विशेष गरी लेफ्ट मुभमेन्टलाई एकीकृत गर्ने सवालमा पनि उहाँको ठूलो योगदान रहेको छ । यद्यपि बहुदलीय जनवादसँग हामी असहमत छौं । त्यो असहमतिको कुरा भनेर म यहाँ लामो समय लिन चाहन्न । जे भएतापनि बहुदलीय जनवाद क. मदन भण्डारीले ल्याए तापनि, त्यसको असहमतिका बावजुदपनि हामी ने.क.पा. एमालेसँग लगातार कार्यगत एकता गरीराखेका छौं र आफ्ना मतभेदहरूलाई पनि आ-आफ्ना ठाउँमा चलाएका छौं । मदन भण्डारीको एउटा सबैभन्दा ठूलो कुरा के थियो भनेर भन्दा मुलुकको प्रजातान्त्रिक आन्दोलन पूरा भएको छैन । सामन्तवाद र पूँजीवादको बीचको लडाइंमा यो अवधिमा एउटा सन्दर्भमा मदन भण्डारीले राजाले यो प्रजातन्त्रप्रति आँखा झिम्क्याउनु हुँदैन । संवैधानिक भएर नेपाली जनताले ठेकेको किल्लामा र बाटेको दाम्लामा बस्ने हो भने बस्नुपर्‍यो हैन भने श्रीपेच फुकालेर हामी जस्तो मैदानमा आउनुपर्‍यो । यो त्यतिबेला क.मदन भण्डारीले दिएको च्यालेञ्ज आज हामीले भोगिराखेका छौं र अहिले मुलुकमा कति डरलाग्दो अवस्था छ ? यहाँ धेरै बुद्धिजीवी साथीहरू हुनुहुन्छ, राजनेताहरू हुनुहुन्छ, पत्रकारहरू हुनुहुन्छ, धेरै साथीहरू यहाँ हुनुहुन्छ मुलुकमा नेपाली जनताले सरकार बन्ने कुरा विदेशीहरूले तर्जविज गर्न थाले । हामीले अफगानिस्थानमा सरकार बन्दा अमेरिकाले ठेगान गर्‍यो भन्ने पढ्यौं पत्रपत्रिकामा । इराकमा सरकार बनाउँदा अमेरिकाले ठेगान गर्‍यो रे भन्ने सुनियो । गर्दा गर्दै अहिले त हाम्रै देशमा पनि यहाँको सरकार बन्ने बेलामा पनि बाहिरकाले ठेगान गर्न थाले भनेपछि अहिलेको स्थिति यो हो । हाम्रो सार्वभौमसत्ता कहाँ पुगेको छ भन्ने कुरा गम्भीर प्रश्न हो । सुरुमै वामदेव कमरेडले भन्नुभयो कि हामीले यति ठूलो वाम आन्दोलन गरिरहेकाछौं । नेपालमा माओवादीले जनताको सेनै बनाए, त्यति भइसकेपछिपनि केन्द्रमा निरंकुश राजतन्त्र अनि त्यो निरंकुश राजतन्त्रको मातहत हामीले ०४६ सालमा विदा गरिसकेको पञ्चेहरू पालो गरी गरी शासन गरिराखेका छन् । यो १२-१३ वर्षको उपलब्धि यही भयो कि अहिले पनि १० लाख नेपाली युवाहरू अरबको खाडीमा मरिरहेकाछन् । त्यहाँ काम गरि रहेकाछन् । यहाँका उद्योगधन्दा, कल कारखाना सब खरानी भएकाछन् । त्यसकारणले अब यस्तो गम्भीर अवस्थामा हाम्रो अगाडि २ वटा समस्याहरू छन् । दुईवटा समस्यामा हामी विभाजित छौं । एउटा समस्या के हो भने माओवादी समस्या र अर्को समस्या प्रतिगमन । यी दुई समस्यामा हामी कसरी विभाजित छौं भने अहिलेको मुलुकको समस्या भनेको माओवादी समस्या प्रधान हो भन्ने । यसलाई समाधान नगरीकन अरु हुनै सक्तैन भन्ने एउटा विचार आइरहेको छ । अर्को विचार के आइरहेको छ भने अहिलेको प्रमुख समस्या भनेको प्रतिगमनको समस्या हो । त्यसकारण हाम्रो पार्टीको के मान्यता हो भने अहिलेको मुख्य समस्या भनेको प्रतिगमननै हो । माओवादीको क्रियाकलाप भएको त सातवर्ष भयो । यसभन्दा पहिले २००७ सालभन्दापछि राजाले लगातार राजनैतिक पार्टीलाई खेलौना बनाइरहेका थिए । यही १२ वर्षको अवधिमा पनि १३ वटा सरकार बने । भन्नुहोस् न, त्यसकारणले त्यो प्रतिगमन २००७ साल अघिका राणाकालको प्रतिगमनको कुरा नगरौं । २००७ साल पछिको जुन

प्रतिगमन छ, नेपाली जनतालाई अहिले पनि सामन्ती निरङ्कुश राजतन्त्रले पिसेको पिसै छ । अब यो १२-१३ वर्ष अवधिमा अथवा सातसाल पछि विभिन्न राजनैतिक पार्टीले विभिन्न गल्ती कमजोरी गरेकाछन्, बदमासी गरेकाछन् । त्यसको कमजोरी स्वयं राजनैतिक पार्टीले गरको कुरा जनताले गरेका छन् ।

तैपनि अहिलेको मूल समस्या के हो भन्दा प्रतिगमन हो । राजाले लगातार प्रचार गरिरहेकाछन् । एक्काइसौं शताब्दीको राजतन्त्र प्रजातन्त्रको लागि, प्रजातन्त्र जनताको लागि, यस्तो कुरा गरेर उनले लगातार अब एक वर्ष हुन लाग्यो र लोकेन्द्रलाई प्रधानमन्त्री बनाएकै बेलामा पनि कार्यकारी अधिकार मैले दिएं भन्न चुक्दैनन् र प्रधानमन्त्री हुनेले पनि मैले लिएं भनेर चक्तैनन् र स्वयं सूर्यबहादुरले पनि कार्यकारिणी अधिकार मैले लिइसकें, अब राजनैतिक पार्टीसँग यो आन्दोलनको औचित्य छैन भनेर उनले भनिरहेका छन् । त्यो हो त ? सूर्यबहादुरले राजाबाट कार्यकारिणी अधिकार लिएको हो त ? त्यो सही कुरा हो त ? त्यो होइन । यहाँ त के भएको छ भने एउटा किसान असारमा खेत जोत्दै रहेछ । दुइवटा ढिला गोरु नारेर खेत जोतिरहेका बेलामा एउटा त्यस्तै छट्टु मान्छे बाटोमा हिंड्दै रहेछ । तिम्रा गोरु त अलि राम्रोसंग हलोमा हिड्दा रहेनछन्, मैले अलि हिड्ने बनाइदिन्छु भनेछ । लौ कसरी बनाइदिने रहेछौ, भनि हिड्ने गोरुलाई कमेरो घसिदिएछ । दुईटामध्ये एउटालाई कमेरो दलेपछि अर्को तन्किएछ । सेतो देख्यो अधिको रातो गोरु, त्यसपछि गोरु बटारिन थाले जथाभावि अनि बाटो हिड्ने छट्टुले के भन्यो रे भने त्यसको मालिकको घर अलि माथि थियो ।

म तपाइंको घरमा पानी खान जानुपर्‍यो । मैले घर गएर पानी माग्छु देउ भन्नुपर्‍यो भनेर खेतका मालिकलाई भनेर गयो पानी खान । घरमा गएर घरकी जहानसंग मैले तपाईलाई गोरु किनिदिएको छु । लौ गोरुको पैसा दिनुपर्‍यो भनेर भनेछ । घरबूढीले मलाई घर मालिकले भनेकै छैन कसरी मैले तिमीलाई पैसा दिनु भनेर भन्दा उसले जाऊ नपत्याए घरको डिलमा गएर हेर र दिने हो कि होइन भनेर सोध । मैले त्यसै पैसा माग्छु र भनेर भनेछ ।बूढीपनि डिलमा गएर हेर्दा एउटा गोरु सेतो र अर्को गोरु कालो देखिछ । बिहान घरबाट लाग्दा दुईवटै कालो गोरु देखेकि रैछ जस्तो लागेछ र बूढालाई दिने हो भनेर सोधिछ । बूढाले पनि पानी दिनलाई सोधेकीहोली भनेर दे दे भनेछ । अनि त्यो छट्टुले एउटा गोरुको पैसा लिएर गएछ । अहिले नेपालको राजनीति त्यही भएको छ । पञ्चायतकालका एकहल गोरुलाई राजाले आलोपालो गरी नारिरहेकाछन् र सूर्य बहादुरलाई सेतो कमेरो दलेर यो नयाँ गोरु हो, यो लोकेन्द्रबहादुर जस्तो ढिलो गोरु होइन भनेर नेपाली जनतामा भ्रम छरेका छन् । कतिपय पार्टीका शिर्षस्थ नेताहरूले भनिसके कार्यकारीणी अधिकार त सूर्यबहादुरले ल्याइसके अब के को आन्दोलन भनेर ? कतिले त जनताको बीचमा पनि भनिसके । त्यसकारण सूर्य बहादुर कमेरो दलेको सेतो गोरु जस्तो हुन् । यिनको निर्दलीय जुन संस्कार हो मंसिर २४ गतेसम्म हामीसंग पशुपती शम्सेर, सूर्यबहादुर आएर के भन्दछन् भने प्रतिगमन भएकै छ । राजाको हातबाट अधिकार खोस्ने पर्छ हामी पनि साथमा छौं । हामीलाई नछोड्नु भनेका भन्यै । हामीले सर्वदलीय बैठकमा भन्यौ यिनीहरू सबै आन्दोलन रोक्न आएका हुन् । यिनले बिर्सेका छैनन् ३० वर्ष सम्म तर मारेको । निरङ्कुश शासन चलाएर ३० वर्ष सम्म नेपाली जनताको टाउकामा मकै भटमास भुटेको बिर्सेका छैनन् । हामीलाई उल्लु बनाउन आएका हुन् भन्दा पनि मानेनन् कसैले त हेर्नुहोस् । धेरै साथीहरूले मानेनन् । त्यसकारण उनीहरू आएकै आन्दोलन रोक्न थियो । त्यसैकारण अहिले यहाँ समस्या के छ भनेर भन्दाखेरि बास्तवमै प्रतिगमनले आफ्नो स्थिति बलियो पार्दै लगेको छ । यो प्रतिगमनलाई पराजित गर्नको लागि सबै राजनैतिक पार्टीहरूले सङ्घर्ष नगरी उपायै छैन । २०४६ सालको उपलब्धिको लडाईलाई सबै पार्टीहरूले केन्द्र बिन्दु बनाएर अगाडि जानु पर्छ । जहासम्म सरकार माओवादी वार्ताको कुरा हो, नेपाली जनता शान्ति चाहन्छन् । जनता यहाँ माओवादीले नयाँ जनवादी व्यवस्था ल्याउंछ, यहाँ तातोपानी लगाउंछ भन्ने कोही पनि छैन । पत्याउन्नन् जनताले । उनैले भनिसके हामी नयाँ जनवादी क्रान्ति गर्न त सक्दैनौ है । राजनैतिक रूपमा हाम्रो त बहुदलीय हो, जनवाद होइन । बहुदलीय भनिरहेका छन् । बहुदल पनि मान्ने, खुल्ला अर्थतन्त्र पनि मान्ने, राजनैतिक पार्टीहरू सबै स्वीकार गर्ने, फेरि यो नमान्ने ल हेर्नोस् के गरेको ? उनीहरूले अनुपातिक रूपमा बनाएर ल्याउने । एमाले र कांग्रेस नभएको संसदीय व्यवस्था ल्याउने रे । कुरा हेरौं, हुन्छ त्यस्तो ? एमाले र कांग्रेसलाई माइनस गरेर माओवादीले मात्रै प्रजातन्त्र ल्याउन सक्छ ? सक्तैनन् । त्यसो हुनाले अहिले पनि सरकारले प्रतिगमनकारीहरूले बास्तवमा माओवादीहरूसंग वार्ता गरेर समस्या समाधान गर्नु भन्या माओवादीलाई अल्मल्याएर, उनीहरूलाई भरसक जङ्गल पठाएर आफ्नो स्थिति मजबुत पार्ने षडयन्त्रमा लागेको मलाई महसुस भइराखेको छ । नेपालका जनता हज्जारौ वर्षदेखि, युगौयुगदेखि कुनाकाप्चामा बिमार भएर मरिराखेका छन् । खान नपाएर मरिराखेकाछन्, लाउन नपाएर मरिराखेकाछन् । अहिले शाही सेना सशस्त्र भएर माओवादीको एरियामा उपचार गर्न पठाउँदैछ सरकारले । निहुँ खोज्न पठाएको त्यहाँ सरकारले । त्यो माओवादीका सबै आनीबानी थाहा पाउन पठाएको, त्यो नेपाली जनतालाई औषधी गर्न पठाएको होइन । त्यो स्पष्ट कुरा हो । त्यो माओवादीलाई चिढ्याउन, त्यहाँभित्र गएर जोरी खोज्न पठाएको । सरकारको स्पष्ट नीति त्यो हो । अर्कोतिर माओवादीहरूले के गरी रहेकाछन् भने अहिले पनि उनीहरूको जुन चन्दा संकलन अभियान हो त्यो रोकिएको छैन । तपाईलाई मैले एउटा उदाहरण

भन्छु । रोल्पा, रुकुमका यहांबाट पत्रिका लेखेका भरमा म कुरा गर्दिन । मेरै अफिसमा अहिले चारजना साथीहरू आएका छन् । जनमोर्चालाई सपोर्ट गर्ने । कोही सेनाबाट पिटिएर हड्डी भाँचिएका साथी हुन्, कोही शिबिरमा भर्ना भएकाछन् तीन महिनाको लागि । कोही कस्ता साथीहरू आएकाछन्, कोही कस्ता आएकाछन् । कतार जानुभन्दा अगाडि माओवादीलाई सलामीको रूपमा २५००० दिनुपर्ने । उताबाट आएपछि उनीहरूले कति तोक्छन् त्यति तिर्नुपर्ने । त्यो २५००० मध्ये ३७७५० बुझाएको साथी अस्ति मात्रै कतार गयो । कतार गएर आएर ३७७५० बुझाउने मानिस हलो कोदालो गरेर मिहिनेत गरेर खाने मान्छे, अरबको खाडिमा जाने मान्छे । नैन सिंह पुन भन्ने मान्छे अस्ति गयो । अरु बाँकी कुञ्ज बहादुर भन्ने एकजना छन् जनमोर्चाका, उनलाई चाहि कतारबाट आउने बित्तिकै तिमीलाई ६०००० लाग्छ भनेछन् । ६०००० लाग्छ भने पछि उनले जनमोर्चाको रसिद देखाएछन् । म त जनमोर्चाको सदस्य हुं, जनमोर्चालाइ पनि लेवी तिर्नुपर्छ, तपाईहरूलाई ६०००० कसरी दिनु भनेपछि त्यो रसिद देखे पछि ओहो जनमोर्चा त हाम्रै पार्टी हो । त्यसो भए त नजिककै परेछौ ।

तिमीलाई १२ हजार लाग्छ भनेछन् । ल हेर्नुहोस् त यहां पत्रकार साथीहरूले । डिल्लीबजारको जनमोर्चाको अफिसमा गएर हेर्नुहोस्, सोध्नुहोस् । केही पत्रकारहरूले त गएर अन्तरबार्ता पनि लिइ सक्नुभयो । त्यो बाह्र हजारमा कुञ्ज बहादुरको अवस्था के छ भने कतार गएपछि श्रीमती बितिछन् । तीनजना छोरा छोरी भुंइ कोपर्छन् । दुईवटा छोरा, एउटा छोरी । साना मसिना छोरा छोरीहरूहुन् तिनीहरू पनि । अर्काको घरमा छन् । कतारबाट आउंदा श्रीमती मरिसकेकी छन्, छोराछोरीहरू अर्काको घरमा छन् । त्यहां दैलोमा टेक्न पाएको छैन क्रान्तिकारीहरूले भनिहाले ६०००० । त्यसपछि म जनमोर्चाको हो, १२००० मा कुरा मिलेको भने पछि त्यसमै टुंगो लाग्यो । १२ हजार मध्ये ४ हजार दिईसके ८ हजार नलगीकन छोराछोरी भेट्न जान पाउँदिन । हिजै आयो पत्रिकामा, कान्तिपुरमा महराजीले भन्नुभयो यो तस्कर र कालाबजारीयाहरूलाइ लागेको दण्ड हो, चन्दा होइन । त्यस्तो पनि हुन्छ ? तस्करहरू, काला बजारियालाई पैसा लिएपछि छुटटी हुन्छ ? एउटा क्रान्तिकारी हतियार उठाएर हिंडेको पार्टीले त्यस्तो कुरा गर्नुहुन्छ जनताका बीचमा ? यो के हो ? यो बिजोग हो, कम्युनिस्ट आन्दोलनको बिजोग । यो जात्रा हो । कतिपय मान्छे ले त के भन्ने गर्छन् भने उनीहरूसंग सेना छन, बन्दुक छन् यस्तो गरे यो चाहिं कम्युनिस्ट आनदोलनको सम्पत्ति हो ।

यसलाई जगेर्ना गर्नुपर्छ भनेर पनि कसैले हल्ला गर्छन् हेर्नोस् । कम्युनिस्टहरूले प्रशासनिक आदेशबाट धर्म परिवर्तन गर्न पाइन्छ ? जनै छिनाल्न पाइन्छ कसैको ? टुपी काटिदिन पाइन्छ ? गाइको मासु ख्वाउन पाइन्छ जबरजस्ती भन्नोस् त ? मगुको एउटा पुरेत, गाउभरि पुरेत गरेर खाने मान्छेलाइ जबरजस्ती दलितको हातबाट पानी ख्वाइदिए । उ कर्णालीमा गएर फाल हालेर मर्‍यो । त्यो हुनाले वास्तवमा माओवादीका साथीहरूले यो कुरालाइ करेक्सन गर्नुपर्छ भनेर मैले ११ बाम दलको बैठकमा दुइपक्ष बसेको बैठकमा ठीक छ तपाइहरू जाली, फटाहालाई लुटेराहरूलाइ त कारवाही गर्नुभयो राम्रो भयो । जुन मान्छे गरिब छ, बेसहारा गरेर खान्छ, हलो कोदालो गरेर खान्छ त्यो मान्छेलाई तीसहजार तोक्ने ? ३७ हजार पैसा तोक्ने ? यो के हो तपाइहरूको ? हरेक बैठकमा मैले बाबुराम, महरासंग भेटहुंदा खेरि प्रत्येक बैठकमा अरुअरु साथीहरूले नराम्रो होला कि भन्न सक्नुहुन्न हेर्नोस्, मलाई त साथीहरू आइरहेकाछन्, उनीहरूद्वारा उत्पीडन भएर पेलिइरहेकाछन्, त्यसकारण यो कम्युनिस्ट आन्दोलनको दुर्दशा हो ।

यो कुरा माओबादीको साथीहरूले नसच्याउने हो भने वास्तबमा नेपालको कम्युनिस्ट आन्दोलनलाई खत्तम पार्नको लागि त्यही बाहानामा आज अमेरिकनहरूले यहां बन्दुक पड्काइरहेकाछन् । भारतियहरूले हाकै एक अरबको हतियार दिन बांकि छ भनेकाछन् । यो स्थितिमा आज माओबादीलाई आधार बनाएर प्रतिक्रियावादीहरूले यहांको हामीले त भन्छौ सिमित बहुदलीय व्यवस्था ०४६ सालमा आएको, किनभने सेना राजाको हातमा थिए । राजाले गाटी बनाएकैथियो । कुरा जस्तो कुरा गरौ भने चित्त फट्ने, नाच जस्तो नाच गरौ भने घांघर फट्ने । शेरबहादुरजी लाई संसद भित्र गिरिजाजी संगको लडाइमा हामीले उहांलाई सहयोग गर्‍या । हाम्रो कांधमा त शेरबहादुरलाई बोक्ने भएको दिसा लागेछ । उहांले गएर राजासंग संसद बुझाउनु भयो पटक पटक । उहांले त्यो गल्ति सार्वजनिक गर्नुपर्ने कि नपर्ने ? एमालेको कार्यालयमा उहांले आत्मालोचना गर्नुभयो, नेपाली जनताको सामु आत्मालोचना गर्नु पर्ने कि नपर्ने ? नेपाली कांग्रेसले संकटकाल फिर्ता ले भनेपछि उहां दरबार तिर लाग्नुभयो । त्यसकारण बिरालो मारेको दख्ने तर खाएको नदेख्ने ? हामी के भन्छौ भने माओबादी समस्यालाई आम नेपाली जनताको चाहना अनुसार सरकारले बार्ता गर्नुपर्छ र माओबादीलाइ जंगल जान दिनु हुंदैन माओबादी जंगल गयो भने यहां सर्वहाराको राज्यसत्ता स्थापना हुदैन । वास्तबमा यहां बिदेशीहरूको राज्यसत्ता स्थापना हुने कुरा त उहांहरूले भनिसक्नुभयो ।

सबै कुरा भनिसकेपछि बाबुरामसंग मैले भने, आखिर तपाईहरू आउनु भयो किन ? यत्रा सात आठहजार मान्छे मारिए तपाइहरूको कारणले, राज्यले यत्रो उत्पात् गर्‍यो तपाईहरूको कराणले, तपाईहरू आउनु भयो लुखुक्क । नयां जनबादी सरकार नल्याई तपाइहरू किन आउनु भयो ? भनेपछि उहांहरूले भनिहाल्नुभयो यहां त भारत आउने भयो, अमेरिका आउने भयो, देशै नरहने भयो त्यसकारण आउनुपर्‍या । यो कुरा त हामीले ०५२ सालमै भनेको । हामीले ०५२

पालमा भनेको कुरा के हो भने अन्तर्राष्ट्रिय स्थिति अनुकूल छैन । राष्ट्रिय स्थिति पनि अनुकूल छैन । मजदुर आन्दोलन कमजोर छ, राज्यसत्ता प्राप्त गर्नको लागि जसले जे गफ लाएपनि यति अनपपुलर राजाको हातमा सेना भएपछि राजाले यो उपद्रो गरेको हो । सेना नहोस् त, राजाले उपद्रो गर्ने ताकत छ ? त्यसो हुनाले राज्यसत्ता प्राप्तीको लागि सशस्त्र संघर्ष चाहि अनिवार्य हुन्छ । जसले जे गफ लाएपनि तर त्यो सशस्त्र संघर्षको प्रयोग ठीक बेलामा गरेन भने आफूले उठाएको बन्दुक आफैंतिर सोभिन्छ । अहिलेको संसारमा यो कम्युनिष्ट आन्दोलन कमजोर छ, प्रतिक्रियावादीहरू, साम्राज्यवादीहरू बलिया छन् त्यसो हुनाले अहिलेको कम्युनिस्ट आन्दोलनको स्थिति के हो भने शान्तिपूर्ण आन्दोलनलाई नै अगाडि बढाउने हो ।

त्यो संसदिय पनि हुन सक्छ, गैह्र संसदिय पनि हुन सक्छ । मौकाको फइदा उठाएर सशस्त्र संघर्ष गरेर राज्यसत्ता त कब्जा गर्नैपर्छ त्यो सैद्धान्तिक कुरा हो । सैद्धान्तिक कुरा जनिबेला पनि लागु गर्‍यो भने त्यो काम छैन त्यसो हुनाले अहिलेको परिस्थिति के हो भने प्रतिगमनलाई हराउनु पर्छ । माओवादीलाई लैनो गाइ बनाएर प्रतिगमनकारीहरूले आफ्नो स्थिति बलियो बनाउदैछन् । चुनाव गराउनु पर्‍यो, माओवादी समस्या। बिजुली लानुपर्‍यो, कलेज स्कूल चलाउनु पर्‍यो, टेलिफोन लानुपर्‍यो । माओवादी समस्या कति सजिलो हो माओवादी साथीहरले पनि के बुझ्नुपर्‍यो भने हामी लामो समय देखि नेपालको सामन्तवादको विरोधमा लड्दै आएका, हामीलाई संसोधनवादी, अवसरवादी भन्नोस् हामी तपाइंहरूको मित्र हुनसक्छौ । निरंकुशतन्त्रको आड लागेर, सामन्ती व्यवस्थाको आड लागेर यहां आमूल परिवर्तन गर्छौ भन्ने कुरा यहांहरूले पनि छाडे हुन्छ । त्यसकारण अहिलेको स्थिति देशको प्रजातान्त्रिक आन्दोलनलाई मजबुत गराउने हो र यहांको निरंकुश राजतन्त्रलाई कमजोर पार्ने हो, राजाको स्वेच्छाचारी शासन खोस्ने हो र कमसेकम राजाले खोसेको संसद विघटनको कुरा छ,जनताको अधिकारको कुरा छ त्यसलाई स्थापित गर्ने हो । यहां सर्वदलीय सरकार एमालेले भन्छ, संसद पुनर्स्थापना कांग्रेसले भन्छ भन्ने होइन, यि दुइमध्ये जे भएपनि हुन्छ भनेर पांच पार्टीले मन्जुरै गरेको कुरा हो । शेरबहादुरजीले समेत माधवजीलाई प्रधानमन्त्री बनाउनुपर्छ भनेर समर्थन गरेको कुरा हो । यहां दरबारियाहरू के भन्छन् भने सत्ताको लागि यि पांच पार्टीहरू मरिहत्ते गरिरहेकाछन् । यदि त्यो हो भने लोकेन्द्रबहादुर ९ महिनासम्म मन्त्री हुन आउनुपर्छ भनेर भनेकै थिए त पहिले पनि । पांचवटा पार्टीका गएनन्नी नौ महिनासम्म । अब सूर्य बहादुरकोमा के गर्दछन्, त्यो चाहि हेर्न बाकि छ । त्यसकारण पांचवटा पार्टीहरू सत्तामै साभेदार हुनका लागि चाहि होइन, यिनीहरूले संघर्ष गरिरहेको कारण के हो भने राजाको स्वेच्छाचारी शासन चाहिं खोस्नुपर्छ । आजको एक्काइसौ शताब्दीमा हामीले आफ्नो प्रधानमन्त्री बनाउन नपाउने ? हामीले आफ्नो प्रधानमन्त्रीलाइ खोस्न र चुनन नपाउने ? हामी त रैती पो भयौ, भेडा बाखा जस्ता पो भयौ । राजाले सिठी लगाएपछि हुरुरु दगुर्‍यो, फर्कि आयो । त्यसकारण नेपालि जनताको अहिलेको लडाइ भनेकने ..... वाद विरोधको लडाइ हो । यो लडाइ लामो पनि हुन सक्छ । जहांसम्म जनताले साथ दिएका छैनन् भन्ने कुरा हो, जनताले साथ दिने भनेको के हो ?

०३६ सालमा, ०४६ सालमा कतिन्जेलसम्म जनता साथमा आएका थिएनन् भन्नोस् त ? जनता आउंछन्, जनताले बुझ्दैपनि छन् । १२, १३ वर्षको अवधिमा राजनैतिक पार्टीहरले केहि गल्ति कमजोरीहरू गरेकै हुन्, बदमासी गरेकै हुन्, त्यो कुरा पनि जनताको मनमा छ । यसको अर्थ निरंकुश राजतन्त्रलाई समर्थन गर्नु हो ? यसलाई देशमा हाबि गराएर हो ?बिदेशीलाई चलखेल गर्न दिनु हो र ? त्यसकारण जुन पार्टीले गल्ति गरे हिजोको दिनमा त्यसको सजाय नेपाली जनताले भोग्नुपर्छ भन्ने त होइन । नेपाली जनताले निरंकुश, स्वेच्छाचारी शासन भोग्नुपर्छ भन्ने त होइन । त्यसकारण जनताको शक्ति अजय छ । राजतन्त्रले यो दुस्साहस गरे पनि निरंकुश राजतनत्रले हार्नैपर्छ । नेपालमा नेपालीजनताले संसदिय व्यवस्था स्थापना गरेरै छाड्छन् । समय लाग्ला, राणा शासन फाल्न पनि त १०४ बर्ष लागेकै हो । उसै दिने त होइननी । फाल्गुन ७ गते नेपाली जनता लडेर त फलिएको होइननी । पञ्चायतै फल्न हामीलाई ३० बर्ष लागेकोथियो । त्यसकारण यो स्वेच्छाकारी शासन अन्त्य गर्नको लागि नेपाली जनता कटीबद्ध छन् । संघर्ष गरिरहेकाछन् । राजनीतिक पार्टीले संघर्ष गरिरहेकाछन् । त्यो संघर्षलाई सफल पार्नको लागि हामी सबैले सहयोग गर्नु पर्दछ भन्दै आजको यस कार्यक्रमका आयोजक साथीहरूलाई मलाई निम्ता गरेर २, ४ कुरा राख्न दिएकोमा आयोजक साथीहरूलाई धन्यवाद दिदै लामो समय लिएकोमा यहांहरूसंग क्षमा माग्दै विदा लिन्छु ।

*धन्यवाद ।*

# श्री विमलेन्द्र निधी, केन्द्रीय सदस्य, (ने.का. प्रजातान्त्रिक)का विचारहरू

मदन भण्डारीको ५२ औं जन्मजयन्तीको अवसरमा आयोजित यस विचारगोष्ठी कार्यक्रमका सभापति महोदय, आजको यस कार्यक्रमका अतिथि वक्ताज्यूहरू, बिभिन्न राजनीतिक दलका नेताज्यूहरू र यहां यस गोष्ठीमा उपस्थित दाजुभाइ तथा दिदीबहिनीहरू । सबभन्दा पहिले आज नेपाली कांग्रेस प्रजातान्त्रिकको तर्फबाट र म आफ्नो तर्फबाट जननेता मदन भण्डारीलाइ, उहांको पुण्य आत्मालाइ हार्दिक श्रद्धान्जलि एव सम्मान व्यक्त गर्न चाहन्छु । पूर्व वक्ता कमरेड बामदेव गौतमले मदन भण्डारीजीको कम्युनिस्ट आन्दोलनमा रहेको योगदान र आजको बर्तमान राजनैतिक सन्दर्भमा बृहत र बिस्तृत अभिव्यक्ति यहां गरिसक्नु भएको छ । २०३६ सालसम्म नेपाली राजनीतिमा प्रजातान्त्रिक व्यवस्थाको पुनर्बहालीको सन्दर्भमा प्रजातान्त्रिक शक्तिहरू र बामशक्तिहरूका बीचमा एकता सम्भव भएको हामीले देखेका थिएनौं । तर २०४६ सालमा आउंदा नेपा[illegible] प्रजातान्त्रिक अधिकार र प्रजातन्त्रको पुर्नस्थापनाको लागि नेपालका प्रजातान्त्रिक शक्ति र बामशक्ति एक भएको हामी पाउंदछौं । हामी गैह्र कम्युनिस्ट प्रजातन्त्रबादीहरूले नेपालमा निरंकुश राजतन्त्रद्वारा सञ्चालित जो निर्दलीय पञ्चायती व्यवस्थाको नाममा रहेको ३० बर्षको जनबिरोधी शासन बिरुद्ध २०४६ सालको आन्दोलनमा बामशक्ति पनि आन्दोलनकारी शक्तिको रूपमा आउनु, कम्युनिस्ट पार्टी बा कम्युनिस्ट मुभमेन्ट जनताको पार्टी र जनताको मुभमेन्टको रूपमा आउनु यस राजनीतिक यात्रामा र आन्दोलनको बिज्ञान, मनोबिज्ञान निकास के के हुन्छ यो सबैमा मदन भण्डारीजीको योगदान अत्यन्तै निर्णायक र दीर्घकालीन दिशा प्रदान गर्ने योगदान पनि मदन भण्डारीजीको रहेको छ । मदन भण्डारी नेपाली जनताको सार्वभौमसत्ता सम्पन्न अधिकार, नेपालको सार्वभौमिकता राष्ट्रियता र प्रजातान्त्रिक शासनको आन्दोलनलाइ अगुवाइ गर्ने गौरबमय नेताको रूपमा चीरपर्यन्त कालसम्म नेपालको इतिहासमा प्रेरणाको स्रोतको रूपमा रही रहनु हुनेछ । हामी गैह्र कम्युनिस्ट प्रजातन्त्रबादीहरू पनि उहांलाइ त्यत्तिकै सम्मान गर्दछौं र म आज पुनः उहां प्रति सम्मान र श्रद्धान्जलि व्यक्त गर्न चाहन्छु ।

मदन भण्डारी र प्रजातान्त्रीकरणको सबालमा आज धेरै कुरा बामदेब गौतमजीले राख्नु भएको छ । अरु नेताहरूले पनि राख्नु हुनेछ । पार्टीको आन्तरिक प्रजातन्त्र र मुलुकको प्रजातान्त्रीकरणको सबालमा उहांले भनिसक्नु भएको छ । म पार्टीको आन्तरिक प्रजातन्त्रिकरणको सबालमा धेरै जान चाहन्न । तपाइंहरूको पार्टीका पनि यो सबाल बिद्यमान रहेको छ । नेपालका अरु पनि राजनैतिक पार्टीमा यो मुद्दा अझै पनि जीवितै छ । हामीहरू पनि नेपाली कांग्रेस युनाइटेड थियौं । पहिले एउटै पार्टी थियौं । त्यसमा पनि प्रजातान्त्रिक, प्रजातन्त्रको मुद्दा तीब्र रूपमा उठेको थियो र पार्टी छुट्टै खोलेर आज राजनैतिक अधिकारको लागि र सैद्धान्तिक मान्यताको लागि आफ्नो भूमिका प्रस्तुत ग[illegible]का छौं । हाम्रो बारेमा त यहां सम्म लागेको थियो नेपाली [illegible]मा गिरिजा प्रसाद कोइरालाले सम्पूर्ण रूपमा नेतृत्व प्रदान ग[illegible] असफल हुनुभयो भनेर हामीले उहांलाइ महाधिवेशनको प्रतिनिधि बसे[illegible] महाधिवेशनद्वारा उहांलाइ निकालेर [illegible]लाइ सभापति बनाएर नेपाली कांग्रेस प्रजातान्त्रिक पार्टी निर्माण र आन्दोलनको अभियानमा लागि रहेकाछौं । लागेको थियो कि नेपाली कांग्रेसभित्र यदि यहांहरूको दृष्टिमा हामीहरू नै बिवाद गर्नेहरू हौं भने कमसेकम अब नेपाली कांग्रेस टुकुको बीचमा अब आन्तरिक प्रजातन्त्रको कुरा र आन्तरिक बिबादको कुरा समाधान भएको होला । ह[illegible] अलग भइसकेका छौ तैपनि आन्तरिक प्रजातन्त्र र आन्तरिक बिवाद नेपाली कांग्रेसभित्र अझै जीवितै रहेछ । त्यसैकारण अब यो प्रजातान्त्रीकरण पार्टीभित्रको नेपालको राजनीतिक दलहरूको आन्तरिक प्रजातान्त्रीरकणको सबाल कहिलेसम्म चल्छ थाहा छैन, चलिरहन्छ । तर यो सबाल गम्भीर सबाल हो । यसले मुलुकको प्रजातान्त्रीकरणको सबाललाइ असर पार्दो रहेछ । यो कुरा हामीले व्यहोरिरहेकाछौं र भोगिरहेका छौं । म सोझै यस बिषयलाइ बर्तमान राजनैतिक सबालसंग जोड्न चाहन्छु । प्रजातान्त्रीकरणको सबाल आज कस्तो किसिमले उभिएको छ देशको सामुन्नेमा ? र हामीले राजनैतिक दलहरूले आफ्नो भूमिकालाइ कसरी निर्बाह गरिरहेकाछौं ? बा प्रस्तुत गरिरहेका छौं ? हामीले के चाहन्छौं ? यो सबाल आज सबैभन्दा बढि प्राथमिकता पाउने सबालको रूपमा हाम्रो साम रहेकोछ । मदन भण्डारीको योगदानबाट आएको, बहुदलीय प्रजातन्त्र, संसदीयप्रणाली, जनताको बहुदलीय जनबाद जुन सबभन्दा ठूलो देन हो भनेर हामी स्वीकार गर्दछौं । कम्युनिस्ट मुभमेन्टमा त्यसको संरचनात्मक तत्व र तथ्य के हो भने निर्बाचनको आधारमा प्रतिनिधिमूलक ससदीय प्रणाली जसमा तपाइंहरूको दस्ताबेज र महाधिवेशनको तथ्य र तथ्याङ्क के हो तपाइंहरू बढी जान्नु होला । हामीले २०४६ सालको आन्दोलन र ०४६ सालको आन्दोलनपछि १२ बर्षको अभ्यासमा मदन भण्डारी नेता रहनु भएको पार्टीले जुनरूपमा आफूलाइ प्रस्तुत गरेको छ त्यसबाट हामीले के बुझ्छौं भने निर्बाचन प्रणाली, मतदाताको अधिकार, प्रतिनिधिमूलक संसदीय प्रणाली बा व्यवस्था बहुदलीय व्यवस्था यी सबै कुराहरूमा कम्युनिस्ट मुभमेन्टलाइ, यो सब

जनतालाई सार्वभौम बनाउने र सार्वभौम भएर आफ्नो देशको आर्थिक, सामाजिक र राजनैतिक रूपान्तरण र भविश्यको निर्माण गर्ने बारेमा जुन अभ्यास गर्ने कुरा हो त्यसमा कम्युनिस्ट पार्टी जनताको साथमा छ भन्ने प्रमाणित गरेको छ। यो प्रणालीलाई प्रत्याभूत गरेर जुन संविधान आयो र त्यसले जुन प्रणाली प्रत्याभूत गरेको छ, त्यसको आज के अवस्था छ भनेर हामीले हेर्दा २०५९ साल असोज १८ गते भन्दा पहिले र त्योभन्दा पछिको अवस्थालाई सरसर्ती हेर्नु उपयुक्त होला। १२ वर्षमा हामीले धेरै अभ्यास गरेर, जनता र राष्ट्रका समस्याहरूलाई समाधान गर्न सकेनौं। ०४६ सालमा हामीले राज्यलाई वैध रूपमा प्रजातान्त्रीकरण गर्न सक्यौं र अझै उत्तरोत्तर रूपमा प्रजातान्त्रीकरण गर्न सकेनौं होला। यो विवाद र बहसको विषय रही रहन्छ। त्यो अनुचित पनि होइन तर जुन जनताको सार्वभौमसत्ताको कुरालाई प्रत्याभूत गरेकोथियो, जनताले आफ्नो शासन आफैंले गर्ने भन्ने कुराको प्रत्याभूत गरेको थियो त्यो संविधानले वा बहुलदीय प्रणालीले वा बहुदलीय जनवादले वा ०४६ सालको संविधानले त्यसको १८ गतेपछि र पहिलेको अवस्थालाई हेर्ने हो भने १८ गते भन्दा पहिले राजा र बहुदलवादीहरू र संसदवादीहरू एकै ठाउंमा उभिएका थिए। ०४७ सालमा संविधान आयोगको र त्यसपछि भएको चुनाव लगत्तैपछि माओवादीहरूले त्यसमाथि आक्रमण सुरु गरे। १८ गतेभन्दा पहिलेको अवस्थालाई हेर्दा एकातिर राजा र बहुदलवादीहरू, संसदवादीहरू, संवैधानिक रातन्त्र बहुदलीय व्यवस्था मान्नेहरू एउटा राजनैतिक शिविरमा रहेको हामी पाउंछौं। तर संविधान निर्माण पछि भएको दुई चुनाव अथवा अल्पकालीन अवस्थामा मध्यवधि भएर अत्यन्त सानो अवस्थामा ५१-५२ सालबाट माओवादी पार्टीले संसदीय व्यवस्थाको विरुद्धमा त्यही संविधानको विरोधमा जसले ५-७ वर्ष मात्र प्रयोग हुन पाएको थियो, प्रयोग नै नभएको अवस्थामा पनि माओवादी पार्टीको तथाकथित वैज्ञानिक अनुसन्धान र विश्लेषणले के प्रमाणित गरिदियो भने कि यो संसदीय व्यवस्था मुलुकको लागि ठीक छैन। यो संविधान मुलुकको लागि ठीक छैन र माओवादीहरूले त्यही बेलादेखि नै संविधानको विरुद्धमा, संसदीयव्यवस्थाको विरुद्धमा, बहुदलीय व्यवस्थाको विरुद्धमा आक्रमण सुरु गर्नथाले। अब यो आक्रमणले हिंसात्मक र अहिंसात्मकरूपमा राज्यद्वारा र माओवादीद्वारा के कति क्षति भयो त्यो छुट्टै विश्लेषणको कुरा हो तर हामी के पाउंछौं भने १८ गतेभन्दा पहिले एउटा अवस्था थियो जुन अवस्थामा मदन भण्डारीजीले योगदान गर्नुभएको राजनीतिक प्रणाली र अरु प्रजातान्त्रिक शक्तिले र जनताले योगदान गरेर ल्याएको राजनीतिक प्रणाली र संविधान त्यसमाथि आक्रमण भयो र त्यो आक्रमण कहांबाट भयो भने माओवादीहरूबाट भयो। जुन अहिलेसम्म जारी छ। त्यो आक्रमणमा माओवादीले अत्यन्त लोकप्रिय नाराको रूपमा मलाई थाहा छैन यो नारा वास्तविक नारा हो वा के हो? गणतन्त्रको नारा राजतन्त्रको विरुद्धमा। राजतन्त्र रहनु हुँदैन भन्ने। तैपनि हामी के हेर्दैछौ भने राजाले माओवादीसंगको यो द्वन्द्वमा हिंसात्मक होस् वा वैचारिक बहुदलवादी र संसदवादीको शिविरसंग अझै विश्वासका साथ, अझै एकात्मकताका साथ समाधानका लागि ऐक्यबद्धता राख्नु पर्ने। त्यसको सट्टामा हामी के पाउंछौ भने १८ गते राजाबाट संसदवादीहरूलाई पनि अलग पारेर आफ्नै छुट्टै शिविर खोलेको पाउंदछौं। यसरी हामी के देख्दछौ भने नेपालको राजनीतिक अवस्था हाल तीन पक्षीय द्वन्द्वमा फसेको छ। बडो खतरनाक र गम्भीर द्वन्द्वमा फसेको छ। एउटा पक्ष राजा र अर्को पक्षसंसदवादी र बहुदलवादीहरू र अर्कोपक्ष माओवादीहरू। अब यो तीनपक्षीय द्वन्दमा प्रजातन्त्रीकरणको सवाल कहां फसेको छ त? मदन भण्डारीले योगदान गरेर ल्याउनु भएको यो प्रजातन्त्र पनि खतरामा पुग्यो १८ गतेबाट। १८ गतेभन्दा पहिले पनि खतरा आएको थियो। १८ गते भन्दा पहिले माओवादीहरूबाट पनि जुन आक्रमण भयो त्योपनि आक्रमण नै हो। बहुदलीय जनवादको सन्दर्भमा भनौं कि अहिलेको पद्दतिको सन्दर्भमा भनौं, ०४७ सालको संविधानमाथि भनौं यी सबै माथि आक्रमण भयो र १८ गतेकै आक्रमणमा राजाले पनि साथ दिएको हामी पाउंछौं। एकातिर माओवादीले पनि त्यो प्रणाली, त्यो संविधान र जनताको सार्वभौम अधिकारलाई प्रत्याभूति गर्ने र आफ्नो शासन आफैं गर्ने जुन पद्दती हो यसमाथि माओवादी र राजाले आक्रमण गरेको हामी पाउंछौं। अब यी दुइबटापक्षबाट आक्रमण भइराखेको छ। अहिले मुलुकको राजनीतिलाई हेर्ने हो भने अझै प्रजातान्त्रीकरण गर्दै जाने, भएको प्रजातन्त्रलाई उपयोग गरेर वा संरक्षण गरेर अझै प्रजातान्त्रीकरण गर्दै लैजाने सवाल हाम्रो सामु छ की अथवा भएको प्रजातन्त्रमाथि कुनै खतरा छैन? हामीले ०४७ सालमा, ०४६ सालमा प्राप्त गरेको प्रजातन्त्र अहिले सुदृढ छ, सुरक्षित छ, त्यसमा कुनै ह्रास भएको छैन, यथावत छ। अझै यसलाई प्रजातान्त्रिक गर्दै लैजाने अग्रगामी दिशा तर्फ लैजाने भन्ने सवाल हो। दुईवटा सवालमध्ये कुनचाहि सवाल हाम्रो प्राथमिकताको सूचीमा पर्दछ त्यो हामीले अत्यन्तै सतर्कता र सावधानीपूर्वक नियालेर हेर्नुपर्दछ जस्तो मलाई लाग्दछ। अहिले मुलुकमा पनि आन्दोलन भइरहेको छ। पांचवटा राजनैतिक दलहरूले संयुक्त रूपमा आन्दोलन गरीरहेकाछन् र हामी नेपाली कांग्रेस प्रजातान्त्रिकले पनि छुट्टै आन्दोलन गरिरहेका छौं। छूत अछूतको पनि यहां चर्चा भयो, पछि भइरहला, हामीलाई कुनै मनोवैज्ञानिक समस्या छैन हामी के भन्दछौं भने हामीले गिरिजाप्रसाद कोइरालाजीलाई पार्टी सञ्चालन र सरकार सञ्चालनमा उहांको अयोग्यता र असफलता यो १२ वर्षको प्रयोगलाई हामीले मूल्याङ्कन गरेर उहांलाई अब सक्नुहुन्न, उहांको नेतृत्वप्रति हाम्रो विश्वास छैन भनेर उहांलाई हटाएर शेरबहादुर देउवाजीको नेतृत्वमा पार्टी

गठन गरेर हामी अगाडि बढिरहेकाछौं । अहिलेको पाँच दलको संयुक्त आन्दोलन पनि गिरिजाप्रसाद कोइरालाकै नेतृत्वमा भइरहेको छ, त्यसकारणले हामीले जुन नेतृत्वलाई असक्षम र अयोग्य भन्यौ त्यस व्यक्तिको नेतृत्वको संयुक्त आन्दोलनमा गएर हामीलाई छुत हुने कुनै लोभलालच छैन र हाम्रो दरकार पनि छैन साथै हामी चाहँदा पनि चाहँदैनौ । अर्को कुरा म संगसंगै के निवेदन गर्न चाहन्छु भने जे हाम्रो आन्दोलन भइरहेको छ । आन्दोलनका प्रमुख मागहरू हामीले सुनिरहेका छौं । त्यसमा दुइवटा मागलाई प्रमुख रूपमा अगाडि सारिएको छ । एउटा प्रतिनिधि सभाको पुनर्स्थापना र अर्को सर्वदलीय सरकार । एउटा माग नेपाली कांग्रेस टेकुको र अर्को माग नेकपा एमाले बल्खुको । दुई मागलाई प्रमुख रूपमा बढाइएको छ । अहिले आएर, सबै पार्टीले अग्रगामी राजनीतिक निकास के के हुन सक्छ ? राज्यको संगठनात्मक संरचनालाई कसरी पुर्नसंरचना गर्ने भन्ने कुरामा दलित, जनजाति, मधिसे, महिला बिकेन्द्रीकरण, संघीय प्रणाली, यो प्रतिनिधिमूलक आदि इत्यादि धेरै बहस गोष्ठीहरू भइरहेका छन् । अझै हाम्रो मुलुकमा त देशभित्र र देशबाहिर धेरै द्वन्द्व व्यवस्थापन गोष्ठीहरूको लहरै चलेको छ । सबले दिइरहेका धेरै कुराहरू छन् । सबै पार्टीहरू जुरमुराएकाछन् । यसमा आ-आफ्नो पार्टीले ट्रेन छुट्ला कि भन्ने कारणले सबै सक्रिय भएकाछन् । तर प्रमुख रूपमा आन्दोलनको प्रारम्भदेखि अहिलेसम्मको मुद्दा संसद पुनर्स्थापना र सर्वलदीय सरकार । हामीले के भनेका छौ भने देशमा निर्बाचित सरकारको पुर्नबहाली । हामीले यसोभन्दा तपाइंहरू गिल्ल गिल्ल हाँस्न सक्नुहुन्छ । अघिदेखि तपाईंहरू किन हाँसिरहनु भएको छ । मलाई लागिरहेको छ तपाईंहरू अलि ढिलो गरि हाँसिरहनु भएको छ । अब यो तीनवटा राजनीतिक समाधान ... आजको मितिमा प्रजातान्त्रीकरणको सवाल भनौ या प्रजानन्त्र माथिको खतरा तत्कालीन न्यूनतम समाधान गरौ । के छ त, कुन कुन पार्टीले के के दिइरहेको छ भनेर हेर्दा यी तीनवटा समस्याको मुल उपाय हामी पाउँछौं । १८ गतेको राजाको शाही कदमलाई हेर्ने हो भने म यहाँ निवेदन गर्न चाहन्छु । १८ गते भन्दा पहिले मुलुकमा २,३ वटा अत्यन्त महत्वपूर्ण तिथिहरू छन् । जेष्ठ ८ गते, असौज १३ गते, असौज १७ गते र असौज १८ गते । १३,१७ र १८ गते को एउटा तादात्म्यता छ । जेष्ठ ८ गतेको छुट्टै अध्याय छ । जेष्ठ ८ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउबाले प्रतिनिधिसभा विघटन गर्नुभएको हो । असौज १३ गते तत्कालीन प्र.म. शेरबहादुरले सर्वदलीय बैठक बोलाउनु भएको थियो । जुन बैठकमा एमाले, राप्रपा, सद्भावना, नेपाली कांग्रेस टेकु, ने.का.प्रजातान्त्रिक अनि अमिक शेरचनजी आदि यस्तै ७,८ पार्टीहरू गरी हामी सबैले भाग लिएका थियौ । अब यो ७,८ वटै पार्टीले तोकिएको मितिमा चुनाव सम्भव छैन भ... त्यसको संविधानसम्मत निकास निकाल्नको निमित्त प्र.म. लाई सिफारिस गर्दछौं भनेर सर्वसम्मतिरूपमा सही गरेर दिए । त्यसमा बर्तमान प्र.म. सूर्यबहादुर थापा, हाम्रा गोविन्दराज जोशीजी ले कुनै समयमा अत्यन्तै आफ्नो क्षमताको प्रयोग गर्नु भएको थियो । बद्री मण्डलजीले पनि गर्नुभएकोथियो । अहिलेको मन्त्री कमल थापा त ड्राफ्ट गर्ने मान्छेनै हो । सुरुदेखि जब उहाँले ड्राफ्ट गर्न थाल्नुभयो, २,३ वटा ड्राफ्ट चेन्ज गर्नुभयो र त्यसमा के देखियो भने देखिन राम्रो नराम्रो जे गर्नुभयो राजनैतिक बहस चल्दै गर्दा, चुनाव सारिएको नसारिएको पक्ष बिपक्षमा बहस होला तर त्यस बैठकमा प्र.म.लाई सबैले हात काटेर त दिएकै हो नि । संविधानसम्मत उपाय खोज्नका लागि र त्यो संविधानसम्मत उपाय के हो भनेदेखि त्यहाँ भनिएको थियो प्रतिनिधिसभा पुर्नस्थापनाका सन्दर्भमा एकदुईवटा पार्टी खास गरेर गोबिन्दराज जोशी र पछि गएर अमिक शेरचनजीले पनि त्यसमा हैन हाम्रो पनि नाम लेख्न दिनुस् भनेर भन्नुभयो । पहिले लेख्न थालिएकै थियो त्यसमा, नेपाली कांग्रेसबाट पछि बाट होइन, २,३ वटा पार्टी अघिल्लो प्रतिनिधिसभा पुनर्स्थापना भनिरहेकोछ त्यसकारण निर्वाचन नलेखौ तर यो बैठकको क्रममा प्रतिनिधिसभाको पुनर्स्थापनाको बारेमा जोडदार किसिमले बिचार अभिव्यक्त भएको थियो त्यति भन्नेसम्म राखिदिनोस् भनेर राखेर सबैले सर्वसम्मतले सही गरे । १३ गते त्यो भयो र १३ गते पछि ४ दिन १७ गतेमा तत्कालिन प्रधानमन्त्रीले राजाकहाँ सिफरिस गर्नुभयो । संविधान बमोजिम सिफरिस के गर्नुभयो भने उहाँले यो ताकिएको मितिमा चुनाब सम्भव नदेखिएकाले संविधानको धारा ५३ को ४ कार्यान्वयनमा बाधा पर्ने भएकोले यो २०६० साल चुनाब पोष्ट गर्नका लागि होइन, स्थगित गर्नको लागि होइन, त्यो त अर्को चुनावको मिति तोक्नका लागि २०६० साल मार्ग ३ गतेको लागि चुनाब तोक्ने गरी बाधा अड्काउ फुकाउनको लागि १२७ को प्रयोग गर्नको लागि श्री ५ मा जाहेर गरेको १७ गते । र १३ गते देखि १७ गतेसम्मको त्यो ४ दिनको मात्रै ढिलो हुँदाखेरि समेत होइन किन छिटो गरिएन, किन ढिलो भयो ? छिटो गरौ भनेर सिफरिस गरिए । जुन सिफरिस १७ गते श्री ५ महाराजधिराज कहाँ गराइयो, त्यो सिफारिसका बारेमा जो १७ गते भयो, त्यसका बारेमा कहिले काँही बिबाद हुने गर्दछ । बिबाद के हुन्छ भने होइन हामीले त शेरबहादुरलाई ६ महिनाको लागि भनेका थियौ, एक बर्षको लागि थोडै भनेका हौ ? ठिक छ त्यो बिबाद पनि होला, त्यसका बहस पनि होला, त्यो आफ्नो ठाउँमा छ, त्यसको अस्तित्व बारे हामीले बहस गरौला तर तोकिएको मितिमा चुनाब हुदैन र अर्को मितिमा चुनाब हुनुपर्छ भन्ने राजामा सिफरिस गर्नको लागि अधिकार दिएकै हो नी त सर्वदलीय बैठकमा र त्यति मात्रै होइन यो तुरुन्तै गरेर राजाले मानिहाल्छ अब त्यही सर्वदलीय बैठकले गरेको सहमति र लिखित म्यान्डेट दिएपछि त प्रधानमन्त्रीको सिफारिस राजाले

मान्दैन होला त, मानिहाल्छ भनेर प्रस्तुत गर्नासाथ सर्वदलीय सरकार बनाउने शेरबहादुर देउवाकै प्रधानमन्त्रीत्वमा भन्ने कुरा को पनि समझदारी भएको थियो मौखिकरूपमा र त्यो भैसकेपछि माओवादीसंग वार्ता गरेर शान्तिस्थापना गरेर चुनाव सम्पन्न गराउने यदि त्यो भएन भने सधैंको लागि चुनावलाई पर सार्ने वा अनिश्चितताको मुखमा धकेल्ने व्यवस्थालाई समाप्त पार्न सकिदैन त्यसो भए सबै जना मिलेर शक्तिशाली भएर माओवादीलाई तह लगाएर भएपनि चुनाव गराउंला यही नै १३ गतेको तपाईंहरूको सर्वदलीय सहमती भएको थियो । र त्यसपछि गएर राजाले धोका दिए । राजाले के गरे भने १८ गते त्यो कुरालाई इन्कार गरिदिए । राजाबाट पनि शाही कदममा यो स्वीकार गरिएको छ कि प्रधानमन्त्रीद्वारा तत्कालीन मितिमा चुनाव हुन सम्भव नदेखिएकाले धारा ५३, ४ को बाधा अड्काउ फुकाउनको लागि मेरा हजुरमा प्र.म.ले सिफारिस चढाएको छ भनेर राजाको १८ गतेको शाही कदमको पहिलो प्याराग्राफमा हेर्नुभयो भने त्यस्तो छ । राजाबाट के कुरा लुकाइएको छ भने प्रधानमन्त्रीले जुन सिफारिस गर्‍यो त्यसको सम्पूर्ण अंश नभनेको भए पनि हुन्थ्यो, राजले भनेपछि प्रधानमन्त्रीले के सिफारिस गरेका थिए । संविधान बमोजिम ठीक बसह त हुन्छ नि तर त्यो लुकाउनु हुदैनथ्यो । राजाबाट अर्को अंश लुकाइयो, के लुकाइयो भने २०६० साल मंसिर ३ गतेको लागि चुनावको मिति तोक्न सिफारिस गरेको छु, यो लुकाइयो । १८ गतेको शाही कदममा यसरी हामीले के देख्दछौं भने १८ गते राजाबाट त्यो कुरा लुकाईयो तर १८ गते संगसंगै ढिसमिस गरियो । जुन राजालाई अधिकार थिएन र राजाबाट असंवैधानिक र अप्रजातान्त्रिक तरिकाले शाही घोषणाद्वारा संसदीय प्रणाली, संविधान, जनताको सार्वभौम अधिकार यी सबै माथि गम्भिर रूपले नांगो र हाकाहाकी आक्रमण भएको हामी पाउंछौं । के के कुरामा आएको छ ७ बटा बुंदा मात्र म भन्दछु, व्याख्या गर्दिन । ७ बटा बुंदा शाही घोषणामा छन् । एउटा के छ भने राजकिय सत्ताको स्रोत हामीमा छ । पहिलेपनि हामीबाट प्रयोग भइ आएको हो, त्यसकारण अहिले पनि प्रयोग गरेको जबकि ०४६ सालको जनआन्दोलनले ल्याएको प्रणाली र संविधानमा मदन भण्डारीको पनि योगदान थियो । त्यसले जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाएकोथियो र संविधानको प्रस्तावनामा पहिला उल्लेख गरेको छ कि राज्यशक्तिको स्रोत जनता हो । राजाले त्यो दिनको शाही घोषणाबाट हाकाहाकी के भन्यो भनेदेखी राज्य शक्तिको स्रोत हामी हौं । पहिलेबाट नै हुंदै आएको हो । ०४६ सालभन्दा पहिले त भएकै हो, त्यसलाई हामीले निरंकुश भन्दै अएका छौं तर संविधानमा त्यो कुरा छैन । ०४६ सालको संविधानले प्रत्याभूत गर्‍यो कि यो कुरा जनतामा निहित छ । यो राज्यशक्तिको स्रोत जनता हो । यो दुवै कुरामा १८ गतेको शाही घोषणाले हाकाहाकी रूपमा राजाबाट उल्लङ्घन भएको छ ।

दोस्रो कुरा के भनेदेखि प्रधानमन्त्रीलाई तोकेको मितिमा चुनाव गराउन नसकेको भनेर असक्षम भनियो जसको बारेमा धेरै बहसपछि आएर हुन थाल्यो । पहिले त भएको थिएन । पहिले त सांच्चैनै शेरबहादुर असक्षम हो, हामी सक्षम छौं भनेर धेरै आदरणीय नेताहरू लाग्नु भएको थियो । हरेक पार्टीका यो शेरबहादुरलाई गरेको हो र जे होस् हामीले त्यसलाई हेर्ने हो भने मदन भण्डारीले योगदान गरेको बहुदलीय जनवादको आधारमा ०४६ सालको आन्दोलनले बिचार गति र दिशा पाएको हो र त्यसका आधारमा संविधान बनेको ठान्ने हो भने त्यो संविधानले, त्यो प्रणालीले दिएको प्रावधान के हो भने राजाले कुनै पनि अवस्थामा प्रधानमन्त्रीलाई न असक्षम भन्न सक्छ, न अयोग्य भन्न सक्छ न हटाउन सक्छ न नियुक्ति गर्न नै सक्छ । हटाउने सटाउने कुरा पछि छाडिदिउं । प्र.म.ले आफ्नो कार्यक्रम अनुसार अथवा देशको कार्यक्रम अथवा सरकार वा जनताको कार्यक्रमअनुसार कामहरू गर्‍यो गरेन भनेर हेर्ने काम राजाको होइन, नत्र भनेदेखि प्रजातन्त्र किन चाहियो ? त्यो सार्वभौमिकतामा आधारित प्रणाली किन चाहियो ? जनताको बहुदलीय जनवाद किन चाहिन्थ्यो ? राजाको बहुदलवाद भए पुगिहाल्थ्यो । त्यसकारणले प्र.म. सक्षम हो कि असक्षम हो भन्ने अधिकार पनि जनताकै हो । राजाको होइन र जनताको तर्फबाट प्रतितिनिधिहरूले भन्ने हो । प्रेसहरूले गर्ने हो । निर्णायक प्रक्रियामा पुग्न संविधानमा जो प्रावधान छ, संवैधानिक प्रावधान बमोजिम प्रयोग गर्ने हो । राजाले त्यो शाही कदमद्वारा जनताको प्रधानमन्त्रीलाई परीक्षण गर्ने, प्रधानमन्त्रीका टेष्ट गर्ने भनेको जनताले गर्ने हो राजाले होइन । हो त्यो अधिकार पनि राजाले खोसेको छ । राजाको त्यो शाही कदमले प्रधानमन्त्रीको बहाली बर्खास्तगी गर्ने जनताको अधिकार खोसेको छ । चौथो कुरा के छ भने कार्यकारिणी अधिकार, शासन गर्ने अधिकार पनि राजा आफैले खोसेका छन् । केही वक्ताहरूले के भन्नुहुन्छ भने होइन कार्यकारिणी अधिकारको धारामा उल्लेख छ के भनेदेखि राजा र मन्त्री परिषद्मा कार्यकारिणी अधिकार निहित छ । त्यसकारणले श्री ५ मा पनि छ नि कहां एक्लौटी मन्त्री परिरषद्मा मात्र हो र ? म एउटा मात्र उदाहरण दिन्छु, त्यसो भए नेपाल अधिराज्यको संविधानको धारा सायद ४४ त्यसमा व्यवस्थापिकाको व्यवस्था छ । त्यो व्यवस्थापिकामा के भनेको छ भने श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा दुई सदन भएको सुक्ष्म सदनलाई संसद भनिनेछ भनिएको छ । अब संसदको कम्पोजिसनमा श्री ५, राष्ट्रिय सभा, प्रतिनिधिसभा तीनै हुन्छ । कम्पोजिसनको एउटा पार्ट भएको नाताले प्रतिनिधिको सम्पूर्ण अधिकार श्री ५ मा जाने हो भने त बुद्धिको तयारी हो । यदि कम्पोजिसनमा एउटा श्री ५, एउटा राष्ट्रिय सभा र एउटा प्रतिनिधिसभा त्यसो भए त यही तरिकाले कानुनी परिभाषा गरिन्छ भने त प्रतिनिधि सभा चाहिंदै चाहिंदैन । कहिलेपनि नभएपनि

हुन्छ । किन चुनावको लागि चिन्ता गर्ने ? माओवादीको फौजी कारवाहीबाट चुनाव हुन नसके पनि के हुन्छ र ? दुक्कले बसे भइगो नि । त्यसकारणले यस्तोकुराको पनि भ्रमपूर्वक खेती गरिंदैछ र राजाबाट त्यो कार्यकारिणी अधिकार लिने व्यवस्था संविधानमा छँदै छैन । प्रधानमन्त्री र प्रतिनिधिद्वारा गर्ने हो । यो कुरा पनि उलंघन भएको छ । यसरी हेर्ने हो भने अरु ४,५ वटा कुरा छन् जो कि राजाबाट घोषणा भन्यो, निजामती, जगी, कर्मचारीहरू नअल्मलिन् भन्यो के भने शाही कदमद्वारा निजामती कर्मचारी र शाही सेनालाई निर्देशन दिएको छ राजाबाट कि मेरो कुरा गर भनेर, मेरो आदेशको पालना गर भनेर, यो पनि प्रत्यक्ष निर्देशन दिन मिल्दैन । संविधानमा त्यो व्यवस्था गरेको गरेको छैन र प्रजातान्त्रिक संसदीय संवैधानिक राजतन्त्र भएको प्रणालीको त्यो प्रारम्भिक मान्यता पनि होइन । अब धेरै आदरणीय नेताहरू बोल्न बाँकी हुनुहुन्छ । कानेखुसी हुँदैछ । म आउने बेलामा हाम्रो कमरेड के.पी. ओलीले तपाई पनि ढिलै आउनु भयो भन्नु भएको थियो । हामी त यस्ता पार्टीका सदस्य हौं जुन पार्टीको नेतालाई असक्षम भनेर प्रमाणित गरि सकेको छ । त्यसकारण समयको पालना गर्न पनि हामी सक्षम भएनौ भने कुन चाहि नौलो कुरा भयो । म अब छोट्याउंछु । त्यसकारण मैले यो किन भन्न खोजेको भने आजको मितिमा मुलुकमा आन्दोलन चलिरहेको छ । मुलुकमा आन्दोलन नगरीकन राजाले जनताको अधिकारलाई फिर्ता गर्दैन भन्ने हाम्रो पार्टीमा पूर्ण बिश्वास छ । आन्दोलन सशक्त नगरी राजाले जनताको अधिकार फिर्ता गर्दैनन् । तर आन्दोलनको उद्देश्य चरित्र र मागलाई पनि हामीले हेर्नै पर्छ । आज सारा देशबासीहरूले भनिरहेका छन् आन्दोलनमा जनसहभागिता भएन । नेता र केही कार्यकर्ताको मात्रै आन्दोलन भयो । ५ वटा दलको आन्दोलन हेर्ने हो भने इमान्दारितापूर्वक भन्ने हो भने जुनसुकै दलले अगाडि सारेको कार्यक्रम होस् चाहे त्यो एउटा मात्र दलले गरेको होस् वा ५ वटा दलले गरेको कार्यक्रम होस् जनताको सहभागिता अहिलेसम्म त्यसमा भएकोछैन । आन्दोलनकोरूपमा प्रवेश गरेको छैन । बैचारिकरूपमा मात्र छ । यसको पछि के के कारण होला यो नेताहरूलाई थाहा होला, यसलाई बिकास त गर्दै जानु पर्छ तर म निवेदन के गर्न चाहन्छु भने यदि हामी सबैले हामीले त सुरुदेखि नै भनिरहेका छौ र ५ वटा आन्दोलनकारी दलहरूले पनि हाम्रो यो आन्दोलन १८ गतेको प्रतिगमनको बिरुद्धको आन्दोलन हो भन्ने आन्दोलनको परिचय हो भने आन्दोनलकारी दलहरूले प्रतिनिधिसभाको पुनंस्थापनालाई मुख्य मागकोरूपमा लिनु भएको छ । यो १८ गतेको प्रतिगमनकारी कदम राजाको कदमसंग मिलेन भन्छु म त । यो त जेष्ठ आठ गते भएको हो । कि त भन्नुपर्‍यो कि जेठ आठ गतेको प्रतिगमनकारी कदम जुन शेर बहादुर देउवा प्रधानमन्त्री भएर चाल्यो । त्यसको बिरुद्धमा हाम्रो यो आन्दोलन हो र प्रतिनिधिसभा पुनस्थापना गर्नुपर्छ भनेर आन्दोलनको मागको सान्दर्भीकता मिलोस् । उपलब्धी त के हुन्छ बेग्लै कुरा हो । मागको बैज्ञानिकता तपाइंहरूलाई यही थाहा छ । आन्दोलनको पनि त कुनै बिज्ञान हुन्छ । मनोवैज्ञानिक रूपले त आन्दोलन हुँदैन नी त । आन्दोलनकारी नेताहरूसंग मेरो के अनुरोध छ भने आफ्नो मागहरू माथि पुर्नविचार गरौ र १८ गतेको प्रतिगमनकारी कदममा कुनकुन प्रतिगमनकारी कदम हो ? मैले यो त ६,७ वटा भने यहाँहरूको पार्टीको बिश्लेषणमा यहाँहरूको व्यक्तिगत बिश्लेषणमा कुन कुन कदम चाँही प्रतिगमनकारी हो राजाको कदमबाट कुन कुन परिणामहरू आएकाछन् ? र त्यो कुन परिणामलाई कुन रूपमा लिन चाहन्छौं ? त्यो राजाको प्रतिगमनकारी कदमहरूको परिणामहरूको बिरुद्धमा आन्दोलनलाई केन्द्रीत गर्नु पर्‍यो । समाधानको उपचार दिन सक्नुपर्छ । अनि आन्दोलनले औचित्य पाउंछ होइन भने प्रतिनिधिसभाको पुनंस्थापनाको माग राख्दा आन्दोलन प्रोक्सी मुभमेन्ट भएजस्तो हुन्छ । आन्दोलन बिज्ञानमाथि आधारित नभएर मनोबिज्ञान माथि आधारित हुन्छ । त्यो मनोविज्ञान के भने देखि शेर बहादुर देउवा गिरिजालाई मन पर्दैन । उहाँले आफूले संकटकाल लगाएको भए ठीक हुन्थ्यो । शेरबहादुरले लगाएको भएर बेठीक भयो । शेरबहादुरले सेना परिचालन गर्दा बेठीक । अब आन्तरिक कारणले गर्दा गिरिजाबाबुले शेरबहादुरजीलाई निकाली दिनु भयो । शेर बहादुरले प्रतिनिधिसभा बिघटन गर्नु भयो । प्रतिनिधिसभा बिघटनबारे राजनीतिक बहस हुन सक्छ । मलाई पनि भन्नुहुन्छ भने व्यक्तिगत रूपमा राजनीतिक अस्थिरताको बिपक्षमा छु । सरकार टिकाउपूर्ण हुनुपर्‍यो । तर प्रतिनिधिसभा टिकाउ नभए सरकार टिक्दैन । मैले पहिलो मध्यावधिबाट सांसद भएर व्यक्तिगत उपलब्धि लिएपनि सैद्धान्तिक राजनीतिक बिश्लेषणबाट हेर्दा त्यो मध्यावधि बेठीक थियो । मनमोहन, सूर्यबहादुरले गरेको मध्यावधि पनि अनुचित थियो । राजनीतिक रूपमा बहस होला तर सर्वोच्च अदालतले त्यसको निदान दिएको छ । र यसकारण प्रतिनिधिसभाको बिघटन असंवैधानिक होइन । राजाको कदमको बिरुद्ध सबै केन्द्रीत भएर आन्दोलन गर्नु पर्छ । त्यो आन्दोलन ससक्त र औचित्यपूर्ण हुन सक्छ । १८ गतेको घटना शेरबहादुर र राजाको व्यक्तिगत द्वन्द्व नभई दुईवटा संस्था प्रधानमन्त्री र राजाको बीचको द्वन्द हो । त्यसकारण राजाको प्रतिगमनको बिरुद्ध सबै बाम तथा प्रजातान्त्रिक शक्तिले साझा मान्यतामा ०४६ सालमा जस्तै एकीकृत भएर आन्दोलनलाई सशक्त बनाउँदै माओवादी समस्यालाई हल गर्ने उपाय खोज्नुपर्छ भन्दै अन्तमा मदन भण्डारीप्रति श्रद्धा र सम्मान व्यक्त गर्दै मेरो लामो कुरा सुनिदिएकोमा धन्यवाद दिंदै बिदा हुन्छु । *जय नेपाल ।*

# श्री चक्र प्रसाद बास्तोला (ने.का. केन्द्रीय सदस्य) का विचारहरू

**यस कार्यक्रमका सभापतिज्यू**

मञ्चमा आसिन नेतागण, उपस्थित दाजुभाइ, दिदिबहिनीहरू। मलाई धेरै पत्रकार बन्धुहरूको रुची अथवा उहाँहरूको अनुरोध भनौं त्यसलाइं ध्यानमा राख्दै म आफुलाई लागेका एक दुई कुराहरू बडो संक्षिप्तमा राख्न चाहन्छु। आज यो गोष्ठीको विषय मलाई अत्यन्त सान्दर्भिक लागिरहेको छ। दुईवटा कारणले। एउटा त के हो भने मदन भण्डारी र प्रजातान्त्रीकरणको सवाल। कम्युनिस्ट पार्टीको नेता, कम्युनिस्ट पार्टीले उठाएको विषय, जबकी पहिला पहिला हामी कम्युनिस्ट पार्टी र प्रजातन्त्रवादी भन्ने गर्दथ्यौं। बोलीको भाषा के थियो भने अर्थात् कम्युनिस्ट प्रजातन्त्रवादी होइनन् भन्ने धारणा, आमविचार बनेको अवस्थामा। र यो बितेको १२ बर्षको संसदीयअभ्यास, त्यस अगाडि जनताको बहुदलिय जनवादको सिद्धान्त, दृष्टिकोण, मलाई के लाग्छ भने यो बडो सान्दर्भिक विषय आईरहेको छ। यो सान्दर्भिक के छ भने अर्को मानेमा कहिलेकाँही काँग्रेसहरू अथवा गैह्र कम्युनिस्ट फाँटकाहरूले कम्युनिस्टलाई प्रजातन्त्रवादी भनेर हेर्ने चलन थिएन। तर ०४६ पछि त्यो चलन फेरिएर आएको छ र त्यही हो सान्दर्भिकता र मलाई के लाग्छ भने कमरेड मदन भण्डारीको सान्दर्भिकता, उहाँको नेतृत्व र विचारको गहनता पनि त्यही होला जस्तो लाग्छ किनभने अब देशमा प्रजातान्त्रिक शक्तिहरू विस्तारित हुनुपर्ने र कन्सोलिडेटेड हुनुपर्ने आवश्यकता उहाँले महसुस गरिसक्नु भएको रहेछ। त्यतिमात्र नभएर गैह्रकाँग्रेस र कम्युनिस्टको प्रजातन्त्रको विवादमा जुन सवाल छ त्यसलाई काट्नुपर्ने, पुलहाल्नुपर्ने आवश्यकता उहाँले देखिसक्नु भएको रहेछ। समस्या त्यतिबेला बुझिसकेकोले उहाँको यो सैद्धान्तिक प्रतिपादन आयो भने अर्कोतिर हामीले आज फेस गरेको कुरा के छ भने प्रतिगमन। प्रजातन्त्र स्थापना भएको, पुर्नस्थापना भएको १२ बर्ष नबित्दै प्रतिगमन। प्रजातन्त्र कहाँ छ थाहा छैन। संविधानको अवस्था के छ थाहा छैन। जनप्रतिधि शासन छैन त्यो हामीले देखिरहेका छौं। संविधानको अवस्था के छ ? अर्थात् यो समग्र परिस्थितिमा आवश्यकता के को छ भने हामी आर्थिक सामाजिक अथवा सैद्धान्तिक अरु विषयहरूमा विभाजित भए तापनि त्यसमा हाम्रा विभिन्न कार्यक्रम रहे तापनि प्रजातन्त्रको सवालमा हामी एक हुनुपर्ने आवश्यकता आजको सन्दर्भमा बनिसकेको छ र आजको सन्दर्भमा बन्नु मात्रै होइन, हामीले त्यसलाई प्राक्टिसमा कार्यान्वयनमा पनि लिएर आयौं जस्तो कि मलाई दुईवटा घटना यस परिप्रेक्षमा सान्दर्भिक लाग्छ, एउटा कुरा चाहिँ ०४६ सालको जनआन्दोलन। ०४६ सालको जनआन्दोलन एउटा नयाँ विचारबाट अभिप्रेरित आन्दोलन नेपालमा भएको रहेछ र त्यतिबेला काँग्रेस र कम्युनिस्ट अन्य परिस्थितिमा साथ नबस्नेहरू साथ आन्दोलन गर्न पुगे केको लागि - प्रजातन्त्र पुर्नस्थापनाको लागि। एउटा त्यो युनिक परिस्थिति इतिहासको कोशेढुङ्गा हो। त्यस्तै गरेर संसदको स्थापना भइसकेपछि संसद भित्र त्यो व्यवस्थालाई बलियो पार्नको लागि विभिन्न पार्टीहरूबाट भएको कोसिस। त्यो अर्को महत्वपूर्ण कोशेढुंगा यस्तै गरेर अहिले पाँच पार्टीहरूको प्रतिगमन विरुद्धमा जुन आन्दोलन भइराखेको छ, त्यो एउटा माइलस्टोन हो जस्तो लाग्छ। त्यसको सन्दर्भ के छ भने, अब मार्क्सिज्मतिर फर्किंदा शास्त्रीय मार्क्सवादको कुरामा सर्वहारा बर्गको अधिनायकत्वको कुरा छ। त्यसकारण सामान्य सोचाइ के छ भने कम्युनिस्टले अन्तिम सोच केको भने सर्वहाराको अधिनायायकत्व। अर्थात् एउटै मात्र पार्टी प्रणाली र मदन भण्डारी जीको कुरा गर्दा खेरी मलाई के लाग्छ भने उहाँको नयाँ सोच के हो भने बहुदलीयताको कुरा। बहुदलीय जनवादी People democracy तर Multy party, not one party dictatorship भन्दा कम्युनिष्ट पार्टीको इतिहासमा एउटा ठूलो मोड थियो र त्यो मोड सिद्धान्त मात्र होइन र व्यवहारमा पनि Action ले पनि देखाएको छ। मैले अघि तिनवटा बुँदा बताएँ। एउटा त ०४६ सालको आन्दोलन, अहिलेको आन्दोलन र संसदमा बहुदलीयताको Practice अर्थात् Basic idea को रोलमा हेर्दा मार्क्सीज्म र अहिले जनवादको बहुदलीय जनवादको कुरा गर्दा म के देख्दछु भने ठूलो फरक, ठूलो आईडियाको रोलमा परिवर्तन भएको छ। विकास भएको

छ। अर्कोतिर Ideas कै रोलमा अर्को कुरा के देखिन्छ भने Extreme वा माओवादीहरू संसदमा उठेर चुनावमा जिते र संसदबाट बाहिर निस्किएर आन्दोलनका विभिन्न पहलमा लाग्दा एकातिर त्यो Extreme पाइन्छ माओवादीमा भने अर्को तिर Liberal democracy, liberal multiparty democracy को अभिन्न अङ्ग कम्युनिस्ट movement बनेर अगाडि बढेको देख्न पाइन्छ। मलाई के लाग्दछ भने दोस्रो, देशका लागि आजको संसदीय बहुदलीय व्यवस्था सबैभन्दा सान्दर्भिक, सबैभन्दा महत्वपूर्ण कुरा यो हो। त्यो पनि कस्तो स्थितिमा छ भने जम्मै पार्टीहरूले अहिले सद्भावनादेखि लिएर रा.प्र.पा.देखी लिएर नेपाली कांग्रेसदेखी लिएर जम्मै टुटेको अवस्थामा छ। पार्टी टुटेको अवस्था के हुन्छ त भन्दा खेरी राजनीतिक अस्थिरता निम्त्याउँछ। प्रजातन्त्र संस्थागत हुन पाउँदैन। त्यस अवस्थामा बहुदलीयता Multi party सोचले जुनचाहिँ democratic forces लाई consolidate गर्ने Democratic system लाई acceptable गराउने जुन एउटा वातावरण तयार भएको छ त्यही वातावरणका कारण नै हामी प्रतिग[illegible]का विरुद्ध जान At least confident भइरहेकाछौं। नभएको भए देखि हामी विभाजित हुनेथियौं। Left parties कै कुरा गर्दा मैले दुइ चार ठाउँमा भनेको छु। तपाइंहरूको बेमेलको रोग हामीरु कांग्रेसमा पनि लागिसक्यो। तपाइंहरू त ९ वाम, ७ वाम, ११ वामका कुरा गर्नुहुन्छ तर के हो त ? के ले त्यो फरक लिएर आउँछन् ? भन्दाखेरी बैचारिक हो वा नेतृत्वको केन्द्रित कुरा हो ? भन्दा हाम्रो राजनैतिक परिवेश के रहेछ भने जे सुकै कारणले होस् पार्टीहरू संस्थागत हुने वातावरण बन्दा बन्दै पनि सम्भव देखिदैन। यो १२ बर्षमा प्रजातन्त्र यो अवस्थामा पुग्नुको कारण यही हो। मलाई के लाग्छ भने यो कांग्रेस फाँटमा, लेफ्टिस्ट फाँटमा बहुदलीयताको जुन सोच अगाडि बढ्नुले प्रजातन्त्रलाई संस्थागत व्यवस्था गर्ने आधार तय गर्छ जस्तो लाग्छ र त्यस अवस्थामा प्रजातन्त्र खतरामा नजाने अवस्था हुन्छ अथवा प्रजातन्त्रको पक्षमा शक्तिहरू ध्रुवीकरण हुने अवस्था हुन्छ। जुन आज भईरहेको छ र अर्को कुरा मलाई के लागिरहेको छ भने सामान्य सरसर्ती हेर्दा घटनाक्रमको दृष्टिले यी कुराहरूको निर्क्यौल मा पुग्न सकिन्छ भने देखिन मलाई यो मदन स्मृति प्रतिष्ठान नेपाल र मदन भण्डारी अध्ययन अनुसन्धान केन्द्रले यो विषय जुन बैचारिक फाँटका कुराहरू पार्टीभित्र मात्रै नभएर अन्तर पार्टी अन्तरक्रियाहरू हुन सकेको खण्डमा ऐले पनि जुन पातलो दिवालहरू अथवा बैचारिक सीमानाहरू छन् भने त्यो भत्काउन सम्भव हुन्छ र यस्ता विचारगोष्ठीहरूले प्रजातान्त्रिक गतिविधिहरूलाई र प्रजातान्त्रिक प्रणालीलाई संस्थागत गर्छ किनभने हामीले एकपटक होइन पटकपटक प्रजातन्त्र माथि आघात परेको हामीले भोगिसकेका छौं। अहिले पनि त्यही भोगिरहेका छौं। यसको एउटै मात्र उपाय के हो भने प्रजातान्त्रिक शक्तिहरू बैचारिक फाँटमा जे सुकै भए प्रजातन्त्रको सवालमा एकठाउँमा हरेक समय उभिन सक्ने वातावरण सृजना गर्नु प्रजातन्त्रलाई बलियो पार्ने सबैभन्दा उत्तम आधार बन्दछ। आज कुन हिसाबले के देखिदैछ भने एकातिर नेपाल कांग्रेस गैह कम्युनिस्ट फाँटतिर पनि प्रजातन्त्रको कु[illegible] प्रजातन्त्रवादी हामी मात्रै हौं भन्ने जुन पुरातन सोचाइ थियो अब त्यो सोचाइ कायम छैन भने अर्कोतिर वामपन्थी फाँटमा बहुदलीयता, एकदलीयता होइन बहुदलीय व्यवस्थालाई बोकी हिड्ने आधार तयार भएको देख्दाखेरि के आशा लाग्छ भने सायद प्रजातन्त्रको भविष्यमा अहिले बादल लागेकै भएपनि अन्तत्वगोत्वा राम्रो भविष्य होला जस्तो मलाई लाग्छ। र अर्को कुरा के छ भने बैचारिक फाँटमा बहुदलीय सोचहरू आयो र पार्टीहरू प्रजातन्त्रको सवालमा एकसाथ उभिन सके भने मलाई के लाग्छ भने प्रजातन्त्र माथि चोट पर्न त्यति सजिलो हुँदैन। कसैलाई पनि र त्यो वातावरण बनेको छ र बैचारिक फाँटमा अन्तरक्रिया अन्तरपार्टी मात्र होइन विभिन्न पार्टीहरूको बीचमा पनि अन्तरक्रिया हुनु जरुरी छ जस्तो लाग्छ। सँच्चै भन्ने हो भने जनताको बहुदलीय जनवादबारे मैले धेरै पढेको छैन। जानकारी छैन मलाई। त्यो भन्न संकोच पनि भईरहेको छैन तर त्यो अवस्था निर्माण गर्नुपर्‍यो जस्तो लाग्छ। म अनुरोध गर्दछु किनभने देखि यो हाम्रो रुचिको विषय पनि हो। किनभने हामीले बुझेको left राजनीति मार्क्सवादी, समाजवादी भन्नुहोस्, के हो भने सर्वहाराको अधिनायकत्व भनेको single party system को कुरा आउँछ। यहाँ बहुदलीयताको कुरा आइसकेको छ। र यो कुरा मलाई के लाग्छ भने बाम पार्टीले मात्र होइन, गैह लेफ्टपार्टीहरूको पनि रुचिको विषय हो। र यसका विभिन्न बैचारिक, दार्शनिक, राजनीतिक पक्षका बारेमा अझ बढी जानकारी र अन्तरक्रियाको आवश्यकता छ र मलाई विश्वास छ यो प्रतिष्ठान र अनुसन्धान केन्द्रले यसबारेमा भविष्यमा, आगामी दिनहरूमा त्यसबारेमा सोच राख्नेछ र मलाई यस कार्यक्रममा केही आफ्ना कुरा राख्ने मौका दिनु भएकोमा आयोजकहरूलाई धन्यवाद दिँदै मेरो मन्तव्य टुङ्ग्याउँदछु। ***धन्यवाद, जयनेपाल।***

# स्वागत तथा विषय प्रवेश

गुरुप्रसाद बराल केन्द्रीय सदस्य ने.क.पा. (एमाले)

आजको यस कार्यक्रमका सभापति महोदय, मञ्चमा आसिन नेकपा एमाले लगायत विभिन्न पार्टीका शिखर नेतृत्वमा रहनु भएका अतिथि महोदय, आजको यस कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण बुद्धिजीवी विभिन्न राजनीतिककर्मीहरू, जनसंगठन, विभिन्न संघसंस्था र अरु विविध क्षेत्रबाट पाल्नुभएका सम्पूर्ण उपस्थित महानुभावहरूमा, पत्रकार मित्रहरूमा म यो कार्यक्रमको आयोजकको तर्फबाट तपाइँहरू सबैलाई हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु।

आज हाम्रा साम् एउटा भयंकर बज्रपात भएको, अत्यन्त धेरै खड्किएको, ठूलो रिक्तता र अभावको महसुस भएको पनि लगभग एकदशक बितिसकेको छ। आजभन्दा १० वर्ष अगाडि २०५० साल जेष्ठ ३ गते हामी सबैका बीचबाट एउटा दुखद: प्रसङ्गले हामीलाई चिमट्यो र जननेतालाई एउटा क्रियाशील राजनीतिक कर्मभूमिबाट एउटा ठूलो रहस्यमय त्रासदिपूर्ण दुर्घटनामा प्रकृतिले हरेर लग्यो। एउटा सन्देहात्मक घटना जसले कमरेड मदन भण्डारी कमरेड जीवराज आश्रितलाई भौतिकरूपमा हामी साम् रहन दिएन। आज हामीले यो दुखद: क्षण भोगेको पनि १० वर्ष बितिसकेको छ। यतिखेर कमरेड मदन भण्डारीलाई सम्झँदा हामी ५२ वर्ष अगाडि २००९ सालमा ताप्लेजुंगको ढुंगेसाँघुमा जनताको काखमा जन्मिएको त्यो एउटा बालकलाई सम्झन्छौं। जसले आफ्ना प्रारम्भिक दिनहरूमा टुमिकेटे धुले स्कुलबाट कखरा सिकेको थियो। क्रमश: उसले बरडाँडाको प्राथमिक विद्यालयबाट प्राथमिक शिक्षा प्राप्त गरेको थियो। सानैदेखि प्रतिभावान् रहेको त्यो व्यक्तित्व हाइस्कुलमा आइपुग्दा उसले सबै आफ्ना सहपाठीहरू र आफ्ना शिक्षकहरूलाई ध्यान आकृष्ट गरी सकेको थियो। सर्वाधिक क्षमता राख्ने, प्रतिभा राख्ने, त्यो ओजस्वी एउटा विद्यार्थी जसले प्रारम्भिक र माध्यमिक शिक्षा हासिल गरी वृन्दावन गएको थियो। वृन्दावनको अध्ययनपछि देहरादुन, त्यसपछि बनारस हुँदै नेपालको साहित्य, भाषा, व्याकरण लगायतका विविध क्षेत्रमा उहाँले आफ्नो अध्ययनलाई अगाडि बढाउनु भएको थियो। १६ वर्षको कलिलो उमेर देखि नै मार्क्सवादी राजनीतिबाट प्रेरित भई देशमा शोषण, अन्याय अत्याचारको विरुद्धमा सामाजिक मुक्तिका लागि निरन्तर सचेत हुँदै गएको त्यो युवा व्यक्तित्व एउटा छोटो अवधिमा नै तत्कालीन नेकपा पुष्पलाल समूहको केन्द्रीय सांस्कृतिक मोर्चाको एउटा जिम्मेवारी सम्हाल्न पुग्नुभयो र केही समयपछाडि मुक्तिमोर्चाको प्रकाशन मार्फत् पुष्पलाल समूहको सांस्कृतिक आन्दोलनको एउटा संवाहक बन्न पुग्नुभयो। राजनीतिक सामाजिक परिवर्तनका लागि, जनताको मुक्तिका लागि, राष्ट्रिय स्वाधिनताका लागि र आमूल परिवर्तनका लागि विचार राख्ने मदन भण्डारी पुष्पलाल समूहबाट अगाडि बढ्दै एकीकृत कम्युनिस्ट आन्दोलनलाई सुगठित गर्ने क्रममा उहाँ पुष्पलाल समूहबाट मुक्तिमोर्चा मार्फत विद्रोह गर्दै एउटा स्वतन्त्र कम्युनिष्ट संगठन निर्माण गर्ने क्रममा अगाडि बढ्दै तत्कालीन को.के. को राजनीतिक कार्यदिशाको नजिक आएर ०३३ सालमा आफूलाई संगठित गर्नु भयो। २०३५ सालमा छरिएको कम्युनिस्ट आन्दोलनको पूर्वदेखि पश्चिमसम्मको विभिन्न समूहमा, गुटमा विभक्त भएको राजनीतिक श्रृंखलामा उहाँले एकताबद्ध आन्दोलनको आवश्यकतालाई महसुस गर्दै त्यसको पक्षमा वकालत गर्न थाल्नुभयो र २०३५ सालमा तत्कालीन को.के.को राष्ट्रिय सम्मेलनको आयोजनामा त्यसको आयोजकको तर्फबाट उहाँले व्यवस्थापकको भूमिका निर्वाह गर्नुभयो उक्त प्रथम राष्ट्रिय सम्मेलेलन मोरङ्को इटहरामा आयोजना भएको थियो जसले नेपाल कम्युनिस्ट पार्टी तात्कालीन मालेको पुर्नगठन गरेको थियो। पश्चिमको दाङ, देउखुरीदेखी लिएर पूर्वको रातो झण्डालाई समेत एकताबद्ध गर्दै देशमा छरिएका सबै कम्युनिस्टहरूलाई एउटै मूल प्रवाहमा एकताबद्ध गर्नुपर्छ भन्ने सन्देशलाई अगाडि बढाउने क्रममा कमरेड मदन पनि नेपाली राजनीतिक आन्दोलनको विभिन्न घटनाक्रमहरूमा आफूलाई समावेश गर्दै अगाडि बढ्नुभयो। पंचायती निरंकुशताका विरुद्ध जनपक्षीय हस्तक्षेप गर्दै जिविका, जनवाद र राष्ट्रियताको पक्षमा जनमत श्रृजना गर्ने काममा समते क. मदन भण्डारी दृढतापूर्वक लाग्नुभयो। २०४६ सालको जनआन्दोलनको पूर्व संघारमा आयोजित भएको तात्कालीन नेकपा मालेको चौथो राष्ट्रिय महाधिवेशनमा उहाँ महासचिबको रूपमा निर्वाचित हुनुभयो र संयुक्त जनआन्दोलनको विचारलाई अगाडि बढाउँदै २०४६ सालको जनआन्दोलनको संघारमा आइपुग्दा पार्टीलाई राजनीतिक, बैचारिक र संगठनात्मक रूपबाट नेतृत्व गर्ने काममा अगाडि बढ्नुभयो। २०४६ सालको सफल जनआन्दोलनपछि देशमा भएका थुप्रै आशंका र अन्यौलको बाताबरणलाई चिर्दै नेपाली कम्युनिस्ट आन्दोलनलाई जनताको एउटा विशाल विश्वास, भरोसायोग्य संगठक र एउटा वैचारिक नेताको रूपमा स्थापित गराउने काममा महत्वपूर्ण योगदान प्रदान गर्दै २०४७ सालको संविधान निर्माणका जटिलताहरूलाई छिचोल्दै एकपछि अर्को दरबारबाट भएका षड्यन्त्रहरू, चिरफार गर्दै दरबारका हस्तक्षेपकारी क्रियाकलापहरू र प्रतिगमनकारी गतिविधिहरूलाई

जनताको बीचमा पर्दाफास गर्ने र जनतालाई गोलबन्द गराएर त्यस्ता कुराको विरुद्धमा मोर्चाबन्दी गर्दै संविधानलाई जनताको बीचमा प्रस्तुत गर्ने कुरामा पहरेदारी गर्ने, खबरदारी गर्ने एउटा शीर्ष नायकको रूपमा उहाँ क्रियाशील रहनुभयो । त्यसपछि पार्टीका बिचारहरूलाई व्यवस्थित गर्ने क्रममा उहाँले जनताको बहुदलीय जनवादको १४ वटा विशेषता सहितको एउटा नयाँ राजनीतिक कार्यक्रमलाई अगाडि सार्नुभयो र पाँचौ राष्ट्रिय महाधिवेशन भन्दा अगाडि राष्ट्रव्यापीरूपमा छलफल गराउने उहाँले प्रस्ताव राख्नुभयो र नेकपा एमालेको कमिटीभित्र मात्र होइन, कमिटी बाहिर पनि यो जनताको विचार, आमूल परिवर्तनकारी बिचार, सामाजिक क्रान्तिको विचार, आर्थिक रूपान्तरणको बिचार, समग्र राष्ट्रको रूपान्तरणको विचार भएको हुनाले पार्टी बाहिरबाट पनि यस कार्यक्रमका बारेमा छलफल बहस र रचनात्मक सुझाब प्रस्तुत गर्नु पर्दछ भन्ने मान्यता प्राप्त माग उहाले राख्नुभएन । विभिन्न आलोचकहरूबाट पनि यो कार्यक्रमकोबारेमा आलोचना माग्नुपर्छ र यो कार्यक्रममा उनीहरूले उठाएका प्रश्नहरूमाथि पनि गम्भीर चिन्तन गर्नुपर्छ भन्दै उहाले बृहद प्रजातान्त्रिक मान्यतालाई अगाडि सार्नु भयो । कम्युनिष्ट पार्टीले अघिल्ला महाधिवेशनहरुमा जसरी राजनीतिक विचार निर्माण गर्ने प्रक्रियालाई एउटा सानो घेराभित्र राखिने जुन चलन थियो, मान्यता थियो, त्यसको विरुद्धमा कमरेड मदन भण्डारीले प्रजातान्त्रीकरणको वकालत गर्नु भयो र पार्टीभित्र र बाहिर व्यापक छलफल अगाडि बढाउनुभयो । यसै क्रममा २०४९ सालको पाचौं राष्ट्रिय महाधिवेशनबाट जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तीको तात्कालीक न्यूनतम राजनीतिक कार्यक्रमको रूपमा उहाँले अगाडि सार्नुभयो । यो जनताको बहुदलीय जनवादको तात्कालीक न्यूनतम कार्यक्रमले नेपाली समाजको रुपान्तरणको लागि एउटा महत्वपूर्ण अग्रगामी निकाश दियो । र संगसंगै उहाँले वैज्ञानिक समाजवाद र साम्यवादलाई आफ्नो अन्तिम लक्ष्यको रूपमा किटान गर्दै नौलो जनवादी कार्यदिशालाई अगाडि बढाउने क्रममा थुप्रै सवालका वैचारिक बिमती र आलोचनाको बीचबाट उहाँले आफूलाई गुजार्नु भयो र एउटा सफल राजनेताको रूपमा, एउटा सफल राष्ट्रिय प्रवक्ताको रूपमा, एउटा सफल जनताको पहरेदारको रुपमा, एउटा सफल कम्युनिस्ट नेताको रूपमा आफुलाई स्थापित गराएको मात्र होइन, साहित्य, दर्शन र भाषा सहितका बिबिध क्षेत्रहरूमा पनि उहाँको उत्तिकै दिलचस्पी, चासो र दखल रहेको थियो । आज उहाँ हाम्रो साम् हुनुहुन्न । त्यसैले मदन भण्डारी र मदन भण्डारीका ती विचारहरूको रिक्तता जनताको बीचमा हुन नपाओस् भन्नका लागिनै हामीहरूले बिभिन्न ठाउँबाट विभिन्न प्रयत्नहरू गरीरहनु परेको छ । त्यही प्रयत्नको एउटा सानो रूप नै यो आजको कमरेड मदन भण्डारी र प्रजातान्त्रीकरणको प्रश्नसँग सम्बन्धित विचारगोष्ठी रहेको छ । आजको यो विचारगोष्ठीले राजकीय क्षेत्रका विभिन्न पक्षहरुमा प्रजातान्त्रीकरणको सवालमा वकालत गर्ने मात्र होइन जनताको सार्वभौमसत्तालाई दरबारको कालकोठरीभित्र थन्क्याउने राजाको अतिवादी मान्यताको विरुद्धमा मात्र होइन हतियार र हिंसाको बलले जनताको सत्ता टिकाउन सकिन्छ भन्ने अर्को अतिवादी मान्यताकाविरुद्धमा समेत सचेत रहदै जनताका राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रसंग सम्बन्धित आधारभूत मानवअधिकारको सवालहरुमा व्यापक प्रजातान्त्रिकरण नगरी हुदैन भन्ने एउटा वैचारिक अभियान, एउटा वैचारिक प्रतिवद्धता व्यक्त गर्नु पनि यस कार्यक्रमको उद्देश्य रहेको छ । त्यसै हुनाले आज हामी कार्यक्रमको यस सान्दर्भिकतालाई अगाडि सार्दै 'क. मदन भण्डारी र प्रजातान्त्रिकरणको सवाल' विषयमा मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्र एवं मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालद्वारा आयोजना गरिएको यो कार्यक्रममा तपाईहरू सबै क्षेत्रबाट जुनखालको न्यानो हार्दिक उपस्थिति जनाएर हाम्रो कार्यक्रमलाई सफल पार्न सहयोग गर्नुभएको छ, सम्पूर्ण महानुभावहरुप्रति म हार्दिक स्वागत अभिवादन गर्दै सम्पूर्ण अतिथि वक्ताहरूलाई पनि पुनः हार्दिक स्वागत गर्दै म आफ्नो भनाई अन्त्य गर्दछु । हवस् त धन्यवाद ।

*अभिवादन ।*

## सरर झोला बोकेर



विराज भण्डारी
कक्षा-५
मदन मण्डारी मेमोरियल स्कूल गुलरिया दाङ

हामी बोक्छौं किताब, कापी आमा घाँसको भारी
बुबा जान्छन् भारतमा 'ज्यानको मायाँ मारी'
सरर झोला बोकेर स्कूलमा जाने हो
तोतो बोली बोलेर स्कूलमा जाने हो ।
सरर झोला बोकेर ..............

पढ्दा पढ्दै हाम्रो दाईले स्कूल छाडीदिनु भयो
दश वर्षको उमेरमा स्कूल जाने भो
सरर झोला बोकेर ..........

पढ्छु भनी रच्नु हुन्थ्यो माहिली दिदी पनि
उहाँको जीवन बित्ने भो कम्लहरी बनि
सरर झोला बोकेर ..........

## कस्तो भयो नेपाल आज



स्वाभिमान आचार्य
कक्षा-६
मदन मण्डारी मेमोरियल स्कूल गुलरिया दाङ

सधैं भरी नेपाल बन्द
जतातलै टायरको गन्ध
कस्तो भयो नेपाल आज
स्वार्थीहरूको भैरा'छ राज

कस्ले बुझिदिन्छ यहाँ जनताको पीडा
नेताहरू सडकमा ठोक्नलाई इटा
एकातिर एकथरि बन्दुकधारी अर्को तिर अर्का
बीचमा छौं जनता हामी पर्छ हामीलाई मर्का

यस्तो भइसकेको छ देशको स्थिति
कहिले हो मारिने थाहा छैन मिति
किन-किन यो देश आज खाडलमा पस्यो
माथि उक्लन छाडेर त्यहिँ मात्र बस्यो

फेरि पनि यो देशमा मदन जस्ता निस्वार्थी जन्मे हुन्थ्यो
रोएको यो हाम्रो मन फेरि पनि हास्थ्यो
लौन धुवै धुवाँ भईसक्यो टायर पोलेको गन्धलेक
रोक्दैन अब हामीलाई स्कूल जान 'नेपाल बन्द' ले



५२ औं जन्मजयन्तीको अवसरमा फूलमाला अर्पण गर्दै श्रीमती विद्यादेवी भण्डारी




५१ औं जन्मजयन्तीका अवसरमा आयोजित 'नेपालको राजनीतिमा जननेता मदन भण्डारी' विषयका विचार गोष्ठीका सहभागीहरु श्री के.पी. ओली, श्री नरहरि आचार्य, श्री कमल थापा, श्री गुरु बराल



मानवअधिकार दिवसका अवसरमा आयोजित गोष्ठीमा नेकपा (एमाले) नेता श्री झलनाथ खनालज्यू विचार प्रस्तुत गर्दै ।




केन्द्रद्वारा आयोजित मानवअधिकार गोष्ठीमा विचार प्रस्तुत गर्दै इन्सेकका अध्यक्ष श्री सुबोध प्याकुरेलज्यू



केन्द्रको जग्गामा वृक्षारोपण कार्यक्रमको अध्यक्षता गर्दै श्रीमती विद्या भण्डारी दायाँबाट श्री गुरु बराल, श्री के.पी शर्मा, तात्कालिन प्रम श्री शेरबहादुर देउवा, श्री बामदेव गौतम, श्री चैतन्य शर्मा



का.म.न.पा १० शान्तिबिनायकनगरको यस केन्द्रको जग्गामा वृक्षारोपण गर्दै तत्कालिन प्रधानमन्त्री श्री शेरबहादुर देउवा, पूर्व मन्त्रीहरु श्री के.पी शर्मा ओली, श्रीमती विद्या भण्डारी तथा पूर्व सांसद श्री गुरु बराललगायत अन्य ।




दाङ शाखाद्वारा आयोजित कार्यक्रममा एमाले नेता श्री शंकर पोखरेल मन्तव्य प्रस्तुत गर्नुहुँदै ।



वृक्षारोपणमा सहभागीहरु



मदन मेमोरियल स्कूल दाङका बालबालिकाद्वारा नृत्य प्रस्तुत गर्दै



मदन मेमोरियल स्कूल दाङमा भएको कार्यक्रमको एक झलक



मदन भण्डारी मेमोरियल कलेज काठमाडौंका विज्ञान विषयका छात्र छात्राहरु प्रयोगात्मक विधि प्रयोग गर्दै ।



मदन मेमोरियल स्कूल दाङमा भएको प्रतियोगितामा विजयी छात्रछात्रालाई पुरस्कार वितरण गर्दै

# मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना र यसका गतिविधिहरू

मदन भण्डारीको नाममा यो देशमा विभिन्न संघ संस्थाहरू खुलेका छन् र तिनीहरू आ-आफ्नो उद्देश्य अनुरूप कार्यरत छन्। यसै क्रममा मदन भण्डारीका विचारहरूलाई आत्मसात् गर्दै **मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्र** को जन्म भएको छ। यो संस्था मदन भण्डारीका सैद्धान्तिक, वैचारिक, व्यक्तित्वमाथि अध्ययन अनुसन्धान गर्ने लेख्न, बोल्न तथा प्रकाशन गर्ने अभिरुचि राख्ने व्यक्तिहरूबाट स्थापना गरिएको हो। मदन भण्डारीका विचार र भावनालाई अघि बढाउँदै विभिन्न रचनात्मक कार्य गर्नु नै संस्था खोल्नुको मूल लक्ष्य हो। यो संस्था जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा गैह्र सरकारी संस्थाको रूपमा मिति २०५६ साल आश्विन ५ गते दर्ता भएको हो। काठमाण्डौमा यसको प्रधान कार्यालय स्थापना गरी देशका विभिन्न भागमा यसका गतिविधिहरू सञ्चालन भइरहेका छन्।

**संस्थाका उद्देश्यहरू :**

मदन भण्डारीको बहुआयमिक सिर्जनशीलता र व्यक्तित्व तथा राष्ट्रिय जीवनका गतिविधिलाई मार्गदर्शन गर्ने उहाँले अघि सारेका नवीन मान्यताहरूको अध्ययन अनुसन्धान गर्दै सामाजिक परिवर्तनलाई अघि बढाउन प्रयत्न गर्नु यस अनुसन्धान केन्द्रको आम उद्देश्य हुनेछ।

**विशिष्ट उद्देश्यहरू :**

१. मदन भण्डारीको बहुआयामिक व्यक्तित्व र उहाँका बहुपक्षीय योगदानहरूका बारेमा अध्ययन, अनुसन्धान गर्दै उहाँका कामहरूलाई चिरस्मरणीय बनाउनु।

२. मदन भण्डारीद्वारा प्रतिपादित ज.ब.ज. को कार्यक्रमका सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षहरूको व्याख्या विश्लेषण गर्नु।

३. मदन भण्डारीले अघि सारेका नवीन सोच र विचारहरूको उचित विश्लेषण गरी जनचेतना जगाउनु।

४. देशमा व्याप्त अशिक्षा, गरिबी, बेरोजगारी हटाउन मानवीय संसाधनको विकास गर्ने एवं असहाय, अपाङ्ग र पिछडिएका वर्गलाई आत्मनिर्भर बनाउन आवश्यक सीप र तालिम दिने व्यवस्था मिलाउनु।

५. जनस्वास्थ्य, वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी अध्ययन, अनुसन्धान कार्यक्रमहरू सञ्चालन गर्नु।

६. सामाजिक रूपमा थिचोमिचोमा परेका महिलाहरूको स्वाभिमान बढाउने, स्वावलम्बी बनाउने तथा सशक्तीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गर्नु।

**संस्थापक सदस्यहरू :**

यस अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्रिय ढङ्गले योगदान पुऱ्याउने निम्न महानुभावहरू यस केन्द्रका संस्थापक सदस्यहरू हुनुहुन्छ।

१. श्री विद्यादेवी भण्डारी
२. श्री अच्युत न्यौपाने
३. श्री गोपाल गुरागाईं
४. श्री चिन्तामणि भट्टराई
५. श्री रामहरि खनाल
६. श्री अमर श्रेष्ठ
७. श्री डेगेन्द्र पाण्डे
८. श्री कल्पना भुषाल
१०. श्री प्रेमसागर चापागाईं

**संस्थाको पहिलो कार्यकारिणी समिति :**

| | |
|---|---|
| १. श्री विद्यादेवी भण्डारी | - संरक्षक |
| २. श्री अच्युत न्यौपाने | - अध्यक्ष |
| ३. श्री गोपाल गुरागाईं | - उपाध्यक्ष |
| ४. श्री चिन्तामणि भट्टराई | - सचिव |
| ५. श्री रामहरि खनाल | - सहसचिव |
| ६. श्री अमर श्रेष्ठ | - सदस्य |
| ७. श्री डेगेन्द्र पाण्डे | - ,, |
| ८. श्री कल्पना भुषाल | - ,, |

कार्यकारिणी समितिको निर्णयअनुसार पछि श्री चिरञ्जीवी शर्मा र श्री हिक्मत कार्कीलाई कार्यकारिणी समितिको सदस्यमा मनोनित गरियो।

**प्रथम साधारण सभा :**

२०६० असार १७ गते यस अध्ययन तथा अनुसन्धान केन्द्रको प्रथम साधारणसभा सम्पन्न भयो। जसले निम्न महानुभावहरू रहेको कार्यकारिणी समिति चयन गऱ्यो।

| | |
|---|---|
| १. श्री विद्यादेवी भण्डारी | - अध्यक्ष |
| २. श्री गोपाल गुरागाईं | - उपाध्यक्ष |
| ३. श्री चिन्तामणि भट्टराई | - सचिव |
| ४. श्री रामहरि खनाल | - सहसचिव |
| ५. श्री अच्युत न्यौपाने | - सदस्य |
| ६. श्री अमर श्रेष्ठ | - ,, |
| ७. श्री चिरञ्जीवी शर्मा | - ,, |
| ८. श्री हिक्मत कार्की | - ,, |
| ९. श्री प्रेमकुमार भण्डारी | - ,, |

दोस्रो साधारण सभा - यस केन्द्रको दोस्रो साधारणसभा २०६० चैत २८ गते पूर्वमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको प्रमुख आतिथ्यमा केन्द्रको कार्यालयमा सम्पन्न भयो। यस सभाले २०५६ को विधानलाई

संशोधन गरि संशोधित विधान २०६० पारित गरेको छ। साथै यसले मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रको नामलाई संशोधन गरि मदन भण्डारी फाऊन्डेशन राख्ने निर्णय गरेको छ। अबदेखि यस संस्थाको नाम मदन भण्डारी फाउण्डेसन रहनेछ।

**बिगतमा यस संस्थाले गरेका क्रियाकलापहरू**

**क) राजनीतिक कार्यक्रमहरू :**

१. जननेता मदन भण्डारीको ५१ औं जन्मजयन्तीको अवसरमा मिति २०५९।३।१४ गते "नेपालको राजनीतिमा जननेता मदन भण्डारी" विषयक विचार गोष्ठी सम्पन्न भयो। उक्त गोष्ठीमा मदन स्मृति प्रतिष्ठान नेपालसमेतको संलग्नता थियो। कार्यक्रममा के.पी.शर्मा ओली, प्रदीप गिरी, कमल थापा लगायतका वक्ताहरूले विचार प्रस्तुत गर्नुभएको थियो।

२. प्रतिनिधिसभा विघटन भइसकेको तर निर्वाचन हुन नसक्ने परिस्थिति सिर्जना भई मलुकले सम्बैधानिक निकास खोजिरहेको सन्दर्भमा आयोजना गरिएको "सङ्कटपूर्ण राष्ट्रिय राजनीति र प्रजातान्त्रिक निकास" विषयक अन्तरसम्वाद कार्यक्रम मिति २०५९।६।१८ गते सम्पन्न भयो। उक्त कार्यक्रममा के.पी.शर्मा ओली, पशुपति शमसेर जबरा, सरिता गिरी, लक्ष्मण अर्याल, रामचन्द्र पौडेल, अमिक शेरचनलगायतका व्यक्तिहरूबाट आ-आफ्ना धारणा तथा विचारहरू प्रस्तुत गरिएका थिए।

३. यस केन्द्र र मदन भण्डारी प्रतिष्ठानको संयुक्त आयोजनामा २०६० आषाढ १५ गते जननेता मदन भण्डारीको ५२ औं जन्मजयन्तीको अवसरमा 'क. मदन भण्डारी र प्रजातन्त्रीकरणको सवाल' विषयक कार्यशाला गोष्ठी सम्पन्न गरियो।

४. केन्द्रको आयोजनामा २०५९ चैत २ गते एमाले स्थायी कमिटी सदस्य श्री के.पी. ओलीको प्रमुख आतिथ्यमा 'शान्ति र अग्रगतीका लागि सार्थक वार्ता, आजको आवश्यकता' विषयक विचार गोष्ठी सम्पन्न भयो।

५. २०६० कात्तिक २४ गते संविधान दिवसको अवसरमा केन्द्रको आयोजनामा 'समस्या समाधानमा संविधानको प्रभावकारीता र संवैधानिक विकल्पहरू' विषयक गोष्ठी सम्पन्न गरियो।

६. मानवअधिकार दिवसको अवसरमा यस केन्द्रको आयोजनामा २०६० मंसिर २३ गते 'वर्तमान परिस्थिति र मानवअधिकार' विषयक गोष्ठी सम्पन्न गरियो।

७. मदन भण्डारीको नाममा यस अध्ययन तथा अनुसन्धान केन्द्रले काडमाण्डौमा मदन भण्डारी मेमोरियल कलेज स्थापना गरेर गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने कामको सुरुवात गरेको छ। हाल उक्त कलेजमा उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन लिएर मानविकी, व्यवस्थापन, शिक्षा शास्त्र तथा विज्ञान विषयमा १० जोड २ को कार्यक्रमहरू सञ्चालन गरिएको छ। त्यस्तै कलेजले त्रि.वि.वि बाट सम्बन्धन प्राप्त गरेर मानविकी तथा शिक्षाशास्त्र सङ्कायमा स्नातक तहको कक्षा सञ्चालन गरिराखेको छ। कलेजको प्रतिबेदन यस स्मारिकामा अलग्गै समावेश गरिएको छ।

८. **मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रलाई जग्गा प्राप्तिः**
श्री ५ को सरकारबाट २०५८ साल पौष महिनामा (श्री शेरबहादुर देउवाको प्रधानमन्त्रित्व कालमा) यस अनुसन्धान केन्द्रको नाउँमा कार्यालय भवन निर्माण गर्नका लागि काठमाण्डौ महानगरपालिका वार्ड नं १० अनामनगरमा ०-३-११-२ क्षेत्रफलको जग्गा प्राप्त भएको छ। उक्त जग्गालाई अगाडि पट्टिबाट (पूर्व) पर्खाल लगाउने र उत्तर दक्षिण तथा पश्चिमपट्टि तार बार लगाउने काम सम्पन्न भएको छ। हाल त्यस जग्गाको पश्चिम दक्षिणपट्टी कच्ची भवन (टहरा) निर्माण भइरहेको छ। उक्त भवन निर्माण भएपछि त्यसमा केन्द्रले बिभिन्न किसिमका गतिविधिहरू सञ्चालन गर्नेछ।

९. **दाङमा विद्यालय सञ्चालनः**
मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रको अनुमतिमा दाङ जिल्लाको त्रिभुवननगर नगरपालिका बडा नं २ गुलरियामा मदन भण्डारी मेमोरियल विद्यालय सञ्चालन भईरहेको छ। सो विद्यालय सञ्चालन गर्न त्रिभुवन नगर नगरपालिकाले १ विघा १० क□ा जग्गा उपलब्ध गराएको छ। उक्त विद्यालय गुठीको रूपमा संचालन गरिएको छ।
उक्त विद्यालयमा हाल १९ शिक्षक र कर्मचारी तथा २०० विद्यार्थी अध्ययन गरिरहेका छन् भने २ जना द्वन्द पीडित छात्र तथा १ दलित छात्रलाई निःशुल्क अध्यापन गराईदैछ। त्यस्तै कमैयाका बालबालिकालाई मासिक शुल्क निःशुल्क गरी शिक्षा दिने प्रावधान राखिएको छ। अन्य क्रियाकलापहरू त्यहाँ अध्ययनरत विद्यार्थीहरूले मासिक रुपमा भित्ते पत्रिका निकाली रहेका छन्। त्यस्तै जननेता मदन भण्डारीको स्मृतिको अबसरमा सांस्कृतिक कार्यक्रम, अभिभावक भेला, खेलकूद, शैक्षिक तथा बालअधिकार र श्रम सम्बन्धी गोष्ठीहरू समेत भइरहेका छन्।

१०. **दोस्रो साधारण सभा :**
मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रको दोस्रो साधारण सभा २०६० साल चैत २८ गते पूर्वमन्त्री श्री के.पी. शमा ओलीज्यूको प्रमुख आतिथ्यमा तथा अध्यक्ष विद्या भण्डारीको अध्यक्षतामा सम्पन्न भयो। उक्त साधारण सभाले यस केन्द्रको नाम संशोधन गरि 'मदन भण्डारी फाउण्डेशन' राख्ने निर्णय गऱ्यो।

# मदन भण्डारी मेमोरियल कलेज - स्थापना र विकास

बि.स. २०५८ सालमा, शैक्षिक सत्र २०५८/०५९ सालदेखि, उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरबाट स्वीकृति प्राप्त गरी कक्षा ११ र १२ का बिज्ञान, व्यवस्थापन, मानबिकी र शिक्षा सङ्कायहरू र त्रिभुवन विश्वविद्यालयबाट बी.ए., बी. बी.एस र बी.एड. स्वीकृति लिई स्नातक तहहरू सञ्चालन गर्दै आएको मदन भण्डारी मेमोरियल कलेज काठमाडौंको केन्द्रभाग रातोपुल, गौशालामा अवस्थित छ।

नेपाली जनताको अगाध स्नेह र ममताले बाँधिएका "**जननेता मदनकुमार भण्डारी**" को नामबाट यस कलेजको स्थापना भएको छ। नामका कारणलाई राय हेरी यो राजनैतिक रूपबाट प्रेरित सस्था हो भन्ने खालका भ्रमात्मक विचारहरू पनि सुरुसुरुमा यदाकदा नआएका होइनन्। यो एकातिर राजनैतिक पूर्वाग्रही रूप हो भने अर्कोतर्फ सुझबुझको कमीको कारणले आएको भ्रम मात्र हो। शैक्षिक धरातलमा उभिएर शिक्षाको भाषामा बोल्नु पर्दा ३ बर्ष बिताइसकेका यस कलेजका उत्पादनहरू अब मेचीदेखि महाकालीसम्मका विभिन्न भागहरूमा पुगिसकेका छन्। अभिभावकहरूले यस कलेजको व्यवस्थापन, शिक्षणकार्य, बिद्यार्थी, भर्ना लगायत सम्पूर्ण क्रियाकलापहरूको समेत मूल्याङ्कन गरिसक्नु भएको छ। यस कलेजप्रतिको मूल्याङ्कन तपाई नेपाली जनताका हातमा छ। यो नेपालका एकजना राजनैतिक व्यक्तिका नामको सामुदायिक, सेबामूलक र बिशुद्ध शैक्षिक सस्था हो।

संसारभरका विभिन्न मुलुकहरूमा लोकप्रिय नेताहरूका नामबाट विविध पक्षहरूमध्ये शैक्षिक पक्षबाट हामीले जनताको सेवागर्ने प्रयास गरेका हौं। नेपालका शिक्षा क्षेत्रमा थुप्रैथुप्रै बिकृति र बिसङ्गतिहरू छन्। सरकारको शिक्षाप्रतिको ठोस नीति नै छैन। शिक्षालाई पूर्णरूपमा व्यापारीकरण गर्न छुट दिइएको छ। शिक्षामा ठूलो माफियातन्त्र हावी भएको छ। निजीकरणका नाममा विद्यालयको भौतिक, आर्थिक, शैक्षिक, सारा सम्पति व्यक्तिको निजी भइरहेको अवस्था छ। सार्वजनिक/गुठी/सामुदायिक/सरकारी/पब्लिक आदि के - के नामहरूबाट शैक्षिक संस्थाहरू चल्न सक्छन् र तिनीहरूको कानुनी/ वैधानिक र आधिकारिक मान्यता के हो ? तिनीहरूका कार्यक्षेत्रका दायराहरू के के हुन्छन् ? तिनीहरूले आर्थिक रूपबाट के कस्ता शोषणहरू गरिरहेका छन् आदि बिबिध क्षेत्रका द्विविधाहरूका समाधानार्थ नमूनाका लागि हामीले "मदन भण्डारी मेमोरियल कलेजको" स्थापनाको जमर्को गरेका हौं।

शिक्षा बिशुद्ध सेबामूलक हुनुपर्दछ। शिक्षाले सबै तह र बर्गका जनतालाई समानरूपबाट हेर्न सक्नुपर्दछ र हाम्रो देशको परिवेशमा कुरागर्नु पर्दा शिक्षाले समाजमा वर्ग बिभाजनको स्पष्ट रेखा कोरेकोछ। काठमाडौं लगायत सहरी क्षेत्रहरूमा हामी अमेरिका, बेलायत, क्यानडा, जापान, भारत जुनसुकै मुलुकका शिक्षामा मोडेलहरू देख्न सक्छौं। यस्ता सम्पूर्ण मोडेलहरू निजी क्षेत्रबाट मात्र सञ्चालित छन् र चर्को शुल्कमा सञ्चालित छन्। नेपाली जनताको आर्थिक विपन्नताका कारण उनीहरू त्यस्ता विद्यालय जान सक्ने अवस्था नै छैन। सरकारी बिद्यालयहरूको शैक्षिक स्थिति ज्यादै दयनीय छ र उनीहरू निजी विद्यालयसँग विविध कारणले प्रतिस्पर्धा गर्न सकिरहेका छैनन्। यसरी शिक्षा लिने शिक्षालयमा नै धनी र गरिबको रेखाङ्कन भएकाले नेपालमा शिक्षाले बर्गविभाजन गरिरहेको छ भनिएको हो। यस किसिमका बाताबरणमा बिदेशी मोडेलका शैक्षिक संस्थाहरूमा आ-आफ्नै संस्कृतिहरू कार्यान्वयन छन्। अब नेपाली बाताबरणमा बिदेशी संस्कृतिको बिकास गर्ने नक्कलले नेपाली मौलिकतालाई कहाँ पुर्‍याएको होला ?

यस प्रकारका असङ्ख्य प्रश्नहरूको उत्तरका लागि आर्थिक रूपबाट लगानी गर्न सकिने, सामाजिक रूपबाट जुनसुकै बर्ग, क्षेत्र, समुदाय, लिङ्ग र मान्यताको विद्यार्थीले समेत प्रवेश पाउन सक्ने र शैक्षिक रूपबाट नेपालका शिक्षालयहरूसँग स्वच्छ प्रतिस्पर्धा गर्न सक्ने खुल्ला दृष्टिकोणहरूबाट हामीले यस संस्थालाई नेपाली जनताका सामु उभ्याउने प्रयास गरेका छौं।

जुनसुकै मुलुकको विकासको आधार भनेको शिक्षा नै हो। शिक्षालाई साधारण व्यवसायिक, प्राबिधिक, बैज्ञानिक, बिबिध क्षेत्रमा आ-आफ्नो रूपबाट विकास गर्न सक्नु पर्दछ।

मानिस (बालबालिका) सँग आन्तरिक (जन्मजात) र आर्जित (बाह्य/बाताबरणीय) दुई प्रकारका नाताहरू हुने गर्दछन्। हाम्रो देशको शिक्षा साधारण प्रकृतिको मात्र भएकाले यसले विभिन्न पेसा, व्यवस्थापन, व्यापार, कला, उद्योग, बिज्ञान, सङ्गीत वा कुनै पनि क्षेत्रमा चाख राख्ने र दख्खल पुर्‍याउने व्यक्तिको प्रतिभाको कदर र मूल्याङ्कन गर्न सक्दैन। त्यसैले हामीले यस संस्थामार्फत तमाम नेपाली जनताका बालबालिकाको उचित शैक्षिक विकास गर्न सकियोस् भन्ने उद्देश्य राखेका छौं।

हाल यस संस्थालाई एकातिर १०+२ बाट सुरुबात गरी स्नातक तहसम्म पुर्‍याएका छौ। जननेता मदनकुमार भण्डारी बहुआयामिक प्रतिभाका भण्डार हुनुहुन्थ्यो। शिक्षाका क्षेत्रमा साथै चिन्तित रहने, शिक्षा नीतिको स्पष्टताको माग गर्ने, सर्वसाधारण र मजदुर किसानका रूपमा शिक्षाको सधै रोजगारमूलक, कार्यमूलक, व्यावसायिक, प्राविधिक पक्षमा जोड दिनु पर्ने, शिक्षा सर्वसुलभ सर्वपहुँच र सरकारी दायित्वको हुनुपर्ने, सरकारी शिक्षालयहरूले

नमुनाका रूपमा पथप्रदर्शन गर्नुपर्ने, शिक्षा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा नै प्रतिस्पर्धात्मक हुनुपर्ने, शिक्षा नेपाली मौलिकता र राष्ट्रिय आवश्यकताका आधारमा विकसित हुनुपर्ने, शिक्षाका सबै तहमा विज्ञानमा जोड दिनुपर्ने र अनुसन्धानमूलक शिक्षा हुनुपर्ने जस्ता अभिव्यक्तिहरूले हामीलाई मार्गदर्शन गरेको हो ।

अतः शिक्षाका पूर्वप्राथमिक तहबाट उच्च शिक्षाका स्नातकोत्तर, विद्यावारिधि र अनुसन्धान तहका कार्यहरूसँगसमेत यस संस्थाको पहुँच पुर्‍याउने हाम्रो उद्देश्य रहेको छ । अझ स्पष्टताका साथ भन्नुपर्दा हामीले साधारण, व्यावसायिक, प्राविधिक, वैज्ञानिक, साहित्यिक, ऐतिहासिक, सांस्कृतिक, साङ्गीतिक सम्पूर्ण पक्षको विकास गर्दै जनताका नामबाट सञ्चालित यस पवित्र शैक्षिक संस्थालाई नेपालको नमुना विश्वविद्यालयका रूपमा परिणत गर्ने उद्देश्य बोकेका छौं । अतः यसमा हामीले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपबाट नै आवश्यक सुझाव, सल्लाह र सहयोगको समेत अपेक्षा गरेका छौं ।

हामीले यस संस्थाको स्थापनामा कुनै कुनियत राखेका छैनौं । हामी नेपाली जनताका सामु प्रतिज्ञा गर्दछौं कि हाम्रो शैक्षिक प्रतिबद्धतालाई हामी कमजोर हुन दिँदैनौं । यस शैक्षिक संस्थामा कुनै पनि किसिमका नराम्रा विचारहरू, भावनाहरू, कार्यहरू जो कोहीले पनि देखेको , सुनेको र प्रमाणित गर्न सकेको अवस्थामा हामी जुनसुकै सजाय भोग्नसमेत तयार छौं ।

हामी आर्थिक, शैक्षिक, प्रशासनीक सब पक्षमा खुल्ला छौं । पारदर्शिता हाम्रो कार्यशैली हो । अतः हामीप्रति शङ्का सम्म गर्ने हाम्रा आदरणीय जनताहरूसँग हाम्रो विनम्रतापूर्वकको आग्रह छ आउनुहोस् यो संस्था तपाइको पनि हो । यसका खराबीहरू हटाउने दायित्व तपाइको समेत हो । नेपाली राष्ट्र, राष्ट्रियता र सार्वभौमसत्ताका खातिर नेपाली मौलिकताको विकासमा जोड दिन यस सेवामूलक शैक्षिक संस्थाको विकास गरौं ।

यस संस्थालाई हामीले सीमित संस्थापकहरूबाट सुरु गरेका

माम नेपालीहरू यस संस्थाका संस्थापक बन्न सक्नुहुन्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपबाट यस सेवामूलक संस्थालाई कुनै पनि प्रकारको सहयोग गर्न सक्नु हुनेछ । यस कलेजको स्थापना तेस्रो वर्ष पूरा भै चौथो वर्ष प्रवेश गरेको छ । विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षा संकायको +२ तहको उत्पादन बजारमा आइसकेको छ । हुम्ला, जुम्ला, कालिकोट, धनगढी, महेन्द्रनगरदेखी कपिलवस्तु, चितवन, बारा, पर्सा, मोरङग, झापा हुँदै पाँचथर, तेह्रथुम र ताप्लेजुङ्गसम्मका विद्यार्थीहरू हामीसँग छन् ।

यस्ता विविध बातावरण, परिवेश र शैक्षिक स्तरबाट आएका विद्यार्थीहरूमध्ये विज्ञानमा ७५ प्रतिशतभन्दा माथि व्यवस्थापनमा ६५ प्रतिशतभन्दा माथि र मानविकी, शिक्षामा ६० प्रतिशतको हाराहारीमा हाम्रा उत्पादनहरू छन् । हामीले शिक्षा दिने पक्षलाई दुईभागमा विभाजन गरेका छौं । किताबी ज्ञान र बाहिरी ज्ञान । किताबी ज्ञानमा हामी बजारका तमाम शिक्षालयहरूसँग शैक्षिक प्रतिस्पर्धामा उत्रन्छौं भने व्यवहारिक ज्ञान हाम्रो मौलिकताको सूचक मानिने छ । हामीले किताबी ज्ञानका साथसाथै सामाजिक मूल्य, मान्यता, संस्कार, व्यवहार, आचरण, बोलीचाली, भाषा, भेषभूषा, आदर, सत्कार, सम्मान आफ्नो र अरूको पहिचान, स्वावलम्बीपन, आत्मरक्षा र अनुशासनमा पूर्णतया सजग र सतर्क नागरिक उत्पादनको उद्देश्य बोकेका छौं । सहरी वातावरणको कुलत र ... हाम्रो दुश्मन मानिनेछ । विद्यार्थीसँगको अन्तर्क्रिया गर्दै सर सुझावका आधारमा विद्यार्थीलाई सही कार्यमा लगाउन ... रहेको छ ।


हाल यस कलेजमा १००० माथिको विद्यार्थी संख्या र... छ । प्रत्येक विद्यार्थीका शैक्षिक विवरण र व्यवहार तथा क्रियाकलापका आधारमा हामी उनीहरूको मूल्याङ्कन गर्ने गर्छौं । सम्पन्न र वि... आर्थिक सामाजिक वातावरणबाट आएका बालबालिकालाई ... समन्वयात्मक रूपबाट अघि बढाइ रहेका छौं । स्नातक त... बी.ए., बी. बी. एस. र बी. एड्. तहका विद्यार्थीलाई समेत हामी विद्यालयकै वातावरणमा राखी उपचार गर्छौं र गरिरहेका छौं । हाम्रा अहिलेसम्मका उत्पादनबाट हामी सन्तुष्ट भएका छैनौं र हाम्रा प्रत्येक विद्यार्थीले किताबी र व्यावहारीक पक्षमा नै सर्वोत्कृष्टता प्राप्त नगरुन्जेल हामी सन्तुष्ट हुने छैनौं ।

हाम्रो यस कार्यको तेस्रो वर्षभित्रका हाम्रा अनुभवहरूले हामीलाई बताइसकेको छ हाम्रा थुप्रै थुप्रै कमी कमजोरीहरू छन्, हामी यिनलाई सच्याउँदै जानेछौं । "मदन भण्डारी मेमोरियल स्कूल र कलेजको" स्थापनामा समेत हामीलाई सफलता मिल्नेछ भन्ने विश्वास लिएका छौं । जननेताका राजनैतिक, सामाजिक, शैक्षिक, आर्थिक, विविध पक्षका योगदानहरूको कार्यान्वयन गर्ने गराउने कार्यमा "मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रको" स्थापना भएको छ । यस कलेजको संस्थापक सदस्यहरूका र व्यवस्थापन पक्षको समेत महत्वपूर्ण निर्णयमा संलग्न रहने अधिकार र दायित्व राख्ने मातृसंस्था मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्र हो ।

जसको मातहतमा यो कलेज सञ्चालित छ । मातृसंस्था नै कलेज सञ्चालनको Trust हो । यस्तो सामुदायिक, सेवामूलक र मुनाफाको उद्देश्य नबोक्ने सार्वजनिक प्रकृतिको संस्थाको विकासको बाटोमा हामी पूर्णरूपमा आशावादी छौं हामीले सबैको साथ पाउने छौं । वि. सं. २००९ साल असार १४ गते जन्मनु भएका जननेताको ५३ औं जन्मजयन्तीको अवसरमा हार्दिक श्रद्धासुमन व्यक्त गर्दै बिदा हुन्छु । *धन्यवाद ।*

## मदन भण्डारी मेमोरियल कलेजद्वारा आयोजित विविध कार्यक्रमहरूमा सहभागी













## कन्द्रद्वारा २०५९ आश्विन १८ गते आयोजित 'संकटपूर्ण रा राजनीति र प्रजातान्त्रिक निकाश' विषयक अन्तरसम्वाद का

## झलक




श्रद्धाञ्जलि अर्पण गर्दै मौनधारण



कार्यक्रममा विचार प्रस्तुत गर्दै सर्वोच्च अदालतका पूर्व
श्री लक्ष्मण अर्यालज्यू




कार्यक्रममा विचार प्रस्तुत गर्दै नेकपा (एमाले) स्थायी कमिटी सदस्य
श्री के.पी. शर्मा ओलीज्यू



कार्यक्रममा विचार राख्दै नेपाली कांग्रेस केन्द्रीय
श्री रामचन्द्र पौडेलज्यू



कार्यक्रममा आफ्ना विचार राख्दै रा.प्र.पा. अध्यक्ष
श्री पशुपति शम्शेर राणा ज्यू



कार्यक्रममा विचार प्रस्तुत गर्दै संयुक्त जनमोर्चा नेपालका
श्री अमिक शेरचनज्यू